
# पशु सेवा सामाजिक परिचालक हाते पुस्तक



# पशु सेवा सामाजिक परिचालक हाते पुस्तक


प्रकाशक : नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना
हरिहरभवन, ललितपुर



सर्वाधिकार : प्रकाशकमा



संस्करण : प्रथम, २०७७

छापिएको प्रति : ५०० प्रति

चित्रहरु, डिजाइन तथा ले आउट : एड मार्क एजेन्सी प्रा. लि.
बानेश्वर, काठमाडौं, नेपाल

# यस पुस्तक बारे



नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना, छनौट गरिएका पशुजन्य मूल्य शृंखलामा आवद्ध साना फार्म र व्यवसायमा जलवायु मैत्री नवीन प्रविधिहरुको प्रयोग बढाई पशुको उत्पादकत्व वृद्धि गर्ने, पशुजन्य उत्पादनहरुको मूल्य अभिवृद्धि गर्ने र नेपालको पशु सेवा क्षेत्रको सुदृढिकरण गर्ने उद्देश्यले विश्व बैंकको ऋण सहयोगमा सञ्चालन गरिएको आयोजना हो । यो आयोजना आ.व. २०७४/७५ देखि नेपालका ५ वटा प्रदेशका २८ जिल्लाका २८९ गाँउ तथा नगर पालिकाहरुमा प्रदेश सरकार तथा स्थानीय तहहरुसँगको समन्वयमा कार्यान्वयन भइरहेको छ ।

आयोजनाले दूध, खसीबोकाको मासु र पश्मिनाको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने र ४५% महिला सहित दुई लाख लाभग्राहीलाई सेवा पुऱ्याउने आफ्नो लक्ष प्राप्त गर्न कृषक समूह तथा सहकारीहरु मार्फत कार्यक्रम सञ्चालन गरिरहेको छ भने दूध, खसीबोकोको मासु र पश्मिना मूल्य शृंखलाका उत्पादनमूलक गठबन्धनमा आधारित व्यवसाय योजनाहरुलाई पूरक अनुदान र प्राविधिक सेवा उपलब्ध गराउन कृषक समूह तथा सहकारीहरुबाट ती मूल्य शृंखलामा व्यवसाय योजना अवधारणा पत्रहरुको आह्वान पनि गरेको छ ।

यस आयोजनाका क्रियाकलाप कार्यान्वयन तथा अनुगमनका हरेक चरणमा अग्रपंक्तिमा रही काम गर्ने पशु सेवा सामाजिक परिचालकहरुको अत्यन्त महत्वपूर्ण भूमिका छ । यस आयोजनामा कार्यरत सामाजिक परिचालकहरु औपचारिक शिक्षा र तालिमका दृष्टिले पशु सेवा प्राविधिक समेत भएको हुँदा उनीहरुले आयोजनामा समाज परिचालन र प्राविधिक सेवा प्रवाह गर्ने दोहोरो भूमिका निर्वाह गर्नु पर्ने छ । यस सन्दर्भमा सामाजिक परिचालकहरुलाई आयोजना बारे र आयोजनामा उनीहरुले निर्वाह गर्नुपर्ने भूमिका बारे जानकारी दिने उद्देश्यले यो हाते पुस्तक प्रकाशन गरिएको छ ।

प्रस्तुत हाते पुस्तक आयोजनामा कार्यरत अधिकृत तथा आयोजनामा प्राविधिक सेवा पुऱ्याइरहेका परामर्शदाताहरुद्वारा तयार पारिएको छ । यो पुस्तक तयार गर्ने कार्यमा प्रमुख भूमिका निर्वाह गर्ने यस आयोजनाका सहकारी विज्ञ श्री तोयानाथ पाण्डेजी र अन्य सबै विज्ञहरुलाई म आफ्नो र आयोजनाको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

प्रस्तुत पुस्तक पशु सेवा सामाजिक परिचालकको लागि मात्र नभई आयोजना बारे जानकारी प्राप्त गर्न चाहाने अरु सबैको लागि समेत उपयोगी हुनेछ भन्ने अपेक्षा गरेको छ ।

आषाढ, २०७७

.............................

डा. डिल्ली राम सेढाई

आयोजना निर्देशक

# विषय-सूची


| क.सं. | विषय | पेज नं. |
|---|---|---|
| १. | आयोजनाको संक्षिप्त परिचय | १ |
| २. | आयोजनामा पशु सेवा सामाजिक परिचालकको भूमिका | ५ |
| ३. | सामाजिक परिचालनका सिद्धान्त र चरणहरु | ८ |
| ४. | आयोजना र कृषक समूह, सहकारीहरु | १२ |
| ५. | कृषक समूह गठन र सञ्चालन विधि | १७ |
| ६. | कृषक समूहमा हितकोषको स्थापना र परिचालन | २७ |
| ७. | उत्पादक सहकारीको गठन प्रकिया र सञ्चालन विधि | ३५ |
| ८. | समूह/सहकारीको क्षमता विकासमा आयोजनाको भूमिका | ३९ |
| | ८.१ कृषक समूहको क्षमता विकासका लागि संचालन गरिने कार्यकमहरु | ३९ |
| | ८.२ उत्पादक सहकारीको क्षमता विकासका लागि कार्यकम | ४६ |
| ९. | आयोजनामा प्रस्तावित उत्पादन तथा उत्पादकत्व वृद्धिका कियाकलापहरु | ५१ |
| | ९.१. आयोजनामा नश्ल सुधार कार्यक्रम | ५१ |
| | ९.२. आयोजनामा पशु आहारा विकास | ५४ |
| | ९.३. आयोजनामा पशु स्वास्थ्य तथा पशु रोग नियन्त्रण | ६२ |
| | ९.४. आयोजनामा पशुजन्य पदार्थको प्रशोधन र बजारीकरण | ६५ |
| | ९.५. पशुपालन क्षेत्रमा ऋण प्रवाह | ६८ |
| | ९.६. आयोजनामा पशु बीमा प्रवर्धन | ७१ |
| १०. | स्थानीय तहमा पशु सेवा प्रदायक संस्थाहरुसँग समन्वय र सहकार्य | ७७ |
| ११. | तथ्याङ्क भनेको के हो? तथ्याङ्क संकलन विधि र आयोजनामा तथ्याङ्क संकलन प्रकिया | ८० |
| १२. | कार्यकमको नियमित अनुगमन, अनुगमन तालिका र प्रतिवेदन तयारी | ८५ |
| १३. | आयोजनामा वातावरण तथा सामाजिक सुरक्षण नीति | ८८ |
| १४. | आयोजनामा लैङ्गिक समावेशीता | ९६ |
| १५. | उप-आयोजनाहरुको छनौट र पूरक अनुदान प्रवाह प्रक्रियामा भूमिका | १०० |
| १६. | उत्पादनमूलक गठबन्धन | ११० |
| १७. | कृषक पाठशाला सञ्चालन | ११२ |
| १८. | अनुसूचीहरुः | ११५ |
| | १८.१ सहकारी दर्ता प्रयोजनका लागि प्रयोग गरिने अनुसूचीहरु | ११५ |
| | १८.२ समूहको प्रस्तावित नमूना विधान | ११९ |
| १९. | सन्दर्भ सामाग्री | १३४ |

# १. नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको संक्षिप्त परिचय

## *१.१ परिचय*

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना, छनौट गरिएका पशुजन्य मूल्य शृंखलामा आबद्ध साना फार्म र व्यवसायमा जलवायु मैत्री नवीन प्रविधिहरुको प्रयोग बढाई पशुको उत्पादकत्व वृद्धि गर्ने, पशुजन्य उत्पादनहरुको मूल्य अभिवृद्धि गर्ने र नेपालको पशु सेवा क्षेत्रको सुदृढिकरण गर्ने उद्देश्यले विश्व बैंकको ऋण सहयोगमा सञ्चालन गरिएको आयोजना हो । यो आयोजना आ.व. २०७४/७५ देखि कार्यान्वयन भइरहेको छ ।


## *१.२ लक्षित लाभग्राही*

यो आयोजनाले ४५% महिला सहित २ लाख लाभग्राहीलाई प्रत्यक्ष लाभ पुऱ्याउने लक्ष लिएको छ । यी लाभग्राहीसम्म पुग्न आयोजनाले कृषक समूह तथा सहकारीहरु मार्फत कार्यक्रम सञ्चालन गरिरहेको छ । आयोजना लागू भएका गाँउ तथा नगरपालिकाहरुमा नयाँ तथा पुराना गरेर २५०० कृषक समूह र ५०० कृषक सहकारीहरु मार्फत कार्यक्रम सञ्चालन गर्ने लक्ष आयोजनाले राखेको छ ।

## *१.३ आयोजना लागू हुने क्षेत्र*

यो आयोजना नेपालका ५ वटा प्रदेशका २८ जिल्लाका २८९ गाँउ तथा नगर पालिकाहरुमा प्रदेश सरकार तथा स्थानीय तहहरुको समन्वयमा कार्यान्वयन भइरहेको छ ।

### आयोजनाको कार्यक्षेत्र



| क.सं. | प्रदेश | जिल्ला | गाउँ तथा नगरपालिका | | |
|---|---|---|---|---|---|
| | | | गाउँपालिका | नगरपालिका | जम्मा |
| १ | १ | पाँचथर, इलाम, झापा, धनकुटा, उदयपुर, मोरङ्ग र सुनसरी | ४० | ३७ | ७७ |
| २ | २ | सप्तरी, धनुषा र सिरहा | २४ | २९ | ५३ |
| ३ | बागमती | काभ्रेपलाञ्चोक, काठमाण्डौं, मकवानपुर र चितवन | १६ | २५ | ४१ |
| ४ | गण्डकी | स्यांग्जा, कास्की, मुस्ताङ्ग, मनाङ्ग, तनहु, म्याग्दी र नवलपुर | ३२ | १६ | ४८ |
| ५ | ५ | रुपन्देही, नवलपरासी, गुल्मी, अर्घाखाँची, कपिलवस्तु, पाल्पा र बर्दिया | ४३ | २७ | ७० |
| | | **जम्मा** | **१५५** | **१३४** | **२८९** |

## १.४ आयोजना कार्यान्वयन क्रम

प्रस्तुत आयोजना कार्यान्वयनका महत्वपूर्ण मितिहरु निम्नानुसार छन:

| क.सं. | विवरण | मिति |
|---|---|---|
| १ | सम्झौता मिति | २०७४ माघ ०७ (२१ जनवरी, २०१८) |
| २ | आयोजना प्रभावकारी भएको मिति | २०७४ फागुन १६ (२८ फेब्रुवरी, २०१८) |
| ३ | आयोजना समापन हुने मिति | २०८० आषाढ १५ (३० जुन, २०२३) |

## १.५ आयोजनाको लागत

आयोजनाको प्रस्तावित कूल लागत ११५ मिलिअन अमेरिकी डलर छ जसमा विभिन्न क्षेत्रको योगदान यस प्रकार हुने छ:

| क.सं. | विवरण | रकम (मिलिअन अमेरिकी डलर) |
|---|---|---|
| १ | विश्व बैंकको ऋृण सहयोग | ८० |
| २ | नेपाल सरकारको लगानी | १० |
| ३ | लाभग्राहीको लगानी | १० |
| ४ | बैंक तथा वित्तीय संस्थाहरुको लगानी | १५ |

## १.६ आयोजना कार्यान्वयन व्यवस्था

### १.६.१ आयोजना व्यवस्थापन कार्यालय

आयोजना कार्यान्वयन गर्न हरिहरभवन, पुल्चोक, ललितपुरमा आयोजना व्यवस्थापन कार्यालय (Project Management Unit) स्थापना गरिएको छ । आयोजना निर्देशकले नेतृत्व गर्ने यो कार्यालयमा नेपाल सरकारद्वारा खटाइएका कर्मचारीहरुको साथै आयोजनाले नियुक्त गरेका सल्लाहकार र अन्य कर्मचारीहरु कार्यरत छन ।

### १.६.२ विकेन्द्रीकृत आयोजना सहयोग इकाई

एवम् प्रकार आयोजनाको प्रभावकारी कार्यान्वयनको लागि बुटवल, पोखरा, हेटौंडा र बिराटनगरमा विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालयहरु स्थापना गरी आयोजनाको कार्यक्षेत्रका प्रदेश र नगर तथा गाँउ पालिकाहरुमा कार्यक्रम सञ्चालन गर्न जिम्मेवार बनाइएको छ । यी विकेन्द्रीकृत आयोजना

सहयोग इकाईहरुले आयोजना व्यवस्थापन कार्यालयसँग समन्वय गरी आ-आफ्नो कार्यक्षेत्र भित्र आवश्यकता अनुसार कार्यक्रम तथा बजेट तयार गरी सञ्चालन गरिरहेका छन ।

विकेन्द्रीकृत आयोजना सहयोग इकाई र तिनको कार्यक्षेत्र तल तालिकामा प्रस्तुत गरिए अनुसार छः

| क.सं. | विकेन्द्रीकृत आयोजना सहयोग इकाई | कार्यक्षेत्र (जिल्लाहरु) | गाँउ तथा नगरपालिका (संख्या) | | |
|---|---|---|---|---|---|
| | | | गाँउपालिका | नगरपालिका | जम्मा |
| १ | बिराटनगर | पाँचथर, इलाम, झापा, धनकुटा, उदयपुर, मोरङ्ग र सुनसरी | ४० | ३७ | ७७ |
| २ | हेटौंडा | सप्तरी, धनुषा, सिरहा, काभ्रेपलाञ्चोक, काठमाण्डौं, मकवानपुर र चितवन | ४० | ५४ | ९४ |
| ३ | पोखरा | स्यांग्जा, कास्की, मुस्ताङ्ग, मनाङ्ग, तनहु, म्याग्दी र नवलपुर | ३२ | १६ | ४८ |
| ४ | बुटवल | रुपन्देही, नवलपरासी, गुल्मी, अर्घाखाँची, कपिलवस्तु, पाल्पा र बर्दिया | ४३ | २७ | ७० |
| | | **जम्मा** | **१५५** | **१३४** | **२८९** |

## १.७ आयोजनाका सम्भागहरु

यस आयोजनाका निम्न चारवटा सम्भागहरु छनः

### १.७.१ संस्थागत सुदृढिकरण तथा आवश्यक नियामक क्षमता सबलीकरण

पशुपालन क्षेत्रको लागि उपयुक्त नीति तथा नियमहरु तर्जुमा गरी सेवा प्रवाहमा सुधार ल्याउने र पशुपालनमा निजी क्षेत्रको लगानी आकर्षित गरी जलवायु अनुकूलन तथा खाद्य स्वच्छता हासिल गर्न यस सम्भाग अन्तर्गतका क्रियाकलापहरु केन्द्रीत हुनेछन् ।

आयोजनाका यस सम्भाग अन्तर्गत प्रस्तावित प्रमुख क्रियाकलापहरु यस प्रकार रहेका छन्:

- पशुपालन क्षेत्रसँग सम्बन्धित नीति, रणनीति र योजनाहरु तयार पार्ने ।
- आवश्यक कानूनहरु तर्जुमा गर्न सहयोग गर्ने ।
- विद्यमान नीति, रणनीति र कानूनहरुमा सुधार ल्याउने ।
- पशु सेवासग सम्बन्धित सरकारी निकायहरुको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
- पशुपालन क्षेत्रको सूचना प्रणाली स्थापना गर्ने ।

### १.७.२ पशु सेवा क्षेत्रमा नवीनता प्रवर्द्धन तथा सेवा प्रवाहको आधुनिकीकरण

आयोजनाले पशुजन्य उत्पादनको उत्पादकत्व वृद्धि गर्ने र पशुपालन क्षेत्रमा जलवायु समुत्थान गर्ने लक्ष लिएको छ । यस सम्भाग अन्तर्गत सरोकारवाला संस्थाहरुको क्षमता सुदृढिकरण गरी पशु पोषण, नश्ल सुधार तथा रोग न्यूनीकरणका जलवायु मैत्री नवीन प्रविधि र अभ्यासहरुको प्रसार र प्रवर्द्धन गर्ने क्रियाकलापहरु सञ्चालन गरिने छ । यस सम्भाग अन्तर्गत सञ्चालन हुने क्रियाकलापहरु वातावरणीय दृष्टिले दिगो हुनेछन् र हरितगृह ग्याँस उत्सर्जनलाई कम गर्ने प्रकारका हुनेछन् ।

यस सम्भाग अन्तर्गत प्रस्तावित आयोजनाका प्रमुख क्रियाकलापहरु यस प्रकार छन्:

- उत्पादक संस्था (कृषक समूह र सहकारी) हरु गठन तथा परिचालन गर्ने ।
- समग्र पशु सेवा क्षेत्रको सुदृढिकरण गर्ने ।

- प्रयोगशाला तथा क्वारेन्टीन चेकपोष्टहरुको सुदृढिकरण गर्ने ।
- रोग खोजी तथा रोग रोकथाम प्रणालीको सुदृढिकरण गर्ने ।
- पशु प्रजनन क्षेत्रलाई सुदृढ पार्ने ।
- पशु आहारामा सुधार ल्याउने ।
- पशु सेवा क्षेत्रमा तालिम तथा प्रसारलाई सुदृढ पार्ने ।

### *१.७.३ छानिएका पशुजन्य उत्पादनहरुको समावेशी मूल्य शृंखला विकास*

आयोजनाको यो सम्भागले साना पशुपालक र पशुपालकका संस्थाहरुलाई पूरक अनुदान प्रदान गरी बजारमा उनीहरुको पहुच बढाउने र उनीहरुलाई दूध, खसीबोका र पश्मिना मूल्य शृंखलामा जोड्ने लक्ष लिएको छ । यस सम्भाग अन्तर्गत आयोजनाले दूध, खसीबोकाको मासु र पश्मिनाको ढुवानी, भण्डारण, बजारीकरण, उत्पादन पश्चातको ह्रास न्यूनीकरण, प्रशोधन सम्बन्धी उत्पादनमूलक गठबन्धनको आधारमा तयार पारिएका योग्य व्यवसाय योजनाहरुलाई बैंक तथा वित्तीय संस्थाहरु मार्फत कूल लगानीको ५० प्रतिशत वा बढीमा रु. १ करोडसम्म पूरक अनुदान उपलब्ध गराउने छ ।

यस सम्भाग अन्तर्गत प्रस्तावित आयोजनाका प्रमुख क्रियाकलापहरु यस प्रकार छन:

- उत्पादनमूलक दिगो साझेदारी विकास गर्ने ।
- उत्पादनमूलक गठबन्धनमा आधारित व्यवसाय योजनाहरु छनौट गरी पशुजन्य मूल्य शृंखला (दूध, खसीबोकाको मासु र पश्मिना) मा लगानी गर्ने ।

### *१.७.४ आयोजना व्यवस्थापन तथा ज्ञान सिर्जना*

आयोजनाको प्रभावकारी कार्यान्वयनको लागि यस सम्भाग अन्तर्गत केन्द्रीय स्तरमा एक आयोजना व्यवस्थापन कार्यालय तथा पोखरा, बुटवल, हेटौंडा र बिराटनगरमा चार वटा विकेन्द्रीकृत सहयोग इकाईहरु स्थापना तथा सञ्चालन गरिएका छन । आयोजनाको प्रभावकारी कार्यान्वयन, सञ्चालित कार्यक्रमको प्रभावकारी अनुगमन र नतिजा तथा सिकाईहरुको प्रसार यस सम्भाग अन्तर्गतका केही प्रमुख कार्यहरु हुन । यस सम्भाग अन्तर्गत प्रस्तावित आयोजनाका प्रमुख क्रियाकलापहरु यस प्रकार छन् :

- आयोजनाको प्रभावकारी व्यवस्थापन गर्ने र कार्यक्रम कार्यान्वयन गर्ने ।
- सञ्चालित कार्यक्रमको अनुगमन गर्ने ।
- आवश्यक अध्ययनहरु गर्ने ।
- आयोजना कार्यान्वयनका सिकाईहरुको प्रसार गर्ने ।

## *१.८ अपेक्षित उपलब्धी*

प्रस्तुत आयोजनाका अपेक्षित उपलब्धीहरु यस प्रकार छन:

- गाई र भैसीको दूधमा ४०% वृद्धि हुने ।
- खसीबोकाको मासु उत्पादनमा ४०% वृद्धि हुने ।
- च्याङ्ग्रा पश्मिना उत्पादनमा आयोजना अवधिमा ८०% वृद्धि हुने ।
- उत्पादित दूध, मासु र पश्मिनाको बिक्री ३०% ले बढ्ने ।
- आयोजनाको सेवा र सामाग्री २००००० कृषक परिवारमा पुग्ने ।
- ७५००० कृषक परिवारले जलवायु मैत्री प्रविधिहरु अभ्यासमा ल्याउने ।

# २. आयोजनामा पशु सेवा सामाजिक परिचालकको भूमिका

## २.१ पशु सेवा सामाजिक परिचालकको परिभाषा

सामाजिक परिचालकहरु अग्रपंक्तिमा रही आयोजनाका लाभग्राहीहरुसँग सबैभन्दा नजिक र बढी समय सम्पर्कमा रहेर कार्यक्रम सञ्चालन गर्ने कर्मचारीहरु हुन् । उनीहरु विकेन्द्रीकृत आयोजना सहयोग इकाईहरु अन्तर्गत रही आफूलाई खटाईएको स्थानीय निकायसँग समन्वय गरी आयोजनाका उद्देश्यहरु हासिल गर्न क्रियाशील रहन्छन् । सामाजिक परिचालकहरुको कार्यशैली, समयमै कार्य सम्पादन गर्ने क्षमता, कर्तब्यप्रतिको प्रतिबद्धता, समुदायसँग घुलमिल हुनसक्ने गुण, समुदाय र आयोजनाबीच समन्वय गरी निर्णय लिनसक्ने क्षमता, उच्च नैतिक चरित्र, भरपर्दो र विश्वासिलो व्यवहार, लैंगिक तथा समावेसी संवेदनशीलता, धैर्यता जस्ता व्यक्तिगत क्षमता र गुणहरुले आयोजनाको कार्यक्रम कार्यान्वयनमा प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रभाव पार्दछन् ।

## २.२ पशु सेवा सामाजिक परिचालकमा हुनुपर्ने गुणहरु

क) कुनै पनि कुलतमा नलागेको ।
ख) धार्मिक, राजनैतिक, क्षेत्रीयता, जातिगत र नातागत हिसाबले निष्पक्ष भूमिका निर्वाह गर्नसक्ने ।
ग) पहिले आफूले गरेर अरुलाई उत्प्रेरित गर्न सक्ने ।
घ) आकर्षक र सरल व्यक्तित्व भएको ।
ङ) नम्र, शिष्ट, र हंसिलो स्वभाव भएको ।
च) अरुको कुरा सुन्न सक्ने धैर्यवान (अरुको कुरा सुनिसकेपछि मात्र आफनो धारणा राख्ने) व्यक्ति ।
छ) निर्भिक, साँचो बोल्ने (जस्तो सुकै अवस्थामा पनि यथार्थ कुरा बोल्न सक्ने) ।
ज) लोभ लालच नगर्ने, इमान्दार (समुदायका व्यक्तिहरुबाट कुनैपनि बस्तु सित्तैमा नलिने) व्यक्ति ।
झ) सिक्न र सिकाउन इच्छुक (समूह एवम् सहकारीका सदस्यहरु, पदाधिकारीहरु लाई आफूले जानेको कुरा सिकाउने र उनीहरुको अनुभवबाट सिक्न ईच्छुक) व्यक्ति ।
ञ) आफूलाई दिईएको जिम्मेवारी वहन गर्न सक्ने (आफूलाई दिइएको जिम्मेवारी राम्रोसंग पूरा गर्नसक्ने) व्यक्ति ।
ट) स्पष्टवक्ता हुनुका साथै वाकचातुर्यता भएको (समुदायमा आयोजनाले सञ्चालन गर्न लागेका कार्यक्रमका बारेमा राम्रोसंग बुझाउन सक्ने) ।
ठ) समाज सेवाको भावना भएको (आफू कार्यरत समूह, सहकारीका सदस्यहरुले आयोजना गर्ने विभिन्न सामाजिक गतिविधिमा समेत सामेल भै सहयोग पुऱ्याउने) ।

सामाजिक परिचालकमा उपरोक्त गुणहरु भएमा समुदाय परिचालन गर्न, स्थानीय संघसंस्था र निकायहरुसँग समन्वय गर्न र आयोजनाको कार्यक्रम कार्यान्वयन गर्न सहज र प्रभावकारी हुने पाइएको छ ।

## २.३ पशु सेवा सामाजिक परिचालकमा हुनुपर्ने क्षमता/दक्षता

क) सक्षम (Competent) – जस्तो सुकै अवस्थामा पनि आफूलाई सुम्पिएको काम सम्पन्न गर्नसक्ने क्षमता भएको व्यक्ति ।
ख) सिर्जनशील (Creative) – कार्यक्रम कार्यान्वयन गर्ने सन्दर्भमा रचनात्मक सोंच भएको र सिर्जनशील विचार भएको व्यक्ति ।
ग) प्रतिबद्ध (Dedicated) - आफनो कामप्रति हरहमेशा कटिबद्ध रहने व्यक्ति ।
घ) चरित्रवान (Good Charisma) – असल चरित्र भएको, नैतिकवान व्यक्ति । जस्तो सुकै अवस्थामा पनि खराब काम नगर्ने व्यक्ति ।

ङ) लेखा प्रणाली बुझ्न र बुझाउन सक्ने क्षमता भएको – समूह तथा सहकारीको हरहिसाब राख्ने पद्धतीका बारेमा जानकारी भएको र पदाधिकारी तथा कर्मचारीहरुलाई पनि सिकाउन सक्ने सीप भएको व्यक्ति ।

च) विश्लेषण गर्ने क्षमता भएको – कुनै पनि विषयको राम्रोसँग चिरफार गरी यथार्थ तथ्य पत्ता लगाउन सक्ने ।

छ) सबै तह र तप्काका लाभग्राहीहरु लाई समेट्न सक्ने – समावेशी स्वभाव भएको व्यक्ति ।

ज) समयमै निर्णय गराउन सक्ने क्षमता भएको – कार्यक्रम सम्बन्धी कुनै पनि विषयमा समस्या देखिएमा समूह /सहकारी, स्थानीय तह र विकेन्द्रीकृत आयोजना सहयोग इकाईसँग समन्वय गरी समयमै निर्णय गराउन सहजीकरण गर्नसक्ने क्षमता भएको व्यक्ति ।

## *२.४ आयोजनामा पशु सेवा सामाजिक परिचालकको काम, कर्तव्य र जिम्मेवारी*

यस आयोजनाले पशु सेवा सामाजिक परिचालकलाई कार्यक्रम कार्यान्वयनका लागि महत्वपूर्ण जिम्मेवारीहरु दिएकोछ । ती मध्ये मुख्य-मुख्य काम र जिम्मेवारीहरु निम्न अनुसार रहेका छन्:

**क**) पशु सेवा सामाजिक परिचालक, विकेन्द्रीकृत आयोजना सहयोग इकाईको मातहतमा रही, स्थानीय तहका गाँउपालिका/नगर पालिकामा रहेका पशु सेवा इकाईका प्राविधिक, विज्ञ केन्द्रका प्राविधिक, आयोजना प्राविधिक सहायता समूहका विशेषज्ञ, तथा स्थानीयस्तरमा व्यावसायिक सेवा प्रदान गर्ने संस्थाहरुसँग समन्वय गरी आयोजनाका लक्षित कार्यक्रमहरु गुणस्तरीय ढँगवाट कार्यान्वयन गर्नेछन् ।

**ख**) आयोजनाको कार्यक्षेत्रमा पर्ने गाँउपालिका/नगर पालिकामा लक्ष अनुसारका नयाँ पशुपालक कृषक समूह/ विषयगत सहकारीहरु गठन गरेर ती संस्थाहरुको क्षमता विकास गरी आयोजनाका कार्यक्रमहरु प्रभावकारीरुपमा सञ्चालन गर्ने ।

**ग**) त्यसै गरी आयोजना क्षेत्रमा लक्ष अनुसार भै रहेका पुराना समूह/विषयगत सहकारीहरुको संस्थागत क्षमता अभिवृद्धि गरी परिचालन गर्न र आयोजनाका कार्यक्रमहरु सञ्चालन गर्न सहजीकरण गर्ने ।

**घ**) स्थानीय तहका पशु सेवा शाखासँग समन्वय गरी पशु सेवा तथा घाँसेवाली उत्पादनका कार्यक्रमहरु सञ्चालन गराउने ।

**ङ**) नयाँ तथा पुराना कृषक समूहहरु तथा सहकारीहरुलाई क्रियाशील गराई, नियमित बैठकहरु सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

**च**) कृषक पाठशालाहरु प्रभावकारीरुपमा सञ्चालन गर्न सहयोग गर्ने ।

**छ**) आयोजना लागू भएका क्षेत्रका पशुहरुलाई निर्धारित गरिएका खोपहरु लगाउन सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय गर्ने ।

**ज**) आयोजनाले सञ्चालन गर्ने अभिलेखमा आधारित आनुवंशिक सुधार प्रणाली (Pedigree Performance Recording System) कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाउने ।

**झ**) पशु आहारा उत्पादन तथा उपभोग सम्बन्धी साइलेज, हे बनाउन जस्ता नवीनतम प्रविधिहरु कृषकको घरदैलोसम्म पुर्‍याउने व्यवस्था मिलाउने ।

**ञ**) आयोजनाबाट प्रदान गरिने पूरक अनुदान कार्यक्रमका लागि कृषक संस्थाहरुबाट प्राप्त भएका उप-आयोजना पूर्ण प्रस्तावको स्थलगत प्रमाणीकरण गर्न सहयोग गर्ने ।

**ट**) पूरक अनुदानकोलागि छनौट भएका प्रस्तावहरुको लागि ऋण प्राप्त गर्न बैंकहरुसँग समन्वय गर्ने र त्यस्ता कार्यक्रमहरुको कार्यान्वयनमा व्यावसायिक सेवा प्रदायकको निर्देशन अनुसार सहजीकरण गर्ने ।

**ठ**) मासिक, चौमासिक र वार्षिक कार्यक्रमहरुको क्यालेण्डर तयार गरी आयोजनाका कार्यक्रमहरु सञ्चालन गर्ने र कार्य प्रगति प्रतिवेदन सम्बन्धित विकेन्द्रीकृत आयोजना सहयोग इकाईमा तोकिएको समयमा पठाउने ।

**ड**) आफू कार्यरत रहेको क्षेत्रको आधारभूत तथ्याङ्क संकलन गरी प्रोफाइल तयारीमा सहयोग गर्ने ।

**ढ**) सम्बन्धित विकेन्द्रीकृत आयोजना सहयोग इकाई, प्राविधिक सहायता समूह र व्यावसायिक सेवा प्रदायकले तोके बमोजिमका अन्य कार्यहरु गर्ने ।

**ण**) गाँउ तथा नगरपालिकामा रहेका पशु सेवा इकाईहरुसँग सम्पर्क गरी आयोजनाबाट आफूलाई दिइएको कामको जिम्मेवारी बारे जानकारी गराउने र समन्वय गरी कार्यक्रम सञ्चालन गर्ने ।

**त**) पशु अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रसँग सम्पर्क गरी आयोजनाको कार्यक्रममा उनीहरुको अधिकतम प्राविधिक सहयोग जुटाउने ।

**थ**) गाँउ तथा नगरपालिका अन्तरगत रहेका कृषक समूह, सहकारी, निजी पशु विकास फार्म तथा कम्पनीहरुको नामावली (Inventory) तयार पारी समूह, सहकारीमा रहेका सदस्यहरुको संख्या (महिला, पुरुष) को समेत विवरण तयार गर्ने ।

**द**) आयोजना लागू भएका जिल्लामा घाँस खेती विस्तार गर्ने । प्रत्येक वयश्क बाखाको लागि कृषकहरुलाई कम्तीमा ५ वटा डालेघाँसका विरुवा हुर्काउन लगाउने र आयोजना अवधिमा २८ जिल्लामा घाँसका २८ वटा नर्सरी स्थापना गर्ने लक्ष्य रहेकोले सम्बन्धित पालिकाहरुसँग समन्वय गरी घाँस लगाउने क्षेत्र निर्धारण गर्ने र घाँस लगाउने सहकारीको पहिचान गरी घाँस खेतीको क्षेत्र विस्तार गर्ने ।

**ध**) आयोजनाका चरन विशेषज्ञ र गाँउ तथा नगरपालिकाहरुमा रहेका पशु सेवा इकाईसँग समन्वय गरी प्रत्येक पालिकामा कम्तीमा ५ जना अगुवा कृषकहरु छनौट गरी १ वयश्क गाई वा भैंसी अथवा ४ बाखाको लागि कम्तीमा पनि १ रोपनीका दरले उन्नत घाँस खेती गर्न लगाउने व्यवस्था मिलाउने ।

# ३. सामाजिक परिचालनका सिद्धान्त र चरणहरू

## ३.१ *सामाजिक परिचालन भनेको के हो ?*

समाजका विभिन्न निकाय र समुदायका सम्बन्धित व्यक्तिहरुलाई विकासका विभिन्न तहमा आयोजना गरिने अन्तर्क्रिया कार्यक्रमहरुमा सक्रियरुपले सहभागी गराई समुदाय रहेको स्थानदेखि नीति-निर्माण हुने राष्ट्रिय तहसम्मका अवस्थाहरुमा समयानुकूल परिवर्तन गराउने प्रक्रिया नै सामाजिक परिचालन हो । सामाजिक परिचालनले स्थानीय समुदायको क्षमता अभिवृद्धि भै समान सहभागिताको आधारमा स्थानीय स्रोतहरुको पहिचान र प्रयोग गर्न सघाउ पुऱ्याउँदछ । यस प्रकार संक्षेपमा भन्दा समाजका विभिन्न तहहरु (जस्तैः व्यक्ति, परिवार, समुदाय, वडा, पालिका, जिल्ला, प्रदेश तथा राष्ट्रका विभिन्न प्रकारका व्यक्ति, समूह, संघ-संस्था) आफैं परिचालित भै राष्ट्रिय तहमा परिवर्तन हुने र त्यसको असर व्यक्तिगत तहसम्म पुग्ने प्रक्रियानै सामाजिक परिचालन हो ।

यस आयोजनामा सामाजिक परिचालनको माध्यमबाट पशुपालक कृषकहरुलाई कृषक समूह वा उत्पादक सहकारीमा संगठीत गराई, आफ्नो आवश्यकता र स्रोतको पहिचान गर्न र सो अनुसार कार्यक्रमको तर्जुमा गरी स्थानीय तह तथा अन्य सम्बद्ध संस्थाहरुसँगको समन्वयमा कार्यान्वयन गराउन स्वयम् कृषकलाई नै प्रत्यक्ष र प्रभावकारीरुपमा सहभागी गराउने सोच राखिएको छ ।

संक्षेपमा भन्नु पर्दा, उत्पादक संस्थाका सदस्यहरुको सशक्तिकरणको माध्यमबाट सामाजिक, आर्थिक, सांस्कृतिक, वातावरणीय तथा अन्य कियाकलापहरु परिचालन गर्ने अभियानलाई सामाजिक परिचालन भनिन्छ । सार्वजनिक कियाकलापहरुमा समुदायका सबै सदस्यहरुको सक्रिय सहभागिता, स्रोतहरु उपभोगमा समानता, निर्णयहरुमा पारदर्शिता र निर्णय प्रक्रियामा सबैको समान पहूँच र समान हैसियत नै सामाजिक परिचालनका प्रमुख अङ्गहरु हुन् ।

## ३.२ *सामाजिक परिचालनका सिद्धान्तहरु*

सामाजिक परिचालकले समुदायमा काम गर्दा निम्न सिद्धान्तहरुलाई मार्गदर्शनको रुपमा लिनुपर्दछ ।

### ३.२. *केन्द्र बिन्दुमा कृषक समुदाय*

आयोजना अन्तर्गत विकास प्रक्रियाको केन्द्र बिन्दुमा पशुपालक कृषक समुदाय रहनुपर्दछ । विकास कुनै समुदायका लागि अरुले गरिदिने नभई विकासको लागि समुदाय स्वयम्लाई नै सोच्न र सक्रिय सहभागी हुन प्रेरित गरिनु पर्दछ । सामाजिक परिचालकले समुदायमा विकास कार्यमा हामी आफैं लाग्नु पर्दछ अनि मात्र सफल हुन सकिन्छ भन्ने भावनाको विकास गराउन सक्नु पर्दछ ।

### ३.२.२ *लाभग्राही छनौटमा समावेशीता*

सामाजिक परिचालनको माध्यमबाट आयोजनाको कार्यक्रम कार्यान्वयन गर्दा आवश्यकताको पहिचानदेखि परियोजना कार्यान्वयन तथा मूल्याङ्कन गर्ने कार्यसम्म सबै प्रक्रियामा सक्रियरुपले पशुपालन व्यवसायमा लागेका महिला, विपन्न तथा पिछडिएका समुदायलाई सहभागी गराउनु पर्दछ । परियोजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्ने हरेक तहमा लक्षित समूह तथा संस्थाका सबै सदस्यहरुलाई सक्रियरुपमा सहभागी बनाइनु पर्दछ ।

### ३.२.३ *सामूहिक प्रक्रिया*

सामाजिक परिचालन भनेको सामूहिक प्रक्रिया हो, व्यक्तिगत होइन । विकास प्रक्रिया सबैको सहभागिता र समूहगत प्रयास तथा सामूहिक निर्णयको आधारमा अगाडि बढाइनु पर्दछ । पशुपालक समूह वा सहकारीमा संलग्न सदस्यहरुको सामूहिक प्रयास र निर्णयको आधारमा आयोजनाको विकास प्रक्रिया अगाडि बढाउनु पर्दछ ।

### ३.२.४ आत्मनिर्भरताको विकास

सामाजिक परिचालनमा आत्मनिर्भरता एउटा प्रमुख पक्ष हो । सहयोग पाउँदैमा जे पनि र आत्मनिर्भरता नै खतम हुने किसिमले लिनु हुँदैन । लक्षित समूह/सहकारीलाई केवल लाभग्राहीकोरुपमा हेरेर परनिर्भर पारी समस्याको अल्पकालीन समाधानमै मख्ख पार्ने र आशामुखी बनाउने नभई समस्याको समाधान आफै खोज्न र समाधान गर्नसक्ने स्वाभिमानी र आत्मनिर्भर समूह/सहकारीमा विकास गराउन सामाजिक परिचालकको अहम् भूमिका रहन्छ ।

### ३.२.५ क्षमता विकास

पशुपालक कृषकहरुलाई समूह/सहकारीको हरेक निर्णय प्रक्रियामा भाग लिन सक्षम बनाउने कुरामा सामाजिक परिचालन केन्द्रीत हुनुपर्दछ । कृषक, तथा व्यवसायीहरुले आफ्नो विकास आफै गर्छन् भन्ने कुरामा विश्वास राखेर सबै तहका निर्णय प्रक्रियामा महिला, दलित, जनजाति र अन्य पछि पारिएका वर्गको समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्ने क्षमता अभिवृद्धि गराइनु पर्दछ । सामाजिक परिचालकले पशुपालक समुदायको विकास गरिदिने होइन, कृषकहरु आफैं आफ्नो विकास गर्न सक्षम छन् । सामाजिक परिचालकले केवल सहयोगीको भूमिका मात्र निभाउनु पर्दछ ।

### ३.२.६ निर्णय प्रक्रियामा लचकता

सामाजिक परिचालन कुनै ढाँचा होइन, यो एक प्रक्रिया हो । त्यसैले यसमा लचकता हुनुपर्दछ । समय, परिस्थिति र कृषक समुदायको आवश्यकतालाई मध्यनजर गरी निर्णय प्रक्रियामा आवश्यक लचकता अपनाउनु पर्दछ ।

### ३.२.७ सहयोगी निकायको भूमिका

पशुपालक कृषक समूह/सहकारी संस्थाका सदस्यहरुलाई उनीहरुको आवश्यकता अनुसार निरन्तर तालिम, प्राविधिक सिकाई, गोष्ठी र आवश्यक परेमा अवलोकन भ्रमणमा समेत सहभागी गराउन सामाजिक परिचालकको सक्रिय सहयोगी भूमिका हुनुपर्दछ । सामूहिकरुपले पशुपालन व्यवसायका हरेक प्रक्रियामा सामेल हुने हुनाले सदस्यहरुलाई चेतना जागृत गर्ने, संगठनात्मक विकासका साथै नेतृत्व, समुदायको आवश्यकता पहिचान, योजना प्राथमिकीकरण, योजना तर्जुमा, अनुगमन जस्ता क्षेत्रहरुमा सीप विकास गर्नकोलागि प्रशिक्षित पार्ने कुरामा ध्यान दिनु पर्दछ । सामाजिक परिचालकले स्थानीय निकायसँग समन्वय गरी लक्षित समुदायको प्राथमिक आवश्यकता र दीर्घकालीन आवश्यकता अनुसार कार्यक्रमको उद्देश्य सबै सदस्यले बुझे नबुझेको अनुगमन गर्ने । सफल भएका प्रक्रियालाई निरन्तरता दिने तथा प्रक्रियामा रहेका कमी-कमजोरीलाई सुधार गर्दै जाने गर्नुपर्दछ ।

## ३.३ सामाजिक परिचालनका चरणहरु

समुदाय परिचालन चरणबद्धरुपमा कार्यान्वयन गर्दा बढी प्रभावकारी हुने देखिएको छ । सम्बन्धित समुदायको विद्यमान अवस्था, बाह्य वातावरण, स्थानीय मूल्य-मान्यता, जिल्ला, प्रदेश तथा राष्ट्रिय नीति अनुसार सामाजिक परिचालनका चरणहरु पनि फरक-फरक हुन सक्दछन् ।

सामान्यतया सामाजिक परिचालनका चरणहरु निम्न अनुसार हुनेछन् :

### ३.३.१ लाभग्राहीको पहिचान

आयोजनाले समेट्ने क्षेत्र अन्तर्गत गाँउ तथा नगरपालिकाहरुको छनौट भईसकेपछि त्यहाँ पशुपालन व्यवसायमा संलग्न कृषक, कृषक समूहमा आबद्ध भै पशुपालन व्यवसाय प्रवर्धन गर्न इच्छुक कृषकहरु, दुग्ध उत्पादक वा बाखापालन सहकारी संस्थाका सदस्यहरुको पहिचान गर्नुपर्दछ ।

### ३.३.२ *आपसी सुसम्बन्ध विकास*

आयोजनाका लाभग्राही कृषकहरुसँग सामाजिक परिचालकहरुले स्थलगत भ्रमण गरी सुसम्बन्ध विकास गर्नु पर्दछ । उनीहरुको विश्वास जित्न सक्नु पर्दछ । यसो भएमा मात्र उनीहरुबाट वास्तविक कुराहरु थाहा पाउनुका साथै उनीहरुलाई परिचालन गर्न सकिन्छ ।

### ३.३.३ *सामाजिक विश्लेषण/वास्तविक परिस्थितिको पहिचान*

सामाजिक परिचालकले लाभग्राहीहरु बसोबास गर्ने समुदायमा जातजातिहरुको बनावट कस्तो रहेको छ ? महिलाहरुको सहभागिता कस्तो छ ? जनजाति, दलित, र पछाडी पारिएका वर्गलाई सहभागी गराउन सकिने सम्भावना छ छैन ? भन्ने कुराका साथै सो समुदायमा उन्नत घाँसहरु लगाउने सम्भावना, पशु विकासका लागि चाहिने अन्य पूर्वाधारहरुको अवस्था कस्तो रहेकोछ ? आदि कुराहरुको विश्लेषण गर्नुपर्दछ ।

### ३.३.४ *नयाँ समूह/सहकारी गठन र क्षमता विकास*

यस आयोजना अन्तर्गत कार्यरत सामाजिक परिचालकहरुले स्थानीय निकायहरुसँग समन्वय गरी नयाँ कृषक समूह/सहकारीहरु गठन गर्नुपर्ने स्थानहरुको पहिचान गर्ने र समूह तथा सहकारी गठनका लागि अवलम्वन गर्नुपर्ने प्रकिया अपनाई आयोजनाको लक्ष अनुसारका समूह/सहकारीहरुको गठन गर्नु पर्दछ । पुराना समूह/सहकारीहरु क्रियाशील रहेका ठाँउमा उनीहरुको क्षमता वृद्धि गरी उनीहरु मार्फत कार्यक्रम सञ्चालन गर्नुपर्दछ भने पुराना समूह/सहकारीहरु नभएका वा पूर्णरुपमा निस्कृय रहेका ठाँउमा नयाँ समूह/सहकारीहरु गठन गर्नुका साथै क्षमता विकास गरी आयोजनाका कार्यक्रमहरु सञ्चालन गर्नु पर्दछ । नयाँ सहकारी गठन गर्दा भै रहेका दुई वा सो भन्दा बढी समूहका सदस्यहरुलाई एकीकृत गरी गठन गर्ने व्यवस्था मिलाउनु पर्दछ ।

### ३.३.५ *सहभागितामूलक योजना तर्जुमा, कार्यक्रम कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन*

सामाजिक परिचालकले समूह तथा सहकारीका सदस्यहरुको क्षमता विकास गरी उनीहरु स्वयम्लाई नै सहभागी गराई पशु विकास तथा प्रवर्धनका कार्यक्रमहरु तर्जुमा गर्न लगाउनु पर्दछ । यसरी तर्जुमा गरिएका कार्यक्रमहरुको कार्यान्वयन गर्न सम्वद्ध निकायहरुसंग समन्वय गरी सहजीकरण गर्नुपर्दछ । सम्बन्धित समूह तथा सहकारीहरुले आयोजना अन्तर्गत तर्जुमा गरिएका कार्यक्रमहरुको कार्यान्वयन गर्दा सामाजिक परिचालकले समय-समयमा स्थलगत अनुगमन गर्ने, कार्य प्रगतिको मूल्याङ्कन गर्ने र आवश्यक देखिएका समूह/सहकारीहरुलाई समयमै सल्लाह एवम् सुझावहरु उपलब्ध गराउने गर्नु जरुरी हुन्छ ।

### ३.३.६ *समूहको सिकाई र अनुभूतिको समीक्षा, सुधार र सुदृढिकरण*

आयोजना अन्तर्गत समूह/सहकारीहरु स्वयम्ले आफ्ना कार्यक्रमहरु तर्जुमा गरी कार्यान्वयन गर्दा उनीहरुले महशुस गरेका कार्यक्रमको सफलता वा असफलताका कारणहरुको समय-समयमा बस्ने बैठकहरुमा समीक्षा गर्नुपर्दछ । सफलताका कारणहरुको अन्य समूह/सहकारीहरुमा पनि प्रसार गर्ने र असफलताका कारणहरुको निराकरण गर्ने गर्नुपर्दछ । सामाजिक परिचालकले यस्ता सफलता वा असफलतालाई आफ्नो नियमित प्रतिवेदनमा उल्लेख गरी विकेन्द्रीकृत आयोजना सहयोग इकाईमा बुझाउने गर्नु पर्दछ ।

### ३.३.७ *सम्पर्क, समन्वय र सम्बन्ध विकास तथा विस्तार*

सामाजिक परिचालकले आफूले काम गरिरहेका समूह/सहकारीहरुका सदस्यहरुको क्षमता विकासका लागि उनीहरुको आवश्यकता पहिचान गरी सोही अनुसारका कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था

मिलाउनु पर्दछ । कार्यक्रमको दिगोपनका लागि समूहहरुलाई स्थानीय निकायमा दर्ता गर्नु आवश्यक छ । स्थानीय निकायहरुले सञ्चालन गर्ने पशु विकासका कार्यक्रमहरुलाई उनीहरुसँग समन्वय गरी स्थानीयस्तरमा रहेका समूह/सहकारीहरु मार्फत नै सञ्चालन गर्ने व्यवस्था मिलाउन पहल गर्ने गर्नुपर्छ । त्यसैगरी स्थानीय तहमा कार्यरत विकासका काम गर्ने अन्य संस्था र वित्तीय पहुंचका लागि बैंक तथा अन्य वित्तीय संस्थाहरुसंग पनि सम्बन्ध विस्तार गरिनुपर्छ ।

### ३.३.८ *नयाँ तथा उपयुक्त सामाजिक मूल्य, मान्यता, चलन नीति–नियमहरुको स्थापना*

आयोजनाका कार्यक्रमहरु सञ्चालनको समयमा सिकेका सफलता/असफलताका कथाहरुले स्थानीय परिवेशमा उपयुक्त हुने खालका नयाँ सामाजिक मूल्य र मान्यताहरुको स्थापना गर्दछन् । यसरी स्थापना भएका नयाँ सामाजिक मूल्य र मान्यताहरु आगामी दिनमा सञ्चालन गरिने कार्यक्रमहरुका लागि मार्गदर्शक बन्न सक्दछन् ।

# ४. आयोजना र कृषक समूह/सहकारीहरू

## ४.१ कृषक समूह भनेको के हो ?

एउटा निश्चित क्षेत्रमा बसोबास गर्ने, समान आर्थिक, सामाजिक हैसियत भएका दुई वा दुई भन्दा बढी कृषकहरु परस्परमा मिलेर समान उद्देश्य प्राप्त गर्नका लागि एकजुट भई कार्य गरेको अवस्था वा संरचनालाई कृषक समूह भनिन्छ । अर्को तरिकाले भन्नु पर्दा, समूह भनेको व्यक्तिहरुको त्यस्तो संलग्नता हो जसमा उनीहरुको साझा पहिचान, अनुभूति र एकता हुन्छ । समूहका सदस्यहरूले खास सामुहिक लक्ष्य पूरा गर्न आफ्नो अनुभव, मूल्य र मान्यताहरू साटासाट गर्दछन् । समूहका सदस्यहरूको बीचमा आपसी सञ्चार, छलफल र निष्कर्षका साथै जिम्मेवारीको पनि बाँडफाँड हुन्छ । समूहका सदस्यहरु खास समस्या समाधान गर्न, सकारात्मक परिवर्तन ल्याउन र विकासको लागि सामुहिक प्रयत्न एवम् क्रियाकलापहरु गर्न अग्रसर रहन्छन् । त्यसैलाई हामी समूह भन्दछौ ।

***संक्षेपमा, आपसी हितको संरक्षण, सम्वर्द्धन गरी साझा उद्देश्य प्राप्तीका लागि संगठित भएका कृषकहरुको अनौपचारिक वा औपचारिक जमघटलाई नै कृषक समूह भनिन्छ ।***

नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना अन्तर्गत गठन गरिने "कृषक समूह" भन्नाले यस आयोजनाको उद्देश्य, कार्यक्रम तथा नीति बारे राम्रोसँग बुझेर, आयोजनाको लक्षित कार्यक्रम कार्यान्वयन गरी, त्यसबाट लाभ लिनका लागि समूहमा आबद्ध भएका, एकै प्रकारको पशुपालन व्यवसायमा लागेका कृषकहरुको संगठित स्वरुपलाई सम्झिनु पर्दछ । जस्तैः दुग्ध उत्पादक कृषक समूह (गाई/भैंसीपालक), बाख्रापालक कृषक समूह र उच्च हिमाली जिल्लाहरुमा (मनाङ्ग, मुस्तांङ्ग) च्याँग्रापालक कृषक समूह ।

## ४.२ समूह गठन गर्नुका उद्देश्यहरु के के हुन् ?

पशुपालक कृषकहरुलाई समूहमा आबद्ध गर्नुका मुख्य उद्देश्यहरु निम्न अनुसार रहेका छन्:

**क**) समूहका सदस्यहरुलाई आधुनिक तरिकाले पशुपालन गर्न प्रेरित गर्ने र उच्चमूल्यका बस्तुहरुको मूल्य शृंखलामा सहभागी बनाउने ।

**ख**) स्थानीय स्तरमा पशुपालनसँग सम्बन्धित आयआर्जन र जीविकोपार्जनका विभिन्न अवसरहरुको पहिचान गरेर कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।

**ग**) समूहका सदस्यहरुको जीवनस्तर सुधार गर्न विभिन्न संघसंस्थाहरुसँग समन्वय गरी स्थानीय तथा बाह्य स्रोत तथा साधनहरुको पहिचान गरी कार्यक्रमहरु सञ्चालन गर्ने ।

**घ**) समूहमा विद्यमान गरिबी तथा विभेदहरु घटाउन सम्बन्धित स्थानीय तहसँगको सहकार्यमा सामाजिक जागरणका कार्यक्रम तथा पशुपालनका आयमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।

**ङ**) जलवायु परिवर्तन अनुकूलन, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण आदि क्षेत्रसंग सम्बन्धित क्रियाकलापहरु सञ्चालन गर्ने ।

**च**) हितकोषको परिचालनको माध्यमवाट समूहका सदस्यको आय वृद्धिमा सहयोग गर्ने ।

**छ**) समूहका सदस्यहरुलाई व्यवसाय सञ्चालनको क्रममा आवश्यक पर्ने वित्तीय सेवाका लागि स्थानीय स्तरमा कार्यरत वित्तीय संस्थाहरुसँग समन्वय गरी वित्तीय पहुंच बढाउने ।

**ज**) पशु बीमालाई प्रवर्धन गरी कृषकको जोखिम न्यूनीकरण गर्ने ।

## ४.३ समूह मार्फत काम गर्दा के के फाईदाहरु हुन्छन् ?

हाम्रो समाजमा महिलाले बोलेको कुरालाई पुरुषले, कथित तल्लो जातिले बोलेको कुरालाई कथित उच्च जातिले, कमजोर वर्गले बोलेको कुरालाई उच्च वर्गले त्यति महत्व नदिने परम्परा छ । यस कारण कतिपय अवस्थामा एकजना सामान्य कृषकले बोलेको कुरा सहीनै भए पनि त्यसले महत्व नपाउन सक्छ । तर, सामूहिक बोलीमा भने एउटा छुट्टै शक्ति हुन्छ, त्यसैले आफ्ना हकहित र अधिकारहरु प्राप्त गर्न कृषकहरु समूहमा आबद्ध हुनु जरुरी छ ।

पशुपालनदेखि बजारीकरणसम्मका व्यवसाय सञ्चालन गर्नका लागि कृषकहरु एकै ठाँउमा संगठित भै समूहको माध्यमबाट व्यवसाय सञ्चालन गर्दा निम्न कारणले गर्दा बढी फाईदा पुग्ने देखिएको छः

क) सामूहिक प्रयास एक्लो प्रयास भन्दा सधैं कम जोखिमयुक्त र बढी सफलता उन्मुख हुने गर्दछ ।

ख) विभिन्न क्षमता भएका व्यक्तिहरु समूहमा मिसिंदा एक व्यक्ति विशेषको क्षमता भन्दा कूल क्षमताको योग सधैं बढी हुने भएकाले उपलब्धी पनि बढी नै हासिल हुन सक्दछ ।

ग) समुदायका सबै वा अधिकांश परिवारहरु समूहमा आबद्ध हुने भएकाले सामाजिक सम्बन्ध पनि झन सुदृढ हुन्छ ।

घ) समूहको उत्पादन एकै ठाँउमा जम्मा गर्दा उत्पादनको परिमाण एक व्यक्तिको उत्पादन भन्दा बढी हुने भएकोले खरिदकर्ताहरु उत्पादित बस्तुको खरिद गर्न उत्पादन स्थलसम्म पुग्दछन् । यस्तो परिवेशमा कृषकहरुको मोलमोलाई गर्ने क्षमता पनि बढ्छ ।

ङ) समूहको माध्यमबाट दिगो व्यावसायिक विकासको थालनी हुन्छ ।

च) समूहको माध्यमबाट विभिन्न निकायहरुबाट प्रदान गरिने सेवा तथा सुबिधा लिन वा सेवा तथा सुबिधा माँग गर्न सजिलो पर्दछ ।

छ) वर्तमान समयमा स्थानीय तहहरुले पनि समूह/सहकारीको माध्यमबाट कृषि तथा पशुपालनसँग सम्बन्धित सेवा प्रदान गर्ने नीति लिएको सन्दर्भमा समूह गठनको औचित्य अझ धेरै बढेको छ ।

ज) समूहमा आबद्ध कृषकहरुलाई व्यावसायिक कर्जाका लागि स्थानीय तहमा सञ्चालित वित्तीय संस्थाहरुसंग समन्वय गर्न सहज हुन्छ ।

झ) त्यसै गरी पशु बीमा सम्बन्धी सेवा लिनका लागि पनि समूहमा आबद्ध कृषकहरुलाई धेरै सहज हुन्छ ।

अतः पशुपालक कृषकहरुको उत्थान र विकास गर्न र उनीहरूको हकहित र अधिकारको प्राप्ती र संरक्षण गर्न उनीहरुलाई नै सशक्त बनाउने समूह पद्धति अपनाउनु राम्रो र सशक्त तरिका मानिएको हुनाले समूहको गठन गरिन्छ ।

## ४.४ सहकारीको परिभाषा के हो ?

निश्चित उद्देश्य प्राप्त गर्न स्वेच्छिकरुपमा एकजुट भै, हरेक मानिसमा रहेको आ-आफ्नो क्षमतालाई सामुहिकरुपमा उपयोग गरी बढी लाभान्वित हुने व्यावसायिक प्रणालीलाई सहकारी भनिन्छ । सहकारीमा “म” को सट्टा “हामीहरु” र “हाम्रोलागि” आर्थिक तथा सामाजिक उद्यम गरौं, भन्ने मूल आदर्श रहेको हुन्छ । सहकारी मूलतः व्यावसायिक क्रियाकलापमा आधारित संगठन हो । सहकार्यबाटै सफलता हासिल गर्न सकिन्छ । यसका उदाहरणहरु यत्रतत्र सर्बत्र पाईन्छन । हामी सबैले देखेका छौं सयौं साना-साना मौरीहरु एउटै घारमा बस्दछन् । उनीहरुले आपसमा मिलेर फूलबाट चुसेर ल्याएको रस एकैठाँउमा जम्मा गरी अमृत समान गुण भएको महको उत्पादन गर्दछन् । यदि मौरी कीरा आपसमा मिली समूहमा नबसेको भए यो सम्भव हुने थिएन ।

यस आयोजना अन्तर्गत दूध उत्पादनका लागि दुग्ध उग्पादक सहकारी, मासुका लागि बाख्रा उत्पादक सहकारी, र पशिमना उत्पादनका लागि (उच्च हिमाली जिल्ला : मनाङ्ग, र मुस्ताङ्गमा) च्याँग्रा उत्पादक सहकारीहरु गठन वा परिचालन गरिनेछन् । नयाँ सहकारीहरु विशेष गरेर पुराना सहकारीहरु नभएका स्थानमा, समूहहरुको क्षमता विकास गरी दुई वा सोभन्दा बढी समूहहरुलाई आबद्ध गरेर गठन गरिनेछन् ।

## ४.५ सहकारीका मूल्य र मान्यताहरु

सहकारीका आफ्नै मूल्य र मान्यताहरु रहेका छन् । यिनै मूल्य र मान्यताका आधारमा सहकारीहरु सञ्चालन हुने गर्दछन् । एउटा सहकारी सफल हुनको लागि त्यसले अवलम्वन गरेका मूल्य र मान्यताहरुले महत्वपूर्ण भूमिका खेलेका हुन्छन् ।

### ४.५.१ आधारभूत मूल्यहरु

सहकारी संस्थाका आधारभूत मूल्यहरु, विशेषतः सहकारी संस्था र सदस्यहरु बीचको सम्बन्ध स्थापित गर्ने आन्तरिक प्रकृतिका हुन्छन् जो निम्न अनुसार रहेकाछन्:

**क. आत्मसहयोग**

प्रत्येक सहकारी संस्थाहरु स्वावलम्वनमा विश्वास गर्दछन् । अर्कामा भर पर्ने परमूखी सोचले सहकारी संस्था स्थापना गरिएको हुँदैन । परमूखी सोचले स्थापना भएका सहकारी संस्थाहरु सफल हुन सक्दैनन् र तिनीहरु दिगोरुपमा सञ्चालनमा रहन पनि सक्दैनन् ।

**ख. स्व–उत्तरदायित्व**

आफ्नै आह्वानमा जिम्मेवारी लिनु/दिनु पर्दछ भन्ने विश्वास स्व-उत्तरदायित्वको मूल्य हो । सहकारीका

सदस्यहरुले यसलाई आत्मसात गरेका हुन्छन ।

**ग. प्रजातन्त्र**

सदस्यले सदस्यको लागि सदस्यद्वारा गरिने संगठनको सञ्चालन विधि नै सहकारीको प्रजातान्त्रिक मूल्य हो । समूहमा प्रत्येक सदस्यको सक्रिय सहभागिता हुनु अनिवार्य ठानिएको छ ।

**घ. समानता**

सहकारीका सदस्यहरुबीच भेदभाव रहित व्यवहार गरिनु पर्दछ । संस्थाका सदस्यहरु बीचमा समानता हुँदैन भने सहकारी संगठनको विकास पनि हुन सक्दैन ।

**ङ. न्याय**

समान आवश्यकता र समस्याबाट मुक्ति पाउन संगठित भएका प्रत्येक सहकारी संस्थाका सदस्यहरुले एकलाई मर्का पारी अर्कोले फाइदा लिन हुँदैन भन्ने विश्वास गर्दछन् । न्यायको मूल्य शोषण विहिन आर्थिक सम्बन्धहरु स्थापित गर्नु हो ।

**च. ऐक्यवद्धता**

सहकारीका हरेक सदस्यहरुले निश्चित उद्देश्य प्राप्ति गर्ने कार्यमा आपसमा मिलिजुली काम गर्नु पर्दछ, तब मात्र आफ्नो उद्देश्य प्राप्ति गर्न सकिन्छ । यसको आधार मूल्य भनेको एकता माथिको विश्वास हो ।

### ४.५.२ *नैतिक मूल्यहरु*

आधारभूत मूल्यहरुको अतिरिक्त सहकारीमा केही नैतिक मूल्यहरु पनि विद्यमान रहेका छन् । यी मूल्यहरु विशेषतः सहकारी संगठन र समाजबीचको सम्बन्धहरुसँग गाँसिएका देखिन्छन् । जुन यसप्रकार छन्:

**क. इमान्दारिता**

इमान्दारिता सहकारीको सबैभन्दा महत्वपूर्ण नैतिक मूल्य हो । कसैलाई नछल्ने, नभ्रुक्याउने र भए गरेका क्रियाकलापहरु पारदर्शी ढंगबाट छर्लङ्ग पार्ने यसको मूल्य हो । सहकारी संस्थाहरुले स्वभावैले यसका सिद्धान्त, ऐन कानूनको पालना अनिवार्यरुपमा गर्दछन् ।

**ख. खुलापन**

सहकारी संस्थाको सदस्यता सधै खुला रहन्छ । सदस्यता लिने र त्याग गर्न सक्ने सम्पूर्ण अधिकार सदस्यलाई नै सुम्पिएको हुन्छ । यसरी खुलापनको मूल्य बस्तुतः स्वतन्त्रताको मूल्य हो ।

**ग. सामाजिक उत्तरदायित्व**

प्रत्येक सहकारी संस्था समाजमा स्थापित हुने भएकाले उनीहरुले सामाजिक उत्तरदायित्व वहन गर्नु पर्दछ । सहकारीहरुले समाजप्रति रहेको आफ्नो जिम्मेवारी पूर्णरुपमा पालना गर्दछन् । प्रत्येक सहकारी संस्था समाजको अभिन्न अंगको रुपमा रहेका हुन्छन् ।

**घ. अरुको हेरचाह**

सहकारी संस्थाले आफ्ना सदस्यहरुको मात्र हैन गैर सदस्य समुदायको पनि हेरविचार गर्दछन् । आपसमा सहयोगको आदान-प्रदान गरी समस्याको समाधान गर्नु सहकारीको मूलमन्त्र ठानिएको छ । यिनै मूल्य, मान्यताहरुको आधारमा सहकारी सिद्धान्तहरुको तर्जुमा भएको हो ।

## ४.६ *समूह र सहकारीबीचको भिन्नता*

समूह र सहकारी दुबै समुदायमा आधारित संस्थाहरु भएता पनि उनीहरुबीच भिन्नता रहेकोछ । समूह र सहकारीबीचका सामान्य भिन्नताहरु निम्न अनुसार छन्:

### ४.६.१ *उद्देश्यका आधारमा*

**क**) सहकारी संगठन सदस्यको आर्थिक, सामाजिक एवम् सांस्कृतिक उन्नति र विकास गर्ने व्यावसायिक उद्देश्यले दर्ता गरिएको हुन्छ । समूहको उद्देश्य सहकारीको जस्तो सामाजिक तथा सांस्कृतिक विकास नहुन पनि सक्दछ ।

**ख**) सहकारी एक प्रकारले देशकै अर्थनीतिको एउटा खम्बाको रुपमा रहेकोछ भने, समूहको दायरा सीमित रहेको हुन्छ ।

**ग**) समूहको उद्देश्यका तुलनामा सहकारीको उद्देश्य बढी व्यावसायिक, उत्पादनमूलक, र आयमूलक भएको देखिन्छ ।

### ४.६.२ *कानूनी मान्यताका आधारमा*

**क**) सहकारी संगठनको दर्ता, संचालन प्रक्रिया, दायित्व एवम् कर्तव्य सहकारी ऐन, नियमावली अनुरुप निर्दिष्ट गरिएको हुन्छ । जस्तै सहकारी ऐन २०४८, सहकारी नियमावली २०४९ (पहिला), सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५ (हाल) । समूहको त्यस्तो छुट्टै ऐन हालसम्म तर्जुमा भइसकेको पाइदैन ।

**ख**) सहकारी संगठन कानूनी व्यक्ति सरह मान्य भए जस्तै समूहको छुट्टै कानूनी मान्यता हुँदैन । सामान्य आदेश, निर्देशनबाट समूह निमार्ण गर्न सकिन्छ । हाल समूहलाई स्थानीय निकायमा दर्ता गर्ने प्रचलन रहेको छ ।

**ग**) सहकारी संस्था गठन गर्न सहकारी ऐन २०७४ अनुरुप कम्तीमा ३० परिवार, एक घर एक सदस्यका दरले, अनिवार्यरुपमा रहनु पर्दछ भने समूह गठनका लागि त्यस्तो संख्या किटान गरिएको छैन । तर, यस आयोजनामा पशुपालन कृषक समूह गठनका लागि सामान्यतया २० जना पशुपालक कृषकहरु, एक घर एक सदस्यका दरले राख्ने सोंच बनाईएको छ । तर, स्थानीय परिस्थितिका आधारमा यो संख्या कम वा बढी पनि हुन सक्नेछ ।

### ४.६.३ *संस्थागत क्षमताका आधारमा*

**क**) सहकारी संगठनमा सदस्यता सधैं खुला रहन्छ र सदस्य संख्या निरन्तर बढिरहन्छ । समूहमा निश्चित सदस्य संख्या तोकिएको हुन्छ र एकपटक समूह गठन गरिसकेपछि सदस्यता बढ्ने संभावना न्यून रहन्छ ।

**ख**) सहकारी संगठन भित्र आन्तरिकरुपमा साधारण सभा, सञ्चालक समिति, लेखा समिति जस्ता व्यवस्थापन संरचना कानूनीरुपमा निमार्ण गरिएको हुन्छ भने समूहमा त्यस्ता संरचनाको कुनै संस्थागत व्यवस्था रहेको पाइदैन ।

**ग**) त्यसै गरी सहकारी संस्थाको प्रारम्भिक, जिल्ला, केन्द्रीय र राष्ट्रिय तहसम्म कानूनीरुपमा संस्थागत संरचना निमार्ण गरिएको हुन्छ भने समूहको यस प्रकारको तहगत संरचना बनेको हुँदैन । तथापी वर्तमान समयमा कृषक समूहको सञ्जाल निर्माण गर्न सुरुवात गरेको देखिन्छ ।

### ४.६.४ *व्यवसायिक निरन्तरताका आधारमा*

**क**) सहकारी संगठन व्यावसायिकरुपमा दिगो हुन्छ र लामो समयसम्म चलिरहन्छ तर, समूहको व्यावसायिक निरन्तरता नहुन पनि सक्छ ।

**ख**) सहकारी संस्था, सहकारीको सिद्धान्त अनुसार काम गर्दै जाँदा, निजी व्यवसायी सरह प्रतिस्पर्धी बन्दै जान सक्दछ ।

**ग**) कतिपय समूहहरु व्यवसाय संचालन गर्ने क्रममा परिपक्व बन्दै जाँदा दुई वा सोभन्दा बढी समूहहरु लाई एकीकृत गरी सहकारी संस्थामा परिणत गर्न सकिने सम्भावनाहरु रहन्छन् ।

**घ**) सहकारी संस्था एक निरन्तर व्यावसायिक प्रक्रिया हो भने समूहले सहकारीको स्वरुप प्राप्त नगरेसम्म दिगोरुपमा व्यावसायिक निरन्तरता पाउन कठिन हुन्छ ।

# ५. कृषक समूह गठन र सञ्चालन विधि

## ५.१ समूह गठन गर्दा ध्यान दिनुपर्ने कुराहरु

**क**) समूह गठन गर्दा सकभर समान आर्थिक स्तर भएका, भौगोलिकरुपले एकै स्थानमा रहेका, भावनात्मकरुपले एक आपसमा नजिक रहेका र, एकै प्रकारको पेशा गरिरहेका कृषकहरुलाई समावेश गर्नुपर्दछ । साथै समूहको सदस्यमा एक घर एक सदस्यका दरले सम्बन्धित व्यवसाय गरिरहेका सदस्यहरु मात्र रहने व्यवस्था गरिनु पर्छ ।

**ख**) एउटा समूहमा सरदरमा २० जना सदस्यहरु रहनेछन् तर, कृषक परिवार संख्या कम भएको स्थानमा त्यो भन्दा थोरै र संख्या बढी भएको स्थानमा २५ जनासम्म सदस्य पनि एउटै समूहमा समावेश गर्न सकिने छ ।

**ग**) यस आयोजना अन्तर्गत गठन गरिने कृषक समूहमा महिलाको सहभागिता कम्तीमा ४५ प्रतिशत हुनुपर्ने छ ।

**घ**) समूह गठन गरिने स्थान अनुसार समूहमा दलित, जनजाती र पिछडिएको वर्ग समेत समावेश भएको हुनुपर्छ ।

## ५.२ पशुपालक कृषक समूहको सदस्य बन्न चाहिने योग्यता

**क**) आयोजनाको कार्यक्षेत्र भित्र बसोबास गरी, पशुपालन व्यवसाय गरिरहेको र १६ बर्ष उमेर पुगेको नेपाली नागरिक ।

**ख**) प्रचलित कानूनले अयोग्य नठहरिएको र मानसिक सन्तुलन ठीक भएको ।

**ग**) समूहको विधान र निर्णयहरु पालना गर्न मन्जुर रहेको, सामुहिकतामा विश्वास गर्ने, एक अर्कालाई सहयोग गर्ने सोंच भएको र समूहको माध्यमबाट आर्थिक स्थितिमा सुधार ल्याउन इच्छुक रहेको कृषक परिवार ।

## ५.३ समूह गठन प्रकृया र आयोजनाको लक्ष

सुरुमा सामाजिक परिचालकले कृषक समूह गठन गरिने स्थानमा बसोबास गर्ने समुदायका सबै घरधुरीका प्रतिनिधिहरुलाई बोलाई एकैठाँउमा भेला गर्ने । सो भेलामा कृषकले बुझ्ने भाषा र शैलीमा यस आयोजनाले पशुपालन प्रवर्धनका लागि सञ्चालन गर्ने कार्यक्रमका बारेमा जानकारी गराउने । सोहीक्रममा समूहको महत्व के हो ?, र समूह गठन गर्नुका उद्देश्यहरु के के हुन ? भन्ने वारेमा पनि सबैले बुझ्ने गरी प्रस्तुत गर्ने । अन्तमा उनीहरुले बुझे बुझेनन् सोध्ने र उनीहरुका जिज्ञासा भए सुन्ने र प्रष्ट पार्ने ।

तत्पश्चात् उक्त समुदायमा पशुपालन व्यवसाय गरिरहेका र कृषक समूहमा बस्न ईच्छुक कृषकहरुको नामावली तयार पार्ने । यदि कुनै समुदायमा एक भन्दा बढी समूह बन्ने सम्भावना भएमा कुन घरधुरी कुन समूहमा आबद्ध हुने हो ? सो सम्बन्धमा समेत छलफल गरी ठहर गर्ने ।

समूह बनाउदा सकेसम्म नजिकका घरधुरीलाई (१ घर १ सदस्यको सिद्धान्त अनुसार) एउटै समूहमा आबद्ध गराउने र सदस्यको संख्या पनि सकेसम्म समान कायम राख्ने । कृषक परिवारको कुन सदस्यले गठन हुन लागेको समूहमा प्रतिनिधित्व गर्ने हो एकीन गरी समूहमा बस्ने सदस्यहरुको नामावली तयार पार्ने । यसरी समूह सदस्यको नामावली तयार गर्दा समूहमा महिलाको प्रतिनिधित्व कम्तिमा ४५ प्रतिशत र जनजाति, दलित, पिछडिएको वर्ग समेत समावेस हुने गरी तयार गर्ने । सो नामावलीका आधारमा नयाँ समूह गठन गर्ने । समूह गठन गरिसकेपछि सदस्यहरुमध्यबाट समूहका ४ जना पदाधिकारीहरुः **अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष**को छनौट प्रजातान्त्रिक विधिवाट लैंगिक तथा सामाजिक समावेशीकरणका आधारमा गर्ने व्यवस्था सामाजिक परिचालकले सहजीकरण गरी मिलाउने । पदाधिकारीहरुः अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये

कम्तिमा २ जना पदाधिकारीहरु महिला हुनुपर्ने छ । यसरी छनौट भएका पदाधिकारीहरुको पदावधि १ वर्षका लागि हुनेछ । १ वर्षपछि आवश्यकता हेरी पदाधिकारीहरुको पुनः चयन गर्न पनि सकिने छ । यसरी चयन गर्दा पुरानै पदाधिकारीहरु पनि दोहोरिन सक्नेछन् । तर, कुनै पदाधिकारीले समूहको हित विपरित कार्य गरेको पाईएमा समूहको पूर्ण बैठकबाट कूल सदस्यको ७५ प्रतिशतको बहुमतले जनुसुकै बेला पनि त्यस्ता पदाधिकारीहरुलाई हटाउन सकिने छ ।

पदाधिकारीहरुको चयन पश्चात सोही दिन समूहको पहिलो बैठक बसाउने र सो बैठकबाट समूहको नाम के राख्ने ? भन्ने वारेमा छलफल गराई निर्णय गर्ने । साथै समूहको अर्को बैठक बस्ने मिति, समय र स्थानको बारेमा पनि निर्णय गरी सबैलाई जानकारी गराउने । सुरु–सुरुका केही बैठकहरु सञ्चालन गराउन सामाजिक परिचालकले सकियरुपमा सहजीकरण गर्ने ।

आयोजनाको लक्ष अनुरुप जम्मा १००० नयाँ पशुपालक कृषक समूहहरु गठन गरिने छन भने १५०० भै रहेका कृषक समूहहरुको क्षमता विकास गरिने छ । यो आयोजना नेपालका ५ वटा प्रदेशका २८ जिल्लाका २८९ गाँउ तथा नगरपालिकाहरुमा कार्यान्वयन भइरहेको छ । अतः सरदरमा एउटा गाँउंपालिका/नगरपालिकामा ३ देखि ४ वटा नयाँ समूहहरुको गठन र ५ वटा भैरहेका समूहहरुको क्षमता विकास गरी पशुपालन व्यवसायलाई प्रवर्धन गर्ने लक्ष रहेकोछ ।

## ५.४ समूहका पदाधिकारीहरुको काम, कर्तव्य र जिम्मेवारी

समूहका पदाधिकारीहरुको फरक फरक काम, कर्तव्य र जिम्मेवारी तोकिएको हुन्छ । कृषक समूहलाई प्रभावकारी बनाउन हरेक पदाधिकारी र सदस्यहरुले आ-आफनो जिम्मेवारी अनुसार काम गर्नु पर्दछ । पदाधिकारीहरुको काम, कर्तव्य र जिम्मेवारी निम्न अनुसार तोकिएको छ :

### ५.४.१ अध्यक्षको काम, कर्तव्य र जिम्मेवारी

- बैठक आह्वान गर्ने र बैठकको अध्यक्षता गर्ने ।
- बैठकका प्रस्ताव बारे जानकारी दिने र छलफल गराउने ।
- समूहको बैठक नियमितरुपमा महिना महिनामा बस्ने व्यवस्था मिलाउने ।
- आयोजनाका कार्यक्रमहरु कार्यान्वयन गर्दा वा अन्य निकायहरुसँग समन्वय गरी सहकार्य गर्दा समूहको नेतृत्वदायी भूमिका निर्वाह गर्ने ।
- सचिव र कोषाध्यक्षसंग संयुक्तरुपमा बैंक खाता सञ्चालन गरी समूहको हितकोष सञ्चालन गर्ने व्यवस्था मिलाउने ।
- सदैव आफ्नो समूहको हितमा निर्णय गर्ने र निर्णयहरु कार्यान्वयन गर्ने/गराउने ।
- समुदाय, स्थानीय निकाय तथा अन्य सरोकारवालाहरुसंग समन्वय गर्ने ।
- विभिन्न संघ-संस्थाहरुको बैठकमा समूहको प्रतिनिधित्व गर्ने र समूहको हितको वकालत गर्ने ।
- समूहमा सकेसम्म विवाद आउन नदिने यदि विवादहरु आएमा कुशल निर्णय क्षमता प्रयोग गरी समूहको हितको पक्षमा र पिडितलाई न्याय हुने गरी समाधान गर्ने ।
- समूहका सवै सदस्यहरुलाई आदर सम्मान तथा समान व्यवहार गर्ने ।
- अनुशासनलाई पालना गराउने र आवश्यकता परे जरिमाना उठाउने ।
- बैठकमा आफू सधैं समयमा उपस्थित हुने ।
- आयोजनाका सामाजिक परिचालकसंग समन्वय गरी प्रभावकारीरुपमा समूहलाई परिचालन गर्ने ।
- समूहको बैठकमा आफू उपस्थित हुन नसक्ने अवस्थामा उपाध्यक्षलाई आफ्नो अधिकार प्रत्यायोजन गर्ने ।

### ५.४.२ उपाध्यक्ष्यको काम, कर्तव्य र जिम्मेवारी

- कुनै कारणवस समूहका अध्यक्ष समूहको कार्यक्षेत्र भन्दा बाहिर गएको अवस्थामा वा विरामी वा अन्य कारणले कार्य गर्न नसक्ने अवस्थामा अध्यक्षले गर्ने सम्पूर्ण काम गर्ने ।
- अध्यक्षलाई सघाउने र अध्यक्षले दिएको जिम्मेवारी प्रभावकारीरुपमा पूरा गर्ने ।

### ५.४.३ सचिवको काम, कर्तव्य र जिम्मेवारी

- अध्यक्षसँग समन्वय गरी बैठकका प्रस्तावहरु तयार गर्ने र बैठकको आयोजना गर्ने ।
- बैठकमा उपस्थितिका लागि सबै सदस्यहरुलाई खबर गर्ने ।
- आफू समयमै बैठकमा उपस्थित हुने ।
- राम्रोसंग लेखापढी गर्न जानेको ।
- बैठक सञ्चालन गर्न अध्यक्षलाई सघाउने ।
- बैठकका निर्णयहरु लेख्ने र निर्णय पुस्तिका तथा अन्य अभिलेखहरु सुरक्षित राख्ने ।
- हरेक बैठकको सुरुमा विगत बैठकका निर्णयहरुको कार्यान्वयन अवस्थाको समीक्षा गर्ने ।
- समूहकालागि आवश्यक पर्ने सबै सूचनाहरु संकलन गर्ने ।
- सदैव आफ्नो समूहको हितमा काम गर्ने ।
- समूहको हितकोष, बचत र ऋण लगानीको कारोबार र अभिलेखहरु अद्यावधिक राख्ने ।
- सदस्यहरुका गुनासा तथा भनाईहरु बैठकमा पेश गरी छलफल एवम् निर्णय गराउने ।
- विभिन्न चिट्ठीपत्र लेख्ने र सम्बन्धित ठाँउमा पठाउने व्यवस्था गर्ने ।
- प्राप्त चिट्ठीपत्र, कागजातहरु सुरक्षित राख्ने र सम्बन्धित व्यक्तिलाई सूचना दिने ।

### ५.४.४ कोषाध्यक्षको काम, कर्तव्य र जिम्मेवारी

- कोषको हर-हिसाव चुस्त, दुरुस्त राख्ने ।
- कोषको लगानी र असुली व्यवस्थित गर्ने ।
- मासिक बैठकको समयमा सदस्यहरुबाट हितकोषको रकम संकलन गर्ने ।
- अध्यक्ष र सचिवसंग संयुक्तरुपमा बैंक खाता सञ्चालन गर्ने ।
- सदस्यहरुको तत्कालको आवश्यकता पूर्तिका लागि हितकोषको रकमबाट ऋण माँग भएको अवस्थामा अध्यक्ष तथा सचिवसंग समन्वय गरी ऋण लगानी तथा असुलीको व्यवस्थापन गर्ने ।
- नगद तथा जिन्सी सामानहरुको अभिलेख व्यवस्थित र पारदर्शी तरिकाले राख्ने र आवश्यक परेमा तुरुन्त देखाउने ।
- आर्थिक प्रतिवेदन तयार गर्ने र प्रत्येक बैठकको सुरुमा हितकोषको अद्यावधिक विवरण प्रस्तुत गर्ने ।
- सदैव आफ्नो समूहको हितमा काम गर्ने ।
- समूहका सबै सदस्यहरुसग विश्वासिलो र भरपर्दो व्यवहार गर्ने ।
- बैठकमा तयारीकासाथ समयमै उपस्थित हुने ।

### ५.४.५ समूह सदस्यहरुको काम, कर्तव्य र जिम्मेवारी

- समूहको नियमित मासिक बैठक तथा अन्य आकस्मिक बैठकहरुमा उपस्थित हुने ।
- प्रत्येक सदस्यले आफ्नो समूहको हितमा काम गर्ने ।
- समूहको बैठकमा सक्रियरुपमा छलफलमा भाग लिने र बैठकका निर्णयहरुको पालना गर्ने ।
- समूहमा आफ्ना कुराहरु प्रष्टसंग राख्ने ।

## ५.५ समूहलाई कसरी सक्रिय बनाई राख्ने ?

५.५.१ ***मासिक बैठक सञ्चालन गर्ने –*** समूहको मासिक बैठक, हरेक महिना सदस्यहरुले तोकेको समय र स्थानमा नियमितरुपमा बस्नु पर्दछ ।

५.५.२ ***समूह कोषको स्थापना र परिचालन गर्ने –*** सबै सदस्यहरुले हरेक महिना बस्ने बैठकमा समूहले निर्णय गरे अनुसारको रकम अनिवार्यरुपमा बचत गर्ने गर्नुपर्दछ । यसका साथै समूहलाई विभिन्न स्रोतबाट प्राप्त हुने अन्य रकमहरुलाई जम्मा गरी "हितकोष" को स्थापना गर्नुपर्दछ । "हितकोष" को रकम समूहका सदस्यहरुलाई आवश्यक पर्ने स-साना ऋणको तत्कालको आवश्यकता पूर्ति गर्न परिचालन गर्नुपर्दछ । ऋण सम्बन्धी निर्णयहरु समूह बैठकको समयमा छलफल गरी लिने गर्नुपर्दछ । ऋणको असूली निर्धारित समयमा हुने गरी सुनिश्चित गर्नुपर्दछ ।

५.५.३ ***स्थानीय तहमा कार्यरत संस्थाहरुसंग सम्बन्ध विस्तार गर्ने –*** स्थानीय तहमा रहेर काम गरिरहेका अन्य सरकारी, गैरसरकारी विकासको काम गर्ने संस्थाहरु, वित्तीय संस्थाहरु र बीमा कम्पनीहरुसँग सम्बन्ध विकास गर्ने ।

५.५.४ ***समूह परिचालनका लागि मापदण्ड र नियम बनाएर –*** कुनै पनि समूह प्रभावकारी तरिकाले सञ्चालन गर्नका लागि समूहको आफ्नै निश्चित मापदण्ड र नियमहरु बनाउनु पर्ने हुन्छ । सो नियमको पालना समूहका सबै सदस्य तथा पदाधिकारीहरुले गर्नु पर्दछ ।

५.५.५ ***सामुदायिक विकासका लागि साझा क्रियाकलापहरु –*** समूहका सदस्यहरुले आफू रहेको स्थानको सामुदायिक विकासका क्रियाकलापहरुमा पनि स्थानीय निकायसंग मिलेर काम गर्ने, आफूहरुबीच विश्वासको वातावरण बनाउने र गाँउमा उनीहरुको उपस्थिति महशुस गराउने गर्नु पर्दछ ।



## ५.६ कृषक समूहलाई परिचालन गर्ने विधि

कुनै पनि समूहलाई निरन्तररुपमा सकिय बनाउन परिचालन गर्नु आवश्यक हुन्छ । समूह परिचालनका लागि अनिवार्यरुपमा गर्नैपर्ने केही महत्वपूर्ण कियाकलापहरु निम्न अनुसार छन्:

### ५.६.१ *नियमितरुपमा समूह बैठक सञ्चालन गरेरः* सामान्यतया समूहका बैठकहरु दुई किसिमका हुन्छन् :

**क) नियमित बैठक**

**ख) आकस्मिक बैठक**

**क) नियमित बैठक**

➢ **बैठकको परिभाषा**

कुनै पनि समूहका सबै सदस्यहरु भेला भएर निश्चित विषयबस्तु माथि छलफल गरी निर्णयमा पुग्ने प्रक्रियालाई बैठक भनिन्छ । समूहमा विभिन्न प्रकृति र व्यवहारका मानिस वा सदस्यहरु हुन्छन । तसर्थ सामुहिकरुपमा एक ठाँउमा बसी सबैको मतान्तरलाई छलफल गरी एउटा ठोस निष्कर्षमा पुग्नको लागि गरिने भेला नै बैठक हो । बैठक समूहमा अन्तरक्रिया गरी निर्णयमा पुग्ने एउटा सशक्त माध्यम पनि हो । बैठकमा छलफल हुन्छ, वाद-विवाद हुन्छ र आखिरमा निर्णय निस्कन्छ जस्लाई 3D (D- Discuss, D-Debate & D- Decide) पनि भन्न सकिन्छ। हरेक महिना समूहको नियमित बैठक बस्नु अनिवार्य छ ।

➢ **समूह बैठक पूर्व गर्नु पर्ने तयारी**

- अध्यक्षसंग समन्वय गरी सचिवले सबै सदस्यलाई बैठक बस्ने बारे जानकारी गराउने ।
- सबै सदस्यलाई बैठकका प्रस्तावको बारेमा जानकारी गराउने ।
- बैठक बस्ने मिति, समय र स्थान बारे सूचित गराउने ।
- बैठक बस्ने स्थानको तयारी गर्ने ।
- आमन्त्रित व्यक्तिलाई बैठक पूर्व पूनः स्मरण गराउने ।
- बैठकमा प्रयोग हुने निर्णय पुस्तिका, बचत तथा ऋण विवरण पुस्तिकाहरु लगायतका सामाग्रीहरु सचिव र कोषाध्यक्षले तैयारी अवस्थामा राख्ने ।

➢ **समूह बैठक सञ्चालन कसरी गर्ने ?**

- समूहको नियमित बैठक प्रत्येक महिना तोकिएको मिति, समय र स्थानमा बस्ने गनुपर्दछ । बैठकको नेतृत्व अध्यक्षले गर्नेछन् । बैठकको शुरुमा सचिवले उपस्थित सदस्यहरुको नाम बैठक पुस्तिकामा लेखी सबैको उपस्थितिमा हस्ताक्षर गराउने छन् । तत्पश्चात अघिल्लो बैठकका निर्णयहरु बमोजिम काम सम्पन्न भए नभएको समीक्षा गर्नेछन् र सम्पन्न नभएका कामहरु पुनः सम्पन्न गराउन जिम्मेवार व्यक्ति र समय तोकिनेछ ।

- चालू बैठकमा छलफल गर्नुपर्ने विषयहरु अध्यक्ष र सचिवले सो समूहमा कार्यरत सामाजिक परिचालकसँग समेत समन्वय गरी समूहको बैठक बस्नु अगावै निश्चित गरी सदस्यहरुलाई जानकारी गराउनु पर्दछ । सदस्यहरुबाट थप प्रस्ताव आएमा विविध विषय अन्तर्गत राखेर छलफल गराई निर्णय गर्नु पर्दछ । सचिवले बैठकका निर्णयहरु समूहको बैठक पुस्तिकामा लेख्ने काम पनि गर्नेछन् ।

- कोषाध्यक्षले बैठकको समयमा सदस्यहरुबाट महिना महिनामा हितकोषमा जम्मा गर्ने बचत रकम संकलन गर्नेछन् र त्यस महिनाको हरहिसाब अद्यावधिक राख्नेछन् । यदि कुनै सदस्यबाट ऋण माँग आएमा र कोषमा पर्याप्त रकम भएको अवस्थामा बैठकमा छलफल

गराई ऋण स्वीकृत गराउने छन् र सम्बन्धित सदस्यलाई प्रदान गर्नेछन । साथै ऋण विवरण अद्यावधिक गरी राख्ने छन् ।



- सामाजिक परिचालकले सुरुसुरुमा समूहका नियमित बैठकहरुमा आफै उपस्थित भै बैठक सञ्चालन गर्न सहजीकरण गर्ने र सचिवलाई निर्णयहरु लेख्न र कोषाध्यक्षलाई हितकोषको हरहिसाब विवरण अद्यावधिक गरी विवरण पुस्तिकामा चुस्त दुरुस्त राख्न सिकाउने काम गर्नेछन् । समूहले आफै बैठक सञ्चालन गर्न सक्षम भएपछि सामाजिक परिचालकले सबै बैठकमा उपस्थित हुन नभ्याएको अवस्थामा टेलिफोनको माध्यमबाट पनि नियमित बैठकको अनुगमन गर्न सक्नेछन् ।

- नियमित बैठकमा सकभर शतप्रतिशत सदस्यहरु उपस्थित हुने गर्नुपर्दछ । विशेष कारणवस कुनै सदस्य नियमित बैठकमा उपस्थित हुन नसक्ने अवस्था आएमा निजले अध्यक्षलाई कारण सहित अग्रिम जानकारी गराई स्वीकृति लिनु पर्दछ । अनुपस्थित भएका सदस्यले आफनो काम सकिएपछि अध्यक्षलाई भेटी सो बैठकमा भएका निर्णयहरुका वारेमा जानकारी लिने र कार्यक्रमहरुमा सहभागी हुने गर्नुपर्दछ । कुनै खवर नगरी वा समूहको अध्यक्षको अनुमति बिना समूहको नियमित वैठकमा उपस्थित नभएका सदस्यले र आफ्नो जिम्मेवारी अनुसार काम नगरेका सदस्यले समूह बैठकले गरेको निर्णय बमोजिम जरिवाना तिर्नुपर्ने छ । नियमित बैठकका लागि गणपूरक संख्या कम्तीमा कूल सदस्य संख्याको ७० प्रतिशत हुने छ ।

➢ **समूह बैठकका खुट्किलाहरु**

| **बैठकका खुट्किलाहरु** | **बैठकका कियाकलापहरु** |
|---|---|
| १. बैठकको शुरुवात | • समूहका सबै सदस्यहरु निर्धारित समय र स्थानमा उपस्थित भईसकेपछि सबैलाई मिलाएर बसाउन पदाधिकारीहरुले सहजीकरण गर्ने ।<br>• बैठकको अध्यक्षता समूहका अध्यक्षले गर्ने । |

| | |
|---|---|
| | • अध्यक्षको अनुमतिले सचिवले यस अघिको बैठकका निर्णयहरुको कार्यान्वयनको अवस्थाका बारेमा संक्षिप्तरुपमा समीक्षा गर्ने र चालू बैठकका प्रस्तावहरु प्रस्तुत गर्ने । |
| २. क्रमैसँग निर्णय गर्न सहजीकरण गर्ने | • प्रत्येक प्रस्तावमा छलफल गराई निर्णय गर्नुपर्दछ । भएका निर्णयहरुको लेखन सचिवले गर्नेछन् र त्यसमा सामाजिक परिचालकले सहजीकरण गर्नेछन् ।<br>• निर्णय लेखीसकेपछि सचिवले निर्णय पढेर सुनाउनु पर्छ र सहभागीले ताली बजाएर पुनः सहमति जनाउनु पर्दछ ।<br>• निर्णय पुस्तिकामा (उपस्थिति उठाईएको बाहेक) सबै पानाको अन्त्यमा पदाधिकारीहरुको र बन्दमा सबै सदस्यको हस्ताक्षर गराउनु पर्दछ । |
| ३. बचत तथा ऋण खाता किताब, व्यवस्थित गर्ने | • कोषाध्यक्षले बचत रकम र ऋणको ब्याज तथा सांवा रकम संकलन गर्नेछन् ।<br>• प्रत्येक सदस्यको बचत तथा ऋण विवरण पुस्तिकामा अद्यावधिक गर्नेछन् । यो काममा सामाजिक परिचालकले सहयोग गर्नेछन् ।<br>• समूहका सबै विवरण पुस्तिकाहरु अद्यावधिक गरी सकेपछि र दस्तखत गराई सकेपछि आयोजनाले उपलब्ध गराएको झोलामा राख्ने । |
| ४. बैठक समापन गर्ने | • सामाजिक परिचालकले सबै सहभागीहरुलाई धन्यबाद दिदै आगामी बैठकमा आफू उपस्थित हुन सक्ने वा नसक्ने समेत जानकारी गराउने ।<br>• अन्तमा अध्यक्षबाट मन्तव्य सहित बैठक समापन गर्ने । |

**ख) आकस्मिक बैठक**

समूहको आवश्यकता अनुसार नियमित बैठक बाहेक अन्य समयमा छोटो सूचना गरी तत्काल बोलाइने बैठकलाई आकस्मिक बैठक भनिन्छ । यस्तो बैठक समूहको अध्यक्षले वा समूहका ५० प्रतिशत भन्दा बढी सदस्यहरुले आवश्यकता महशुस गरेमा जुनसुकै समयमा पनि बस्न सक्नेछ । कार्यक्रम कार्यान्वयनका सन्दर्भमा कहिले-काँही नियमित बैठक बस्न धेरै समय बाँकी रहेको तर, तत्काल निर्णय गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने परिस्थितिमा आकस्मिक बैठकको आवश्यकता पर्दछ । बैठकको नेतृत्व नियमित बैठकमा जस्तै समूहका अध्यक्षले गर्नेछन र निर्णयहरु सचिवले निर्णय पुस्तिकामा लेख्नेछन् । सामाजिक परिचालकले आकस्मिक बैठकका प्रस्तावमा छलफल गराई निर्णयमा पुग्न सहजीकरण गर्नेछन् । बैठकमा भएका निर्णयहरुका सम्बन्धमा सचिवले पहिलो नियमित बैठकको समयमा आकस्मिक बैठकमा अनुपस्थित भएका सदस्यहरुलाई पनि सो बैठकका निर्णयहरु बारे जानकारी गराउनेछन् ।

- **बैठकको निर्णय लेखन** (उदाहरणका लागि)

नियमित वा आकस्मिक बैठकका निर्णयहरु समूहका सचिवले लेख्नेछन् । बैठकका निर्णयहरु लेख्ने सरल ढाँचा निम्न अनुसार हुनेछः

*आज मिति ........... का दिन .............समूहका अध्यक्ष श्री/श्रीमती .................. को अध्यक्षतामा निम्न सदस्यहरुको उपस्थितिमा यस कृषक समूहको बैठक बसी निम्न प्रस्तावहरुमा छलफल गरी तपशील अनुसारका निर्णयहरु गरियो ।*

***उपस्थिति***

| ***क.सं.*** | ***नाम*** | ***ठेगाना*** | ***पद*** | ***दस्तखत*** |
|---|---|---|---|---|
| *१.* | | | | |
| *२.* | | | | |
| *३.* | | | | |

*सबै पदाधिकारीहरु तथा सदस्यहरुको नाम लेखी दस्तखत गराउने ।*

***बैठकका प्रस्तावहरु*** *(उदाहरणका लागि)*

*१) चालू महिनामा कार्यान्वयन गर्नुपर्ने आयोजनाका कार्यक्रमका बारे*
*२) समूहको हितकोषको रकम संकलन र ऋण लगानी बारे*
*३) समूह सदस्यका पशुहरुको बीमाको प्रगति बारे*
*४) अन्य/विविध*

***बैठकका निर्णयहरु लेखन***

*बैठकका प्रस्तावहरुका सम्बन्धमा क.सं. १ देखि क्रमशः छलफल गर्दै जाने र सम्बन्धित प्रस्तावका बारेमा गरिएका निर्णयहरु क्रमशः लेख्दै जाने ।*

*बैठकका सबै निर्णयहरु लेखी सकेपछि सचिवले पढेर सबै सदस्यहरुलाई सुनाउने र अन्तमा उपस्थित सबै पदाधिकारी तथा सदस्यहरुको दस्तखत गराउने ।*

*सदस्यहरुको दस्तखत :*

### ५.६.२ समूह कोषको स्थापना र परिचालन

समूहलाई प्रभावकारीरुपमा सञ्चालन गर्नका लागि समूहको एउटा आफ्नै कोष हुनु आवश्यक छ । समूहमा कोषको स्थापना गरी परिचालन गर्दा हुने फाईदाहरु धेरै छन् । ती मध्य केही प्रमुख फाइदाहरु निम्न अनुसार छनः

- समूहलाई तत्काल आवश्यक पर्ने सानातिना खर्चहरु यसै कोषबाट व्यहार्न सकिने ।
- कोषको स्थापना गरी सञ्चालन गर्नका लागि सबै सदस्यहरुले हरेक महिना निश्चित रकम (समूहले तोके अनुसार) जम्मा गर्ने गर्नु पर्दछ । यसबाट एकातिर समूहमा कोषको रकम बढ्दै जान्छ भने अर्कोतिर सदस्यहरुमा बचत गर्ने बानीको विकास पनि हुन्छ ।
- समूहको कोषको रकम बढ्दै जाँदा सदस्यहरुका स-साना ऋणका आवश्यकताहरु पनि निश्चित समयका लागि यसै कोषबाट पूर्ति गर्न सकिन्छ ।
- नियमित बचत र समूहमा ऋण परिचालन गर्दा सदस्यहरुमा आर्थिक अनुशासनको विकास हुने भएकाले वित्तीय संस्थाहरुमा ऋणका लागि सदस्यहरुको पहुंच सरल बन्दछ ।
- मासिकरुपमा कोषमा रकम जम्मा गर्न, ऋण बुझाउन, र तत्कालका आवश्यकता टार्न स-साना ऋण लिनका लागि सदस्यहरुको आकर्षण हुने भएकाले नियमित बैठकमा सदस्यहरुको राम्रो उपस्थिति हुने गर्दछ र  यसले गर्दा समूहलाई जीवन्त र सक्रिय बनाई राख्न मद्दत पुग्दछ ।

कोषाध्यक्षले नियमित बैठकको समयमा सदस्यहरुबाट मासिकरुपमा जम्मा गर्ने रकम उठाई समूह कोषको विवरण अद्यावधिक गर्नुपर्दछ । सामाजिक परिचालकले निर्धारित ढाँचामा कोषको विवरण राख्न कोषाध्यक्षलाई सिकाउनु पर्दछ ।

### ५.६.३ स्थानीय तहमा कार्यरत संस्थाहरुसंग सम्बन्ध विस्तार

कृषक समूहहरुले सर्वप्रथम स्थानीय निकायसँग राम्रो समन्वय र सम्बन्ध बनाउनु पर्दछ । स्थानीय तहहरुले सक्रिय समूह मार्फत नै पशु सेवाका कार्यक्रमहरु सञ्चालन गर्ने नीति तय गरेको पाईन्छ । त्यसै गरी पशुपालन व्यवसायलाई व्यावसायीकरण गर्नका लागि वित्तीय पहुंच बढाउनु पर्ने भएकोले स्थानीय तहमा कार्यरत सहकारीहरु र बैंकहरुसँग सम्बन्ध विकास गर्न पनि आवश्यक पर्दछ । पशुपालन व्यवसायको जोखिम कम गर्न पशु बीमा गर्नु आवश्यक छ । सरकारले पशु बीमामा कृषकलाई बीमा शुल्कको ७५ प्रतिशत अनुदानको व्यवस्था गरेको छ । यसका लागि जिल्लामा कार्यरत निर्जीवन बीमा कम्पनीका शाखा र कृषि बीमा अभिकर्ताहरुसंग समन्वय गर्नु आवश्यक हुन्छ ।

### ५.६.४ समूह परिचालनका लागि मापदण्ड र नियम बनाउने

समूह परिचालनका लागि मापदण्ड र नियम बनाउदा निम्न कुराहरुमा ध्यान दिनु पर्दछः

**क) समूहको उद्देश्य**

दूध उत्पादन (गाई/भैंसी पालन),  मासु उत्पादन (बाख्रापालन), पश्मिना उत्पादन (च्यांग्रापालन) र  समूहका सदस्यहरुको क्षमता विकास आदि ।

**ख) बैठक सञ्चालन मापदण्ड**

कहिले ? कहाँ ? कोरम सङ्ख्या कति ? अनुपस्थितहरुसंग कसरी व्यवहार गर्ने ? के छलफल गर्ने ? बैठक सञ्चालन कसरी गर्ने ? निर्णयहरुको कार्यान्वयन कसरी गर्ने ? आदि ।

ग) **हितकोष परिचालनका मापदण्डहरु**

महिना-महिनामा प्रति सदस्य कति बचत गर्ने ? खाता सञ्चालन कसरी गर्ने ? ऋण कसले प्राप्त गर्ने ? ऋण लगानी गर्ने प्राथमिकता बारे निर्णय कसरी गर्ने ? के के प्रयोजनको लागि ऋण दिने ? ब्याजको दर कति हुने ? ऋणको सदुपयोग भएको सुनिश्चित कसरी गर्ने ? कहिले र कसरी ऋणको भुक्तानी हुने ? भाखा नाघेका ऋणको हकमा जरिवाना के हुने ? नियमहरु र मापदण्डको उल्लङ्घन गरेको खण्डमा के- कस्ता दण्ड सजाय हुने ? आदि ।

माथी उल्लेखित बाहेक समूहले आवश्यक ठानेको खण्डमा अन्य नियमहरु पनि यसरीनै बनाउन सक्नेछन ।

### *५.६.५ असल समूह बन्ने आधारहरु*

१. नियमित बैठक बस्ने गरेको: हरेक महिना समूहले निर्णय गरेको दिनमा र समयमा अनिवार्यरुपमा बैठक बस्ने गरेको र बैठकमा सबै सदस्यहरु उपस्थित हुने गरेको ।

२. समूहले बनाएका नियम तथा शर्तहरुको (आचार संहिताको) पालना गरेको ।

३. समूहका सबै सदस्यहरुले नियमित मासिक बचत गर्ने (हितकोष परिचालन) गरेका ।

४. समूह बैठकका निर्णयहरु राम्रोसँग लेख्ने गरेको, हितकोषको हिसाब किताब चुस्त र दुरुस्त राखेको ।

५. हितकोषबाट समूहका सदस्यले लिएको ऋणको ब्याँज र सांवा तोकिएको समयमा बुझाउने गरेको ।

६. समूहले सम्बन्धित पालिकाको पशु सेवा इकाईसँग, वित्तीय संस्थाहरु तथा अन्य संस्थाहरुसंग राम्रो समन्वय गरी सम्बन्ध स्थापित गरेको ।

# ६. कृषक समूहमा हितकोषको स्थापना र परिचालन

## ६.१ समूहमा हितकोषको स्थापना

पशुपालनसँग सम्बन्धित विभिन्न व्यवसायहरुबाट कृषक समूहका सदस्यहरुको जीवनस्तरमा सुधार गर्ने, समूहका विभिन्न क्रियाकलापहरुलाई व्यवस्थित पार्ने तथा समूह भित्र आयमूलक क्रियाकलापहरु सञ्चालन गर्न टेवा पुऱ्याउने उद्देश्यले विभिन्न स्रोतबाट रकम जम्मा गरी स्थापना गरेको कोषलाई समूहको **"हितकोष"** भनिन्छ । समूहका सदस्यहरुले सामूहिकरुपमा जम्मा गरेको रकमलाई समूहको बैठकमा निर्णय गराई समूहले बनाएको नियम अनुसार समूह सदस्यहरुको हितमा परिचालन गर्न सकिने छ ।

### ६.१.१ समूहमा हितकोषका स्रोतहरु

समूहले हितकोषको स्थापनाका लागि विभिन्न स्रोतहरुको परिचालन गर्न सक्दछ । सामाजिक परिचालकले कृषक समूहका सदस्यहरुसंग छलफल र स्थानीय अवस्थाको विश्लेषण गरी हितकोषका स्रोतहरुको पहिचान गर्न सहजीकरण गर्नुपर्दछ । समूह हितकोषका स्रोतका केही उदाहरणहरु हुनः

क) समूहको सदस्य बन्नका लागि सुरुमा एक पटक उठाइने प्रवेश शुल्क,
ख) आयोजनाबाट समूह सञ्चालनका लागि सुरुमा एक पटक उपलब्ध गराउने बीउ पूंजी रकम,
ग) सदस्यहरुबाट मासिकरुपमा हितकोषमा जम्मा गरिने बचत रकम,
घ) स्थानीय तह, संघ, संस्थाहरुबाट प्राप्त हुने अनुदान र सहयोग रकम,
ङ) समूह सदस्यहरुबाट प्राप्त हुने ऋणको ब्याज तथा जरिवाना रकम,
च) समूहका सदस्यहरुले वा शुभेच्छुकहरुले समूहलाई आयमूलक काममा लगानी गर्न भनी स्वच्छाले प्रदान गरेको रकम,
छ) समूहका सदस्यहरुले सामूहिकरुपमा आयमूलक काम गरी आर्जन गरेको रकम ।

### ६.१.२ समूहमा बचत व्यवस्थापन

➢ **बचत भनेको के हो ?**

भविष्यमा आईपर्ने समस्या समाधानकालागि वर्तमानमा आर्जन गरेको कमाईको केही अंश नगद वा जिन्सीको रुपमा जम्मा गरिने प्रक्रियालाई नै बचत भनिन्छ । साधारण अर्थमा बचत भनेको आफूले गरेको आम्दानीबाट खर्च गरी बाँकी रहेको रकम हो । अर्थात, (आम्दानी - खर्च) = बचत । बचतको यो परिभाषा पर्याप्त कमाई हुनेहरुका लागि मात्र लागू हुने देखिन्छ ।

न्यून आय हुनेहरुका लागि भने बचतको परिभाषालाई पुनरावलोकन गर्नुपर्ने देखिन्छ । न्यून आय हुनेहरुका लागि बचत भनेको आफूले गरेको आम्दानीबाट केही रकम बचत गरी बाँकी रहेको रकम मात्र खर्च गर्नु हो । अर्थात, (आम्दानी - बचत ) = खर्च । यस्तो बचत खर्च कटौतीको माध्यमबाट मात्र गर्न सकिन्छ र यसो गरेमा मात्र न्यून आय हुने कृषकहरुले पनि बचत गर्न सक्दछन् ।

सीमित आम्दानी भएका व्यक्तिको हातमा नगद पैसा भएमा खर्च हुन सक्ने सम्भावना रहन्छ । यसबाट बच्न र भविष्यका लागि केही रकम जम्मा गर्न ग्रामीणस्तरमा सञ्चालन भएका कृषक समूह अन्तर्गत हरेक महिना नियमितरुपमा केही रकम जम्मा गर्ने गरिन्छ । यसरी जम्मा गरिने रकमलाई बचत भनिन्छ । नियमितरुपमा बचत गर्ने बानीको विकास भै सकेपछि बैंक तथा वित्तीय संस्थामा वा सहकारीहरुमा खाता खोलेर रकम जम्मा गर्न सकिन्छ । यो एक किसिमको भविष्यका लागि सम्पत्ति जोड्ने वा जम्मा गर्ने तरिका हो ।

➢ **बचत किन गर्नुपर्दछ?**

बचत मूलतः भविष्यमा गर्नुपर्ने आर्थिक व्यवहारका लागि गर्ने गरिन्छ । निम्न तथा मध्यम आय हुने मानिसले जीविका चलाउने क्रममा घरजग्गा खरिद, व्यवसाय सुरु गर्नका लागि लगानी, दैनिक व्यवहारिक खर्च, आपातकालीन खर्च, पुरानो कर्जा भुक्तानी आदि विभिन्न आर्थिक व्यवहारहरु गर्नु पर्ने हुन्छ । यसका साथै विवाह, ब्रतवन्ध, मृत्यु संस्कार, शिक्षा दीक्षा, तीर्थव्रत/भ्रमण, स्वास्थ्य उपचार आदि सामाजिक व्यवहारका लागि पनि बचत गर्नु आवश्यक छ ।

आयोजनाको सन्दर्भमा समूह अन्तर्गत हितकोषको स्थापना गर्नका लागि सबै सदस्यहरुले हरेक महिना बराबर रकम जम्मा गर्ने गरिन्छ । उदाहरणका लागि २० जना सदस्य रहेको समूहमा यदि हरेक महिना प्रति सदस्य रु १०० का दरले बचत गर्ने गरियो भने एक महिनामा रु. २०००, एक वर्षमा रु. २४००० र पाँच वर्षमा रु १२०,००० रकम हितकोषमा जम्मा गर्न सकिन्छ । यस्तो रकम समूहका सदस्यहरुबीच ऋणकोरुपमा परिचालन गर्न सकिन्छ । सदस्यहरुलाई तत्काल आवश्यक पर्ने साना ऋणहरु यसै कोषबाट प्रदान गर्न सकिन्छ ।

❖ ***कृषक समूहमा बचतको के महत्व छ?***

- समूह बचत स-साना कर्जाकालागि सम्भाव्य स्रोत बन्न सक्छ ।
- समूह बचतले ऋणकालागि नगदको प्रत्याभूति गर्दछ ।
- ऋणमा प्राप्त हुने व्याज मार्फत समूहको हितकोष वृद्धि गर्न सकिन्छ ।
- समूह सदस्यहरुलाई आर्थिक अनुशासन पालना गर्न सिकाउंछ र वित्तीय संस्थाहरुबाट ऋण लिन योग्य बनाउने उपयुक्त माध्यम हो ।
- सदस्यहरुको आपसी सम्बन्ध मजबुत र गाढा बनाउँदछ ।
- समूहका सदस्यहरुलाई बैंकिङ्ग प्रणालीमा आबद्ध हुने माध्यम प्रदान गर्छ र वित्तीय पहुच बढाउन मद्दत गर्दछ ।

❖ ***कृषक समूहका सदस्यहरुलाई समूह बचतले के के फाईदा पुऱ्याउंछ ?***

- कुनै पनि व्यवसाय विस्तार गर्न तत्काल आवश्यक पर्ने पूँजी प्रदान गर्दछ ।
- सदस्यहरुलाई सरल तरिकाले स-साना ऋणको प्रत्याभूति गर्छ ।
- ब्याजबाट हरेक सदस्यको बचतको आम्दानी बढ्दै जान्छ ।
- हरेक सदस्यलाई वित्तीय अनुशासन सिकाउछ र दीर्घकालीन योजना शुरु गर्न प्रोत्साहन दिन्छ ।
- सदस्यहरुलाई बैंकिङ्ग प्रणाली बारे ज्ञान दिने र कारोवारकालागि तयार पार्ने काम गर्छ र बैंकिङ्ग प्रणालीमा पहुँच बढाउँछ ।
- परिवारिक आर्थिक संकटलाई घटाउन मद्दत गर्छ र व्यवसायमा निहित जोखिम वहन गर्छ ।

## ६.२ समूहमा हितकोष परिचालन विधि

- समूहको नियमित बैठकको समयमा कोषाध्यक्षले सदस्यहरुबाट मासिकरुपमा हितकोषमा जम्मा गर्ने बचत रकम उठाउनु पर्दछ ।

- विभिन्न स्रोतबाट समूहको हितकोषमा जम्मा भएको रकम अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त नाममा नजिकैको पाएक पर्ने बैंकको शाखामा खाता खोली जम्मा गर्नुपर्दछ ।

- हितकोषको रकम झिक्न चेक अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुने व्यवस्था गर्नु पर्दछ ।

- समूह सदस्यहरुका स-साना ऋणहरुको आवश्यकता तत्काल टार्नका लागि यो कोषबाट ऋण प्रवाह गर्न सकिन्छ ।

- हितकोषको रकम समूह सदस्यलाई लगानी गर्न नियमित बैठकको समयमा छलफल गरी निर्णय गर्ने गर्नु पर्दछ । समूह बैठक आउन धेरै समय बांकी रहेको अवस्थामा कुनै सदस्यलाई तत्काल ऋण चाहिएमा अध्यक्ष, सचिव र कोषाध्यक्षको सहमतिले ऋण प्रदान गर्न सकिनेछ । तर, त्यसपछिको पहिलो नियमित बैठकबाट समर्थन गराउनु पर्दछ ।

- एकैसाथ धेरै सदस्यहरुबाट ऋणको माँग आएको अवस्थामा कोषमा रकमको उपलब्धता र सबभन्दा बढी आवश्यकताको सिद्धान्तका आधारमा लगानी गर्नुपर्ने छ ।

- हितकोषको रकम लगानी गर्दा सकभर उत्पादनशील क्षेत्रलाई प्राथमिकता दिनु पर्ने छ ।

- समूहको हितकोषबाट लगानी गरिने ऋणको व्याज दर समूह बैठकबाट निर्णय गरे अनुसार हुनेछ ।

- धेरै सदस्यहरुलाई ऋण लिने अवसर मिलोस् भन्ने उद्देश्यले यस्तो ऋणको भुक्तानी अवधि पहिलो पटक बढीमा ३ महिनासम्मको लागि गर्नु उपयुक्त हुनेछ ।

- ऋणको व्याज महिना महिनामा र सांवा किस्ता-किस्तामा वा एकमूष्ठ बुझाउन सकिने छ ।

- तोकिएको समयमा समूहको हितकोष जम्मा नगरेमा वा ऋण नबुझाएमा पहिलो पटक ३० दिनसम्म म्याद दिने र सो म्यादभित्र पनि रकम जम्मा नगर्ने सदस्यलाई समूहको बैठकले निर्णय गरी जरिमाना समेत गर्न सक्नेछ ।

### ६.२.१ *समूहमा ऋण तथा ऋण व्यवस्थापन विधि*

समूहको हितकोषबाट कुनै सदस्यले निश्चित शर्तहरुको पालना गर्न मञ्जुर भई तोकिएको समयावधि भित्र भुक्तानी गर्ने गरी लिएको नगद रकमलाई समूह ऋण भनिन्छ । साधारण अर्थमा एउटा निश्चित अवधिपछि सावाँ र नियम अनुसारको व्याज एकमुष्ठ वा किस्तावन्दी रुपमा भुक्तानी गर्न मन्जूर भई लिएको रकम ऋण हो र उक्त रकम ब्याज सहित फिर्ता गर्नु निज सदस्यको दायित्व हुन्छ ।

**क) समूह सदस्यलाई ऋण चाहिने अवस्थाहरु**

कुनै पनि समूह सदस्यलाई विभिन्न परिस्थितिमा ऋणको आवश्यकता पर्न सक्छ । खास गरी निम्न परिस्थितिमा पशुपालक कृषक समूहका सदस्यहरुलाई ऋणको आवश्यकता पर्न सक्दछः

- दूध उत्पादन, मासु उत्पादन र पश्मिना उत्पादन सम्बन्धी काम वा व्यवसाय सञ्चालन गर्न ।
- सदस्यले गरिरहेको व्यवसाय विस्तार गरी कारोवारमा वृद्धि गर्नु परेमा ।
- अकस्मात आम्दानी घट्दा वा रोकिंदा तत्कालको आवश्यकता परिपूर्ति गर्न ।
- अपर्झट आउने घरायसी खर्च टार्न आम्दानीले नभ्याउँदा छोटो समयका लागि ।
- प्राकृतिक प्रकोप र आपातकालीन खर्च बढ्दा ।
- विभिन्न भैपरी आउने खर्चमा ।

**ख) समूह ऋणको व्यवस्थापन कसरी गर्ने ?**

समूहमा ऋण व्यवस्थापन गर्नका लागि निम्न बुँदाहरु असल अभ्यास हुनसक्छनः

- कुनै सदस्यले ऋण लिनु परेमा बैठकमा अनुरोध गरी छलफल गर्ने ।

- ऋण माँग गर्ने सदस्यले समयमा बचत गरेको, बैठकमा नियमित उपस्थित भएको र पहिले लिएको ऋण समयमै चुक्ता गरेको छ कि छैन ? आदि विषयलाई ध्यानमा राखी समूहको

नियमानुसार सो व्यक्ति ऋणका लागि योग्य छ कि छैन भन्ने बारे निर्णय गर्न समूहका सदस्यहरुले छलफल गरेर साझा निर्णय लिने ।

- समूहमा रहेको बचतको निश्चित प्रतिशत रकम मात्र ऋणको लागि प्रयोग गर्ने । बचतको केही भाग आकस्मिक आवश्यकताको लागि सुरक्षित राख्ने ।
- ऋणको सीमा बचतको मात्राको आधारमा निर्धारण गर्ने । धेरै जसो समूहहरुले सदस्यको निक्षेपमा रहेको बचत रकमको ३ गुणासम्म रकम ऋण दिने गर्दछन ।
- बढी भन्दा बढी सदस्यहरुको ऋणको आवश्यकता पूरा गर्न सकियोस् भन्नकालागि सुरुमा सानो परिमाणको ऋण दिने ।
- एक जना सदस्यलाई एक पटकमा एउटै मात्र ऋण दिने ।
- प्राथमिकताका आधारमा ऋण दिने । त्यसभन्दा पहिले लिएको ऋणको परिमाण र ऋण लिनुको उद्देश्य हेर्ने र सामान्यतः उपचार, सुत्केरी र उत्पादनमूलक क्षेत्रमा लगानी गर्नेलाई उपभोग ऋणभन्दा प्राथमिकता दिने ।
- समूहको ऋणको व्याज दर बैंकको भन्दा बढी र साहु महाजनले लिनेभन्दा कम तोक्ने ।
- आयआर्जनमूलक क्रियाकलापको लागि ऋण लिइएको भए समूहले स्थलगत निरीक्षण गरी ऋणको उपयोग उल्लेखित उद्देश्यमा भए नभएको एकीन गर्ने ।
- ऋण रकम र उद्देश्यका आधारमा ऋण तिर्ने समयावधि र शर्तहरु तय गर्ने ।
- राम्रा र सफल समूहहरुमा ऋणको असुली दर शत प्रतिशत बनाउने । समयमै ऋणको किस्ता फिर्ता गर्ने कुरामा कडाई गर्ने तर, ऋणीलाई आपत् आइपरेमा ऋण तिर्ने समयावधि बढाउने ।
- तत्काल ऋणको आवश्यकता परेको सदस्यलाई पहिले ऋण दिने ।
- गैह्र सदस्यले ऋण नपाउने व्यवस्था गर्ने ।
- संस्था वा समूहको नीति नियम पालना गर्ने ।
- प्राकृत्रिक प्रकोप, दुर्घटना वा विपदमा परेको व्यक्तिलाई र आय आर्जन गर्न उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रतिबद्धता भएको मानिसले पहिलो प्राथमिकता पाउन पर्ने ।

## ६.३ हितकोषको आम्दानी खर्च विवरणको अभिलेख कसरी राख्ने ?

कोषाध्यक्षले समूहको हितकोषको आम्दानी खर्च विवरण हरेक महिना तालिका १ अनुसार अद्यावधिक गरी राख्नु पर्दछ । नियमित बैठकको समयमा कोषध्यक्षले सबै सदस्यहरुलाई हितकोषको आम्दानी खर्चको विवरण पढेर सुनाई जानकारी दिनु पर्दछ । यस्तो विवरण तयार पार्दा वित्तीय स्रोत, विभिन्न स्रोतबाट प्राप्त भएको रकमको विवरण, विभिन्न समयमा भएको खर्च रकमको विवरण, हितकोषबाट सदस्यहरुलाई गरिएको ऋण लगानी, असुली, र बैंकमा बांकी रहेको रकमको विवरण प्रष्ट देखिने गरी तयार गरी अध्यक्ष/सचिवबाट प्रमाणित गराई राख्ने गर्नु पर्दछ ।

*समूह हितकोषको आम्दानी खर्च विवरण*

**समूहको नाम:** **साल:** २०७.............. **महिना:** ......

| **क. सं.** | **वित्तीय स्रोत** | **यो महिना प्राप्त रकम** (रु.) | **गत महिनासम्म प्राप्त रकम** (रु.) | **कूल जम्मा रकम** (रु.) | **गत महिनासम्म को खर्च** (रु.) | **गत महिनासम्मको ऋण लगानी** (रु.) | **बैंकमा मौज्दात रकम** (रु.) |
|---|---|---|---|---|---|---|---|
| १ | समूह प्रवेश शुल्क | | | | | | |
| २ | सदस्यता शुल्क | | | | | | |
| ३ | आयोजनाबाट प्राप्त बीउ पूंजी रकम | | | | | | |
| ४ | अन्य संस्था /व्यक्तिबाट प्राप्त रकम | | | | | | |
| ५ | सदस्यहरुबाट हरेक महिना जम्मा गरेको बचत रकम | | | | | | |
| ६ | सदस्यहरु/बैंकबाट प्राप्त ब्याज रकम | | | | | | |
| ७ | सदस्यहरुबाट प्राप्त जरिवाना रकम | | | | | | |
| | **कूल रकम रु.** | | | | | | |

दस्तखतः दस्तखतः

तयार गर्ने प्रमाणित गर्ने

(कोषाध्यक्ष) (अध्यक्ष)

त्यसै गरी समूहको हितकोषबाट सदस्यहरुलाई गरिएको ऋण लगानी, ऋण असुली र असुल हुन बाँकी सांवा, ब्याजको विवरण, कोषाध्यक्षले हरेक ऋणी सदस्यका लागि छुट्टाछुट्टै तयार पारी तालिका २ अनुसार हरेक महिना अद्यावधिक गरी अध्यक्ष/सचिवबाट प्रमाणित गराई राख्ने गर्नुपर्दछ । नियमित बैठकको समयमा यो विवरण पनि जानकारी गराई असुली हुन बाँकी रकम भए असुल गर्ने गर्नु पर्दछ ।

*सदस्यलाई प्रदान गरेको ऋण लगानी, असुलीको विवरण*

**समूहको नाम :** **साल : २०७.........** **महिना :**

| **क. सं.** | **सदस्यको नाम** | **यो महिना लिएको ऋण रकम (रु.)** | **जम्मा लिएको ऋण रकम (रु.)** | **यो महिना भुक्तानी रकम (रु.)** | | | **बांकी ऋण रकम (रु.)** | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | **सांवा** | **ब्याज** | **जरिवाना** | **सांवा** | **ब्याज** | **जरिवाना** |
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |
| ७ | | | | | | | | | |
| ८ | | | | | | | | | |
| ....... | | | | | | | | | |
| २० | | | | | | | | | |
| | **कूल रकम रु.** | | | | | | | | |

दस्तखत दस्तखत

तयार गर्ने प्रमाणित गर्ने

कोषाध्यक्ष अध्यक्ष

तालिका २ मा सदस्यहरुको ऋण विवरण अद्यावधिक गरे जस्तै गरी तालिका ३ मा सदस्यहरुको बचत रकमको विवरण पनि हरेक महिना अद्यावधिक गरी अध्यक्ष/सचिवबाट प्रमाणित गराई राख्नु पर्दछ । सो विवरण समूहको नियमित बैठकको समयमा सबै सदस्यहरुलाई जानकारी गराउनु पर्दछ ।

*समूह सदस्यहरुले गरेको बचत रकमको विवरण*

**समूहको नाम :** **साल :** २०७.... **महिना :**

| क.सं. | सदस्यको नाम | ठेगाना | यो महिनाको बचत रकम (रु.) | अघिल्लो महिनासम्मको बचत रकम (रु.) | हालसम्मको बचत रकम (रु.) | बुझाउन बांकी बचत रकम (रु.) |
|---|---|---|---|---|---|---|
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |
| ११ | | | | | | |
| १२ | | | | | | |
| १३ | | | | | | |
| १४ | | | | | | |
| १५ | | | | | | |
| १६ | | | | | | |
| १७ | | | | | | |
| १८ | | | | | | |
| १९ | | | | | | |
| २० | | | | | | |
| | **कूल** | | | | | |

दस्तखत

तयार गर्ने

कोषाध्यक्ष

दस्तखत

प्रमाणित गर्ने

अध्यक्ष

उपरोक्त अनुसारको तालिका १ देखी ३ सम्मका विवरणहरुको अभिलेख अद्यावधिक राख्नका लागि प्रत्येक समूहलाई सुरुमा रजिष्टरहरु उपलब्ध गराईने छन् । सामाजिक परिचालकले सुरुका बैठकहरुमा विवरण अद्यावधिक कसरी गर्ने भन्ने बारेमा सिकाउने छन् ।

## ६.४ कृषक समूह गठन र परिचालन, हितकोष स्थापना र सञ्चालनमा सामाजिक परिचालकको भूमिका

आयोजनामा सामाजिक परिचालक अग्रपंक्तीमा रहेर कृषक तथा व्यवसायीहरुसंग काम गर्ने कर्मचारी भएको हुंदा समूह गठन, समूह परिचालन, हितकोषको स्थापना, बचत तथा ऋणको कार्यक्रम कार्यान्वयनमा उनीहरुको भूमिका अत्यन्तै महत्वपूर्ण रहेको छ । आयोजनाका लक्षित कियाकलापहरु अनुसार सामाजिक परिचालकहरुको प्रमुख भूमिका निम्न अनुसार हुनेछः

| क.सं. | प्रस्तावित कियाकलाप | सामाजिक परिचालकको भूमिका |
|---|---|---|
| **१** | **कृषक समूह गठन** | |
| १.१ | समुदाय स्तरको भेला आयोजना | • एक घर एक प्रतिनिधिका दरले एक ठाँउमा भेला गराउने । |
| १.२ | समूह गठन | • आयोजनाको बारेमा जानकारी गराउने । |
| १.३ | समूहका पदाधिकारीको चयन | • समूहको महत्व बारे जानकारी गराउने । |
| १.४ | समूह सदस्यहरुलाई अभिमुखीकरण तालिम | • समूह गठन गर्न सहजीकरण गर्ने । |
| १.५ | समूहका नियमहरु निर्माण | • पदाधिकारी चयन गर्न सहजीकरण गर्ने ।<br>• समूह अभिमुखीकरण तालिम सञ्चालन गर्न सहजीकरण गर्ने ।<br>• समूहको नियम बनाउन सहयोग गर्ने । |
| **२** | **समूह परिचालन** | |
| २.१ | समूह बैठक सञ्चालन | • सुरुसुरुका बैठकहरु सञ्चालन गर्न सहजीकरण गर्ने । |
| २.२ | बैठकका निर्णयहरु लेखन | ➢ सुरुसुरुमा सचिवलाई बैठकका निर्णयहरु लेखनमा सहयोग गर्ने । |
| २.३ | नियमित बचत संकलन | • हरेक सदस्यलाई बचत गर्न उत्प्रेरित गर्ने । |
| २.४ | ऋण प्रवाह, ऋण असुली | • बचत परिचालन गर्न सहजीकरण गर्ने ।<br>• बचत र ऋणको अभिलेख राख्न कोषाध्यक्षलाई सहयोग गर्ने । |
| २.५ | स्थानीय तह, वित्तीय संस्था, बीमा कम्पनीहरुसंग समूहको सम्बन्ध विस्तार | • विभिन्न संस्थाका प्रतिनिधिहरुलाई सहभागी गराई बैठक, कार्यशाला गोष्ठी सञ्चालन गर्न सहजीकरण गर्ने । |
| २.६ | समूहमा उत्पन्न हुने विवाद, तथा मतभेदहरु समाधान | • पदाधिकारीहरुबीचका विवाद समाधान गर्न सहयोग गर्ने । |
| २.७ | पशु बीमा कार्यक्रम प्रबर्धन | • पशु बीमाको महत्व बारे सदस्यहरुलाई हरेक बैठकमा जानकारी गराउने । |

# ७. उत्पादक सहकारीको गठन प्रक्रिया र सञ्चालन विधि

## ७.१ *नेपालमा सहकारीको विकास*

नेपालमा परापूर्वकाल देखिनै अनौपचारिकरुपमा समुदायमा आधारित सहकार्यका क्रियाकलापहरु चल्दै आएका छन् । उदाहरणका लागि बचत तथा ऋणमा आधारित कार्यक्रम "**ढिकुटी**", अन्न बचत कार्यक्रम "**धर्म भकारी**", समुदायमा एक अर्काको काममा आलोपालो गरी सहयोग गर्ने प्रचलन "**पर्म**" र विभिन्न सामाजिक तथा सांस्कृतिक व्यवहारहरु समुदाय मिलेर सम्पन्न गर्ने प्रचलन "**गुठी**" जस्ता सहकार्यको प्रचलन आज पनि देशका विभिन्न समुदायहरुमा चल्दै आएको पाईन्छ ।

नेपालमा सर्वप्रथम सहकारी ऐन, सन १९६० मा लागू गरिएको हो । तत् पश्चात सन १९६३ मा कृषि सहकारी ऐन (साझा सहकारी) आएको थियो । सन १९८० को दशकमा बचत तथा ऋण सहकारीहरुको स्थापना देशव्यापीरुपमा भयो । समय-समयमा सहकारी ऐन र नियमावलीहरु पनि संशोधन हुंदै आए । सन २००८ मा "संघीय प्रजातान्त्रिक गणतन्त्र नेपाल"को स्थापना भएपछि, सन २०१५ मा जारी गरिएको नेपालको नयाँ संविधानले सहकारी क्षेत्रलाई देशको अर्थतन्त्रका तीन खम्बाहरु मध्यको एक खम्बाकोरुपमा स्वीकार गरेको छ । परिवर्तित अवस्था र मान्यतालाई सम्बोधन गर्न सन २०१८ मा सहकारी ऐन र सन २०१९ मा सहकारी नियमावली संशोधन गरिएका छन् ।

***नेपालको नयाँ संविधानले प्रान्तीय र स्थानीय सरकारहरुलाई स्थानीय परिवेश अनुसार सहकारी ऐन र सहकारी नियमावलीको तर्जुमा गरी लागू गर्न पाउने अधिकार दिएको छ । अतः हाल प्रान्तीय र स्थानीय सरकारहरु स्थानीय अवस्था अनुकूलका सहकारी ऐन र नियमावलीहरु निर्माणको क्रममा रहेका छन् ।***

सहकारी त्यस्ता व्यक्तिहरुको स्वायत्त संगठन हो जो स्वेच्छिकरुपमा एकजुट भई आफ्ना समान आर्थिक, सामाजिक तथा सांस्कृतिक आवश्यकताहरु र आकांक्षाहरुको परिपूर्ति संयुक्त स्वामित्व तथा प्रजातान्त्रिक रुपमा नियन्त्रित व्यवसाय मार्फत गर्न चाहान्छन । सहकारी विभागका अनुसार हाल नेपालमा मुख्यतः बचत तथा ऋण सहकारी, बहुउद्देश्यीय सहकारी, दुग्ध उत्पादक सहकारी, कृषि सहकारी, फलफूल तथा तरकारी, मौरीपालन, चिया, कफी, उपभोक्ता, विज्ञान तथा प्रविधि र उर्जा सहकारीहरु सञ्चालनमा रहेका छन् । विभागको पछिल्लो तथ्याङ्क अनुसार नेपालमा **हाल ३४,५१२** सहकारीहरुमा ६० लाख सदस्यहरु आबद्ध छन् भने ती सहकारीहरुमा ६०,५१७ जनाले प्रत्यक्षरुपमा रोजगारी पाइरहेका छन् ।

## ७.२ *आयोजनामा सहकारी संस्था*

यस आयोजना अन्तर्गत पशु विकासका कार्यक्रमहरु व्यापक र दिगोरुपमा सञ्चालन गर्नका लागि आयोजना क्षेत्रमा रहेका पशुपालक सहकारी संस्थाहरुको क्षमता विकास गर्ने र पशुपालक सहकारी संस्थाहरु नभएका ठाँउहरुमा नयाँ सहकारीहरु गठन गरी तिनीहरुको क्षमता विकास गर्दै पशुपालन व्यवसायको प्रवर्धन गर्ने कार्यक्रमहरु रहेका छन् ।

समान खालका बस्तु तथा सेवा उत्पादन गर्ने सदस्यहरुको समूहले "दुग्ध उत्पादक सहकारी संस्था" जस्ता उत्पादक सहकारी संस्थाहरु गठन गरी सञ्चालन गर्न सक्नेछन् । दूध उत्पादनकालागि गाई/भैंसी पालक कृषकहरु आपसमा मिली यस प्रकारको सहकारी संस्था गठन गरी सञ्चालन गर्दछन् । त्यसै गरी बाखापालक कृषकहरु आपसमा मिली बाखा पालक सहकारी संस्था गठन गरी सञ्चालन गर्न सक्नेछन् । एवम् प्रकार उच्च पहाडी क्षेत्रमा च्याँङ्ग्रापालक कृषकहरु आपसमा मिली पश्मिना उत्पादक सहकारी संस्था गठन गरी सञ्चालन गर्न सक्नेछन् । उत्पादनदेखि बजारीकरणसम्मका क्रियाकलापमा मध्यस्थकर्ताले गर्ने नाफा आर्जनलाई ध्यानमा

राखेर यस्ता संस्थाको स्थापना गरिने छ र बिचौलियाले प्राप्त गर्ने नाफाको अंश पनि उत्पादकलाई नै दिलाउनु यसको मुख्य उद्देश्य रहेको छ ।




आयोजना अन्तर्गत सहकारीहरु नभएका तर समूहहरु सक्रियरुपमा सञ्चालन भइरहेका स्थानमा दुई वा दुईभन्दा बढी कृषक समूहहरुलाई आपसमा मिलाई उत्पादक सहकारीको गठन गर्न सकिने छ । आयोजना अवधि भरमा जम्मा ३० वटा नयाँ उत्पादक सहकारीहरुको गठन गर्ने र ४७० पुराना सहकारीहरुको संस्थागत क्षमता विकास

गरी आयोजनाको कार्यक्रम सञ्चालन गर्ने लक्ष रहेको छ । यसरी आयोजना लागू भएका २८ जिल्लामा प्रति जिल्ला सरदर एउटा नयाँ सहकारीको गठन गरिने छ । त्यसै गरी आयोजना लागू भएका पालिकाहरुमा प्रति पालिका (गाँउ/नगर) सरदर दुई वटाका दरले भै रहेका सहकारीहरुको क्षमता विकास गरी सहकार्य गरिनेछ ।

## ७.३ *कस्ता समूहलाई सहकारीकरण गर्न सकिन्छ ?*

### *क) स्वस्फूर्त समूह*

आफ्नो आवश्यकताका कारण गठन भएको समूहले मात्र स्वस्फूर्तता ग्रहण गर्न सक्दछ । कसैको करबलद्वारा गठन गरिएको समूह र अरुको आडभरोसामा गठन गरिएको समूहलाई सहकारीकरण गर्दैमा त्यसले स्वस्फूर्तता प्राप्त गर्दैन । सहकारीमा आफ्नै आवश्यकता, आफ्नै जाँगर, आफ्नै मान्यता रहेको हुन्छ । "आफ्नै परिश्रमबाट कमाऊ, खाऊ" भन्ने सहकारीको मान्यतालाई स्वस्फूर्त समूहले मात्र व्यवहारमा ल्याउन सक्ने भएकाले सो मान्यता अनुरुप गठन भएका र आपसमा मिलेर काम गरिरहेका समूहहरुलाई सहकारीमा परिणत गरी व्यावसायिक प्रक्रियामा संलग्न गराउने नीति अनुरुप त्यस्ता समूहहरुलाई मात्र सहकारीकरण गर्नु उपयुक्त मानिन्छ ।

*ख) प्रतिबद्ध समूह*

सहकारीकरण गरिने समूह सहकारीमा काम गर्न जागरुक र तत्पर रहेको हुनुपर्दछ । सहकारीमा समान उद्देश्य, समान आवश्यकता, समान प्रतिबद्धता, समान हैसियत भएका व्यक्तिहरु आपसमा मिलेर व्यावसायिक क्रियाकलाप सञ्चालन गरिने हुँदा सो अनुसार काम गर्न प्रतिबद्ध समूहलाई प्राथमिकता दिई सहकारीकरण गर्नु पर्दछ । सहकारीकरणपछिको अवस्थामा समूहले व्यावसायिक नियमको परिधि भित्र आफूलाई प्रस्तुत गर्नुपर्ने र आयमूलक क्रियाकलाप मार्फत सदस्यहरुको आर्थिक, सामाजिक हित वृद्धि गर्ने कार्यक्रम सञ्चालन गर्नका लागि प्रतिबद्धता आवश्यक हुन्छ । यस प्रकार समूहको आवश्यकता, दृढ इच्छा शक्ति एवम् प्रतिबद्धताका आधारमा सहकारीकरण गर्नसकेमा त्यस्तो समूहले व्यावसायिक निरन्तरता प्राप्त गर्नुका साथै दिगो व्यवसायिक सहकारी संस्थाकोरुपमा अघि बढ्दै जान सक्ने विश्वास गरिन्छ ।

## ७.४ सहकारी संस्थाको गठन तथा दर्ता प्रक्रिया

सहकारी ऐन, २०७४ का आधारमा कम्तीमा तीस जना नेपाली नागरिकहरु आपसमा मिली विषयगत वा बहुउद्देश्यीय सहकारी संस्था गठन गर्न सक्नेछन् । संस्था गठन गर्दा एक परिवार एक सदस्यका दरले उल्लेखित संख्या पुगेको हुनुपर्ने छ । संस्था दर्ता भै सकेपछि भने एकै परिवारका एकभन्दा बढी व्यक्तिले संस्थाको सदस्यता लिन बाधा पर्ने छैन । सहकारी संस्था दर्ता गर्नकालागि रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकारप्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ । सो निवेदन साथ निम्न कागजातहरु/विवरणहरु संलग्न राख्नु पर्नेछः

क) अनुसूची–१ को ढाँचामा दर्ताका लागि दरखास्त,
ख) अनुसूची–२ अनुसारको सम्भाव्यता अध्ययन प्रतिवेदन,
ग) सहकारी संस्थाको प्रस्तावित विनियम (अनुसूची–१३ अनुसारका विषयहरु समेटेर तयार पारिएको),
घ) अनुसूची–३ को ढाँचामा आवेदकहरुको विवरण,
ङ) प्रारम्भिक भेलाका निर्णयहरु,
च) अनुसूची–४ को ढाँचामा व्यावसायिक कार्ययोजना,
छ) अनुसूची–५ अनुसार सदस्यबाट शेयर पूंजी तथा प्रवेश शुल्क बापत सङकलित रकमको भरपाई,
ज) अनुसूची–६ को ढाँचामा तदर्थ सञ्चालक समितिका सदस्यहरुको विवरण,
झ) अनुसूची–७ को ढाँचामा स्वघोषणा पत्र,
ञ) अनुसूची–८ को ढाँचामा अधिकार प्रत्यायोजन पत्र,
ट) आवेदकहरुले विभागले तोके बमोजिम कम्तीमा एक दिवसीय पूर्व-सहकारी शिक्षा प्राप्त गरेको प्रमाण-पत्र,
ठ) आवेदकहरुको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि,
ड) सदस्यहरु संस्थाको कार्यक्षेत्र भित्र बसोबास गरेको पुष्टयांई हुने प्रमाण,
ण) आवेदकहरु प्रत्येकले संस्थाको कार्ययोजना बमोजिमको सेवा उपयोग गर्ने आधार ।

***कुनै एक स्थानीय तहमा मात्र कार्यक्षेत्र भएको सहकारी संस्था भए त्यस्तो कार्यक्षेत्र रहेको स्थानीय तहको कानून बमोजिम, एकभन्दा बढी स्थानीय तहमा कार्यक्षेत्र भएको संस्था भए सम्बन्धित प्रदेशको कानून बमोजिम र अन्तर प्रदेश कार्यक्षेत्र भएको संस्था भए संघमा सहकारी ऐन र नियमावली बमोजिम संस्था दर्ता हुनुपर्नेछ ।***

## ७.५ *दर्ताको प्रमाण पत्र*

दफा ७.४ अनुसारका कागजातहरु सहित सहकारी संस्था दर्ताको लागि दिएको निवेदन, रजिष्ट्रार वा रजिष्ट्रारबाट अधिकार प्राप्त अधिकारीले छानबिन गर्दा तपशील अनुसारको ठहर गरेमा दरखास्त प्राप्त भएको मितिले **तीस दिन** भित्र त्यस्तो सहकारी संस्था दर्ता गरी दर्ता प्रमाण-पत्र दिनेछन् ।

*तपशील*

क) दरखास्त साथ पेश भएको प्रस्तावित सहकारी संस्थाको विनियम सहकारी ऐन, २०७४ र सहकारी नियमावली २०७५ बमोजिम रहेको,

ख) प्रस्तावित सहकारी संस्था सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप सञ्चालन हुनसक्ने आधार रहेको,

ग) सहकारी संस्था समुदायमा आधारित एवम् सदस्य केन्द्रीत भई सञ्चालन र नियन्त्रण हुनसक्ने स्पष्ट आधार रहेको,

घ) तोकिए बमोजिमका अन्य आधारहरु पूरा भएको ।

## ७.६ *सहकारी संस्था संगठित संस्था हुनेछ*

- उपरोक्त अनुसार विधिवतरुपमा दर्ता भएको सहकारी संस्था अविच्छिन्न उत्तराधिकार वाला एक स्वशासीत र संगठित संस्था हुनेछ ।
- सहकारी संस्थाको काम कारवाहीको लागि एउटा छुट्टै छाप हुनेछ ।
- सहकारी संस्थाले सहकारी ऐनको अधिनमा रही व्यक्ति सरह चलअचल सम्पत्ति प्राप्त, उपभोग, बिक्री वा अन्य व्यवस्था गर्न सक्नेछ ।
- सहकारी संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस, उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस, उजूर लाग्न सक्नेछ ।
- सहकारी संस्थाले व्यक्ति सरह करार गर्न सक्नेछ ।

## ७.७ *सहकारी संस्था गठन र दर्ता प्रक्रियामा सामाजिक परिचालकको भूमिका*

सहकारी संस्था गठन र दर्ताको प्रक्रियामा सामाजिक परिचालकले निम्न अनुसार सहजीकरण र समन्वयको भूमिका निर्वाह गर्नुपर्ने हुन्छः

- नयाँ सहकारी गठन गर्नुपर्ने क्षेत्रको पहिचान गर्ने,
- सो क्षेत्रमा क्रियालशी समूहहरु मध्य सहकारीमा परिणत गर्न योग्य समूहहरुको छनौट गर्ने,
- सहकारीमा परिणत हुन चाहाने समूहहरुबीच छलफल गराउन आपसी समन्वय र सहजीकरण गर्ने,
- सहकारी गठनका लागि प्रारम्भिक भेलाको आयोजना गर्न सहजीकरण गर्ने,
- सहकारी संस्थाको सम्भाव्यता अध्ययन गर्न सहजीकरण गर्ने,
- संस्थाको विनियम, र व्यावसायिक कार्य योजना तयार पार्न सहयोग र सहजीकरण गर्ने,
- संस्था दर्ताका लागि तयार गर्नुपर्ने अनुसूची अनुसारका कागजातहरु/विवरणहरु तयार पार्न र पूरा गर्नुपर्ने प्रक्रियाहरु पूरा गर्न सम्बन्धित समूहहरु वा समुदायलाई आवश्यक सहयोग गर्ने,
- स्थानीय तहमा दरखास्त बुझाएपछि दर्ताका लागि समूह र स्थानीय तहबीच समन्वय र सहजीकरण गरी दर्ता प्रक्रिया सम्पन्न गर्न सहयोग गर्ने ।

# ८. समूह/सहकारीको क्षमता विकासमा आयोजनाको भूमिका

## ८.१ *कृषक समूहको क्षमता विकासका लागि सञ्चालन गरिने कार्यक्रमहरु*

नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजनाले पशु सेवा क्षेत्रमा नवीनता प्रवर्द्धन तथा सेवा प्रवाहको आधुनिकीकरणका कार्यक्रमहरु कृषक समूह र उत्पादक सहकारीहरुको माध्यमबाट लाभान्वित कृषक परिवारहरुसम्म पुऱ्याउने लक्ष लिएको छ । आयोजनाका क्रियाकलापहरुलाई प्रभावकारीरुपमा सञ्चालन गर्न कृषक समूह र सहकारीहरुको संस्थागत क्षमता विकास गर्नु आवश्यक हुन्छ । तसर्थ यस आयोजनाले अघि सारेका समूहको क्षमता विकासका प्रमुख क्रियाकलापहरु निम्न अनुसार हुनेछन्:

### ८.१.१ *नयाँ गठन गरिएका समूहलाई परिचालन गर्न स्टेशनरी सहयोग*

नयाँ गठन गरिएका पशुपालक कृषक समूहहरुलाई परिचालन गर्नका लागि सुरुमा एक पटक अति आवश्यक स्टेशनरी सामानहरु आयोजनाबाट उपलब्ध गराईने छ । यसरी उपलब्ध गराईने सामाग्रीहरुमा बैठकका निर्णयहरु लेखनका लागि बैठक निर्णय पुस्तिका, समूहको हितकोषको विवरण पुस्तिका, समूहका सदस्यहरुको बचत तथा ऋणको विवरण अभिलेख राख्नका लागि छुट्टाछुट्टै रजिस्टरहरु, क्यालकुलेटर, स्टयाम्प्याड, पन्चिङ्ग मेशिन, स्टयाप्लर, इन्डेक्स र साधारण फाईलहरु, डट्पेन, पेन्सिल कटर, पेन्सिल, सेतो कागज (१ रीम), र यी सामाग्रीहरु राख्नका लागि **नेपाल लाईभस्टक सेक्टर ईनोभेसन आयोजना** लेखिएको कपडाको बलियो झोला एक थान ।

समूहलाई उपलब्ध गराइएका सामाग्रीहरु समूहका अध्यक्ष वा सचिवको जिम्मामा सुरक्षित रहने छन् । समूहको बैठकको समयमा सम्बन्धित पदाधिकारीहरुले सो झोला सहितका सामाग्रीहरु लिएर बैठकमा आउने छन् । बैठकमा भएका छलफलहरुका आधारमा निर्णयहरु गरिनेछन् र सचिवले बैठकका निर्णयहरु बैठक पुस्तिकामा लेख्नेछन् । त्यसै गरी हितकोषको आम्दानी-खर्च विवरण हितकोष पुस्तिकामा र सदस्यहरुले गरेको बचत तथा लिएको ऋणको विवरण बचत तथा ऋण विवरण पुस्तिकामा कोषाध्यक्षले अद्यावधिक गर्नेछन् । बैठक पश्चात अद्यावधिक विवरणहरु सहितको झोला पुनः अध्यक्ष वा सचिवको जिम्मामा रहने छ ।

### ८.१.२ *समूह परिचालनका लागि अभिमुखीकरण तालीम–१ दिने (स्थलगत)*

पशुपालक कृषक समूह गठन गरे पश्चात सबैभन्दा पहिले समूहलाई अभिमुखीकरण तालिम प्रदान गरिने छ । यस तालिमको मुख्य उद्देश्य समूहका सदस्यहरु र पदाधिकारीहरुलाई उनीहरुको काम, कर्तव्य र जिम्मेवारीको बोध गराई, समूहको व्यवस्थापन र सदस्यहरुलाई सक्रिय बनाई समूह परिचालन गर्नुका साथै आयोजनासँग समन्वय गरी पशु विकास तथा प्रवर्धणका कार्यक्रमहरु सञ्चालन गर्न सहज वातावरणको सिर्जना गर्ने रहेको छ ।

अभिमुखीकरण तालिम नयाँ गठन गरिने सबै पशुपालक कृषक समूहहरु रहेकै स्थानमा स्थलगतरुपमा सञ्चालन गरिनेछ । समूहका सबै सदस्यहरुलाई अनिवार्यरुपमा तालिममा सहभागी गराईने छ । यो तालिम पूरा एक कार्यदिनको हुनेछ र यस तालिममा प्रमुखरुपमा निम्न विषयबस्तु समावेश गरिने छः

- समूहको परिभाषा, समूह गठनको आवश्यकता र समूह गठन विधि ।
- समूहमा बसेर काम गर्दा कृषकहरुलाई हुने फाइदाहरु ।
- समूहका पदाधिकारीहरुको उत्तरदायित्व र जिम्मेवारी ।

- समूह व्यवस्थापन र परिचालनमा समूहका पदाधिकारीहरुको भूमिका ।
- समूहमा हितकोषको आवश्यकता किन ?
- समूहमा हितकोषको स्थापना, प्रवर्द्धण र परिचालन कसरी गर्न सकिन्छ ?
- समूह सदस्यलाई हितकोषबाट ऋण लगानी र असुली प्रकृया कस्तो हुन्छ ?
- हितकोषको हिसाव किताब कसरी राख्ने ?
- समूह बैठक कसरी सञ्चालन गर्ने ? बैठकका निर्णयहरुको अभिलेख कसरी तयार पारी सुरक्षित राख्ने ?
- समूह भित्रका पशु सेवा सम्बन्धी, बजार सम्बन्धी तथ्याङ्कहरुको अभिलेख कसरी राख्ने ?
- पशु बीमाको परिचय, यसबाट हुने फाइदाहरु के के हुनसक्छन् ?
- नेपालमा प्रचलित पशु बीमाका प्रकारहरु र तिनको महत्व के छ ?
- समूहको विषयगत आवश्यकता अनुसार तत्काल आवश्यक परेको प्राविधिक विषयलाई समेत यसमा समावेश गरी तालिम प्रदान गरिने छ ।

यो तालिम सञ्चालनका लागि सामाजिक परिचालकले आवश्यक समन्वय र सहजीकरण गर्नेछन् ।

### ८.१.३ *समूह व्यवस्थापन र नेतृत्व विकास सम्बन्धी तालिम–३ दिने*

पशुपालक कृषक समूहलाई व्यवस्थितरुपमा सञ्चालन गर्न र सक्रिय बनाई राख्न त्यस समूहका पदाधिकारीहरुको अत्यन्तै महत्वपूर्ण भूमिका रहन्छ । अतः पदाधिकारीहरुको क्षमता विकासका लागि समूह व्यवस्थापन र पदाधिकारीहरुको नेतृत्व विकास सम्बन्धी तालिम सञ्चालन गरिने छ । यो तालीम पूरा तीन दिनको हुनेछ । यस तालिमका सहभागीहरु कृषक समूहका पदाधिकारीहरु हुनेछन । एउटा तालिममा २० देखि २५ जनासम्म सहभागीहरु हुनेछन् । त्यसैले ५ देखि ६ वटा समूहका पदाधिकारीहरुलाई समावेश गरी सबैलाई पाएक पर्ने ठाँउमा यो तालिम सञ्चालन गरिने छ । यस किसिमको तालिममा प्रमुखरुपमा निम्न विषयबस्तु समावेश गरिने छः

- कृषक समूह तथा यसको गठन विधि, समूह गठनका फाईदाहरु,
- समूह सञ्चालनमा पदाधिकारीहरुको वास्तविक भूमिका (काम, कर्तव्य, र अधिकार) कस्तो रहन्छ ?
- नेतृत्वमा हुनुपर्ने खास गुणहरु एवम् विशेषताहरु के के हुन ?
- समूहमा समय-समयमा देखापर्ने विवादहरुको समाधान कसरी गर्ने र यस्मा पदाधिकारीहरुले खेल्नुपर्ने  भूमिका कस्तो हुन्छ ? सहभागीहरुमध्य केहीले पदाधिकारिको र बांकी सबैले समूह सदस्यको भूमिका निर्वाह गरी काल्पनिक विवादको समाधान कसरी गर्ने भन्ने बारे प्रयोगात्मक कक्षा सञ्चालन गर्ने ।
- समूहलाई दिगो बनाई राख्नका लागि पदाधिकारीहरुले खेल्नु पर्ने भूमिका,
- समूहमा हितकोषको आवश्यकता किन ? यस्का सम्भावित स्रोतहरु के के हुन ?
- समूहमा हितकोष परिचालन विधि र यस्का फाईदाहरु,
- हितकोषको लेखा व्यवस्थापन (व्यावहारिक समेत) कसरी गर्ने ?
- कृषक समूहमा बचत तथा ऋण व्यवस्थापन विधि,
- समूह भित्रको पशु सेवा तथ्याङ्क संकलन तथा प्रतिवेदन तयारी,
- समूहमा बजार सूचना संकलन तथा प्रवाह,

- कृषक समूहमा पशु बीमाको आवश्यकता, महत्व र प्रक्रिया,
- पशु बीमाको क्षतिपूर्ति दाबी प्रक्रिया,
- सक्रिय समूहमा अवलोकन भ्रमणको आवश्यकता र यस्को महत्व,
- समग्रमा तालिमका कक्षाहरुका विषयमा प्रश्न उत्तर, छलफल, अनुभव साटासाट्,
- अन्तमा तालिमको मूल्याङ्कन र समापन ।

*सामाजिक परिचालकले यो तालिम सञ्चालनका लागि सहभागी छनौटदेखि स्थान छनौट, स्रोत व्यक्तिको व्यवस्थापन, आवश्यक सामाग्रीको व्यवस्था गर्न र तालिम सञ्चालनका क्रममा आवश्यक व्यवस्थापनका लागि सम्बद्ध निकायहरुसंग समन्वय र सहजीकरण गर्नेछन् ।*

### ८.१.४ समूहको "हितकोष"को हरहिसाब दुरुस्त राख्न सिकाउने लेखा सम्बन्धी तालिम – १ दिने (स्थलगत)

यो तालिम समूहका कोषाध्यक्षहरुलाई प्रदान गरिने छ । दुई वा सोभन्दा बढी गाँउ/नगरपालिकाका कृषक समूहका कोषाध्यक्षहरुलाई पाएक पर्ने एकै ठाँउमा जम्मा गरी एक दिने तालिम प्रदान गरिने छ । यो तालिममा मुख्यरुपमा निम्न विषयहरु समावेश गरिने छ ।

- हितकोषको परिभाषा,
- समूहमा हितकोषको आवश्यकता किन ?
- समूह हितकोषका स्रोतहरु,
- कोषाध्यक्षको काम, कर्तव्य र जिम्मेवारी,
- समूह लेखा प्रणाली बारे जानकारी,
- समूहको हितकोषको आम्दानी खर्च विवरण तालिका तयारी (प्रयोगात्मक)
- समूह बचतको महत्व र आवश्यकता,
- समूह सदस्यहरुले गरेको बचत रकमको विवरण तालिका तयारी (प्रयोगात्मक)
- सदस्यहरुलाई प्रदान गरेको ऋण लगानी, असुलीको विवरण तालिका तयारी (प्रयोगात्मक)
- समूह ऋणको व्याज निकाल्ने तरिका (प्रयोगात्मक)
- समूहमा आर्थिक अनुशासन पालना कसरी गराउने ?
- सहभागीहरुका जिज्ञासा मेटाउने छलफल कार्यक्रम ।
- अन्तमा तालिमको मूल्याङ्कन र समापन ।

*यो तालिम सञ्चालन गर्नका लागि स्थान छनौट, स्रोत व्यक्तिको व्यवस्थापन, सहभागीहरुको सहभागिता निश्चित गर्न र तालिम सञ्चालनका क्रममा आवश्यक व्यवस्थापनका लागि सम्बद्ध निकायहरुसंग समन्वय र सहजीकरण सामाजिक परिचालकले गर्नेछन् ।*

### ८.१.५ समूहमा बचत तथा ऋण कार्यक्रम व्यवस्थापन तालिम–१ दिने (स्थलगत)

यस किसिमको तालिम समूहका सबै सदस्यहरुलाई स्थलगतरुपमा प्रदान गरिने छ । यस तालिममा निम्न विषयहरु समावेश गरिनेछन:

- समूह बचतको परिभाषा,
- समूह बचत किन गरिन्छ ?
- समूह बचतको महत्व के छ ?

- नियमित बचतका लागि समूह सदस्यहरुलाई कसरी उत्प्रेरित गर्न सकिन्छ ?
- समूहमा बचत गर्दा हुने फाईदाहरु,
- बचत गर्ने तरिकाहरु के के हुन सक्छन् ?
- समूह बचतका प्रकारहरु के के हुन ?
- बचत रकम उठाउने प्रक्रिया,
- बचत रकम समूह सदस्यलाई ऋणकोरुपमा कसरी परिचालन गर्ने ?
- बचत तथा समूह ऋणको व्यवस्थापन कसरी गर्ने ?
- बचत तथा ऋणको लेखा व्यवस्थापन (प्रयोगात्मक),
- सहभागीहरुसँग खुला छलफल,
- तालिमको मूल्याङ्कन र समापन ।

यो तालिम सञ्चालन गर्नका लागि सहभागीहरुको शतप्रतिशत सहभागिता जुटाउन, तालिम स्थल छनौट गर्न, स्रोत व्यक्तिको व्यवस्थापन गर्न र तालिमका कक्षाहरु प्रभावकारीरुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउन सामाजिक परिचालकको महत्वपूर्ण भूमिका हुनेछ ।

### ८.१.६ *व्यावसायिक योजना तयारी सम्बन्धी तालीम–३ दिने*

संस्थागतरुपमा विकसित कृषक समूहका अध्यक्ष र सचिवहरुलाई व्यावसायिक योजना तयारी सम्बन्धी तालिम प्रदान गरिने छ । यसको मुख्य उद्देश्य आयोजना अन्तर्गत प्रदान गरिने पूरक अनुदान प्रक्रियामा कृषक समूहहरु सामेल हुनका लागि उप-आयोजना प्रस्तावहरु तयार गर्न सक्षम बनाउनु रहेको छ । यस तालिममा २० देखि २५ जनासम्म सहभागी हुनेछन् । सरदरमा एउटा तालिममा १० देखि १२ समूहका प्रतिनिधिहरु सहभागी हुनेछन् । यस तालिममा प्रमुखरुपमा निम्न विषयहरु समावेश गरिने छ ।

- व्यावसायिक योजनाको अवधारणा बारे जानकारी,
- व्यावसायिक योजनाका किसिमहरु,
- व्यावसायिक योजनाको तयारी कसरी गर्ने ? सहभागीहरुलाई २-३ वटा समूहमा विभाजन गरी फरक-फरक व्यावसायिक योजना तयार पार्ने ।
  - ➢ व्यवसायको छनौट (प्रस्तावित व्यवसाय आयोजनाले छनौट गरेको मूल्य शृंङखलासंग सम्बन्धित हुनुपर्नेछ) ।
  - ➢ व्यवसाय सञ्चालकको छोटो परिचय (योग्यता, वर्तमान पेशा, अनुभव, दक्षता, रुची, सम्पर्क विवरण)
  - ➢ हाल गरिरहेको व्यवसायको परिचय, विवरण र अवस्था,
  - ➢ व्यवसायको भावि विस्तार योजना,
  - ➢ बजार सम्बन्धी व्यवस्था (तयारी सामानको खरिदकर्ता, वितरक, बिक्रेता, कच्चा पदार्थको आपूर्तिकर्ता आदिको अवस्था बारे विश्लेषण),
  - ➢ कच्चा पदार्थको आपूर्ति अवस्था, बजारमा उपलब्धता र गुणस्तरका बारेमा विश्लेषण,
  - ➢ प्राविधिक पक्षः प्रस्तावित व्यवसायको प्राविधिक सम्भाव्यता, आवश्यक पूर्वाधारको अवस्था ( भवन, मेशीनरीहरु जडान र मर्मतको व्यवस्था) ।
  - ➢ आवश्यक जनशक्तिको उपलब्धता अवस्था (दक्ष, अदक्ष),
  - ➢ पूर्वाधार विकासको अवस्था (बाटो, बिजुली, टेलिफोन, ईन्टरनेट )

- वित्तीय पहुंचः व्यवसायका लागि आवश्यक पर्ने कूल पूजीको अनुमान, स्वलागत, बैंक ऋणको आवश्यकता, वित्तीय संस्थामा पहुंच, ब्याज दर, र ऋणको भुक्तानी पद्धती आदि) ।
- सरकारी नितिः प्रस्तावित व्यवसायका लागि वर्तमानमा भएको सरकारी नीति सम्बन्धमा जानकारी र छलफल,
- वातावरणीय तथा सामाजिक जोखिम न्यूनीकरण कसरी गर्न सकिन्छ ?
- सुपरीवेक्षण, अनुगमन तथा प्रतिवेदन तयारी गर्ने पद्धती कसरी कार्यान्वयन गरिन्छ ?
- तालिमका सहभागीहरुसंग समग्र विषयमा स्रोत व्यक्तिहरुको खुला छलफल,
- तालिमको मूल्याङ्कन र समापन ।

*सामाजिक परिचालकले सहभागी छनौट, स्रोत व्यक्तिको व्यवस्थापन र तालिम सञ्चालनको समयमा सहजीकरण गर्नेछन् ।*

### *८.१.७ पशु बीमा सचेतना कृषक भेला– १ दिने (स्थलगत)*

नेपाल सरकारले कृषि तथा पशुपालन व्यवसायको जोखिम कम गरी कृषि व्यवसायलाई प्रवर्धण गर्ने उद्देश्यले सन २०१३ देखि कृषि बीमाको नीति लागू गरेको छ । यस नीति अन्तर्गत बाली तथा पशुपन्छीको बीमा गराउने कृषकहरुलाई सरकारले बीमा शुल्कको ७५ प्रतिशतका दरले अनुदान पनि उपलब्ध गराउंदै आएको छ । करिब ७ वर्ष पुगे पनि बहुसंख्यक कृषक तथा पशुपालकहरुले यो सुबिधा खासै उपयोग गरेको देखिंदैन । यसो हुनुका धेरै कारणहरु छन् त्यसमध्य एउटा प्रमुख कारण चेतनाको कमी भएको हुंदा यस आयोजनाले पशुपालक कृषकहरुको चेतना अभिवृद्धि गर्ने उदेश्यले **पशु बीमा सचेतना कृषक भेला** सञ्चालन गर्ने छ ।

यो कार्यक्रम पूरा एक कार्यदिनको हुनेछ र पशुपालन पकेट क्षेत्रहरुमा सञ्चालन गरिने छ । यस कार्यक्रममा पशुपालक कृषकहरु, सम्बन्धित क्षेत्रमा पशु बीमाको काम गर्ने निर्जीवन बीमा कम्पनीका अधिकारीहरु, बीमा अभिकर्ता, स्थानीय तहका प्रतिनिधि र आयोजनाका कर्मचारीहरु सहभागी हुनेछन् ।

यस कार्यक्रममा मुख्यरुपमा निम्न कियाकलापहरु सञ्चालन गरिने छन्:

- सामाजिक परिचालकले कार्यक्रम अगावै सम्बन्धित सबै निकायहरुसंग समन्वय गरी कार्यक्रमका लागि उपयुक्त दिन तय गर्नेछन् ।
- विकेन्द्रीकृत आयोजना सहयोग इकाई कार्यालयका कर्मचारी र सामाजिक परिचालकले भेलामा आयोजनाको बारेमा थप जानकारी, भेलाको उद्देश्य र पशु बीमाको महत्व तथा फाईदाहरुका बारेमा कृषकहरुलाई बताउने छन् ।
- सम्बन्धित निर्जीवन बीमा कम्पनीका अधिकारीले पशु बीमाको प्रकिया र यसबाट हुनसक्ने फाईदाका बारेमा विस्तृतमा जानकारी गराउने छन् ।
- त्यसै गरी बीमित पशुको मृत्यु भएमा क्षतिपूर्ती दाबी र प्राप्तीको प्रकियाका बारेमा बीमा अभिकर्ता र कम्पनीका अधिकारीले कृषकहरुलाई बुझाउनेछन् ।
- स्थानीय निकायका प्रतिनिधिले पशु बीमाका सम्बन्धमा स्थानीय निकायको नीतिका बारेमा बताउने छन् ।
- बीमा अभिकर्ताले भेलाको दौरानमा पशु बीमा गर्न चाहाने कृषकहरुको नामावली तयार पार्नेछन् ।

- भेला सम्पन्न भए लगत्तै बीमा कम्पनीको समन्वयमा बीमा अभिकर्ताहरु सम्बन्धित गाँउमा आवश्यक सामाग्री सहित पशु बीमाका लागि जानेछन् र पशु बीमा गराउनेछन् ।

*यो कार्यक्रम सञ्चालन गर्न सामाजिक परिचालकले स्थानीय तह, बीमा कम्पनी, बीमा अभिकर्ता, पशु बीमा गराउने सम्भावित कृषकहरुसँग समन्वय गरी कार्यक्रम सञ्चालन गर्न सहजीकरण गर्नेछन् ।*

### ८.१.८ कृषि बीमा अभिकर्ता तालिम – ३ दिने

यस आयोजनाले कृषकहरुको जोखिम कम गर्न पशु बीमालाई प्रवर्धण गर्ने लक्ष राखेको छ । यसै सिलसिलामा समूह सदस्यहरुलाई पशुको बीमा गर्न सहज बनाउने उद्देश्यले आयोजना क्षेत्रका गाँउ पालिका/नगरपालिकामा सक्रियरुपमा कार्यरत ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता, योग्यता पुगेका ( एस्.एल्.सी. वा सो सरह उत्तीर्ण) समूह सदस्यहरुलाई नेपाल बीमा समिति र सम्बन्धित क्षेत्रमा सेवा प्रवाह गरिरहेका बीमा कम्पनीहरुसँग समन्वय गरी कृषि बीमा अभिकर्ता तालिम प्रदान गरिने छ । बीमा समितिबाट अनुमति पत्र प्राप्त गरेपछि उनीहरुले सम्बन्धित क्षेत्रका बीमा कम्पनीहरु अन्तर्गत रही बीमा अभिकर्ताको काम गर्नेछन् । यसबाट कृषकहरुलाई पशु बीमा गर्न, बीमीत पशुको मृत्यु भएमा क्षतिपूर्ति दाबी गर्न र क्षतिपूर्ति पाउन सहज हुने छ । बीमा अभिकर्ताले बीमा शुल्कको १५ प्रतिशत रकम कमिशनको रुपमा सम्बन्धित बीमा कम्पनीबाट प्राप्त गर्नेछन् ।

यो तालिम पूरा ३ दिन सञ्चालन हुने छ । तालिमको पाठ्क्रम बीमा समितिले निर्धारण गरे अनुसार हुनेछ र प्रमुखरुपमा निम्न विषयहरु समावेश गरिने छः

- तालिमका उद्देश्यहरु,
- नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजना बारे जानकारी,
- बीमाको परिचय तथा पशु बीमाका सैद्धान्तिक पक्ष,
- कृषि तथा पशु बीमाको सन्दर्भमा नेपाल सरकारको अनुदान नीति तथा कार्यक्रम,
- बाली तथा पशुपन्छी बीमामा बीमा अभिकर्ताको व्यवस्था,
- पशु बीमामा बीमा अभिकर्ताको काम, कर्तव्य तथा बीमा समिति र बीमा कम्पनीसंगको समन्वय,
- बाली तथा पशुपन्छी बीमा सम्बन्धी निर्देशन, २०६९ र बीमा अभिकर्ताको व्यवस्था,
- पशुपन्छी बीमा गर्ने प्रक्रिया र विभिन्न फारामहरुको पहिचान र अभ्यास,
- विभिन्न बीमालेखहरुको बारेमा जानकारी,
- पशुहरुको मूल्याङ्कन विधि,
- पशुपन्छीहरुमा ट्याग लगाउने तरिका बारे जानकारी,
- पशु बीमा गर्ने विधि र क्षतिपूर्ती दावी गर्ने बारे प्रयोगात्मक अभ्यास र प्रस्तुतिकरण,
- बीमा समिति बारे जानकारी, नेपालमा पशु बीमाको वर्तमान अवस्था र सम्भावना,
- अवास्तविक क्षतिपूर्ति माग गर्ने खराब प्रचलन (Moral Hazard) बारे हालको अवस्था र रोकथामका उपाय बारे छलफल,
- तालिमको मूल्याङ्कन,
- प्रमाण-पत्र वितरण र तालिम समापन ।

*सामाजिक परिचालकले तालिमका सहभागीहरुको छनौट, स्रोत व्यक्तिको व्यवस्थापन, तालिम स्थलको व्यवस्था र तालीम सहजीकरण जस्ता कार्यहरुमा सहयोग पुऱ्याउने छन् ।*

### *८.१.९ कृषक पाठशाला, उन्नत प्रविधि प्रदर्शन र व्यावहारिक ज्ञानको सिकाई*

कृषक पाठशाला कृषकको पशुपालन गर्ने थलो (गोठ वा खोर वा चरनक्षेत्र) लाई नै अध्ययन कक्षकोरूपमा प्रयोग गरी व्यावहारिक ज्ञान सिक्ने विधि हो । एउटा कृषक पाठशालामा २० देखि २५ जना कृषकहरु सहभागी हुनेछन् । एक वा दुईजना सहजकर्ताले सिकाई प्रक्रियाको सहजीकरण गर्नेछन् । यस विधिमा कृषकहरूलाई पशुपन्छी विशेषको परिवेश अवलोकन, विश्लेषण तथा समूह छलफलका आधारमा ठोस निर्णय लिएर तत्काल देखा परेका समस्याहरू समाधान गर्न सक्ने गरी दक्ष हुने वातावरण सिर्जना गरिने छ ।

*कृषक पाठशालाका बारेमा र सामाजिक परिचालकको भूमिकाका वारेमा यसै पुस्तकको अध्याय १६ मा विस्तृत वर्णन गरिएको छ, हेर्नुहोला ।*

### *८.१.१० स्थानीय तहमा सम्बन्ध विकासका लागि कार्यशाला गोष्ठी–१ दिने (स्थलगत)*

- स्थानीय तहमा कार्यरत विभिन्न निकाय एवम् संघसंस्थाहरु (स्थानीय सरकार, वित्तीय संस्थाहरु, निर्जीवन बीमा कम्पनीहरु तथा प्राविधिक सेवा प्रदायकहरु) र कृषक समूहका प्रतिनिधिहरुबीच आपसी समझदारी, समन्वय, र सम्बन्ध विकास गरी उनीहरुले प्रदान गर्ने सेवामा पहुंच विस्तार गर्न यस किसिमको कार्यशाला गोष्ठी सञ्चालन गरिने छन् । यो गोष्ठी १ दिनको हुनेछ । गोष्ठीका सहभागीहरु २५ देखि ३० जनासम्म हुनेछन् ।

मूलतः यो गोष्ठीमा निम्न कियाकलापहरु गरिनेछन्:

- आयोजनाको तर्फबाट पशुपालक कृषक समूहहरुको अद्यावधिक विवरण प्रस्तुत गरिनेछ (समूहमा आबद्ध सदस्य संख्या, पशुहरुको विवरण, हितकोषको विवरण, बचत तथा ऋणको अवस्था, आर्थिक अनुशासन, ऋणको आवश्यकता आदि) ।
- स्थानीय तहका प्रतिनिधिले गाँउपालिका/नगरपालिकाको पशुपालन व्यवसाय प्रवर्धण नीति, कार्यक्रम र कार्यविधिका बारेमा कृषकहरुलाई जानकारी गराउने छन् ।
- स्थानीय स्तरमा सञ्चालित बचत तथा ऋण सहकारी, बैंक तथा वित्तीय संस्थाहरुले वित्तीय पहुंच बढाउन ती संस्थाहरुबाट प्रदान भैरहेका वित्तीय सेवाहरुका बारेमा र प्रक्रियाका बारेमा समेत जानकारी गराउने छन् ।
- निजीवन बीमा कम्पनीका प्रतिनिधिहरुले पशु बीमाका कार्यक्रम, प्रक्रिया, त्यस क्षेत्रमा कार्यरत बीमा अभिकर्ता, बीमीत पशुको मृत्यु भएमा प्रदान गरिने क्षतिपूर्ति रकम र त्यस्को प्रक्रियाका बारेमा जानकारी गराउने छन् ।
- पशुपालक कृषक प्रतिनिधि सहभागीहरुले उनीहरुको वर्तमान अवस्था, उनीहरुको ऋणको आवश्यकता, पशु बीमाका सम्भावित माँगहरु, उनीहरुका उत्पादन, र बजार सम्मको पहुंच आदि विषयमा जानकारी गराउने छन् ।
- सबै प्रस्तुतिपछि सहभागीहरुबीच खुला छलफल गराउने । कृषकहरुका आवश्यकता र सेवा प्रदायकहरुबाट प्रदान गरिने सेवाका बारेमा सबैलाई प्रष्ट बनाउने ।
- कार्यक्रमको अन्तमा सेवाग्राही कृषकहरु र सेवा प्रदायक संस्थाहरुबीच एक प्रकारको समझदारी बन्नेछ र यस प्रकारका कार्यक्रमहरुबाट विभिन्न सेवामा कृषकहरुको पहुंच बढ्ने अपेक्षा गरिएको छ ।

*यस प्रकारका कार्यशाला गोष्ठीको आयोजना गर्नका लागि सामाजिक परिचालकले सम्बन्धित निकायहरुसंग समन्वय गरी सहभागीता निश्चित गर्ने, उनीहरुमध्य प्रतिनिधिमूलक प्रस्तुति गर्ने सहभागी छान्ने, प्रस्तुत गरिने विषयहरुलाई वास्तविकतामा आधारित बनाउन सहजीकरण गर्ने, खुला छलफललाई सहजीकरण गर्ने र कार्यशाला गोष्ठीका दिन गोष्ठी सञ्चालन र व्यवस्थापन गर्न सहयोग गर्ने ।*

## ८.२ उत्पादक सहकारीको क्षमता विकासका कार्यक्रमहरु

आयोजनाले दूध उत्पादन, खसीबोकाको मासु उत्पादन र च्यांग्रा पश्मिना उत्पादन बढाउनका निमित्त दुग्ध उत्पादक, बाखापालक र च्यांग्रापालक सहकारी संस्थाहरुको क्षमता विकास गरी उनीहरुको माध्यमबाट आयोजनाका लाभग्राही परिवारहरुलाई सेवा पुऱ्याउने कार्यक्रम राखेको छ । कृषक समूह र उत्पादक सहकारी संस्थाहरुको विद्यमान क्षमताको अध्ययन गरी देखिएका कमी, कमजोरीलाई सुधार गर्न यस आयोजनाले सहकारीहरुको क्षमता विकासमा निम्न क्रियाकलापहरु संचालन गर्ने लक्ष्य राखेकोछः

### ८.२.१ सहकारी संस्था व्यवस्थितरुपमा सञ्चालन गर्न नभै नहुने सामाग्रीको सहयोग

यस आयोजनाले नयाँ गठन गरिएका सहकारीहरु र हाल सञ्चालनमा रहेका पुराना सहकारीहरुको संस्थागत क्षमता विकास गरी उनीहरु मार्फत पशु सेवा प्रवर्धणका कार्यक्रमहरु सञ्चालन गर्ने लक्ष लिएको छ ।

***क) नयाँ गठन गरिएका उत्पादक सहकारीहरुलाई सुरुमा एक पटक आयोजनाले निम्न सामाग्रीहरुको सहयोग गर्नेछः***

- मसलन्द - आवश्यक मसलन्द (सहकारीका ४ खाताहरु, विवरण रजिस्टरहरु, इन्डेक्स फाईलहरु, स्टयाम्प्याड, पन्चिङ्ग मेशिन, स्टयाप्लर आदि) ।
- क्यालकुलेटर, डेस्कटप कम्प्युटर, पीन्टर सेट-१
- फाईल क्याबिनेट, स्टील दराज सेट-१

***ख) भईरहेका उत्पादक सहकारी संस्थालाई आयोजनाले आवश्यकता हेरी निम्न सामाग्रीहरुको सहयोग गर्न सक्नेछः***

- दैनिक १०० जनाभन्दा बढी सदस्यहरुको दूध संकलन गरिरहेका सहकारीलाई उनीहरुको व्यवसाय विस्तारको योजना र स्थानीय आवश्यकतालाई मध्यनजर गरी एकसेट मिल्क एनालाइजर ।
- आवश्यकता हेरी दुग्ध पदार्थको गुणस्तर जांच्ने उपकरणहरु, क्रीम सेपरेटर आदि ।
- सहकारीका सदस्य कृषकहरुलाई प्लास्टिकका भाँडाहरु हटाई स्टीलका भाँडामा दूध ल्याउने गराउन स्टीलका भाँडाको सहयोग ।
- अति आवश्यक देखिएको स्थानमा ५०० र १००० लीटर क्षमताका चिलिङ्ग भ्याट ।
- स्थान विशेष हेरी बटर सेपरेटर, खुवा बनाउने मेशिन आदि उपकरणहरु ।
- बाखापालक सहकारी संस्थाका लागि आवश्यक सामाग्री (नश्ल सुधारका लागि उन्नत जातको बोका, बोर्डिजो क्यास्ट्रेटर, डिपिङ्ग ट्याङ्क आदि) ।
- पश्मिना उत्पादक सहकारीका लागि आवश्यकता हेरी उन काट्ने कैंची, पोर्टेबल डिपिङ्ग ट्याङ्क तथा सम्बन्धित अन्य सामाग्रीहरु ।

### ८.२.२ सहकारी व्यवस्थापन सम्बन्धी तालिम–३ दिने

यो तालिम सहकारीका सञ्चालक एवम् व्यवस्थापकहरुलाई प्रदान गरिने छ । एउटा तालिममा २० देखि २५ जनासम्म सहभागी हुनेछन् । एउटा सहकारीबाट सञ्चालक २ जना र व्यवस्थापक १ जना गरी ३

जनाका दरले ७-८ वटा सहकारीबाट २५ जना सहभागीहरुको छनौट गर्नुपर्ने छ । यो तालिममा प्रमुखरुपमा निम्न विषयहरु समावेश गरिने छ:

- सहभागीहरुको कार्यानुभव सहितको परिचय,
- आयोजनाको संक्षिप्त परिचय,
- आयोजनामा कृषक समूह तथा सहकारी संस्थाबीच आपसी समन्वय र सहकार्यका सम्भावनाहरु,
- सहकारीको इतिहास र सहकारीका ७ सिद्धान्तहरुको बारेमा चर्चा,
- सहकारी ऐन २०७४, र सहकारी नियमावली २०७५ का सन्दर्भमा सहकारी संस्था सञ्चालनका आयामहरु (स्थानीय तहसंगको सहकार्य लगायत अध्यावधिक ऐन नियमहरुका बारेमा चर्चा) ।
- सहकारी संस्थामा लेखा व्यवस्थापन संबन्धी सिंहावलोकन ।
- जोर्नल भौचर सम्बन्धी अभ्यास (Debit Voucher, Credit Voucher & Journal Voucher etc. Rules of Debit & Credit review) —प्रयोगात्मक शत्र ।
- खाता Posting (आम्दानी तथा खर्च खाता, सम्पति तथा दायित्व खाता) आदि —प्रयोगात्मक अभ्यास ।
- ऋण, Loan Register Posting, Loan Firm, तमसुक तथा प्रतिज्ञा पत्र, जमानी करारनामा आदिका Recording Process & Exercise प्रयोगात्मक अभ्यास ।
- Personal & Share Account Keeping, Saving Withdraw etc. (Concept & Exercise) —प्रयोगात्मक अभ्यास ।
- प्रतिवेदन तयारी र सम्प्रेषण ।
- सञ्चालक समिति, उप-समितिहरुका नियमित बैठक सञ्चालनलाई कसरी व्यवस्थित गर्ने ?
- सहकारीका सदस्यहरु र सञ्चालक समिति, एवम् व्यवस्थापनको सम्बन्ध सुमधुर कसरी बनाउने ?
- आन्तरिक लेखा परीक्षण, साधारण सभा व्यवस्थापन, शेयर धनीलाई लाभांश वितरण आदि ।
- सहभागीका जिज्ञासा र स्रोत व्यक्तिबाट समाधान ।
- तालिमको समग्र मूल्याङ्कन एवम् समापन ।

*सामाजिक परिचालकले विकेन्द्रीकृत पशु सेवा सहयोग इकाईसँग समन्वय गरी सहभागी छनौट गर्ने, स्रोत व्यक्तिको व्यवस्था गर्ने, तालिम स्थल चयन गर्ने र तालिम सञ्चालन अवधिमा सहजीकरण गर्न सहयोग गर्नेछन् ।*

### ८.२.३ सहकारी लेखा व्यवस्थापन सम्बन्धी तालिम (नयाँ स्थापना हुने सहकारीका लागि मात्र)

यो तालिम आयोजनामा नयाँ गठन भै दर्ता हुने सहकारीका कर्मचारी तथा सञ्चालकहरुलाई मात्र प्रदान गरिने छ । सहकारीको लेखा फाँटमा काम गर्ने कर्मचारी र लेखा समितिका सदस्य सञ्चालक गरी हरेक सहकारीबाट २ जनाका दरले प्रत्येक तालिममा १२ सहकारीका २४ सहभागीलाई समावेश गराउन सकिने छ । यो तालिम बस्तुत: लेखा व्यवस्थापन कसरी गर्ने भन्नेमा केन्द्रीत हुनेछ भने तालिममा तपशीलका बिषयहरु समावेश गरिने छन्:

- तालिमको उद्देश्य के हो ?
- सहभागीहरुबीच कार्यानुभव सहितको परिचय,
- आयोजनाको परिचय र सहकारीको क्षमता विकासमा भूमिका,
- सहकारीमा लेखाका सिद्धान्तहरु र लेखा प्रणाली,
- सहकारीमा लेखाको महत्व,
- सहकारीका चार खाता सम्वन्धी छलफल, र प्रयोगात्मक सिकाई/अभ्यास,
- गोश्वारा भौचर सम्वन्धी छलफल तथा प्रयोगात्मक सिकाई/अभ्यास,
- चार खातामा पोष्टिङ्ग गर्ने तरिका सम्बन्धी अभ्यास,

- चार खाता सन्तुलन परीक्षण अभ्यास,
- लेखाको प्रतिवेदन तयारी बारे अभ्यास,
- सहकारी सदस्यलाई वित्तीय पहुंच बढाउने उपायहरु बारे चर्चा,
- सहभागीका जिज्ञासा र स्रोत व्यक्तिबाट समाधान,
- तालिमको समग्र मूल्याङ्कन एवम् समापन ।

*सामाजिक परिचालकले विकेन्द्रीकृत पशु सेवा सहयोग इकाईसँग समन्वय गरी सहभागी छनौट गर्ने, स्रोत व्यक्तिको व्यवस्था गर्ने, तालिम स्थल चयन गर्ने र तालिम सञ्चालन अवधिमा सहजीकरण गर्न सहयोग गर्नेछन् ।*

### ८.२.४ *सहकारीको व्यावसायिक कार्य योजना तर्जुमा सम्बन्धी तालिम*

सहकारी संस्थाका अध्यक्ष, सचिव र व्यवस्थापकलाई व्यावसायिक कार्य योजना तर्जुमा सम्बन्धी तालिम प्रदान गरिने छ । यसको मुख्य उद्देश्य आयोजना अन्तर्गत प्रदान गरिने पूरक अनुदान प्रक्रियामा सामेल हुनका लागि सहकारीहरुलाई उप-आयोजना प्रस्तावहरु तयार गर्न सक्षम बनाउनु रहेको छ । यस तालिममा २० देखि २५ जनासम्म सहभागी हुनेछन् । सरदरमा एउटा तालिममा ७ देखि ८ सहकारी संस्थाबाट सहभागी गराइने छ । यस तालिममा प्रमुखरुपमा निम्न बिषयहरु समावेश गरिने छः

- व्यावसायिक कार्य योजना भनेको के हो ?
- सहकारीको व्यावसायिक कार्य योजनाको तयारी कसरी गर्ने ? सहभागीहरुलाई २-३ वटा समूहमा विभाजन गरी फरक-फरक व्यावसायिक कार्य योजना तयार पार्ने अभ्यास गराउने ।
- कार्य योजनाको उद्देश्य ।
- प्रस्तावित मुख्य-मुख्य कामहरु ।
- आगामी ३ वर्षको अवस्था प्रक्षेपण :
  - ➢ सदस्यता विस्तार लक्ष ।
  - ➢ व्यावसायिक सेवा विस्तार लक्ष : सदस्य संख्या, ऋण सेवा विस्तार, बचत सेवा विस्तार आदि ।
  - ➢ सहकारी गतिविधि विस्तार : सदस्य शिक्षा, बैठकहरुको आयोजना, सामुदायिक विकासका योजनाहरु सञ्चालन ।
  - ➢ पूंजीको स्रोत र उपयोग :
- ▪ आवश्यकता : स्थीर पूंजी तर्फ, चालू पूंजी तर्फ, ऋण लगानी तर्फ ।
- ▪ पूंजीको स्रोतः शेयर पूंजी, जगेडा तथा अन्य कोष, सदस्यको बचत ।
- कार्यान्वयनको जिम्मेवारी बांडफांडः
  - ➢ सञ्चालक समितिको जिम्मेवारी ।
  - ➢ गाँउं/टोलको सामाजिक जिम्मेवारी ।
  - ➢ लेखा सुपरीवेक्षण समितिको जिम्मेवारी ।
  - ➢ व्यवस्थापन कर्मचारीहरुको जिम्मेवारी ।
  - ➢ प्रत्येक सदस्यको जिम्मेवारी ।
  - ➢ कार्य योजनाबाट सदस्यहरुलाई पर्ने प्रभावका सूचकहरु ।

➢ कार्यान्वयन प्रगतिको समीक्षा एवम् जवाफदेहीता ।

- तालिमका सहभागीहरुसँग समग्र विषयमा स्रोत व्यक्तिहरुको खुला छलफल ।
- अन्तमा तालिमको मूल्याङ्कन र समापन ।

*सामाजिक परिचालकले सहभागी छनौट, स्रोत व्यक्तिको व्यवस्थापन र तालिम सञ्चालनको समयमा सहजीकरण गर्नेछन् ।*

### ८.२.५ कृषि/पशु बीमा अभिकर्ता तालिम–३ दिने

सहकारीले बीमा अभिकर्ताको काम गर्न पाउने प्रावधान बीमा कम्पनीहरुमा रहेको छ । त्यसैले दिगो विकासका लागि सहकारीका सदस्यहरुबाट योग्यता पुगेको, SLC/ SEE पास गरेको कुनै सदस्यलाई यो तालिम प्रदान गरिने छ । यो तालिमका सहभागीहरु २० देखि २५ जनासम्म हुनेछन् । यो तालिम सञ्चालन गर्न बीमा समिति, बीमा कम्पनीहरुसँग समन्वय गरी स्रोत व्यक्तिहरुको व्यवस्थापन गनुपर्ने छ । सहभागीहरुको छनौट गर्दा एउटा गाँउपालिका/नगरपालिकाबाट पशुपालनमा राम्रो काम गरेको एउटा सहकारी छनौट गर्ने र प्रति सहकारी २ जनाका दरले १० देखि १२ सहकारीबाट सहभागीहरुको चयन गरी तालिम आयोजना गर्ने ।



यस तालिममा सिक्नुपर्ने विषयबस्तु यसैं पुस्तकको उपदफा ८.१.८ मा उल्लेख गरे अनुसार हुनेछ । तालिम प्राप्त व्यक्तिले बीमा समितिबाट प्रमाणपत्र प्राप्त गरेपछि बीमा अभिकर्ताको काम गर्न पाउनेछन् । सो काम गरे बापत सहकारीले बीमा शुल्कको १५ प्रतिशत कमिशन प्राप्त गर्नेछ । सहकारीका लागि यो एउटा अतिरिक्त आम्दानीको स्रोत हुनेछ भने सहकारीका सदस्यहरुलाई बीमा सेवा लिन सजिलो हुनेछ ।

*सामाजिक परिचालकले बीमा कम्पनीहरु र सहकारीहरुसंग समन्वय गरी सहभागी छनौट गर्नेछन र स्रोत व्यक्तिको व्यवस्थापन र तालीम सञ्चालनको समयमा सहजीकरण गर्नेछन् ।*

### ८.२.६ *सहकारीको उद्देश्य अनुसारका प्राविधिक तालिमहरु*

सहकारीको उद्देश्य अनुसार उनीहरुलाई आवश्यक देखिएका प्राविधिक तालिमहरु जस्तै व्यावसायिक गाई/भैंसी पालन, पशुपालन व्यवस्थापन, गोठ तथा भकारो सुधार, घाँसको बीउ उत्पादन, उन्नत घाँस उत्पादन, डाले घाँस उत्पादन आदि । यस किसिमका तालिमहरु सञ्चालन गर्नु पर्दा सामाजिक परिचालकले विकेन्द्रीकृत पशु सेवा सहयोग इकाईसंग परामर्श गरी व्यवस्थापन गर्नुपर्नेछ ।

# ९. आयोजनामा प्रस्तावित उत्पादन तथा उत्पादकत्व वृद्धिका कियाकलापहरू

## ९.१ आयोजनामा नश्ल सुधार कार्यक्रम

पशु नश्ल सुधारलाई यो आयोजनाले अत्यन्त महत्व दिएको छ । नेपालमा ७३,७६,३०६ गाई र ५२,७७,८१९ भैसी रहेकोमा यो संख्या ठूलो भए पनि हाम्रा गाई/भैसीको उत्पादकत्व भने अत्यन्त कमछ । हाम्रा स्थानीय नश्लका गाई भैसीको उत्पादकत्व कम भएको तथ्यलाई महशुस गरेर नेपालमा गाई/भैसीको उत्पादकत्व बढाउने प्रयास बि.सं. १८१७ को जङ्गबहादुर राणाको बेलायत भ्रमणको कममा भएको गाई आयातसगै सुरु भएको मानिन्छ । त्यही कममा स्थानीय पशुको नश्ल सुधार गर्न आयात गरिएका बढी उत्पादन दिने विदेशी नश्लका साँढे/रागोको वीर्य संकलन गरी गाई/भैसीमा कृत्रिम गर्भाधान गराउने कामको सुरुवात २०१७ सालमा भयो भने समय-समयमा विदेशबाट साँढे तथा रांगो आयात गरेर वितरण गर्ने पनि गरियो । नश्ल सुधारमा प्रयोग गरिने उन्नत रांगो/साँढे उत्पादन गर्ने उद्देश्यले नेपालमा सरकारी स्तरमै उन्नत भैसी र गाईका फार्महरु पनि बि.सं. २०१६ सालदेखि नै स्थापना तथा सञ्चालन हुदै आएकाछन् । विगतका यी सबै प्रयासहरुको परिणामस्वरुप नेपालमा हाल कूलसंख्याको लगभग २९ प्रतिशत गाई र ५० प्रतिशत भैसी उन्नत नश्लको भएको अनुमान गरिएको छ ।


### ९.१.१ घर पालुवा पशुका प्रमुख नश्लहरु

नेपालमा पालिने घर पालुवा पशुका मुख्य स्थानीय तथा विदेशी (उन्नत) नश्लहरु यस प्रकार छनः

| क्र.सं. | पशुको जाति | स्थानीय | उन्नत |
|---|---|---|---|
| १ | गाई | अछामी, लुलु, खैला, तराई, सिरी | जर्सी, होल्स्टिअन फ्रिजिअन, हरियाना, ब्राउन स्वीस |
| २ | भैसी | पारकोटे, लिमे, गड्डी | मुर्रा |
| ३ | बाखा | खरी, तराई, सिन्हाल, च्यांग्रा | बोयर, सानन, जमुनापारी, बारबरी |
| ४ | भेडा | बरुवाल, लामपुछ्रे, कागे, भ्यांगलुङ्ग | मेरिनो, रोम्नीमार्श, पोलवर्थ |
| ५ | बंगुर | हुर्रा, च्वाचे, बाम पुड्के | ल्याण्डरेस, ड्यूरोक, योर्कशायर |
| ६ | कुखुरा | साकिनी, घाटी खुइले | न्यू ह्याम्पशायर, ब्रोइलर तथा लेयर |

### ९.१.२ पशु नश्ल सुधार गर्नुपर्ने कारणहरु

- स्थानीय पशुको दूध तथा मासुको उत्पादकत्व कम भएकोले उत्पादकत्व बढाउन ।



- धेरै पशु पाल्नुको साटो बढी उत्पादन दिने थोरै पशु पाल्न ।
- उपलब्ध सीमित पशु आहाराको सही उपयोग गर्न ।
- व्यावसायिक पशु पालन मार्फत आफ्नो श्रम र लगानीको उचित प्रतिफल प्राप्त गर्न ।
- आफूले चाहे अनुसारका गुण भएका पशुको संख्या बढाउन ।



९.१.३ *पशु प्रजननका तरिकाहरु :* पशु प्रजननका प्रचलित प्रमुख ५ तरिकाहरु यस प्रकार छन:

**क. *नाता पर्नेबीच प्रजनन (Inbreeding)***
बाबु-छोरी, आमा-छोरा, दिदी-भाइ, काका-भतिजी आदि नाता पर्ने भाले र पोथीबीच गराइने प्रजनन ।

**ख. *नाता नपर्ने तर सोही जातको शुद्ध नश्लबीच प्रजनन (Out-breeding)***
कममा पनि ६ पुस्तासम्म नाता नपर्ने तर एउटै नश्लका शुद्ध पशुहरुबीच हुने प्रजनन ।

**ग. *नाता नपर्ने फरक-फरक नश्लका पशुबीच प्रजनन (Cross breeding)***
फरक फरक नश्लका पशुहरुबीचको प्रजनन ।

**घ. *फरक फरक जातबीच प्रजनन (Interspecies breeding)***
फरक फरक जातिका पशुहरुकोबीच हुने प्रजनन ।

**ङ. *स्तरवृद्धि (Grading-up)***
नश्ल एकीन भएको भालेलाई नश्लको पहिचान नभएका पोथीमा लगाई गराइने प्रजनन ।


### ९.१.४ *नेपालमा प्रचलित प्रविधिहरु*

नेपालमा पशुको नश्ल सुधार गर्न सुरु गरिएदेखिनै मुख्य गरेर cross-breeding र grading-up तरिका अपनाउँदै आइएको छ । नेपालमा पशुको नश्ल सुधार गर्न अपनाइएका प्रविधिहरु यस प्रकार छन् :

***क. प्राकृतिक गर्भाधानः*** छानिएको उन्नत भाले पशु (रागो, साँढे, बोका, थुमा आदि) पोथीमा लगाएर ।

***ख. कृत्रिम गर्भाधानः*** छानिएको उन्नत भाले पशुको ताजा वा जमेको वीर्य भाले खोजेको पोथी पशुमा प्रयोग गरेर ।

***ग. छनौट :*** भएको बथानका आफूले चाहेका गुण हुने भाले वा पोथी पशु छानेर राख्ने र चाहे जस्ता गुण नहुने पशुलाई हटाउने गरेर ।



### ९.१.५ *आयोजनामा नश्ल सुधारका कियाकलापहरु र सामाजिक परिचालकको भूमिका*

आयोजनाका प्रमुख चार उद्देश्यहरुमध्य पहिलो उदेश्य *दूध, खसी-बोकाको मासु र च्यांग्रा पश्मिनाको उत्पादकत्वमा ४० प्रतिशत वृद्धि गराउने* रहेको छ र यो नतिजा हासिल गर्ने प्रमुख माध्यम गाई/भैसी र बाख्राको नश्ल सुधारलाई मानिएको छ । तसर्थ, यस आयोजनाले पशुको नश्ल सुधारमा ठूलो लगानी गरिरहेको छ । आयोजनाले नश्ल सुधार क्षेत्रमा गरिरहेका वा गर्न चाहेका प्रमुख कियाकलापहरु यस प्रकार छनः

| क.सं. | प्रस्तावित कियाकलाप | सामाजिक परिचालकको भूमिका |
|---|---|---|
| १ | **पशु प्रजनन नीति तयार पार्ने** | |
| २ | **गाई/भैसी र बाख्रामा Pedigree Performance Recording System स्थापना तथा सञ्चालन गर्नेः**<br>• कार्यक्रममा सहकार्य गर्न इच्छुक समूह वा सहकारी छनौट गर्ने<br>• गाई/भैसी र बाख्राका बथानहरु छानेर दर्ता गर्ने<br>• फार्मका गाई, भैसी र बाख्रालाई दर्ता गर्ने | ▪ PPRS मा सहभागी हुने समूह सहकारी छनौट गर्ने ।<br>▪ समूह तथा सहकारी परिचालनमा संलग्न हुने । |

| | | |
|---|---|---|
| | • नियमित अभिलेख राख्ने<br>• दूधको नमूना संकलन गरी विश्लेषणको लागि पठाउने<br>• प्रणालीमा आबद्ध शीर्ष पोथी पशु छनौट गर्ने<br>• छनौट भएका पोथी पशुमा आयात गरिएको वीर्य प्रयोग गरी गर्भाधान गराउने<br>• जन्मेका पाडा-बाच्छा र पाठा-पाठीको अभिलेख राख्ने<br>• उत्कृष्ट बहर, राँगो वा बोकालाई वीर्य संकलन वा प्रजननको लागि प्रयोग गर्ने<br>• नश्ल विशेषका प्रजनन संघहरु गठन तथा परिचालन गराउने | ▪ अभिलेख राख्न सहयोग गर्ने ।<br>▪ नियमित अनुगमन गर्ने<br>▪ प्रगति प्रतिवेदन प्रेषण गर्ने । |
| ३ | **पशु प्रजनन कार्यालयहरु (पोखरा, लहान र नेपालगञ्ज) सुदृढिकरण गर्ने:**<br>• प्रयोगशाला, गोठ आदि भौतिक संरचनाहरु निर्माण गर्ने<br>• उपकरणहरु खरिद गर्ने<br>• राँगो, साँढे खरिद गर्ने<br>• जनशक्ति विकास गराउने<br>• वीर्य उत्पादन क्षमता बढाउने काम गर्ने | |
| ४ | **कृत्रिम गर्भाधान सेवा विस्तार:**<br>• पशु प्रजनन कार्यालयहरुको क्षमता अभिवृद्धि गरी वार्षिक १५ लाख डोज जमेको वीर्य उत्पादन गराउने<br>• नयाँ कृत्रिम गर्भाधान केन्द्रहरु स्थापना गराउने<br>• जमेको वीर्य सञ्चय र वितरण प्रणालीलाई सुदृढ गर्ने<br>• कृत्रिम गर्भाधानमा प्रयोग हुने उपकरणहरु खरिद तथा वितरण गर्ने | ▪ कृ.ग.को अभिलेख राख्न सहयोग गर्ने ।<br>▪ नियमित अनुगमन गर्ने<br>▪ प्रगति प्रतिवेदन पठाउने । |
| ५ | **बाखाका ब्रीडर हर्डहरु स्थापना तथा सञ्चालन गर्ने:**<br>• बोयर र खरी बाखाका समुदाय स्तरमा ब्रीडर हर्डहरु स्थापना गरी कार्यक्रम सञ्चालन गर्ने । | ▪ अभिलेखहरु राख्न सहयोग गर्ने ।<br>▪ नियमित अनुगमन गर्ने र प्रगति प्रतिवेदन पठाउने । |
| ६ | **जनशक्ती विकास:**<br>• विभिन्न तालिमको माध्यमबाट स्थानीय तहदेखि राष्ट्रिय स्तरसम्म पशु नश्ल सुधारको लागि चाहिने जनशक्ती विकास गराउने । | ▪ तालिमका सहभागी छनौटमा सहयोग गर्ने |

## ९.२. आयोजनामा पशु आहारा विकास

### ९.२.१ पशु आहारा विकासको आवश्यकता किन ?

पशुपालनबाट बढी फाइदा लिन पशुलाई आवश्यक मात्रामा आहारा उपलब्ध गराउनु जरुरी छ । पशुजन्य पदार्थको कूल उत्पादन लागतको ६५% देखि ७०% खर्च आहारामा हुने गर्दछ । अर्कोतर्फ पशु आहारामा हरियो घाँस प्रयोग गरेर मात्रै पनि ३३% उत्पादन लागत घटाउन सकिन्छ । यसकोलागि चरन तथा घाँसे बाली विकासमा जोड दिइनुपर्दछ । पशुलाई नियमितरुपमा पोषिलो हरियो घाँस आपूर्ति गर्न मौसम अनुसारको घाँसे बालीको खेती गरिनु जरुरी छ । नेपाल जस्तो सीमित कृषि योग्य जमिन भएको देशमा अन्न वा दानामा आधारित पशुपालन व्यवसाय फस्टाउन सक्दैन किन कि देशका आधा भन्दा बढी पहाडी तथा हिमाली जिल्लाहरुमा पुग्दो खाद्यान्न उत्पादन हुदैन । अनाजको लागि

पशु र मानिसबीचको प्रतिस्पर्धा हटाउन पनि पशु आहारा विकास महत्वपुर्ण हुन आउंछ । पशुपालनको व्यावसायीकरणको लागि पशु आहाराको विकास हुनु जरुरी छ र पशु आहारा विकासको लागि घाँसे बालीको बीउ उत्पादन तथा बजारीकरण कार्यलाई पनि व्यवस्थित तरिकाबाट संगसंगै लैजानु पर्ने हुन्छ । गुणस्तरीय बीउको प्रयोगले मात्र पनि १५ देखि २५ प्रतिशतसम्म उत्पादन वृद्धि गर्न सकिने तथ्यलाई मध्यनजर राखी घाँस विकासको कार्यक्रममा बढी उत्पादन दिने बीउको छनौट गरी वितरण गर्नुपर्दछ । घाँसको बीउको बढ्दो माँगलाई आपूर्ति गर्न कृषक समूह परिचालन गरी घाँसको बीउ उत्पादन कार्य गरिनेछ । यसको अलावा चरन क्षेत्रमा उपयुक्त संख्यामा पशुबस्तु चराउनाले जैविक विविधता संरक्षण गर्न समेत मद्दत पुऱ्याउछ ।

कुनै पनि भौगोलिक क्षेत्रको वातावरण स्वच्छ राख्न ४७ प्रतिशत भू-भाग वन जंगलले ढाकेको हुनु पर्दछ तर, नेपालमा ४० प्रतिशत भू-भाग मात्र जंगलले ओगटेको छ । तसर्थ वातावरणीय सन्तुलन कायम राख्न पनि घाँस खेती गर्नु र डालेघाँसको विरुवा लगाउनु आवश्यक देखिन्छ । घाँस खेती तथा चरन विकासले अरु अन्न बालीले भन्दा बढी माटो स्थिर बनाउछ, हरियो घाँस भएको चरनले ९३ प्रतिशत माटोलाई बग्नवाट जोगाउंछ र डाले घाँसको रुख विरुवाले आँधीबाट हुने भू-क्षय कम गराउंछ भन्ने निष्कर्ष अमेरिकी वैज्ञानिकहरुले निकालेका छन् ।

वातावरण सुधारमा घाँसे बाली विकासले निम्न प्रभाव पार्दछः

१. भू-क्षयलाई रोकावट,
२. नाईट्रोजन स्थिरीकरण,
३. भू-मण्डलीय तापक्रम वृद्धिमा कमी ।

त्यसैले हिउदे, बर्षे र वहुवर्षीय विभिन्न घाँसहरुको खेती विस्तार गरी पशु आहारा आपूर्तिमा सुधार ल्याउनु आवश्यक छ ।

### *९.२.२ पशु आहारा सम्बन्धी आयोजनाका प्रस्तावित केही प्रमुख कियाकलापहरु*

#### *९.२.२.१ **घाँसको बीउ उत्पादनका लागि करार खेती***

समूह, सहकारी, सामूदायिक वन उपभोक्ता समितिहरुसँगको सहकार्यमा हिउदे, बर्षे र वहुवर्षीय विभिन्न घाँसहरुको बीउ उत्पादन गरी घाँसबालीको खेती विस्तार गराउने तथा पशु आहारा आपूर्तिमा सुधार ल्याउने । यो कियाकलाप कृषक समूह, सहकारी वा सामुदायिक वन उपभोक्ता समितिहरु मार्फत सञ्चालन गरिने छ । समूह, सहकारी र समितिका सदस्यहरु बाहेक अन्य इच्छुक कृषकलाई समेत यो कार्यक्रममा सहभागी गराउन सकिने छ । आयोजनाले ४०० हेक्टर क्षेत्रफलमा घाँसको बीउ उत्पादन गराउने लक्ष राखेको छ ।

➢ **करार खेती बाट बीउ उत्पादन गर्ने प्रकिया**

- घाँसको बीउ उत्पादनमा सहभागी हुने कृषक, कृषक समूह वा सहकारी तथा समूह, सहकारीका सदश्यहरुको पहिचान गर्ने ।
- पहिचान गरिएका कृषक वा कृषक समूह, सहकारी र समितिका सदस्यहरुसँग बीउ उत्पादन गर्न घाँस खेती गर्ने उपयुक्त र पर्याप्त जमिन भएको एकीन गर्ने ।
- सामुदायिक वन क्षेत्रमा लगाईने घाँसको हकमा घाँसे खेती गर्न उपयुक्त वनक्षेत्र छ, छैन र सामुदायिक वनको कार्य योजनामा घाँसे खेती गर्ने उद्देश्य छ, छैन एकीन गर्ने ।

घाँसको जात अनुसार खेती गरिनु पर्ने न्यूनतम क्षेत्रफल र कृषक समूह वा समितिले उत्पादन गर्नुपर्ने न्यूनतम बीउको परिमाण तल तालिकामा देखाए अनुसार हुने छ ।

**विभिन्न जातको घाँसको बीउ उत्पादनको लागि आवश्यक क्षेत्रफल उत्पादन गरिने बीउ**

| क.सं. | घाँस | बीउ दर प्रति हेक्टर (के.जी.) | घाँस खेती गरिनु पर्ने न्यूनतम क्षेत्र (हेक्टर) | उत्पादन गरिनु पर्ने न्यूनतम बीउ (मे.ट.) |
|---|---|---|---|---|
| १ | **हिउदे घाँस** | | | |
| १.१ | जै | १००-१२० | ५ | १५.० |
| १.२ | बर्सिम | २०-२५ | ५ | २.५ |
| १.३ | भेच | ३५-४० | ५ | ५० |
| १.४ | लुसर्न | २०-२५ | ५ | १.५ |
| २ | **बर्षे घाँस** | | | |
| २.१ | टियोसेन्टी | ३५-४० | ५ | ५.० |
| २.२ | बाजरा | १०-१२ | ५ | १.० |
| ३ | **वहुवर्षीय** | | | |
| ३.१ | स्टाइलो | ४-५ | १० | १०.० |
| ३.२ | राई ग्रास | १०-१२ | ५ | १.० |
| ३.३ | डिस्मोडिअम | २-३ | ५ | २.५ |
| ३.४ | ह्वाइट क्लोभर | ३-५ | ५ | १.५ |
| ३.५ | कोते | १२-१५ | ५ | १.५ |

९.२.२.२. ***डाले घाँसको बेर्ना वितरण :*** यो कार्यक्रममा कृषक समूह, सहकारी, सामूदायिक वन उपभोक्ता समितिका सदस्य कृषकलाई समावेश गरिने छ। सम्भाव्यता हेरी सहभागी छनोट गर्दा महिला, जनजाति, दलित सदस्यहरुलाई प्राथमिकता दिई कार्य सञ्चालन गरिने छ।

**केही मुख्य डाले घाँस लगाउने बारे जानकारी**

| क्र.सं. | घाँसको नाम | भौगोलिक क्षेत्र | बीउ छर्ने समय | बीउ दर वा बेर्ना संख्या/हे. | घाँस उत्पादन मे.ट./हे. | बीउ उत्पादन मे.ट./हे. |
|---|---|---|---|---|---|---|
| १ | इपिल-इपिल | तराई, मध्यपहाड, उच्च पहाड | कार्तिक-मंसिरमा बीउ संकलन गर्ने र राख्ने<br>३ महिना पछि असारमा लगाउने | ३ के.जी. वा ५००० बेर्ना<br>२ मीटरको फरकमा | ३० देखि ५० | ०.५-२.० |
| २ | बडहर | तराई, मध्य पहाड १५०० मीटरसम्म | आषाढमा फूल पाकेपछि एक वर्षसम्म विरुवा हुर्काई श्रावणमा सार्ने | ४ मीटरको फरकमा लगाउने। | प्रति बोट प्रति वर्ष २०० के.जी. | संरक्षण नगरी ताजा बीउ लगाउने। |
| ३ | टाँकी | मध्य पहाड, तराई | फागुन-बैशाखमा बीउ संकलन जेष्ठ-असार लगाउने | ८-१० के.जी. २५०० बोट/हे. | १०० के.जी. | |
| ४ | किम्बू | मध्यपहाड, तराई,<br>उच्च पहाड २२०० | जेष्ठ-आषाढ | हाँगा २० से.मी. कटिङ्ग<br>माघ-असारसम्म | ६० के.जी. | चैत्र-बैशाख फल पाकेपछि पानीमा घोलेर बीउ अलग गराउने |

| क्र.सं. | घाँसको नाम | भौगोलिक क्षेत्र | बीउ छर्ने समय | बीउ दर वा बेर्ना संख्या/हे. | घाँस उत्पादन मे.ट./हे. | बीउ उत्पादन मे.ट./हे. |
|---|---|---|---|---|---|---|
| | | मीटरसम्म | | | | |
| ५ | कोइरालो | १९०० मीटरसम्म | चैत्र-आषाढमा रोप्ने | २५०० बोट/हे. | १०० के.जी. | |
| ६ | कुटमिरो | १९०० मीटरसम्म | आषाढ-श्रावणमा बीउ रोप्ने अर्को वर्ष आषाढमा विरुवा रोप्ने | १५०० वेर्ना प्रति हे. ३ देखि ४ मीटर फरकमा | ८० | |



### ९.२.२.३ ***घाँसको बीउ वितरण***

आयोजनाले कृषक, कृषक समूह वा सहकारीका सदस्यहरुलाई हिउंदे, वर्षे र वहुवर्षीय घाँसको मूल वा प्रमाणित बीउ वितरण गरी घाँस खेती विस्तार तथा पशु आहारमा सुधार ल्याउने र स्रोत केन्द्रको विकास गर्ने लक्ष लिएको छ।


### ९.२.२.४ *नर्सरी व्यवस्थापन तालिम*

आयोजनाले घाँस तथा डालेघाँसका कटिङ्ग, बेर्ना आदिको स्थानीय स्तरमै उपलब्धता बढाउन आयोजनासंग सहकार्य गरी घाँस खेती गरिरहेका कृषक समूह वा सहकारी संस्थाहरुमा नर्सरी स्थापना गर्ने लक्ष लिएको छ । यसको लागि आयोजनासँग सहकार्य गरिरहेका समूह तथा सहकारीबाट सहभागी छनौट गरी यो तालिम सञ्चालन गरिने छ ।


यो तालिमको अवधि ६ कार्य दिनको हुनेछ र तालिम गाँउ वा नगरपालिका, जिल्ला वा DLSU स्तरमा सञ्चालन गरिनेछ । प्रत्येक तालीमको लागि १५ देखि २५ जना सहभागी छनौट गरी तालिम सञ्चालन गरिने छ ।

### ९.२.२.५ *सामुदायिक चरन विकास*

असल जातका स्थानीय घाँसको संरक्षण गरेर, व्यवस्थित तरिका अपनाएर वा ठाँउ सुहाउदो किसिमको स्थानीय तथा नयाँ जातको घाँस छरेर पशु आहारामा वृद्धि गरिनुलाई चरन विकास भनिन्छ । यस्तो प्रकारको चरन विकास देशका कुनै पनि भौगोलिक क्षेत्र र रुखो, पाखो समतल कुनै पनि जग्गामा गर्न सकिन्छ ।



यो कार्यक्रम कृषक समूह, सहकारी तथा सामूदायिक वन उपभोक्ता समितिहरु मार्फत सञ्चालन गरिने छ। खर्कहरुमा आश्रित कृषक समूदायलाई यो कार्यक्रममा प्राथमिकता दिई सहभागी गराइने छ। आयोजनाको सामुदायिक चरन विकास गर्ने लक्ष १००० हेक्टर राखिएको छ।



यो कार्यक्रम सञ्चालन गर्नको लागि आयोजनाले निम्न सहयोग गर्ने छः

- चरन विकास गर्नको लागि आवश्यक बीउ।
- आवश्यक मल खाद, सिचाई र बारबन्देज।
- आवश्यक स्थानमा पानी तान्ने मोटर र पाईप।
- थ्रेसिङ्ग गर्न र बीउ सुकाउन आवश्यक त्रिपालहरु।
- तौल मेशिन, बीउ भण्डार गर्ने मेटल विन तथा अन्य बन्दोबस्तीका सामानहरु।
- छनौट गरिएका समूहहरुमा खर्क व्यवस्थापन तालिम।

९.२.२.६ ***स्थानीयस्तरमा सामुदायिक बीउ भण्डारण***

आयोजनाबाट पूरक अनुदान प्राप्त गरी उप-आयोजना सञ्चालन गरिरहेका अनुदानग्राहीहरु र आयोजनाले गठन गरी परिचालन गरिरहेका कृषक समूह वा सहकारीहरुमा आयोजनाले बीउ भण्डारण सुबिधाहरुको सहयोग गर्ने छ। बीउ भण्डारण बारे व्यवहारिक तालीम दिने र बीउ प्रशोधन गर्ने औजार, उपकरण र सुबिधाहरुको समेत सहयोग गरिने छ।

९.२.२.७ ***सामुदायिक चरन विकास (मनाङ्ग, मुस्ताङ्ग)***

आयोजना लागू भएका जिल्लाहरु मनाङ्ग र मुस्ताङ्ग हिमाल पारीका जिल्ला भनेर पनि चिनिन्छन। यहाँ कृषि योग्य जमीन थोरै छ र बाली उत्पादन थोरै र ढिला हुन्छ। यहाँका धेरै

जसो बासिन्दाहरु पर्यटन र पशुपालनमा निर्भर छन । स्थानीय चरनहरुमा प्रशस्त घाँस छैन, नराम्रा खालका झाडी बुट्यानहरु छन भने भएका चरन क्षेत्रमा पनि बाटो, पानी आदिको अभाव छ । यी सबै कारणहरुले गर्दा नेपाल लाइभष्टक इनोभेसन आयोजनाले यी दुई जिल्लामा सामुदायिक चरन विकासको योजना तयार गरी चरणवद्धरुपमा कार्यक्रम सञ्चालन गर्ने लक्ष लिएको छ । यस्को लागि आयोजनाले कृषक समूह, समिति, चरन खर्क उपभोग गर्ने कृषकहरु, पालिकाका पदाधिकारिहरुलाई पशु आहाराको महत्व बुझाई सार्वजनिक जमिनमा विभिन्न घाँसहरुको खेती गरी घाँस खेती विस्तार गराउने तथा पशु आहारामा सुधार ल्याउने लक्ष राखी कार्यक्रम संचालन गने छ ।

मनाङ र मुस्ताङमा विस्तार गर्न सकिने केही घाँसका प्रजातिहरु यस प्रकार छनः

**खर्कमा लगाउन सकिने घाँसका प्रजातिहरु**

| क.सं. | घाँस | बीउ दर के.जी/हे | ताजा घाँस मे.ट./हे. | बीउ उत्पादन मे.ट./हे. |
|---|---|---|---|---|
| १. | लुसर्न | १२ - १५ | ७० - ८० | ०.३ - ०.४ |
| २. | सेतो क्लोभर<br>रातो क्लोभर | ३ - ५<br>५ - ८ | ४० | ०.३ - ०.४ |
| ३. | राई घाँस | १० - १५ | ४० - ६० | ०.२ - ०.३ |
| ४. | कक्सफूट | २-५ | १० - १४ | ०.१ - ०.२ |
| ५. | जै | १००-१२० | २५ - ४५ | |
| ६. | कोते | १२-१५ | ४० - ५० | ०.१०० |

### *९.२.२.८ कबुलियती बनमा घाँस विकास प्रवर्द्धनका लागि जिल्ला स्तरीय गोष्ठी*

गाँउ तथा नगरपालिकाका सम्बन्धित पदाधिकारीहरुलाई पशु आहाराको महत्व बुझाउने र सरकारी स्वामित्वको सार्वजनिक जमिन कबुलियतमा लिई कृषक समूह तथा सहकारीहरु मार्फत घाँस, चरन तथा डाले घाँस विस्तार गराउने नीति तथा कार्यक्रम आयोजनाको रहेको छ । यसको लागि आयोजनाले आफ्नो कार्यक्षेत्रका गाँउ तथा नगरपालिकाका पदाधिकारीहरु, वन तथा पशु विकास क्षेत्रमा कार्यरत स्थानीय तहका कर्मचारीहरु र कृषक समूह, सहकारीका प्रतिनिधिहरु सहभागी गराई जिल्ला स्तरमा गोष्ठी आयोजन ागर्ने छ । यस्ता गोष्ठीले स्थानीय सरकारलाई सार्वजनिक जमिन घाँस खेतीको लागि उपयोग गर्ने नीति तयार गर्न सहयोग गर्ने अपेक्षा गरिएको छ ।

- ***जिल्ला स्तरीय गोष्ठी गर्ने तरिका***

गोष्ठी एकदिनको हुनेछ । गोष्ठीमा जिल्ला भित्रका सबै स्थानीय तहका सम्भव भएसम्म निर्वाचित जिम्मेवार प्रतिनिधिहरुलाई र जिल्ला स्तरमा कार्यरत बन तथा पशु विकाससंग सम्बन्धित संघ, प्रदेश तथा स्थानीय सरकारका कार्यालयका प्रतिनिधिहरुलाई सहभागी गराइने छ । छनौट गरिएका कृषक समूह वा सहकारी तथा सामुदायिक बन उपभोक्ता समितिका प्रतिनिधिहरु र अन्य सरोकारवालाहरुलाई पनि गोष्ठीमा सहभागी गराईनेछ ।

गोष्ठीमा निम्न विषयहरुमा कार्यपत्र प्रस्तुत गरी छलफल गराईने छ ।

- पशुपालनमा आहाराको महत्व, नेपालमा पशु आहाराका स्रोतहरु, आहारा आपूर्तिका चुनौती तथा अवसरहरु ।
- सार्वजनिक जमीनमा घाँस खेती तथा चरन विकास सम्बन्धी नीतिगत व्यवस्था ।
- सार्वजनिक जमीनमा घाँस विकास र पशु आहारा आपूर्तिका तरिकाहरु ।

- सार्वजनिक जमीनमा घाँस खेती प्रवर्द्धणमा स्थानीय तहको भूमिका ।

९.२.२.९ ***घाँसको बीउ उत्पादन तालिम***

यो तालिममा आयोजनाको पूरक अनुदान प्राप्त गरी उप-आयोजना सञ्चालन गरिरहेका अनुदानग्रहीहरु र आयोजनासँग सहकार्य गरिरहेका कृषक, कृषक समूह, सहकारीका सदस्यहरुलाई सहभागी गराईने छ । तालिममा सहभागीको छनौट गर्दा महिला तथा जनजातिलाई प्राथमिकता दिइने छ । तालिम अवधि ६ दिनको हुनेछ । प्रशिक्षकको रुपमा आयोजना व्यवस्थापन इकाई तथा विकेन्द्रीकृत आयोजना सहयोग इकाई र विभिन्न चरन तथा घाँसे बाली फार्मका विज्ञहरुको सेवा प्राप्त गरिने छ ।

### *९.२.३ पशु आहारा सम्बन्धी कियाकलापहरु र सामाजिक परिचालकको भूमिका*

आयोजनाबाट सञ्चालन गरिने पशु आहारा सम्बन्धी कियाकलापमा सामाजिक परिचालकले निर्वाह गर्नुपर्ने भूमिका तल दिईएको तालिका अनुसार हुने छ ।

| क.सं. | कियाकलाप | सामाजिक परिचालकको भूमिका |
|---|---|---|
| १. | करार खेतीबाट घाँसको बीउ उत्पादन | • करार खेती गर्ने कृषक, कृषक समूह वा सहकारी तथा समूह, सहकारीका सदश्यहरुको पहिचान गर्ने ।<br>• घाँस खेती गर्ने उपयुक्त र पर्याप्त जमिन भए नभको एकीन गर्ने ।<br>• सामुदायिक वन क्षेत्रमा लगाईने घाँसको हकमा घाँस खेती गनलगाउन बन क्षेत्र उपयुक्त बन क्षेत्र छ छैन र सामुदायिक वनको कार्य योजनामा घाँस खेती गर्ने उदेश्य छ छैन एकीन गर्ने । |
| २. | डाले घाँसको बेर्ना वितरण | • डालेघाँस लगाउन इच्छुक कृषक, कृषक समूह तथा सहकारीको पहिचान गर्ने ।<br>• डालेघाँस लगाउने ठाँउ उपयुक्त भए नभएको एकिन गर्ने ।<br>• डालेघाँसका विरुवा वितरणमा सहयोग गर्ने । |
| ३. | घाँसको बीउ वितरण | • मूल बीउ वा प्रमाणित बीउ DLSU बाट प्राप्त गर्ने ।<br>• कृषक समूह, सहकारीका सदश्यलाई घाँस लगाउने, बीउ उत्पादन गर्ने प्रविधि सिकाउने ।<br>• बीउ वितरण गरेको र घाँस खेती गरेको अभिलेख राख्ने । |
| ४. | नर्सरी व्यवस्थापन तालिम र नर्सरी स्थापना | • समूह वा सहकारीबाट कृषक छनौट गराई तालिममा सहभागी गराउने ।<br>• तालिम सञ्चालन गर्न सहयोग गर्ने ।<br>• नर्सरी स्थापना गर्न प्राविधिक र सामाग्रीको सहयोग गर्ने ।<br>• नर्सरीको कारोबारको अभिलेख राख्ने । |
| ५. | सामुदायिक चरन विकास | • कृषक समूह, सहकारी, सामूदायिक वन उपभोक्ता समितिका सदस्यहरुलाई कार्यक्रममा सहभागी गराउने ।<br>• खर्कहरुमा आश्रित कृषक समूदायहरु पनि यस कार्यमा सहभागी गराउने ।<br>• कियाकलाप सञ्चालन गर्नेकममा स्थानीय सरकार, समूह तथा सहकारीसग आवश्यक समन्वय गर्ने ।<br>• विकेन्द्रीकृत आयोजना सहयोग इकाईको कार्यकम अनुसार चरन विकासको लागि आवश्यक बीउ, मलखाद, सिचाई, बारबन्देज आदिको सहयोग गर्ने । |
| ६. | सामुदायिक बीउ भण्डारण | • घासको बीउ उत्पादन गर्ने समूह, सहकारीहरुको पहिचान गर्ने ।<br>• समूह वा सहकारीका सदस्यहरुसग बीउ भण्डारण स्थल निर्माण सम्बन्धमा छलफल गर्ने ।<br>• बीउ प्रशोधन तालिमको लागि कृषक छनौट गर्ने । |

| क.सं. | कियाकलाप | सामाजिक परिचालकको भूमिका |
|---|---|---|
| | | • बीउ भण्डारण गर्ने घर निर्माण कार्यको अनुगमन गर्ने । |
| ७. | सामुदायिक चरन विकास (मनाङ्ग, मुस्ताङ्ग) | • कार्यक्रम सम्बन्धी जानकारी दिन तथा छलफल गर्न DLSU तथा चरन विज्ञसँग समन्वय गरी १ दिने गोष्ठीको आयोजना गर्ने ।<br>• गोष्ठीमा सवै जिल्ला भित्रका स्थानीय तहका निर्वाचित वा अन्य जिम्मेवार प्रतिनिधि समूह, समिति का सदस्यहरुलाई सहभागि गराउने ।<br>• खर्कको पहिचान गर्ने ।<br>• खर्क व्यवस्थापन ३ दिने तालिमका सहभागी कृषक छनौट गर्ने ।<br>• चरन विकास गर्दा आयोजनाले गर्ने र कृषक समूह, सहकारी वा समितिले गर्ने कामको जिम्मेवारी तोक्ने ।<br>• आवश्यक परिमाणमा बीउ वा अन्य सामग्री DLSU संग समन्वय गरि वितरण गर्ने ।<br>• नियमित अनुगमन गर्ने र प्राविधिक सेवा उपलब्ध गराउने । |
| ८. | कबुलियती वनमा घाँस विकास प्रवर्द्धण जिल्ला स्तरीय गोष्ठी | • एक दिने गोष्ठीमा जिल्ला भित्रका सबै स्थानीय तहका सम्भव भएसम्म निर्वाचित जिम्मेवार प्रतिनिधिहरुलाई सहभागी गराउने ।<br>• जिल्ला स्तरमा कार्यरत वन तथा पशु विकाससंग सम्बन्धित संघ, प्रदेश तथा स्थानीय सरकारका कार्यालयका प्रतिनिधिहरुलाई पनि सहभागी गराउने ।<br>• छनौट गरिएका कृषक समूह वा सहकारी तथा सामुदायिक वन उपभोक्ता समितिका प्रतिनिधिहरु र अन्य सरोकारवालाहरुलाई सहभागी गराउने । |
| ९. | घाँसको बीउ उत्पादन तालीम | • आयोजनाले गठन गरी परिचालन गरी रहेका वा आयोजनासंग सहकार्य गरीरहेका  कृषक समूह, सहकारीका सदश्यहरुबाट सहभागी छनौट गर्ने ।<br>• तालिममा सहभागी छनौट गर्दा महिला तथा जनजातिलाई प्राथमिकता दिई छनौट गर्ने ।<br>• आयोजना व्यवस्थापन इकाईसंग समन्वय गरी तालिम सञ्चालन गर्न सहयोग गर्ने । |

## ९.३. आयोजनामा पशु स्वास्थ्य तथा पशु रोग नियन्त्रण

### ९.३.१ आयोजनामा पशु स्वास्थ्य तथा पशु रोग नियन्त्रण कार्यक्रम

प्रस्तुत आयोजनाले हासिल गर्ने लक्ष लिएका चार वटा सूचकमध्य दूध, मासु र पश्मिनाको उत्पादकत्व वृद्धि र यी उत्पादनहरुको मूल्य अभिवृद्धि पश्चात बिक्रीमा हुने वृद्धि दुबै सूचकहरुमा पशु स्वास्थ्यको प्रत्यक्ष सम्बन्ध छ । नेपालमा पशु स्वास्थ्य सम्बन्धी सेवा साविकको पशु सेवा विभाग र मातहतका निकायहरुबाट प्रवाह हुदै आएकोमा राज्य पुनर्संरचना पश्चात अन्य जिम्मेवारीहरु जस्तै पशु सेवा क्षेत्रमा सेवा प्रवाह गर्ने जिम्मेवारी पनि तीन तहका सरकारहरुबीच विभाजन भएको छ ।

सेवा प्रवाह गर्ने निकाय जुन भए पनि सामान्य तया पशु स्वास्थ्य सेवाले समेट्ने बिषयहरु निम्नानुसार छनः

- पशुपन्छीलाई आवश्यक पर्ने खोपहरु उत्पादन गर्ने ।
- पशुपन्छी उपचार तथा प्राविधिक सेवा सरकारी तथा निजी दुबै क्षेत्रको सहकार्यमा विस्तार गर्ने ।
- संक्रामक रोगहरु नियन्त्रण/रोकथाम तथा उन्मूलन गर्ने ।
- आम कृषकलाई पशुपन्छी रोग निदान सेवा उपलब्ध गराउने ।
- पशुपन्छीमा प्रयोग हुने औषधी तथा खोपको उपलब्धता र गुणस्तर सुनिश्चित गर्ने ।

- विदेशबाट रोग भित्रिन नदिन क्वारेन्टीनलाई प्रभावकारी बनाउने ।
- पशुपन्छी र मानिसबीच सर्ने जुनोटिक रोगहरुको नियन्त्रण गर्ने ।
- उपभोक्तालाई स्वच्छ पशुजन्य पदार्थहरु उपलब्ध गराउने ।

### *९.३.२ पशु स्वास्थ्य सेवाका समस्याहरु*

नेपालमा पशु स्वास्थ्य सेवाका प्रमुख समस्याहरुलाई निम्न दुई समूहमा बाड्न सकिन्छः

#### ९.३.२.१ पहुंच

नेपालमा पशु स्वास्थ्य सेवा प्रवाह गर्ने काममा सरकारी र निजी दुबै क्षेत्रको सहभागिता रहेको भए पनि सेवाको पहुच भने अझै पनि धेरै कम छ । विभिन्न अध्ययनहरुले नेपालमा पशु स्वास्थ्य सेवाको पहुंच लगभग १७-२१ प्रतिशत कृषकमा मात्र पुग्न सकेको देखाएका छन र ग्रामीण भेकका अधिकांश कृषकसम्म पशु स्वास्थ्य सेवा अझै पुग्न सकेको छैन ।

#### ९.३.२.२. गुणस्तर


उपलब्धता सगै जोडिएको अर्को पक्ष सेवाको गुणस्तर पनि हो । नेपालमा पशु स्वास्थ्य सेवा मूलतः पशु चिकित्सक, पाराभेट र ग्रामीण पशु स्वास्थ्य कार्यकर्ताहरु मार्फत प्रवाह भइरहेको छ । यस सन्दर्भमा विशेषज्ञ सेवा प्रदान गर्ने पशु चिकित्सकहरुको संख्या कम र सहर बजारमा मात्र केन्द्रीत छ भने निजी क्षेत्रबाट सेवा प्रवाह गरिरहेका मध्यम स्तरका जनशक्ति पाराभेटहरु पनि बजार क्षेत्रमै केन्द्रीत भएर काम गरिरहेका छन । यस बाहेक एक महिनाको तालिम पश्चात ग्रामीण क्षेत्रमै बसी प्राथमिक उपचारको सेवा प्रदान गर्ने ग्रामीण पशु स्वास्थ्य कार्यकर्ताहरु संख्यात्मकरुपमा बढी भए पनि सेवा प्रवाह गर्ने उनीहरुको क्षमता अत्यन्त कम छ । अतः नेपालमा पशु स्वास्थ्य सेवाको पहुच र गुणस्तर दुबैमा सुधार गर्नु जरुरी छ ।

### *९.३.३ पशु स्वास्थ्य सम्बन्धी आयोजनाका क्रियाकलापहरु र सामाजिक परिचालकको भूमिका*


लक्षित उदेश्यहरु हासिल गर्न आयोजनाले पशु स्वास्थ्य सेवासग सम्बन्धित विभिन्न क्रियाकलापहरु सञ्चालन गर्ने छ । त्यस्ता केही क्रियाकलापहरु यस प्रकार छनः

| क.सं. | प्रस्तावित क्रियाकलाप | सामाजिक परिचालकको भूमिका |
|---|---|---|
| १ | **सम्भाग-१: नियामक र संस्थागत क्षमता सुदृढिकरण** | |
| १.१ | **नीतिहरु निर्माण-** पशु स्वास्थ्य नीति, एक स्वास्थ्य नीति आदि । | • नीति, ऐनहरु बारे आफू जानकारी र समुदायमा प्रचार प्रसार । |
| १.२ | **ऐन कानून निर्माण-** संक्रामक रोग ऐन, पशु औषधी ऐन र पशु कल्याण ऐन आदि । | |
| १.३ | **ऐन कानूनहरु संशोधन-** पशु स्वास्थ्य तथा पशु सेवा ऐन र पशु बधशाला तथा मासु जाँच ऐनलाई समयानुकूल संशोधन गर्ने । | |
| | **रोग नियन्त्रण मार्ग चित्रहरु-** पी.पी.आर. र खोरेत रोग नियन्त्रण रणनीति र मार्ग चित्रहरु तयार पार्ने । | |
| १.४ | **संस्थागत क्षमता अभिवृद्धि-** पशु स्वास्थ्य सेवा प्रवाहमा संलग्न जिल्ला स्थित पशु अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, प्रदेश स्तरका प्रयोगशालाहरु र पालिका स्तरका सेवा केन्द्रहरु निर्माण गर्ने र सञ्चालनमा सहयोग गर्ने । | • भेटेरिनरी अस्पताल तथा विज्ञ केन्द्र तथा पालिकाहरुसग समन्वय ।<br>• निर्माणाधीन संरचनाहरुको अनुगमन । |
| २ | **सम्भाग-२: क्षेत्रगत नवीनता प्रवर्द्धन र सेवाको आधुनिकरण** | |
| २.१ | **रोग लाग्ने दर र मृत्यु दरमा कमी-** विशेष गरी पी.पी.आर., | • खोप अभियान सञ्चालनमा सहभागीता । |


| क.सं. | प्रस्तावित कियाकलाप | सामाजिक परिचालकको भूमिका |
|---|---|---|
| | खोरेत र परजीवीजन्य रोगहरुमा । | • खोप कार्यमा संलग्न निकायहरुबीच कार्यस्थल स्तरमा समन्वय ।<br>• समूह तथा सहकारीहरु मार्फत प्रचार प्रसार । |
| २.२ | **हर्ड हेल्थ कार्यक्रम** सञ्चालन । | ➢ तालिम सञ्चालन तथा समूह सहकारी मार्फत कार्यक्रम सञ्चालन<br>➢ नियमित अनुगमन ।<br>➢ प्रतिवेदनहरु प्रेषण । |
| २.३ | **असल पशु स्वास्थ्य अभ्यास**हरुको प्रचार प्रसार । | • प्रचार प्रसार र तालिम सञ्चालन । |
| २.४ | **जैवीक सुरक्षा प्रवर्द्धण ।** | |
| २.५ | **पशु र मानिसबीच सर्ने रोगहरु** बारे चेतना अभिबृद्धि र रोग खोजी | • प्रचार प्रसार र तालिम सञ्चालन ।<br>• सर्भिलेन्स कार्यमा सहयोग । |
| २.६ | **प्रयोगशालाहरु सुदृढिकरण–** पूर्वाधार, उपकरण र जनशक्ति । | |
| २.७ | जिल्ला र पालिका स्तरमा **खोप सञ्चय** गर्ने सुबिधाहरु निर्माण । | • समन्वय । |
| २.८ | **क्वारेन्टीनहरु**को सुदृढिकरण । | |
| २.९ | **जनशक्ती विकास–** सरकारी तथा निजी क्षेत्रका पशु चिकित्सक, पाराभेट र ग्रा.प.स्वा.का.हरुको क्षमता अभिवृद्धि । | • निजी क्षेत्रका पाराभेट र ग्रा.प.स्वा.का.सँग सहकार्य ।<br>• नियमित अनुगमन र प्रगति प्रेषण |
| ३ | **समावेशी मूल्य शृंखला विकास** | • उप-आयोजनाहरुमा असल अभ्यासहरुको पालना गराउने ।<br>• नियमित अनुगमन । |
| ३.१ | **असल पशु पालन अभ्यास**हरुको अनुकरण । | • प्रचार प्रसार ।<br>• नियमित अनुगमन । |




अर्धखुल्ला प्रणालीको लागि गोठको नमूना




बन्दगोठ प्रणालीको गोठ नमूना




बन्दगोठ प्रणालीको गोठ नमूनाको विस्तृत नाप विवरण

## ९.४. आयोजनामा पशुजन्य पदार्थको प्रशोधन र बजारीकरण

### ९.४.१ आयोजनामा पशुजन्य पदार्थको प्रशोधन र बजारीकरण

यो आयोजनाले पशुजन्य मूल्य शृंखलाहरु- दूध, खसी/बोकाको मासु र च्यांग्रा पश्मिनाको उत्पादकत्व, उत्पादन तथा बिक्री बढाउने लक्ष लिएको छ । आयोजनाका प्रमुख चार वटा उद्देश्यहरुमध्य लक्षित मूल्य शृंखलाहरु *दूध, खसीबोकाको मासु र पश्मिनाको मूल्य अभिवृद्धि गरिएका उत्पादनहरुको बिक्रीमा वृद्धि गराउने* पनि एउटा लक्ष रहेको छ । आयोजनाको अन्त्यसम्म दूध, खसीबोकाको मासु र च्यांग्रा पश्मिना वा तिनबाट तयार भई मूल्य अभिवृद्धि गरिएका उत्पादनहरुको बिक्रीमा ३० प्रतिशत वृद्धि गर्ने लक्ष समेत आयोजनाले राखेको छ । यस प्रकार, यो आयोजनाले दूध, मासु र च्यांग्रा पश्मिनाको उत्पादन वृद्धि गर्ने मात्र नभई उत्पादनहरु प्रशोधन गरेर मूल्य अभिवृद्धि गर्ने तथा प्रशोधन पश्चात प्राप्त हुने त्यस्ता उत्पादनहरुको बिक्री बढाउने समेत लक्ष लिएको छ ।

### ९.४.२ वर्तमान अवस्था

नेपालमा पशुजन्य उत्पादनहरु- दूध, खसीबोकाको मासु र पश्मिनाको प्रशोधन तथा बिक्रीको विद्यमान अवस्थालाई संक्षेपमा यस प्रकार राख्न सकिन्छः

#### ९.४.२.१ दूध

आ.व.२०७५/७६ मा नेपालमा प्रति व्यक्ति वार्षिक दूध खपत ७२ लिटर रहेको र दूधको कूल उत्पादन २०९२४०३ मे.ट. भएको अनुमान गरिएको छ । उत्पादन हुने यो कूल दूधमा भैंसी र गाईको दूधको हिस्सा क्रमशः ६४% र ३६% छ । यसरी उत्पादन हुने दूधको लगभग १५% औपचारिक क्षेत्र मार्फत प्रशोधन पश्चात बिक्री हुने र ३५% अनौपचारिकरुपमा बजारीकरण हुने गरेको छ भने बाँकी ५०% घरमै खपत हुने गरेको छ ।

नेपालको दूध प्रशोधन तथा बजारीकरणका प्रमुख पात्रहरु यस प्रकार छनः

***दूध उत्पादकहरुः*** परम्परागतरुपमा गाई भैंसी पाल्ने र व्यवसायोन्मुख पशुपालकहरु ।

***दूध संकलकहरु:*** दुग्ध सहकारीहरु क्रियाशील नरहेका ग्रामीण भेकबाट दूध संकलन गरी सहर बजारमा अवस्थित डेरी उद्योगहरुलाई दूध आपूर्ति गर्ने दूधका व्यापारी र तिनका संकलकहरु पनि दूधको बजारीकरणका अर्का महत्वपूर्ण पात्रहरु हुन ।

***दुग्ध उत्पादक सहकारी संस्थाहरु:*** उत्पादक कृषकहरुबाट दूध संकलन गरी चिस्याएर वा नचिस्याएरै विभिन्न डेरी उद्योगहरुलाई दूध बिक्री गर्ने कृषकहरुद्वारा सञ्चालित दुग्ध उत्पादक सहकारी संस्थाहरु नेपालमा दूध उत्पादन तथा प्रशोधन क्षेत्रका महत्वपूर्ण पात्र हुन । नेपालमा यस्ता १६०० दुग्ध सहकारीहरु सञ्चालन भइरहेको अनुमान गरिएको छ यी मध्य कतिपय सहकारीहरु दूध प्रशोधन कार्यमा समेत संलग्न रहेका छन ।

***प्रशोधन उद्योगहरु:*** सरकारी स्वामित्वको दुग्ध विकास संस्थान लगायत निजी क्षेत्रका ठूला साना गरी करिव ५०० दुग्ध प्रशोधन गर्ने डेरी उद्योगहरु ।

### ९.४.२.२ ***मासु***

आ.व.२०७५/७६ को तथ्याङ्क अनुसार नेपालमा वार्षिकरुपमा ३४६१७९ मे.ट. मासु उत्पादन हुन्छ र मासुको प्रति व्यक्ति वार्षिक उपलब्धता १२.५ के.जी. छ । यो परिमाणमा २०% हिस्सा खसी/बोकाको मासुको रहेको छ । दूधको जस्तो मासुमा उत्पादन विविधिकरण छैन भने बजार पनि त्यति संगठित र व्यवस्थित छैन ।

नेपालमा मासुको बजारीकरणका प्रमुख पात्रहरु यस प्रकार छन:

१. स-साना फार्म र छरिएर रहेका उत्पादक कृषकहरु ।
२. ग्रामीण भेकबाट खसीबोका संकलन गरी बजार क्षेत्रका मासु उद्योगहरुलाई वा सिधै बजारमा बिक्री गर्ने व्यापारीहरु ।
३. खसीबोका वध गरी मासु बिक्री गर्ने वधस्थल वा मासु पसल सञ्चालन गर्ने व्यवसायीहरु ।

### ९.४.२.३ ***पश्मिना***

पश्मिनाबाट निर्मित शल, स्वेटर, मफलर आदि सामाग्रीहरु नेपालले निर्यात गर्ने प्रमुख उत्पादनहरु हुन । नेपालमा सञ्चालनमा रहेका ७० भन्दा बढी उद्योगहरुबाट वर्षमा रु.२७ अर्व भन्दा बढी मूल्यका पश्मिनाका तयारी सामाग्रीहरु निर्यात गर्ने गरिएको छ । तर, यी सबै उद्योगहरु आयात गरिएको कच्चा पदार्थमा निर्भर छन र नेपालमा  पश्मिनाको उत्पादन छैन भन्दा पनि हुन्छ ।

नेपालमा च्यांग्रा पालन गरिने प्रमुख जिल्लाहरु मुस्ताङ्ग, मनाङ्ग र डोल्पा हुन भने अन्य हिमाली जिल्लाहरुमा च्यांग्राको संख्या अत्यन्त कम छ । नेपालमा कूल १०४८६१ च्यांग्रा रहेको र तिनबाट वर्षमा बढीमा २४ मे.ट. पश्मिना उत्पादन हुने अनुमान गरिएको छ । तर, मनाङ्ग र मुस्ताङ्ग बाहेक अन्य जिल्लामा च्यांग्राबाट पश्मिना संकलन गर्ने गरिएको छैन । यी दुई जिल्लामा उत्पादन हुने पश्मिना पनि सीमावर्ती क्षेत्रका तिब्बती व्यापारीहरुलाई बिक्री गर्ने गरिएको छ, जुन प्रशोधन पश्चात काठमाण्डौंका व्यापारीहरुले आयात गरी पश्मिनाका विभिन्न सामाग्रीहरु तयार गर्ने कार्यमा प्रयोग गरिन्छ । अत: नेपालमा पश्मिनाको बजार व्यवस्था अत्यन्त प्रारम्भिक अवस्थामा र अव्यवस्थित छ, जसका पात्रहरु निम्नानुसार छन:

१. च्यांग्रापालक कृषक र कृषक समूह ।
२. पश्मिना उद्योगहरु ।

### ९.४.३ *पशुजन्य पदार्थको प्रशोधन र बजारीकरण*

आयोजनाले लिएका लक्षहरुमध्य दूध, खसीबोकाको मासु र पश्मिनाका उत्पादनहरुको बिक्रीमा वृद्धि गराउने पनि एउटा भएको कारण यस आयोजनामा दूध, मासु र पश्मिनाको बजारीकरणका विभिन्न कियाकलापहरु समावेश गरिएका छन । पशुजन्य उत्पादनको बजारीकरण सम्बन्धमा आयोजनाले A B, र C तीनवटै सम्भागमा कियाकलापहरु प्रस्ताव गरेको छ भने मुख्य गरी सम्भाग C ले पशुजन्य उत्पादनको प्रशोधन र बजारीकरणलाई समेटेको छ ।

#### ९.४.३.१ *पूरक अनुदान*

आयोजनाले सम्भाग C अन्तर्गत दूध, खसीबोकाको मासु र पश्मिनाको प्रशोधन तथा बजारीकरणका करिव ५०० वटा व्यवसाय योजनाहरुलाई पूरक अनुदान प्रदान गर्ने लक्ष लिएको छ । यस्तो अनुदान कूल लगानीको ५० प्रतिशत र बढीमा रु. १ करोडसम्म हुन सक्नेछ । आयोजनाबाट पूरक अनुदान पाउने यी ५०० मा कममा पनि १०० वटा व्यवसाय योजना प्रशोधन र बजारीकरणका हुने व्यवस्था समेत गरिएको छ ।

#### ९.४.३.२ *उत्पादनमूलक गठबन्धन*

आयोजनाबाट पूरक अनुदान प्रस्ताव गर्दा सो अनुदान प्रस्ताव उत्पादनमूलक गठबन्धनको आधारमा तयार पारिएको हुनु पर्ने अनिवार्य व्यवस्था गरिएको छ । बजारको सुनिश्चितता नभएको अवस्थामा वृद्धि गरिने उत्पादनले अपेक्षित प्रतिफल नदिने विगतका अनुभवहरुको आधारमा उत्पादनमूलक गठबन्धनमा व्यवसाय योजना तयार पार्नुपर्ने शर्तलाई अनिवार्य पारिएको हो ।

अतः आयोजनाबाट पूरक अनुदान प्राप्त गर्न उत्पादन वा प्रशोधनकर्ताले प्रस्ताव पेश गर्दा आफ्नो उत्पादन कसलाई बिक्री गर्ने हो ? खरिदकर्ता पहिचान गरी उसंगको समझौताको प्रति समेत आफ्नो प्रस्तावसँग अग्रीमरुपमा पेश गर्नु पर्ने छ । यस्तो व्यवस्थाले उत्पादनको बजार पहिलेनै सुनिश्चित हुने र व्यवसाय सञ्चालन पश्चात बजारीकरणमा समस्या नआउने अपेक्षा गरिएको छ ।

#### ९.४.३.३ *प्रस्तावित कियाकलापहरु र सामाजिक परिचालकको भूमिका*

आयोजनामा प्रस्तावित पशुजन्य उत्पादनको बजारीकरणसँग प्रत्यक्षरुपमा सम्बन्धित कियाकलापहरु तलको तालिकामा प्रस्तुत गरिएको छः

| क.सं. | कियाकलाप | सामाजिक परिचालकको भूमिका |
|---|---|---|
| १ | दूध, मासु र पश्मिना मूल्य शृंखलाका पात्रहरुको क्षमता अभिवृद्धि गर्ने | • समूह सहकारी परिचालन गर्ने ।<br>• समूह तथा सहकारीको क्षमता अभिवृद्धिका कियाकलापहरु सञ्चालनमा संलग्न हुने । |
| २ | खाद्य स्वच्छता बढाउने | • खाद्य स्वच्छता बारे चेतना अभिवृद्धि गराउने ।<br>• समूह, सहकारी तथा उप-आयोजनाहरुमा खाद्य स्वच्छताका अभ्यासहरु पालना गर्न लगाउने । |
| ३ | उत्पादनमूलक गठबन्धन विकास गराउने | • खरिदकर्ताहरु पहिचान गर्ने ।<br>• उत्पादक र खरिदकर्ताबीच सहकार्य गराउने काम गर्ने । |
| ४ | पशु बजारहरु निर्माण तथा सञ्चालन | • पशु हाट बजार स्थापना गर्ने सम्भाव्य ठाँउ पहिचान गर्ने ।<br>• साझेदारी गर्न संस्थाहरु पहिचान गर्ने । |

| क्र.सं. | क्रियाकलाप | सामाजिक परिचालकको भूमिका |
|---|---|---|
| | | • हाट बजारहरुको आवश्यकता पहिचान गर्ने ।<br>• हाट बजार सञ्चालनमा सहभागी हुने । |
| ५ | पशु संकलन केन्द्रहरु निर्माण | • संकलन केन्द्रहरुको सम्भावना अध्ययन गर्ने ।<br>• संकलन केन्द्र स्थापना तथा सञ्चालनका साझेदारहरु पहिचान गर्ने ।<br>• संकलन केन्द्रहरु सञ्चालनमा सहयोग गर्ने । |
| ६ | पशु वधशाला निर्माण | • साझेदार संस्था पहिचान गर्ने । |
| ७ | प्रशोधन तथा बजारीकरणका उप-आयोजनाहरु सञ्चालन | • पूरक अनुदान बारे प्रचार प्रसार गर्ने ।<br>• अवधारणा पत्र छनौटपछि गरिने स्थलगत प्रमाणिकरणमा सहयोग गर्ने ।<br>• उप-आयोजनाहरु सञ्चालनमा मदत गर्ने ।<br>• उप-आयोजनाहरुको अनुगमन गर्ने । |

## ९.५ पशुपालन क्षेत्रमा ऋण प्रवाह

### ९.५.१ आयोजनाको पशुजन्य मूल्य शृंखलामा ऋणको आवश्यकता

यस आयोजनामा छनौट गरिएका पशुजन्य मूल्य शृंखलामा आबद्व साना फार्म र व्यवसायहरुबाट दुग्धजन्य पदार्थ, खसी/बोकाको मासु र च्यांग्रा पश्मिनाको उत्पादकत्व, उत्पादन तथा बिक्री बढाउने लक्ष रहेको छ । पशुजन्य उत्पादनहरुको मूल्य अभिवृद्धि गर्ने व्यावसायिक कार्यक्रमहरुमा कृषक समूह/सहकारीका सदस्यहरुलाई वित्तीय सेवाको खाँचो पर्ने छ । आयोजनामा प्रस्तावित कूल लागत ११५ मिलियन अमेरिकी डलरमध्य लाभग्राहीहरुबाट स्वलागत १० मिलियन र बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण लगानी १५ मिलियन अमेरिकी डलर बराबरको नेपाली रुपैंयाको लगानी जुटाउनु पर्ने आवश्यकता रहेको छ । आयोजनाको सम्भाग C अन्तर्गत दूध, खसीबोकाको मासु र च्यांग्रा पश्मिनाको प्रशोधन तथा बजारीकरणका लागि करिब ५०० वटा व्यावसायिक योजनाहरुलाई ५० प्रतिशत आयोजनाबाट पूरक अनुदान प्रदान गर्ने र बांकी ५० प्रतिशत लाभग्राहीहरुले स्वलागत र बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण लिई व्यवस्थापन गर्नुपर्ने छ ।

### ९.५.२ नेपालको वर्तमान वित्तीय संरचना र नेपालीहरुको वित्तीय सेवामा पहुंच

पछिल्ला वर्षहरुमा नेपालमा वित्तीय क्षेत्रको द्रुत गतिमा विस्तार हुंदै आएका छ । बैङ्किङ सेवा, बीमा सेवा तथा पूंजी बजारमा पहुंच बढदै गएको छ । कर्जाको व्याजदरमा सुधार हुनुका साथै लगानी विस्तार हुंदै आएको देखिन्छ । वित्तीय सेवा विस्तारै ग्रामीणमुखी तथा सूचना प्रविधिमा आधारित हुदै गएको छ । नेपालमा वित्तीय संस्थाहरुको खराब कर्जा दक्षिण एसियाका देशहरुमा सबैभन्दा कम रहेको पाईन्छ । २०७६ फागुन मसान्तसम्ममा देशको वित्तीय संरचना निम्न तालिका अनुसार रहेकोछ :

**देशको वर्तमान वित्तीय संरचना**

| क्र.सं. | वित्तीय संस्थाको प्रकार | इकाई | जम्मा | कैफियत |
|---|---|---|---|---|
| १ | वाणिज्य बैंक | संख्या | २७ | |
| २ | विकास बैंक | संख्या | २३ | |
| ३ | वित्त कम्पनी | संख्या | २२ | |
| ४ | लघुवित्त वित्तीय संस्था | संख्या | ८९ | एक अर्कामा गाभिएपछि घट्न सक्ने |
| ५ | पूर्वाधार विकास बैंक | संख्या | १ | |
| ६ | हुलाक बचत बैंक | संख्या | १ | |
| ७ | बीमा कम्पनी | संख्या | ४० | जीवन र निर्जीवन |

| क.सं. | वित्तीय संस्थाको प्रकार | इकाई | जम्मा | कैफियत |
|---|---|---|---|---|
| ८ | कूल सहकारी | संख्या | ३४८३७ | बचत तथा उत्पादक |
| ९ | बचत तथा ऋण सहकारी | संख्या | १३९१७ | |
| १० | कर्मचारी सन्चय कोष | संख्या | १ | |
| ११ | नागरिक लगानी कोष | संख्या | १ | |

*स्रोत : आर्थिक सर्भेक्षण २०७६/०७७*

उपरोक्त तालिकाका आधारमा हाल देशमा १६३ वटा बैंकहरु, ३४८३७ सहकारीहरु, ४० बीमा कम्पनीहरु, १ कर्मचारी सन्चय कोष, १ नागरिक लगानी कोष र १ हुलाक बैंकले नागरिकहरुलाई वित्तीय सेवा पुर्‍याउदै आएका छन् ।

पछिल्लो समयमा बैंक तथा वित्तीय संस्थाहरुको शाखा विस्तारसंगै वित्तीय प्रविधिको प्रयोग बढ्दै गएकोले नेपालमा वित्तीय सेवामा पहुंच पनि विस्तार हुंदै गएको छ । ७४६ स्थानीय तहहरुमा बाणिज्य बैंकका न्यूनतम एक शाखा विस्तार भैसकेका छन् । २०७६ फागुन मसान्तमा कायम रहेका बैक तथा वित्तीय संस्थाका शाखाहरुः वाणिज्य बैंक – ४२१९, विकास बैंक – १२१३, वित्त कम्पनी – २३९, लघुवित्त वित्तीय संस्था – ३९६९ समेत कूल शाखा ९६४० पुगेका छन् । सबै भन्दा बढी शाखा बागमती प्रदेशमा – २५०२ र सबैभन्दा कम कर्णाली प्रदेशमा – ३७९ रहेका छन् । सरदरमा एउटा शाखाले ३०७२ जनसंख्यालाई सेवा दिइरहेका छन् (नेपाल राष्ट्र बैंक, २०७६), गतवर्ष फागुनसम्म यस्तो जनसंख्या ३६२६ रहेको थियो ।

नेपाल राष्ट्र बैंकको एक अध्ययन अनुसार २०७६ असार सम्ममा वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुमा खोलिएका निक्षेप खाताको आधारमा ६०.९ प्रतिशत नागरिकमा वित्तीय पहुंच पुगेको छ । साथै सहकारी संस्थामा करिब २२ प्रतिशत र लघु वित्त वित्तीय संस्थामा करिब १४ प्रतिशत जनताको आबद्धता रहेको देखिन्छ । २०७६ फागुनमा निक्षेप खाताको संख्या ३ करोड १७ लाख ३२ हजार, मोबाईल बैंकिंग प्रयोग कर्ताको संख्या १ करोड ३ लाख ३५ हजार र ईन्टरनेट बैंकिंग सेवाका प्रयोगकर्ता ९ लाख ९८ हजार पुगेका छन् ।

समग्रमा वित्तीय सेवामा पहुंच विस्तारै बढेको देखिएता पनि यो सेवा खास गरी शहरी क्षेत्र र शहरोन्मुख क्षेत्रमा केन्द्रीत रहेको छ । ग्रामीण इलाकामा बसोबास गर्ने कृषकहरु तथा व्यवसायीहरुका लागि भने वित्तीय सेवामा पहुंच बढाउन थप प्रयास गर्नुपर्ने आवश्यकता रहेको छ । यस आयोजनाको कार्यक्षेत्र २८९ पालिकामा रहेकोमा १५५ वटा गाउंपालिका रहेका छन् जहाँ वित्तीय संस्थाहरुको उपस्थिति तुलनात्मकरुपमा कम रहेको छ ।

### ९.५.३ समूहका सदस्यहरुलाई वित्तीय सेवामा पहुच बढाउन अवलम्वन गरिने उपायहरु

आयोजना अन्तर्गत पशुजन्य मूल्य शृंखलामा आबद्व साना फार्म र व्यवसायीहरुलाई सञ्चालन गरेको आफनो व्यवसायको आधारमा फरक-फरक स्तरको वित्तीय सेवाको खाँचो पर्दछ । फरक स्तरका वित्तीय सेवाका माँगहरुलाई सम्बोधन गर्न आयोजनामा निम्न किसिमका प्रक्रियाहरुको अवलम्वन गरिने छ ।

#### ९.५.३.१ कृषक समूहमा बचत तथा ऋणको कारोवार

समूहका सदस्यहरुलाई नियमित बचतको महत्व वारे जानकारी गराई वित्तीय साक्षरता बढाउने र आर्थिक अनुशासनको पालना गर्ने बानीको विकास गराइने छ । सामान्य अर्थमा बचत भनेको आफ्नो आम्दानीबाट खर्च घटाई बाँकी रहने रकम भन्ने बुझिन्छ । साना कृषकहरु जसको आम्दानीको तुलनामा आवश्यकताहरु धेरै हुन्छन्, उनीहरुले यो बाटोबाट कहिल्यै पनि बचत गर्न सक्दैनन् । थोरै आम्दानीबाट पनि केही अंश बचत गर्ने बानीको विकास गराउन, आम्दानीको केही भाग बचाएर अनि मात्र खर्च गर्ने बानीको विकास गराउनु पर्दछ । यसरी

साना व्यवसायीहरुले पनि नियमित बचत गर्नका लागि (आम्दानी-बचत = खर्च ) भन्ने सिद्धान्तको अनुशरण गर्नु पर्दछ ।

कृषक समूहका प्रत्येक सदस्यले हरेक महिना निश्चित रकम बचत गर्ने गर्दा समूहमा एउटा कोषको सिर्जना गर्न सकिन्छ । सदस्यहरुको बचत रकम तथा समूहका अन्य स्रोतहरुबाट प्राप्त हुने आम्दानीलाई समेत समावेश गरी हरेक समूहमा एउटा "हितकोष"को स्थापना गरिने छ । सो कोष परिचालन गर्न समूहका सदस्यहरुलाई बचत तथा ऋण व्यवस्थापन सम्वन्धी तालिमका साथै आर्थिक अनुशासन पालना गर्न समूहका सदस्यहरुलाई प्रेरित गरी हितकोषको हिसाप किताप चुस्त-दुरुस्त राख्नका लागि आवश्यक रजिस्टरहरु, स्टेशनरीका सामानहरु सहयोग गर्नुका साथै लेखा सम्बन्धी तालिम पनि दिईने छ ।

हितकोषको रकम परिचालन गरी समूहका सदस्यहरुलाई तत्काल आवश्यक पर्ने स-साना ऋणहरुको खाँचो टार्न सकिने छ ।

### ९.५.३.२ *समूह सदस्यहरुलाई स्थानीय सहकारी, लघुवित्त वित्तीय संस्था र बैंकहरुमा आबद्ध गर्ने*

बचत तथा ऋण परिचालनको अनुभव हासिल गरेका समूहका सदस्यहरुलाई उनीहरुको चाहना र आवश्यकताका आधारमा स्थानीय तहमा कार्यरत वित्तीय संस्थाहरुः बचत तथा ऋण सहकारी, लघुवित्त वित्तीय संस्था र बैंक शाखाहरुमा आबद्ध गराईने छ । बचत तथा ऋण सहकारी र लघुवित्त वित्तीय संस्थामा आबद्ध हुने सदस्यहरुले पशुपालनसंग सम्बन्धित साना ऋणहरु उनीहरुले सम्बन्धित संस्थामा गरेको बचत रकम र सदस्यहरुको विश्वासका आधारमा विना धितो प्राप्त गर्न सक्नेछन् । तुलनात्मकरुपमा ठूला ऋणहरुको आवश्यकता पर्ने व्यवसायीहरुलाई विकास बैङ्क र वाणिज्य बैङ्कका स्थानीय शाखाहरुसंग आबद्ध गरी उनीहरुलाई आवश्यक पर्ने ऋण धितोमा प्राप्त गर्न सक्नेछन् । यस प्रयोजनका लागि सम्बन्धित वित्तीय संस्थाहरुको क्षमता अभिवृद्धि गर्न पशुपालन सम्बन्धी ऋण विश्लेषण तथा व्यवस्थापन तालिम प्रदान गरिने छ ।

पशुजन्य मूल्य शृंखलामा आबद्व भएका फार्म र व्यवसायीहरुलाई स्थानीय तहमा सञ्चालित वित्तीय संस्थाहरुसंग आबद्ध गर्नका लागि ती संस्थाका जिम्मेवार व्यक्तिहरु र कृषक समूहका प्रतिनिधिहरुबीच स्थानीय तहमा कार्यशाला गोष्ठीको आयोजना गरिने छ । सो गोष्ठीमा वित्तीय संस्थाका सहभागीले सम्बन्धित संस्थाका नीति बारे विस्तृत जानकारी गराउनेछन् भने समूहका प्रतिनिधिहरुले आफ्ना समूहहरुको र सदस्यहरुको क्षमता र आवश्यकताका बारेमा जानकारी गराउनुका साथै आपसी छलफल र अनुभवको आदान प्रदान गर्नेछन । कार्यशाला गोष्ठीपछि समूह प्रतिनिधिहरुको समन्वयमा सदस्यहरुको चाहना अनुसार उपयुक्त वित्तीय संस्थामा सदस्यहरु आबद्ध हुदै जानेछन् ।

### ९.५.३.३ *समूहमा पशु बीमा सचेतना सम्बन्धी कार्यक्रम*

पशुपालन व्यवसायको जोखिम न्यूनीकरण गर्न नेपाल सरकारले पशु बीमाको कार्यक्रम लागू गरेको छ । यस कार्यक्रमबाट कृषकहरुलाई आर्थिक सुरक्षा मिल्नुका साथै पशुपालन सम्बन्धी ऋण लिनका लागि सजिलो पर्दछ । कहिले कांही अकस्मात पशुको मृत्यु भएको खण्डमा बीमा कम्पनीबाट कृषकले ९० प्रतिशत सम्म क्षतिपूर्ति पाउने हुदा यसले व्यवसायको निरन्तरताका लागि समेत टेवा पुऱ्याउंदछ । कृषकहरुलाई यस कार्यक्रमप्रति उत्प्रेरित गर्न सरकारले बीमा गर्दा लाग्ने प्रिमियमको ७५ प्रतिशत अनुदान कृषि तथा पशु विकास मन्त्रालय मार्फत दिंदै आएको छ । यसरी यदि कुनै कृषकले आफनो रु. १ लाख पर्ने गाई/भैंसीको १ वर्षका लागि बीमा गर्नु परेमा मूल्यको ५ प्रतिशत अर्थात रु ५००० प्रिमियम बुझाउनु पर्नेमा रु ३७५०

सरकारले अनुदान दिने छ । बांकी रकम रु. १२५० मात्र कृषकले बुझाउनु पर्ने छ । यदि पशुको मृत्यु भएमा कृषकले सम्बन्धित बीमा कम्पनीबाट रु. ९०,००० सम्म क्षतिपूर्ति पाउन सक्नेछ ।

यति राम्रो कार्यक्रमको सन्देश पनि कृषकसम्म राम्रोसँग पुग्न सकेको छैन । त्यसैले थोरै कृषकहरु मात्र यो कार्यक्रममा सहभागी भएका छन् । यो कार्यक्रमलाई व्यापकरुपमा पशुपालक कृषकका माझमा पुऱ्याउने उद्देश्यले यो आयोजनाले बीमा कम्पनी, बीमा अभिकर्ता, स्थानीय सरकारका प्रतिनिधिहरु र पशुपालक कृषक समुदायहरुलाई एकै ठाँउमा भेला गरी पशु बीमा सचेतना कार्यक्रमहरु सञ्चालन गर्ने लक्ष लिएको छ । त्यस्ता कार्यक्रमहरुको लगत्तै सम्बन्धित बीमा कम्पनीहरुसँग समन्वय गरी अभियानकोरुपमा ईच्छुक कृषकहरुका पशुको बीमा गरिने छ ।

### *९.५.४ वित्तीय पहुंच बढाउन गरिने क्रियाकलापहरुमा सामाजिक परिचालकको भूमिका*

| क.सं. | क्रियाकलाप | सामाजिक परिचालकको भूमिका |
|---|---|---|
| १ | कृषक समूहमा बचत तथा ऋणको कार्यक्रम प्रभावकारीरुपमा सञ्चालन गर्ने । | • नियमित बैठकमा उपस्थित भै समूह सदस्यलाई बचत गर्न उत्प्रेरित गर्ने ।<br>• आर्थिक अनुशासन पालना गर्न उत्प्रेरित गर्ने । हिसाप दुरुस्त राख्न सहयोग गर्ने ।<br>• हितकोषबाट प्रदान गरिने ऋण उत्पादनशील क्षेत्रमा लगानी गर्न सहजीकरण गर्ने । |
| २ | वित्तीय संस्थाहरुको पहिचान गर्ने । | • आयोजना क्षेत्रका स्थानीय तहमा सञ्चालित बचत तथा ऋण सहकारी, लघुवित्त वित्तीय संस्था र बैंकका शाखाहरुको पहिचान गर्ने ।<br>• ती वित्तीय संस्थाहरुले प्रवाह गर्ने पशुजन्य व्यवसाय सम्बन्धी ऋणको जानकारी गर्ने । |
| ३ | वित्तीय संस्था र समूहका प्रतिनिधिहरुबीच कार्यशाला गोष्ठीको आयोजना गर्ने । | • कार्यशाला गोष्ठीका लागि वित्तीय संस्थाहरु र कृषक समूहहरुको छनौट गर्ने,<br>• कार्यशाला गोष्ठीका लागि ठाँउको छनौट गर्ने,<br>• गोष्ठीको कार्यक्रम तयार पार्ने,<br>• कार्यशाला गोष्ठी सञ्चालन गर्न सहजीकरण गर्ने । |
| ४ | ऋणका लागि सहजीकरण गर्ने | • ऋणका लागि आवेदन साथ पेस गर्नुपर्ने कागजात तयार गर्न सहयोग गर्ने,<br>• ऋणको आकार अनुसार उपयुक्त संस्था छनौट गर्न सहयोग गर्ने । |
| ५ | पशु बीमा सचेतना भेलाको आयोजना गर्ने | • स्थानीय तहमा कार्यरत बीमा कम्पनीको पहिचान गर्ने,<br>• सम्बन्धित क्षेत्रको बीमा अभिकर्ताको पहिचान गर्ने,<br>• स्थानीय तह र पशुपालक समुदायहरुसंग समन्वय गर्ने ।<br>• सचेतना भेला सञ्चालन गर्न सहजीकरण गर्ने । |
| ६ | पशु बीमा र क्षतिपूर्ति दाबी गर्न सहजीकरण गर्ने | • पशुपालन क्षेत्रमा अभियानकोरुपमा पशु बीमा गर्न सहजीकरण गर्ने<br>• बीमित पशुको मृत्यु भएमा दाबी गर्न र क्षतिपूर्ति दिलाउन सहजीकरण गर्ने । |

## *९.६. आयोजनामा पशु बीमा प्रवर्धण*

### *९.६.१ बीमाको परिभाषा*

बीमा भविष्यमा घट्न सक्ने कुनै पनि अप्रिय घटनाबाट आइपर्न सक्ने जोखिमको न्यूनीकरण वा जोखिम बाँडफाँड गर्ने एउटा माध्यम हो । बीमामा सेवाग्राहीले निश्चित उद्देश्यका लागि निश्चित रकम ( जसलाई प्रिमियम पनि भनिन्छ) सम्बन्धित बीमा कम्पनीमा बुझाउनु पर्दछ । भविष्यमा यदि कुनै घटना घट्यो भने सेवाग्राहीले बीमा कम्पनीमा क्षतिपूर्तिका लागि आवश्यक प्रकिया पूरा गरी दावी गरेपछि सम्बन्धित कम्पनीले तोकिए बमोजिम बीमाको क्षतिपूर्ति रकम भुक्तानी गर्नु पर्दछ । अर्को शब्दमा बीमा भनेको बिमित र बीमक (बीमा कम्पनी) बीच लिखितरुपमा गरिएको करार हो जसमा बिमित पक्षले भविष्यमा निश्चित जोखिम भएमा निश्चित रकम भुक्तानी पाउने उद्देश्यले निश्चित रकम तोकिएको

समयमा तिर्ने कबुल गरेको हुन्छ । सरल भाषामा बुझ्नु पर्दा बीमा भनेको विभिन्न किसिमका जोखिमहरुलाई एक पक्षबाट अर्को पक्षमा हस्तान्तरण गर्ने एउटा तरिका हो ।

खेती गरिएका खाद्यान्न, तरकारी, फलफूल, नगदे बाली, औद्योगिक बाली, मत्स्यपालन, मौरीपालन, रेशम खेती, च्याउ खेती लगायत विभिन्न प्रकारका बालीहरु र घरपालुवा पशु तथा पन्छीहरुको जोखिम रक्षावरणको लागि गरिने बीमालाई कृषि बीमा भनिन्छ । त्यसै गरी घरपालुवा पशुपन्छीको हानी नोक्सानी भएमा आर्थिक क्षतिपूर्तिका लागि गरिने बीमालाई पशुपन्छी बीमा भनिन्छ ।

### ९.६.२ *नेपालमा कृषि/पशु बीमाको थालनी*

नेपालमा बीमा ऐन, २०४९ को दफा ८ (घ) ले दिएको अधिकार प्रयोग गरी बीमा समितिले कृषि विकास मन्त्रालयको सहयोग र समन्वयमा बाली तथा पशुपन्छी बीमा निर्देशन, २०६९ जारी गरेको छ । यो निर्देशन बि.सं. २०६९ साल माघ १ गतेदेखि लागू भएको हो । निर्देशन जारी भएसँगै समितिले धान बाली, तरकारी खेती, फलफूल खेती, आलु खेती, पशु, पन्छी र माछा बीमा लेखको ढाँचा तथा अन्य व्यवस्था समेत गरेको छ । कृषकहरुलाई बाली तथा पशुपन्छी बीमामा आकर्षित गर्न नेपाल सरकारले बीमा शुल्कको पचहत्तर प्रतिशत (७५%) व्यहोर्ने व्यवस्था गरेको छ । हाल कृषकहरुले बीमा शुल्कको जम्मा २५ प्रतिशत मात्र व्यहोरे पुग्नेछ । बीमा गरेको वाली पूर्णरुपमा क्षति भएमा वा पशुको मृत्यु भएमा बीमित रकमको ९० प्रतिशतसम्म कृषकले क्षतिपूर्ति पाउनेछन् ।

### ९.६.३ *बीमा अभिकर्ताको भूमिका*

बीमा कम्पनीले आवश्यक तालिम प्रदान गरी बाली तथा पशुपन्छी बीमाको लागि प्रचलित कानून बमोजिमको व्यक्ति, संगठित संस्था, समूह आदिलाई बीमा अभिकर्ताकोरुपमा मान्यता दिई कार्य गराउन सक्नेछ । बाली तथा पशुपन्छी बीमामा कार्य गर्ने कर्मचारी तथा आफूले नियुक्त गरेका बाली तथा पशुपन्छी बीमा सम्बन्धी कार्य गर्ने बीमा अभिकर्तालाई काम लगाउनु पूर्व बीमा कम्पनीले बाली तथा पशुपन्छी बीमा सञ्चालन, व्यवस्थापन, वितरण तथा दावी भुक्तानी प्रक्रिया सम्बन्धमा आधारभूत तालिम दिनु पर्नेछ । कृषक (बीमित) हरुले अभिकर्ताको सहयोगमा माथि उल्लेखित बाली, पशुपन्छी तथा माछा पालन बीमालेखमा तोकिएको शर्त बमोजिम निर्धारित प्रस्ताव फारम भरी आफ्नो व्यवसायको बीमा गराउन सक्नेछन् ।

बीमा अभिकर्ताले बीमा गराए बापत निश्चित रकम कमिशन पाउने व्यवस्था रहेको छ । बीमा गर्दा प्रस्ताव फारमको साथ सम्बन्धित प्राविधिकको प्रमाणपत्र समेत पेश गर्नु पर्दछ । प्राविधिक व्यक्ति भन्नाले बाली बीमाको हकमा कृषि सेवा केन्द्र वा मान्यता प्राप्त शिक्षण संस्थावाट कृषि बिषयमा आधारभूत ज्ञान हासिल गरी सम्बन्धित निकायबाट सो सम्बन्धमा काम गर्न इजाजत प्राप्त व्यक्ति र पशुपन्छी बीमाको हकमा पशु सेवा केन्द्र, उप-केन्द्रका प्राविधिक वा भेटेरिनरी जे.टि, जे.टि.ए. वा ग्रामीण पशु स्वास्थ्य कार्यकर्ता वा मान्यता प्राप्त शिक्षण संस्थाबाट पशुपन्छी चिकित्सा/पशुपन्छी विज्ञान विषयमा ज्ञान हासिल गरी सम्बन्धित निकायबाट सो सम्बन्धमा काम गर्न इजाजत प्राप्त व्यक्ति हुनुपर्ने छ । बाली तथा पशुपन्छी बीमा निर्देशन, २०६९ र विभिन्न बाली, पशुपन्छी तथा माछा सम्वन्धी बीमालेखमा उल्लेख भएका केही मुख्य अंशहरु तपशीलमा दिईएको छ ।

**बाली तथा पशुपन्छी बीमा गराए वापत बीमा अभिकर्ताले पाउने कमिसन**

| क.स. | बाली तथा पशुपन्छी बीमाको किसिम | बीमा शुल्क | | कमिसन |
|---|---|---|---|---|
| १. | बाली बीमा | बीमाङ्कको ५ प्रतिशत (प्रति बाली) | | बीमा शुल्कको १५ प्रतिशत |
| २. | पशु बीमा | बीमाङ्कको ५ प्रतिशत (प्रति वर्ष) | | बीमा शुल्कको १५ प्रतिशत |
| ३. | पन्छी बीमा | व्यावसायिक | बीमाङ्कको ६ प्रतिशत प्रति समूह (ब्याच) | बीमा शुल्कको १५ प्रतिशत |
| | | घरपालुवा | बीमाङ्कको ५ प्रतिशत प्रति समूह ( ब्याच) | |

### *९.६.४ पशु धन सुरक्षणका लागि बीमाक्तको सीमा र उमेर*

**अधिकतम बीमाक्त :** बैंक वा वित्तीय संस्थाबाट ऋण लिई खरिद गरेको, आफ्नै गोठमा हुर्केको वा आफ्नै लगानीबाट खरीद गरेको पशुधनको स्थानीय मूल्यको आधारमा बीमाङ्क रकम देहाय बमोजिम हुनेछ ।

**बीमाक्तको सीमा, उमेर र मूल्य**

**क) गाई/भैंसी**

| गाई | उन्नत | स्थानीय |
|---|---|---|
| बाच्छी (१ वर्षसम्मको) | रु ३०,०००/- | रु १०,००० /- |
| बाच्छी (१ वर्ष माथिको) | रु ७५,०००/- | रु २५,००० /- |
| दुधालु | रु १,५०,००० /- | रु ५०,०००/- |

वा सोको वास्तविक मूल्य जून कम हुन्छ सोको सीमासम्म ।

| भैंसी | उन्नत | स्थानीय |
|---|---|---|
| पाडी (१ वर्षसम्मको) | रु ३०,०००/- | रु १५,००० /- |
| पाडी (१ वर्ष माथिको) | रु ६०,०००/- | रु ३०,००० /- |
| दुधालु | रु १,२५,००० /- | रु ७०,०००/- |

वा सोको वास्तविक मूल्य जून कम हुन्छ सोको सीमासम्म ।

**ख)** **प्रजननको** लागि पालिएको प्रति राँगो तथा साँढे बढीमा रु ७०,०००/-(सत्तरी हजार) वा सोको वास्तविक मूल्य जून कम हुन्छ सोसम्म ।

**ग)** **ढुवानी वा जोत्नको** लागि प्रति गोरु वा राँगोको रु ४०,०००/- (चालीस हजार) वा सोको वास्तविक मूल्य जून कम हुन्छ सोसम्म ।

**घ) याक/चौरी**

| | |
|---|---|
| बाच्छी | रु १२,००० /- |
| कोरेली | रु २५,०००/- |
| दुधालु | रु ५०,०००/- |
| वयश्क याक | रु ८०,००० /- |

वा सोको वास्तविक मूल्य जून कम हुन्छ सोसम्म ।

**ङ)** **मासुका लागि** पालिएका भेंडा बाखा तथा बगुंर आदिका पाठाहरुको उमेर अनुसार स्थानीय बजार मूल्य या बढीमा रु ८,०००/- (आठ हजार हुनेछ)।

**च)** **पाठापाठी** उत्पादनका लागि पालिने माउको मूल्य बढीमा देहाय वमोजिम हुनेछः

- बाखा र भेडा रु. १०,०००/-
- बंगुर रु. १०,०००/-

**छ)** **मासु, चल्ला तथा अण्डाको लागि** पालिने हाँस वा कुखुराको मूल्य देहाय बमोजिम हुनेछः

| | |
|---|---|
| ब्रोइलर | रु ४००/- |
| लेयर्स (अण्डा पार्ने) | रु ७०० /- |
| ह्याचरी (चल्ला पार्ने) | रु १,२०० /- |
| हाँस (अण्डा पार्ने) | रु ७०० /- |
| हाँस (मासु उत्पादन गर्ने) | रु ६०० /- |

**ज)** **पशुधनको बीमा योग्य उमेर** (न्यूनतम र अधिकतम) देहाय बमोजिम हुनेछः

- स्थानीय तथा उन्नत जातको गाई २ वर्ष (अथवा पहिलो वेत भएको) देखि १० वर्षसम्म
- भैंसी ३ वर्ष (अथवा पहिलो वेत भएको) देखि १२ वर्षसम्म
- स्थानीय तथा उन्नत नश्लको बाच्छी, कोरेली वा पाडीको ६ महिनादेखि २ वर्षसम्म
- प्रजननको लागि उन्नत नश्लको साँढे वा राँगाको ३ वर्षदेखि ७ वर्षसम्म
- ढुवानी वा जोत्नको लागि गोरु वा राँगा ३ वर्षदेखि १२ वर्षसम्म
- भेंडा, बाख्रा र बंगुर ३ महिनादेखि बिक्रीका लागि तयार हुन्जेलसम्म

बाली तथा पशुपन्छी बीमाङ्कको हकमा प्रत्येक वर्ष तथ्याङ्क हेरी आवश्यक पुनरावलोकन गर्न सकिने छ तथा निर्देशनमा समावेश नभएका बाली, पशुपन्छी तथा अन्यको बीमाङ्कको हकमा सम्बन्धित मन्त्रालय मार्फत उपलब्ध भएका तथ्याङ्कलाई आधार मानी निर्धारण गर्न सकिने छ।

- पशुपन्छीको मूल्य जात र पालिने क्षेत्र अनुसार फरक फरक हुन सक्ने छ।
- पशुपन्छीको मूल्याङ्कन गर्दा प्रस्तावित पशुपन्छीको उमेर, स्वास्थ्य स्थिति र उत्पादकत्वको आधारमा गर्नु पर्नेछ।
- तर, यसरी निर्धारण गरिने मूल्य स्थानीय बजारमा चलेको मूल्य भन्दा बढी हुने छैन।

बीमा गरिएको बाली तथा पशुपन्छीको बीमा अवधि भित्र क्षति भएमा क्षतिको मूल्याङ्कन सम्बन्धित विशेषज्ञ/प्राविधिकबाट गराउनु पर्नेछ।

### ९.६.५ *बीमालेखले रक्षावरण गर्ने जोखिमहरु*

देहायका कुनै कारणबाट हानी नोक्सानी भएमा बीमकले बीमाङ्क रकमको ९० प्रतिशत रकम बीमितलाई भुक्तानी गर्ने छ।

- ***धानबाली, तरकारी, फलफुल, आलु, पन्छीको हकमा***

क) आगलागी, चट्याङ

ख) भू-कम्प

ग) बाढी, डुवान, खडेरी

घ) पहिरो/भू-स्खलन

ङ) आँधीबेहेरी, असिना, हिउँ वा तुसारो

च) आकस्मिक र दुर्घटनाजन्य वाह्य कारणहरु

छ) कीरा तथा रोगहरुबाट हुने हानी नोक्सानी

➢ ***पशुधनको हकमा***

बीमाको अवधि भित्र पशुधनको विवरण तालिकामा उल्लेख भए बमोजिमका पशुधनको क्षती र हानी नोक्सानी भएमा देहाय बमोजिमको क्षतिपूर्ती रकम बीमकले सम्बन्धित पक्षलाई भुक्तानी गर्नेछ ।

क) मृत्यु भएमा बीमाङ्क रकमको ९० प्रतिशत
ख) पूर्ण स्थायीरुपमा अशक्त भएमा बीमाङ्क रकमको ५० प्रतिशत

### ९.६.६ *क्षतिपूर्ति दावी सम्बन्धी प्रक्रिया*

बीमा लेखले रक्षावरण गरेको जोखिमहरुका कारणबाट बीमित माछा र पन्छीको हानी नोक्सानी भएमा सात (७) दिन भित्र र धान, तरकारी, फलफूल, आलु र पशुधनको हकमा १५ दिन भित्र वा सो अवधि भित्र सम्भव नभएमा सोको कारण सहित सम्भव हुनासाथ बैंक/सदस्य संस्था मार्फत देहायका कागजातहरु बीमक समक्ष पेश गर्नु पर्नेछ ।

क) सक्कल बीमा लेख ।
ख) पूर्णरुपले भरिएको दाबी फाराम ।
ग) सम्बन्धित प्राविधिकको प्रतिवेदन (पशु र पन्छीको हकमा मृत्यु प्रमाण-पत्र)
घ) नगरपालिका, गाँउपालिका र वडाको सर्जमिन मुचुल्का वा माछा, पशुधन र पन्छीको हकमा कम्तीमा सब भन्दा नजिकको दुई (२) जना छिमेकीको सर्जमिन मुचुल्का ।

**फिर्ता गर्ने बीमालेखको अवधि र प्रतिशत निम्न अनुसार हुनेछः**

| बीमालेख कायम रहने अवधि | वार्षिक बीमा शुल्कमा कट्टा गरिने प्रतिशत |
|---|---|
| २ महिना | ३० प्रतिशत |
| ३ महिना | ४० प्रतिशत |
| ४ महिना | ५० प्रतिशत |
| ५ महिना | ६० प्रतिशत |
| ६ महिना | ७० प्रतिशत |
| ७ महिना | ९० प्रतिशत |
| ८ महिनाभन्दा वढी | १०० प्रतिशत |
| *दाबी परी सकेको बीमालेखको बीमा शुल्क भने फिर्ता हुने छैन* | |

### ९.६.७ *क्षतिपूर्ति दावी नलाग्ने अवस्थाहरु*

- बीमीतको लापारवाहीको कारणबाट बालीको नोक्सानी वा पशुको मृत्यु भएको भएमा,
- बीमीत बाली तथा पशुवस्तु सरकारी निकाय वा अन्य मान्यता प्राप्त निकायको आदेशमा नष्ट गरिएमा,
- झुट्टा विवरण दिएमा,
- बीमा गरेको संकेत पट्टा (बीमालेख) फेला नपरेमा,
- बीमालेखमा तोकिएको समय भित्र दाबी नगरेमा ।

### ९.६.८ *नेपालमा हाल कृषि बीमा गर्ने निर्जीवन बीमा कम्पनीहरु*

१. नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड
२. दि ओरिएन्टल इन्स्योरेन्स कम्पनी लिमिटेड
३. नेशनल इन्स्योरेन्स कम्पनी लिमिटेड

४. हिमालयन जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड
५. युनाइटेड इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेड
६. प्रिमियर इन्स्योरेन्स कम्पनी (नेपाल) लिमिटेड
७. एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेड
८. नेको इन्स्योरेन्स लिमिटेड
९. सगरमाथा इन्स्योरेन्स कम्पनी लिमिटेड
१०. एलाइन्स इन्स्योरेन्स कम्पनी लिमिटेड
११. प्रुडेनसियल इन्स्योरेन्स कम्पनी लिमिटेड
१२. शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड
१३. लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लिमिटेड
१४. एन.एल.जी. इन्स्योरेन्स कम्पनी लिमिटेड
१५. सिद्धार्थ इन्स्योरेन्स लिमिटेड
१६. एन.बी. इन्स्योरेन्स लिमिटेड
१७. राष्ट्रिय बीमा संस्थान
१८. सानीमा जनरल इन्सुरेन्स कम्पनी लिमिटेड
१९. प्रभु इन्सुरेन्स कम्पनी लिमिटेड
२०. आई.एम.ई.जनरल इन्सुरेन्स कम्पनी लिमिटेड

### *९.६.९ पशु बीमा प्रवर्द्धनमा सामाजिक परिचालकको भूमिका*

| क.सं. | क्रियाकलाप | सामाजिक परिचालकको भूमिका |
|---|---|---|
| १ | सम्बन्धित संस्थाहरुबीच सम्बन्ध स्थापित गर्न समन्वय गर्ने । | • आयोजना क्षेत्रमा कार्यरत निर्जीवन बीमा कम्पनीहरुको पहिचान गर्ने,<br>• पशुपालन पकेट क्षेत्रका कृषक समूहसंग बीमा कम्पनीको सम्बन्ध स्थापित गर्न सहजीकरण गर्ने,<br>• सम्बन्धित क्षेत्रको बीमा अभिकर्ता पहिचान गर्ने । |
| २ | कृषक समूहमा पशु बीमाबाट हुने फाईदाका बारेमा चेतना बढाउने | • समूहको मासिक बैठकमा पशु बीमा बारे छलफल गराउने,<br>• सम्बन्धित क्षेत्रका बीमा अभिकर्तालाई समूहको बैठकमा बोलाई बीमाको प्रकृया बारे जानकारी गराउन लगाउने । |
| ३ | पशुपालनका पकेट क्षेत्रमा बीमा सचेतना भेलाको आयोजना गर्ने | • सम्बन्धित क्षेत्रको बीमा कम्पनीसंग समन्वय गर्ने र कम्पनीको प्रतिनिधिलाई सचेतना भेलामा सहभागी गराउने,<br>• सो क्षेत्रको बीमा अभिकर्तालाई भेलामा सक्रियरुपमा भाग लिन लगाउने,<br>• स्थानीय सरकार र पशुपालक समूहकाबीचमा समन्वय गरी भेलामा सहभागी गराउने ।<br>• सचेतना भेला सञ्चालन गर्न सहजीकरण गर्ने । |
| ४ | पशु बीमा गराउन र पशुको मृत्यु भएमा क्षतिपूर्ति दाबी गर्न सहजीकरण गर्ने । | • बीमा कम्पनी, बीमा अभिकर्ता र कृषक समूहबीच समन्वय गरी अभियानकोरुपमा पशु बीमा कार्यक्रम गर्न सहजीकरण गर्ने,<br>• यदि बीमित पशुको मृत्यु भएमा क्षतिपूर्ती दाबी गर्न र क्षतिपूर्ति दिलाउन सहजीकरण गर्ने । |

# १०. स्थानीय तहमा पशु सेवा प्रदायक संस्थाहरूसँग समन्वय र सहकार्य

## *१०.१ समन्वय भनेको के हो ?*

आयोजनामा कार्यरत पशु सेवा सामाजिक परिचालकहरुको प्रमुख जिम्मेवारी आयोजनाका लक्षित लाभग्राहीलाई आयोजनाको कार्यक्रममा प्रभावकारीरुपमा सहभागी गराउनु हो । यसको लागि सामाजिक परिचालकहरुले लक्षित वर्गलाई आयोजनाको उद्देश्य, कार्यक्रम र क्रियाकलापहरु बारे स्पष्ट जानकारी दिनुपर्ने हुन्छ । आयोजनामा उनीहरु कसरी सहभागी हुनसक्छन् र आयोजनाबाट के कस्तो लाभ पाउन सक्छन भन्ने स्पष्ट बुझाउनु पर्ने हुन्छ । सामाजिक परिचालकहरुले यो काम आयोजना बारे आफूलाई स्पष्ट जानकारी भए मात्र गर्न सक्छन । तसर्थ, परिचालकको सफलताको लागि उसलाई आयोजनाको सही र स्पष्ट जानकारी हुनु अत्यन्त जरुरी छ ।

समन्वयलाई *साझा लक्ष हासिल गर्न सबै सरोकारवालाहरुका प्रयासलाई एकीकृतरुपमा लागू गर्नु* भनेर बुझ्न सकिन्छ । यसमा सरोकारवालाहरुका प्रयासलाई एकीकरण गर्ने र समाजलाई परिचालन गर्ने दुईवटा काम रहेको स्पष्ट बुझ्न सकिन्छ । कुनै पनि समाजमा विविधता हुन्छ भन्ने बुझ्नु जरुरी छ । समुदायका सदस्यहरुको रुची, पेशा, शिक्षा, चेतना, अनुभव, आर्थिक-सामाजिक अवस्था तथा पारिवारिक पृष्ठभूमि आदि फरक-फरक हुने भएकोले यो विविधता सिर्जना हुन्छ । तसर्थ, विविधताहरुबीच काम गर्न सक्नुनै एउटा सामाजिक परिचालकको सफलता हो । एउटा सफल सामाजिक परिचालकले यस्तै विविधताहरुमा काम गर्दै सदस्य-सदस्यबीच, सदस्य र समुदायबीच, समुदाय-समुदायबीच र समुदाय र आयोजनाबीच सूचना आदान प्रदान गर्नुपर्छ भने समुदायका सदस्यहरुको चेतना अभिवृद्धि गराउदै र समुदायसँग निरन्तर सम्वाद गर्दै समाजलाई परिचालन गराउनु पर्छ ।

## *१०.२ आयोजना र सरोकारवाला*

विकास कुनै एउटा निकाय वा व्यक्तिको प्रयासले मात्र सम्भव हुदैन । कुनै पनि आयोजनाका लक्षित उद्देश्यहरु सरोकारवाला सबैको सामूहिक प्रयासले मात्र हासिल गर्न सकिन्छ भन्ने तथ्यलाई मनन गरेर यो आयोजनाले केन्द्र, प्रदेश र जिल्ला स्तरमा **सरोकारवाला विचार विमर्श मञ्च** गठन गरेको छ । यी तीनै तहका विचार विमर्श मञ्चमा पशु विकाससँग सम्बन्धित सरकारी, गैर सरकारी र निजी क्षेत्रका निकाय तथा संघसंस्थाहरुको प्रतिनिधित्व रहने व्यवस्था छ ।

यी विचार विमर्श मञ्चको काम संक्षेपमा यस प्रकार छः

- सरोकारवालाहरुबीच समन्वय गराई कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा सहजीकरण गर्ने ।
- पशुजन्य उत्पादन, प्रशोधन तथा उत्पादनहरुको बजारीकरणको लागि काम गर्ने ।
- पशुजन्य उत्पादनहरुको गुणस्तर र स्वच्छता वृद्धि गर्ने ।
- पशुपालन व्यवसायलाई प्रभाव पार्ने क्षेत्रगत समस्याहरु पहिचान गरी समाधान गर्ने ।

## *१०.३ स्थानीय स्तरका सरोकारवालाहरु*

प्रभावकारी समन्वय गर्न सर्वप्रथम सरोकारवालाहरुको पहिचान हुनु जरुरी छ । यस आयोजनाले केन्द्र, प्रदेश र जिल्ला स्तरमा सरोकारवाला विचार विमर्श मञ्च गठन गरी समन्वयको लागि संयन्त्र निर्माण गरेको भए पनि आयोजना साच्चिकै कार्यान्वयन हुने पालिका स्तरमा भने यस्तो औपचारिक संयन्त्रको

निर्माण गरेको छैन । तसर्थ, स्थानीय स्तरका आयोजनाका सरोकारवालाहरु पहिचान गरी ती बीच समन्वय सुनिश्चित गराउने प्रमुख जिम्मा पशु सेवा सामाजिक परिचालकहरुमा रहेको छ ।

यो आयोजनाका स्थानीय स्तरका प्रमुख सरोकारवालाहरु यस प्रकार हुन सक्छन:

१. नगर तथा गाँउपालिका ।
२. पालिकाको पशु सेवा शाखा तथा वडामा अवस्थित पालिकाका पशु सेवा इकाईहरु ।
३. सरकारी वा निजी क्षेत्रका दुग्ध चिस्यान केन्द्र भए त्यस्ता केन्द्रहरु ।
४. दूध तथा मासु उत्पादन, संकलन तथा प्रशोधनको क्षेत्रमा काम गर्ने पालिका स्तरका सहकारी संस्था तथा संघहरु ।
५. दूध तथा मासु उत्पादनमा संलग्न कृषक समूह वा समितिहरु ।
६. पालिका स्तरमा सेवारत निजी क्षेत्रका पशु चिकित्सक तथा पाराभेटहरु ।
७. सक्रियरुपमा काम गरिरहेका ग्रामीण पशु स्वास्थ्य कार्यकर्ताहरु ।
८. पशुपालन सामाग्री तथा भेटेरिनरी औषधी आपूर्ति गर्ने एग्रोभेटहरु ।
९. पशु वधस्थल तथा मासु पसलहरु ।
१०. स्थानीय सतरमा सञ्चालन हुने हाट बजारका सञ्चालकहरु ।
११. दूध प्रशोधन गर्ने साना ठूला डेरीहरु ।
१२. पशुपालनको क्षेत्रमा काम गर्ने अन्य राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु ।
१३. घाँस तथा डालेघाँसका बिरुवा उत्पादन गर्ने नर्सरीधनीहरु ।
१४. पशुपालन क्षेत्रमा लगानी गर्ने बैंक तथा वित्तीय संस्थाहरु ।
१५. पशुपन्छी बीमा गर्ने कम्पनीका कार्यालय, कर्मचारी वा अभिकर्ताहरु ।
१६. पालिकास्तरका उद्योग वाणिज्य संघका पदाधिकारीहरु ।
१७. पशुपन्छीको कारोवार गर्ने प्रमुख ब्यापारीहरु ।

माथि उल्लेखित सरोकारवालाहरुको यो नामावली पूर्ण होइन र सबै ठाँउमा यी सबै सरोकारवालाहरु कार्यरत हुन वा नहुन पनि सक्छन । तसर्थ सामाजिक परिचालकले आफ्नो कार्यक्षेत्र भित्रका आयोजनाका सरोकारवालाहरु पहिचान गरी यी सबैको प्रभावकारी समन्वयद्वारा आयोजनाका उदेश्यहरु हासिल गर्ने प्रयास गर्नुपर्छ ।

## १०.४ प्रभावकारी समन्वयका तरिकाहरु

समन्वयलाई प्रभावकारी पार्ने कुरा मुख्य गरी समन्वयकर्ताको व्यक्तिगत क्षमता र गुणमा निर्भर रहन्छ । तसर्थ, के गरेर समन्वय गर्ने भन्ने किटान गर्न नसकिने भए पनि प्रभावकारी समन्वयको लागि समन्वयकर्ताले अपनाउन सक्ने समन्वयका केही तरिकाहरु यस प्रकार छन:

१. आयोजनाको उदेश्य र कार्यक्रम बारे आफू स्पष्ट हुने ।
२. आयोजनाका सरोकारवालाहरु पहिचान गर्ने ।
२. सरोकारवालाहरुलाई एक ठाँउमा ल्याउने कुनै संस्थागत संरचनाको निर्माण गर्ने ।
३. आयोजनाको उद्देश्य प्राप्तीमा सरोकारवालाहरुको भूमिका बारे स्पष्ट हुने र सरोकारवालालाई पनि उसले दिनसक्ने, योगदान बारे स्पष्ट पार्ने ।
४. योजनाहरु तयार पार्दा लागू गर्न सकिने सरल र सहज योजनाहरु तयार पार्ने ।
५. तयार योजनाहरु बारे सरोकारवालाहरुलाई पूर्व जानकारी दिने ।
६. सरोकारवालाहरुसँग निरन्तर प्रभावकारी सम्पर्क कायम राख्ने ।
७. सबै सरोकारवालाहरुसँग निरन्तर सम्पर्कमा रहने ।
८. आफूले दिने योगदानबाट सरोकारवालाहरुले पनि लाभ पाउने व्यवस्था गर्ने ।

### १०.५ प्रभावकारी समन्वयका अवरोधहरु

समन्वयको प्रभावकारिता समन्वयकर्ताको व्यक्तिगत गुणमा निर्भर रहने भएता पनि निम्न अवस्थाहरुले समन्वयको प्रभावकारितामा प्रतिकूल असर पार्न सक्छन:

१. समन्वयकर्ता र सरोकारवालाबीचको व्यक्तिगत सम्पर्क तनावपूर्ण भए ।
२. समन्वयकर्ता र सरोकारवाला वा सरोकारवाला र अन्य सरोकारवालाबीच मनमुटाव वा स्वार्थगत संघर्ष भए ।
३. उद्देश्य तथा सम्पादन गर्नुपर्ने भूमिका बारे स्पष्टता नभए ।
४. कुनै एक वा एक भन्दा बढी सरोकारवालाहरुको क्षमताको पूर्ण उपयोग नभएमा ।
५. सरोकारवालाहरुबीच रहने विविधतालाई सम्मान र यथोचित सम्बोधन गर्न नसकिएमा ।
६. सरोकारवालाहरुको योगदान मूल उद्देश्य र कार्यक्षेत्र भन्दा अन्यत्र आकर्षित गर्न खोजेमा ।
७. सरोकारवालाहरुबीचको सामाजिक तथा संस्थागत सम्मान नगरिएमा ।

# ११. तथ्याङ्क भनेको केहो? तथ्याङ्क संकलन विधि र आयोजनामा तथ्याङ्क संकलन प्रकिया

## ११.१ तथ्याङ्क भनेको के हो ?

तथ्यांङ्कले अंकरुपी तथ्य प्रस्तुत गर्दछ । कुनै पनि सूचनाहरु अंकको रुपमा प्रस्तुत गर्नुपर्ने ठाँउमा तथ्यांङ्कको काम आउछ । तथ्यांङ्क गणीतको एक हाँगा हो, जस्ले कुनै खास उद्देश्यको लागि तथ्य संकलन गर्ने, संगठित गर्ने, विश्लेषण गर्ने, ब्याख्या गर्ने कार्य गर्दछ र अन्त्यमा निष्कर्ष समेत निकाल्छ । अहिलेको विश्वमा देशको ब्यापार, उद्योग, कृषि, जनसंख्या जस्ता आर्थिक व्यवस्था सञ्चालन गर्न तथ्याङ्कको आवश्यकता महसूस भैसकेको छ । उदाहरणस्वरुप:

- कुनै शिक्षण संस्थाको कुनै कक्षाका बिद्यार्थीहरुको औसत अग्लाई थाहा पाउनु परेमा तथ्याङ्क विधिबाट थाहा हुन्छ ।
- कुनै गाँउको शैक्षिक स्थिति थाहा पाउनु परेमा तथ्याङ्क विधिबाट थाहा हुन्छ ।
- कुनै गाँउको जात जातिको संख्या थाहा पाउनु परेमा पनि तथ्याङ्क विधिबाट नै थाहा पाउन सकिन्छ ।
- स्कूल कलेजका विद्यार्थीहरुले पाएका ग्रेडको विवरण तयार गर्नु परेमा पनि तथ्याङ्क विधिलाई नै प्रयोगमा ल्याउनु पर्दछ ।

तथ्याङ्कले परिमाणात्मक सूचना (Quantitative information) लाई साथै गुणात्मक सूचना (Qualitative information) लाई समेत अंककोरुपमा प्रस्तुत गर्दछ । मूल्य, आम्दानी, अग्लाई, तौलको परिमाणात्मक संख्यात्मक अंक दिन सकिन्छ भने गुणात्मक सूचना (Qualitative information) जस्तै खुसी, भावनालाई प्रस्तुत गर्न प्रतिशतात्मक अंक दिन सकिन्छ । यो प्रस्तुत गर्दा कुन उद्देश्यको लागि कस्तो तथ्याङ्क चाहिएको हो सो यकिन हुनुपर्दछ ।

तथ्याङ्क आवश्यकता भएको अवस्थामा उद्देश्य अनुसार विभिन्न तहमा प्राप्ती हुन्छ । पहिलो तहमा तथ्याङ्क संकलन हुन्छ, त्यसपछि तथ्याङ्कलाई तालिकाबद्ध बनाईन्छ । तेश्रो तहमा डायग्राम, चार्ट तथा तालिका बनाईन्छ । यसलाई औषत, सहसम्बन्ध (Correlation), फैलाव (dispersion) जस्ता तरिका लगाई विश्लेषण गरिन्छ । विश्लेषणपछि त्यसबाट के निष्कर्ष निस्कन्छ त्यसको उल्लेख हुन्छ । उदाहरणको लागि १०, १० वर्षमा जनसंख्या गणना हुन्छ । त्यसको लागि विभिन्न जिल्ला तथा गाँउमा गणकहरुबाट तथ्याङ्क संकलन हुन्छ । आएको सूचनाहरुलाई तालिका बनाईन्छ । तेश्रो तहमा ती सूचनाहरुलाई डायग्राम ग्राफ बनाईन्छ र औषत, सहसम्बन्ध (Correlation), फैलाव (dispersion) गरी विश्लेषण गरिन्छ । अनि, अन्त्यमा निकालिएको तथ्याङ्कबाट के निष्कर्ष निकालिएको हो त्यसको प्रस्तुती हुन्छ । जनसंख्याको हकमा जनसंख्याको वृद्धि, महिलाको सशक्तिकरणमा बवद्धि, रोजगारीमा वृद्धि आदि जस्ता निष्कर्ष निकालिने कार्य हुन्छ ।

## ११.२ तथ्याङ्कका प्रमुख स्रोतहरु

### क) प्रारम्भिक (Primary) तथा ख) सहायक (Secondary)

#### ११.२.१ प्रारम्भिक

प्रारम्भिक स्रोत (Primary/Internal Source) बाट तथ्याङ्क संकलन गर्ने माध्यमहरु निम्न छन् :

- **प्रत्यक्ष ब्यक्तिगत अन्वेषण (Direct Personal Investigation) :** यसमा अन्वेषक आफैं जान्छ । अन्वेषक आफैं जोसँग सूचनाहरु लिनु छ जान्छ र आमने सामने भई एक एक प्रश्नहरु सोध्छ र सूचनाहरु लिन्छ । यसबाट अन्वेषकले जोसँग लिनु छ आफैंले लिने भएर सूचनाहरु गलत हुने सम्भाबना हुँदैन । भर पर्दो सूचनाहरु प्राप्त हुन्छन् । प्रश्नहरु तयार गरेर गएको हुँदा सूचनामा एकरुपता हुन्छ । विभिन्न व्यक्ति गएर सोधेको भए एकरुपता नहुन सक्थ्यो । अन्वेषक आफैं भएकोले यदि सोध्दै जाँदा तरिका फरक गर्नु परेमा तुरुन्तै परिवर्तन गर्न सक्ने हुँदा लचकता हुने देखिन्छ ।

- **अप्रत्यक्ष मौखिक अन्वेषण (Indirect oral Investigation) :** यसमा जोसँग सूचनाहरु लिने हो उसबाट नलिईकन अर्कै व्यक्तिबाट सूचना लिईन्छ । श्रीमान्को कुरा सोध्नु छ भने श्रीमतीसँग सोधिन्छ । प्रश्न सोधिने व्यक्ति साँक्षीकोरुपमा प्रस्तुत हुन्छ । यसमा क्षेत्र ठूलो हुन जान्छ । खर्चिलो छैन ।

- **स्थानीय प्रतिनिधि प्रयोग (Information from local correspondant) :** पहिला प्रतिनिधि/संस्था यकिन हुनुपर्छ जस्ले सूचनाहरु दिन जिम्मा पाएको हुन्छ । प्रतिनिधिले तोकिएका सूचनाहरु पठाईदिन्छन् । हुलाकबाट तथ्याङ्क पठाईदिन्छन् । त्यही तथ्याङ्क अन्वेषकले प्रशोधन गर्छ ।

- **गणकबाट प्रश्नावली भर्ने (Questionnare filled by enumerators) :** अन्वेषकको निर्देशनमा गणकबाट प्रश्नावलीहरु भरिन्छन् । त्यो तथ्याङ्कलाई अन्वेषकबाट तालिका बनाई प्रयोग गरिन्छ ।

#### ११.२.२ सहायक

वाह्य श्रोत (Secondary / External Source) बाट तथ्याङ्क संकलन निम्न तरिकाबाट गर्न सकिन्छ :

##### ११.२.२.१. प्रकाशित पुस्तक पुस्तिकाहरु (Published books and Booklets)

यसमा राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरका पुस्तक, पुस्तिका, तथा आर्टिकल पर्दछन् ।

- सरकारी, अर्धसरकारी, निजी कर्पोरेट संस्था, ब्यापारिक संघसंस्थाहरु, विज्ञ समितिहरुको सूचना प्रतिवेदनहरु, आयोगका प्रतिबवदनहरु, अनुसन्धान प्रतिवेदनहरु, आम्दानी, जनसंख्या, मूल्य, रोजगारी, ज्याला, निर्यात, आयातका तथ्याङ्कहरु जुन वार्षिक, अर्धवार्षिक, त्रैमासिक, साप्ताहिक या दैनिकरुपमा प्रकाशित प्रतिवेदन, केन्द्रीय तथ्याङ्क विभागबाट प्रकाशित हुने विवरणहरु, कृषि तथा पशु पन्छी विकाश

मन्त्रालयबाट प्रकाशित विवरणहरु पर्दछन् । यसमा जुनसुकै देशबाट प्रकाशित सूचनाहरु पनि पर्दछन् ।

- अर्धसरकारी कार्यालयहरु (Semi Govt bodies) खाद्य संस्थान, दूर संचार आदिबाट प्रकाशित प्रतिवेदन, पुस्तक तथा पुस्तिकाहरु ।
- महिला आयोग, दलित आयोग आदिबाट प्रकाशित तथ्याङ्कहरु ।
- व्यक्तिगतरुपमा प्रकाशित भएका तथ्याङ्कगत बिभिन्न प्रकाशनहरु, व्यक्तिले लेखेका पुस्तक, लेखहरुबाट लिईने तथ्याङ्कहरु ।

११.२.२.२ ***अप्रकाशित कृति या सूचना*** (Unpublished information)

- कुनै व्यक्तिले आफूले प्रयोग गर्ने हेतुले तथ्याङ्कहरु संकलन गरी राखेको तर, प्रकाशन नगरेको अवस्थाको पनि हुन सक्छ । व्यक्तिगत सम्पर्कको आधारमा ती सूचनाहरु लिन सकिन्छ । यस्ता सूचनाहरु पाईन्छ भन्न सकिंदैन सूचना राख्ने व्यक्तिमा भर पर्ने हुँदा यसलाई भरपर्ने स्रोतकोरुपमा लिन सकिंदैन । तर पनि, यो स्रोतको उपयोग गर्ने अन्वेषकहरु पाईन्छन् ।

## ११.३ आयोजनामा तथ्याङ्कको संकलन तथा उपयोग व्यवस्था

- यस आयोजनाका प्रमुख प्रस्तावनाहरु जसलाई Project Appraisal Document (PAD) र Project Implementation Manual (PAM) भनिन्छ ती Document हरुमा आयोजनाका उद्देश्य अनुसार के कस्ता कार्यक्रमहरु सञ्चालन गर्ने, कुन कुन कार्यालयहरु त्यसका लागि जिम्मेवार हुने, के कति कर्मचारीहरुको आवश्यकता पर्ने, कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने विधिहरु सम्बन्धमा बर्णन गरिएको छ । कार्यक्रमहरुको उपलब्धीलाई मूल्याङ्कन गर्न Result Framework (नतिजा फ्रेमवोर्क) जस्मा चारवटा सूचकहरु देखाईएको छ, जुन आयोजनाले अन्त्यमा उपलब्धीकोरुपमा प्राप्त गर्दछ । गाईभैंसीबाट दूधको, खसीबोकाबाट मासु तथा च्याङ्ग्राबाट पशिमनाको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने, दूध, मासु र पशिमनाको मूल्य शृङ्खला अभिवृद्धि गर्ने, जलवायू अनुकूलन प्रविधिहरुको वृद्धि गर्ने र कृषकहरुलाई सेवा र सम्पत्तिको वृद्धि गराउने जस्ता उद्देश्यहरु राखेको यो आयोजनाले यसैमा आधारित रही तथ्याङ्कको संकलन गर्ने उद्देश्य राखेको छ । आयोजनाले अपेक्षा गरे अनुसारको उपलब्धी मापन गर्न प्रत्येक उद्देश्य अनुसारका सूचक तय गरिएको छ र ती सूचकहरु अनुसार कसरी उपलब्धी भैरहेका छन् भनी हेर्न निम्नानुसारको तालिका बनाईएको छः

| आयोजनाको उद्देश्य अनुसारको सूचक | सूचक अनुसार कुन तथ्यांक संकलन गर्ने | कति अवधिमा तथ्याक्त संकलन गर्ने | तथ्यांकको स्रोत र लिने तरिका | तथ्यांक संकलन गर्ने जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|
| **१. उत्पादकत्व वृद्धि** | | | | |
| गाई तथा भैंसीको दूध उत्पादकत्वमा वृद्धि प्रतिशत | यसमा दूधको लागि पालिएका गाई तथा भैंसी बथानको दूधको उत्पादकत्व नापिन्छ (यसमा कूल दूध | वार्षिक रुपमा | मासिक तथा वार्षिक प्रगति प्रतिवेदन, बेसलाईन | आयोजना व्यवस्थापन इकाई तथा अन्तरगतका |

| आयोजनाको उद्देश्य अनुसारको सूचक | सूचक अनुसार कुन तथ्यांक संकलन गर्ने | कति अवधिमा तथ्याक्त संकलन गर्ने | तथ्यांकको स्रोत र लिने तरिका | तथ्यांक संकलन गर्ने जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|
| | उत्पादनलाई पालिएका जनावरको संख्याले भाग गर्नु पर्दछ) यसबाट प्रति जनावर र बथान दुबैको दूधको उत्पादन मापन गर्न सकिन्छ । | | सर्वेक्षण, प्राविधिक तथा आर्थिक अनुगमन कार्य । | कार्यालयहरु । |
| खसीबोकाको खास मासुको तौल वृद्धि प्रतिशत | यसमा खसीबोकाको खास मासुको तौल नापिन्छ । यसलाई नाप्दा खास मासुको कूल तौललाई पालिएका बथानका खसीहरुको संख्याले नाप्नु पर्दछ । | | | |
| च्यांग्रा उन उत्पादनको वृद्धि प्रतिशत | यसलाई नाप्न च्यांग्रा उनको उत्पादनलाई बेसलाईन मूल्यले भाग गरी १०० ले गुना गर्दा निस्कन्छ । | | | |
| २ **मूल्य शृंखलाका तह अनुसार उत्पादनमा प्राप्त बिक्री मूल्यमा भएको अभिवृद्धि** | लक्षित उत्पादनको मूल्य शृंखलामा उत्पादनको औसत बिक्री मूल्य वृद्धि (कृषकले बेच्दा प्राप्त गरेको कूल मूल्य बाट आधार वर्षको कूल मूल्य घटाउँदा यो बवृद्धि निस्कन्छ) | वार्षिक रुपमा | मासिक तथा वार्षिक प्रगति प्रतिवेदन, बेसलाईन सर्वेक्षण, प्राविधिक तथा आर्थिक अनुगमन कार्य | आयोजना व्यवस्थापन इकाई तथा अन्तरगतका कार्यालयहरु |
| ३. **जलवायू अनुकूल कृषि प्रविधि प्रयोग गर्ने कृषकहरु (महिला प्रतिशत)** | तोकिएका पालिकाहरुमा जलवायू अनूकूल कृषि तथा पशुपालन प्रविधिहरुको प्रयोग गर्ने कृषकहरुको संख्या लिईन्छ । | वार्षिक रुपमा | मासिक तथा वार्षिक प्रगति प्रतिवेदन, बेसलाईन सर्वेक्षण, प्राविधिक तथा आर्थिक अनुगमन | आयोजना व्यवस्थापन इकाई तथा अन्तरगतका कार्यालयहरु |

| आयोजनाको उद्देश्य अनुसारको सूचक | सूचक अनुसार कुन तथ्यांक संकलन गर्ने | कति अवधिमा तथ्याक्त संकलन गर्ने | तथ्यांकको स्रोत र लिने तरिका | तथ्यांक संकलन गर्ने जिम्मेवार व्यक्ति |
|---|---|---|---|---|
| | | | कार्य । | |
| ४. **कृषि सामाग्री र सेवा प्राप्त गरेका कृषकहरु (महिलाको प्रतिशत)** | तोकिएका पालिकाहरुमा रहेका लाभान्वित कषकहरु जस्ले आयोजनाबाट दिईएको सेवा र सामाग्री प्राप्त गरेका छन् उनीहरुको संख्या उपलब्ध गर्नु पर्नेछ । यसको आधार संख्या ० रहेको छ । | वार्षिक रुपमा | मासिक तथा वार्षिक प्रगति प्रतिवेदन, बेसलाईन सर्वेक्षण, प्राविधिक तथा आर्थिक अनुगमन कार्य । | आयोजना व्यवस्थापन इकाई तथा अन्तरगतका कार्यालयहरु |

माथि देखाईए अनुसार कुन तथ्याङ्क लिनु पर्ने, के कारणले लिनु पर्ने, कति अवधिमा लिनु पर्ने र तथ्याङ्क लिने जिम्मेवार व्यक्ति या संस्था को हुने यकिन गरिएको छ । यसैलाई आधार मानी छुट्टाछुट्टै तथ्याङ्क संकलन  गर्ने व्यवस्था मिलाईएको छ । आयोजनाको निरन्तर अनुगमन गर्ने पद्धति विकास भएको छ । अनुगमन तथा मूल्यांङ्क रणनीति तयार भएको छ । त्यसमा  आवश्यक तथ्याङ्क संकलन स्रोत पद्धतिको पनि उल्लेख गरिएको छ ।

# १२. कार्यक्रमको नियमित अनुगमन, अनुगमन तालिका र प्रतिवेदन तयारी

### १२.१ अनुगमन भनेको के हो ?

आयोजना चक्र (Project Cycle) मा पर्ने आयोजना छनौट, आयोजना प्रस्तावना तयारी, आयोजना कार्यान्वयन पछाडी अनुगमन तथा मूल्याङ्कन पर्दछ । अनुगमन तथा मूल्याङ्कनलाई छुट्टाछुट्टै रुपमा हेर्न पर्ने केही अवस्थामा मात्र हुन्छ नत्र यी दुबैलाई सँगसँगै हेर्ने गरिन्छ । आयोजनाको अनुगमन तथा मूल्याङ्कन कार्यले सञ्चालित आयोजनाको विभिन्न कार्यक्रमहरुको कार्यान्वयन स्थिति थाहा हुन्छ, र त्यो आयोजनाको उपलब्धी सोचे अनुसार भैरहेको छ कि छैन र, कुन गतिमा चलिरहेको छ भन्ने यकिन गर्न सकिन्छ । अनुगमन निरन्तर गरिन्छ भने मूल्याङ्कन विभिन्न समयमा तथा विधिबाट गरिन्छ । योजना बमोजिमको काम गर्न आवश्यक पर्ने लगानी, कार्यतालिका अनुसारको कार्य र लक्षित प्रतिफल हासिल गर्नको निम्ति कार्य सञ्चालन भैरहेको छ, छैन भनी निश्चित गर्न अनुगमन गरिन्छ भने आयोजनाको उद्देश्यको आधारमा क्रियाकलापहरुको सान्दर्भिकता, दक्षता, प्रभावकारिता र प्रभावको सुव्यवस्थित र उद्देश्यपूर्ण तरिकाले जांच गरी निर्णय लिन मूल्याङ्कन गरिन्छ । अनुगमनले सूचनाहरु संकलन गरी सम्बन्धित निकायहरुमा पेश गर्ने कार्यलाई बुझाउछ भने मूल्याङ्कनले सम्पादित कार्यबाट के कस्तो उपलब्धी, असर वा प्रभाव पर्‍यो त्यसको लेखाजोखा गरी ठोस निर्णय लिने कार्यलाई बुझाउछ । अनुगमन भन्नाले कार्यक्रम कार्यान्वयन गर्ने निकायले कार्यक्रमको हरेक तहमा गरिने निरन्तर वा आवधिक निरीक्षण र जाँचबुझलाई लाई जनाउछ । सामान्यतया अनुगमन भन्नाले सूचनाहरुको संकलन र विश्लेषण गर्नु र मूल्याङ्कन गर्ने निकायमा व्यवस्थित तरिकाले उक्त सूचनाहरु उपलब्ध गराउनुलाई बुझाउँछ ।

### १२.२ अनुगमनमा सूचनाको व्यवस्था

कुनै कार्यक्रम कार्यान्वयनका लागि निर्धारित लगानी, साधन, कार्यान्वयन कार्यतालिका, लक्षित प्रतिफल र यस सम्बन्धी अन्य कार्यहरुको प्रवाह तथा कार्यान्वयन योजना अनुरुप ठीकसँग भैरहेका छन् वा छैनन् भनी कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक तहको व्यवस्थापनद्वारा निरन्तर र अध्यावधिकरुपमा निगरानी राख्ने कार्य अनुगमन हो (राष्ट्रिय योजना आयोग) ।

अनुगमन गर्दा कार्यक्रमको कार्यान्वयन स्थिति बारे आवधिकरुपमा सूचना प्राप्त गर्न सकिन्छ । कार्यक्रमको कार्यान्वयन उद्देश्य मुताविक भएको छ, छैन हेर्न सकिन्छ । कार्यक्रम कार्यान्वयनमा देखापरेका वा पर्नसक्ने समस्याहरु पहिचान गर्न सकिन्छ । कार्य योजना अनुसार वजेट खर्च भएको छ, छैन हेर्न सकिन्छ । भौतिक तथा वित्तीय प्रगति पूर्व निर्धारित अनुसार भएको छ, छैन हेर्न सकिन्छ । साथै कार्यक्रम कार्यान्वयनमा गुणस्तर कायम भएको छ, छैन पनि हेर्न सकिन्छ ।

### १२.३ अनुगमनसँगै मूल्याङ्कन

अझै अनुगमन गर्दा आयोजना सञ्चालन गर्न पूर्वनिर्धारित उद्देश्य प्राप्तीका लागि कार्यक्रम अर्न्तगत उपलब्ध गराइएको वित्तीय तथा भौतिक स्रोतको लेखाजोखा र स्रोतको प्रयोग ठीक ढंगले भएको छ, छैन् ? पूर्वनिर्धारित समयावधि भित्र कार्य सम्पन्न हुने किसिमले कार्यक्रम सञ्चालन भै रहेको छ, छैन् ? पूर्वनिर्धारित योजना बमोजिम समग्र कार्य सञ्चालन तर्फ उन्मुख भैरहेको छ, छैन ? हेर्न सकिने

स्पष्ट छ । मूल्यांङ्कनबाट अनुगमन गर्ने निकायबाट प्राप्त सूचनाहरुको आधारमा सम्पादित कामको स्तर लेखाजोखा गर्न सकिन्छ । त्यस्तै आयोजनाको कार्य सम्पन्न भैसकेपछि गरिने लेखाजोखा मूल्याङ्कनबाट गर्न सकिन्छ । मूल्याङ्कनले सफलता (उद्देश्य प्राप्ती) सँग आफ्नो क्रियाकलाप दाँजेर हेर्दछ र सो अनुकूल निष्कर्ष निकाल्दछ । मूल्याङ्कन एउटा विश्लेषणात्मक प्रतिक्रिया हो । कुनै आयोजना/कार्यक्रमको निर्धारित उद्देश्यको सन्दर्भमा त्यसका कार्यहरु कति सान्दर्भिक, सक्षम, लाभदायी, प्रभावकारी देखिएका छन् ? भन्ने कुराको व्यवस्थित र उद्देश्यपूर्ण तरिकाले लेखाजोखा गर्ने कार्य हो भनिएको पनि छ (राष्ट्रिय योजना आयोग) । के लक्षित वर्गको आवश्यकता र समस्या पहिचान हुनसक्ने किसिमले योजना तयार गरिएको थियो र हाल पनि त्यो त्यत्तिकै उपयोगी छ भनी सान्दर्भिकता हेर्न सकिन्छ । के साधन र स्रोतहरु सबैभन्दा उपयुक्त किसिमले उपलब्धी हासिल गर्न प्रयोग भैरहेका छन् ? कही त्यस्तै किसिमको उपलब्धी अझै कम स्रोत र साधनमा अन्य उपयुक्त माध्यमबाट प्राप्त हुन सक्छ कि ? के वास्तविकरुपमा योजना अनुसारको उद्देश्य, उपलब्धी हासिल भयो भन्ने मूल्याङ्कनबाट हेर्न सकिन्छ ।

## ***१२.४ आयोजनामा अनुगमन***

**NLSIP मा** अनुगमन र मूल्याङ्कन कार्यलाई एक महत्वपूर्ण कार्यकोरुपमा हेरिएको छ । आयोजना कार्यान्वयन गर्न मार्गनिर्देशन गर्ने Project Appraisal Document (PAD) / Project Implementation Manual (PIM) दस्ताबेजहरु आयोजनाको प्रमुख उद्देश्यमूलक सूचकहरुमा दूध, खसीबोकाको मासु र च्यांग्रा पशिमनाको उत्पादकत्व वृद्धि, दूध, मासु र पशिमनाको मूल्य शृंखला अभिवृद्धि, लक्षित कृषक समूहद्वारा जलवायू अनुकूल कृषि प्रविधिको प्रयोग तथा कृषकहरुको आवश्ययकता अनुसार कृषि सेवा र सम्पत्तिमा पहूँच आदि पर्दछन् र सोही सूचकलाई आधार मानी आयोजनाका निश्चित लक्षहरु उल्लेख गरिएका छन ।

ती लक्षहरु यस प्रकार छन:

- गाई र भैसीको दूधमा ४०% वृद्धि हुने ।
- खसी-बोकाको मासु उत्पादनमा ४०% वृद्धि हुने ।
- च्यांग्रा पशिमना उत्पादनमा आयोजना अवधिमा ८०% वृद्धि हुने ।
- उत्पादित दूध, मासु र पशिमनाको बिक्री ३०% ले बढ्ने ।
- आयोजनाको सेवा र सामाग्री २००००० कृषक परिवारमा पुग्ने ।
- ७५००० कृषक परिवारले जलवायु मैत्री प्रविधिहरु अभ्यासमा ल्याउने ।

यी लक्षहरु प्राप्तीको लागि गर्नुपर्ने कार्यहरु तोकी ती कार्यहरुबाट हुने उपलब्धीलाई औंल्याउन अनुगमन र मूल्याङ्कन कार्य सञ्चालन गर्ने निश्चित आधार बनाईएको छ ।

### *१२.४.१ अनुगमन तथा मूल्याक्तनको मुख्य जिम्मेवारी*

- ▶ सामाजिक परिचालक
- ▶ प्राविधिक सहायता समूह
- ▶ विकेन्द्रीकृत आयोजना सहयोग इकाई
- ▶ नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना

### *१२.४.२ अनुगमन तालिका र प्रतिवेदन तयारी व्यवस्था*

अनुगमन र मूल्याङ्कन सम्बन्धी सूचनाको संकलन किन गर्ने ? के को आधारमा सूचनाहरु संकलन गर्ने ? अनुगमन कार्यको लागि जिम्मेवार र जवाफदेही को हुने हो ? संकलित

सूचनाहरुको विश्लेषण र प्रतिवेदन तयारी कसरी गर्ने हो ? कहिले र कसलाई संकलन र विश्लेषण गरिएको सूचना उपलब्ध गराउने हो ? उक्त सूचनाहरुको अन्तिम प्रयोग के हुन सक्छ ? यी सबै विषयहरुलाई  समेटेर अनुगमन र मूल्याङ्कनको कार्य समेत सञ्चालन भैसकेको छ । यसमा विवरण संकलन गर्ने र प्रतिवेदन बनाउने अहिलेको प्रमुख अनुगमन कार्यमा पर्दछ । सहकारी विवरण, कृषक समूह विवरण, सामाग्री वितरण विवरण, जलवायू मैत्री प्रविधि अनुकरण विवरण, चरण खर्क विकास विवरण, खोप सेवा विवरण, कृत्रिम गर्भाधान सेवा विवरण, पशु बीमा विवरण, कृषक तालिम विवरण, कर्मचारी तालिम विवरण, कृषक पाठशाला सञ्चालन विवरण आदि विवरणहरुको अनुगमन गर्ने र ती विवरणहरुको प्रतिवेदनलाई तयार गर्ने नै अहिलेको प्रमुख अनुगमन कार्य हुन् ।

# १३. आयोजनामा वातावरण तथा सामाजिक सुरक्षण नीति

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाको कार्यान्वयन पश्चात त्यस भेगका लक्षित जनताहरु विशेष गरी अति विपन्न, पिछडिएका, जोखिममा परेका जनजाति, महिला, दलित र मधेशी समुदायहरुको रोजगार र आय आर्जनमा वृद्धि हुनेछ । आयोजना अन्तर्गत सञ्चालित उप-आयोजनाहरु वातावरणीय तथा सामाजिक पक्षबाट सकारात्मक हुनेछन् र समाज तथा वातावरणमा कुनै नकारात्मक प्रभाव पार्ने छैनन् ।

## *१३.१ मूख्य कार्यक्रमहरु*

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनामा निम्न कार्यक्रमहरु प्रमुख हुनेछन्:

क) पूर्वाधार विकास तथा साना निर्माण कार्यहरु

ख) पशुपालन व्यवसाय प्रवर्धन

ग) दुग्धजन्य पदार्थ, खसीबोकाको मासु र च्यांग्रा पश्मिना उत्पादन

घ) पश्मिना प्रशोधन

ङ) पशु हाट बजार विस्तार

च) पशु सेवाका औषधी, केमिकल र प्रयोगशालाको सञ्चालन र प्रयोग

आयोजनाका कार्यक्रमहरु सञ्चालन गर्दा कुनै पनि व्यक्ति/परिवारको उठिबास तथा उनीहरुको सम्पतीमा क्षति हुनुहुँदैन । वधशाला निर्माण तथा पशु हाट बजारको स्थापना गर्दा व्यक्ति/परिवारको उठिबास तथा सम्पतिको नोकसान हुने भए त्यसको लागि पूनर्वास कार्ययोजना तयार पारेर उनीहरुको आवश्यकतालाई सम्बोधन गरेर मात्र कार्यक्रम अगाडी बढाइनेछ । यी माथि उल्लेखित कार्यक्रमहरुले सीमित मात्रामा मात्र सामाजिक र वातावरणीय प्रभाव पार्नेछन् र यस्ता कार्यक्रमहरु लागू गर्दा सकेसम्म सार्वजनिक जग्गाहरुमा जनसहमति अनुसार गर्नु पर्नेछ । यी कार्यक्रमहरु लागू गर्दा विश्व बैंकको वातावरण र सामाजिक सुरक्षण नीति र नेपाल सरकारले लागू गरेका सम्बन्धित नीति नियम भित्र रहेर गर्नु पर्दछ । ती नीति नियमहरुसंग मेल खाने उप-आयोजनाहरु अन्तर्गतका सबै जसो पूर्वाधारहरु विकासका कार्य उप-आयोजनाको पूर्व सम्भाव्यता अध्ययनमा अर्थात आयोजना (Project Concept Note) छनौट गर्दा नै सामाजिक तथा वातावरणीय असर नपर्ने गरी गरिन्छ । समाज र वातावरणमा नकारात्मक असर पर्ने उप-आयोजनाहरु छनौट परिधिको सीमामा रही त्यसै बखत खारेज गरिनेछन् ।

स्थानीय तवरबाट प्राप्त सबै उप-आयोजनाहरुको सामाजिक तथा वातावरणीय असर बारे अध्ययन गरिने छ र प्रारम्भिक वातावरणीय अध्ययन (IEE) गर्नुपर्ने भए गरिने छ । अन्यथा आयोजना र सम्बन्धित समूहसँग कार्यान्वयनको लागि सम्झौता गरिने छ । IEE गर्नुपर्ने अवस्थामा त्यसको सम्पूर्ण खर्च आयोजनाले व्यहोर्नेछ । उप-आयोजनाहरुको पूर्ण सम्भाव्यता अध्ययनको समयमा त्यस आयोजनाको प्रभावित क्षेत्र भित्रका आदिवासी, जनजाति र अरु विपन्न वर्गहरुसंग पनि छलफल गरिने छ र आवश्यकता परेको खण्डमा आदिवासी तथा जोखिममा परेका समुदायहरुको समूह विकास कार्यक्रम (Vulnerable Community Development Plan) समेत बनाई कार्यान्वयन गरिने छ । उप-आयोजनाहरुको सम्झौता गरिसकेपछि आयोजनाले प्रत्येक उप-आयोजनालाई क्रमशः ज्यादै जोखिम (High Risk), धेरै जाखिम (Substantial Risk), ठिक्क जोखिम (Moderate Risk) र कम जोखिम (Low Risk) मा वर्गीकरण गर्नेछ । आयोजनाको किसिम, स्थान र उत्पादन प्रशोधन

क्षमताको आधारमा पनि वर्गीकरण गरिनेछ । यस्ता उप-आयोजनाहरु विश्व बैंकको सामाजिक तथा वातावरणीय सिद्धान्त अनुरुप लागू गरिनेछ र ती आयोजनाहरु निम्न अनुसार हुनेछन्:

### १३.१.१ *पूर्वाधार विकास तथा साना निर्माण कार्यहरु*

यस आयोजना मार्फत गरिने सार्वजनिक निर्माणका कार्यहरु कार्यालयको निर्माण तथा मर्मत सम्भार, चिस्यान केन्द्रहरुको निर्माण तथा मर्मत सम्भार, दूधजन्य र मासुजन्य बस्तुको पशोधन सुविधा, तालिम केन्द्र, पशु हाट बजार र वधशालाहरु आदि रहेकाछन् । कुनै कुनै निर्माण कार्यहरु जस्तै पशु हाट बजार, वधशाला इत्यादि निर्माण कार्य गर्दा कुनै परिवारहरु विस्थापित हुन सक्छन् भने त्यस्ताको हकमा विश्व बैंकले तयार पारेको वातावरण र सामाजिक सुरक्षा अनुगमन व्यवस्थापन प्रणाली (Environment and Social Management Framework) अनुसार क्षतिपूर्तिको व्यवस्था र पूनर्वास सम्बन्धि सहयोगको व्यवस्था गर्नुपर्नेछ ।

**सामाजिक तथा वातावरण प्रणालीप्रति निर्माण व्यवसायीहरुको भूमिकाः** NLSIP अन्तर्गतका उप-आयोजनाहरुको निर्माण/मर्मत सम्भार कार्यमा लागेका निर्माण व्यवसायीहरु पनि आयोजनाका एक जिम्मेवार सहयात्री हुन् । यिनीहरुको मुख्य जिम्मेवारी उप-आयोजनाबाट हुन सक्ने नकारात्मक प्रभावहरुलाई सकेसम्म कम गरी असल समाज तथा वातावरण कायम गर्नु हो । तसर्थ ठेक्का सम्बन्धी दस्तावेज (Contract Document) मा निम्न कुराहरु समावेश हुनु जरुरी छ ।

- निर्माण सामाग्री निर्धारित स्थलबाट ल्याइएको र गुणस्तर युक्त हुनु पर्दछ र राम्ररी राख्नु पर्दछ ।
- निर्माण सामग्री ल्याउने निर्धारित उत्खनन क्षेत्रबाट ल्याइसकेपछि उत्खनन गरेको क्षेत्रको खाल्डोलाई निर्माण कार्य सम्पन्न भएपछि राम्ररी पुर्नु पर्दछ ।
- कामदारहरुको स्वास्**थ्य**लाई ध्यानमा राखी क्याम्प भित्र स्वास्थ्य र सरसफाइ कायम राख्नु पर्दछ ।
- निर्माण गर्दा निस्केका फोहरहरुलाई भिरालो स्थान, खेतीयोग्य जमिन, नदीनाला, खानेपानी मुहान भन्दा पर राखी वातावरणलाई प्रदूषित गर्नबाट रोक्नु पर्दछ ।
- आयोजनाले निर्धारण गरेको ठाँउ बाहेक निर्माण गर्दा निस्केका फोहरहरुलाई अन्यत्र फाल्न पाइने छैन ।
- कामदारहरुलाई स्वास्थ्य र सुरक्षा सम्बन्धी सुरक्षाकवचका सरसमानहरु (हेलमेट, पञ्जा, मास्क, बूट इत्यादि) उपलब्ध गराउनु पर्दछ ।
- कामदारलाई वनजन्य उत्पादनहरु प्रयोग गर्न, अवैध सिकार खेल्न मनाही गर्नु पर्दछ ।
- सकेसम्म र पाएसम्म बढी भन्दा बढी स्थानीय कामदाहरुलाई रोजगारी दिनु पर्दछ र स्थानीयमा पनि गरिब, सीमान्तकृत र दलितलाई प्राथमिकता दिनुपर्दछ ।
- १६ वर्ष मुनिका बाल श्रमिकलाई कामदार बनाउन पाइँदैन ।
- सकेसम्म र पाए सम्म निर्माण कार्यमा ३३ प्रतिशत महिला कामदारहरुलाई रोजगार दिनुपर्दछ ।
- निर्माण कार्यहरुलाई निरन्तरता दिदा वरिपरिका स्थानीय संघसंस्थाहरुलाई वाधा नपुर्‍याउने गरी (आवाजलाई कमगर्ने मेशिनरी औजार प्रयोग गर्ने, निर्माण कार्य व्यवस्थित गर्ने, सुरक्षित किसिमले निर्माण सामग्रीको भण्डारण गर्ने) गर्नु पर्दछ ।

- पेशागत कामदारहरुलाइ स्वास्थ्य र सुरक्षण मापदण्डका सरसामान उपलब्ध गराइनु पर्छ । यसमा पी.पी.ई. सुरक्षा सम्बन्धी साइनबोर्डहरु र सावधानीका साइनवोर्डहरु पर्दछन् ।

आयोजना र प्राविधिक सहायता अन्तर्गतका वातावरण विज्ञ र सामाजिक विज्ञहरुले निर्माण व्यवसायीले यी माथिका कुराहरुमा ध्यान दिए नदिएको बारे नियमित, चौमासिक र वार्षिक अनुगमन गरी कमिकमजोरी भए त्यसमा ध्यान पुऱ्याउन निर्देशन दिनेछन् ।

### १३.१.२ पशुपालन व्यवसाय

आयोजनाबाट निर्धारित गरिएका पशुपालन व्यवसाय (दूध व्यवसाय गाई/भैंसी, बाखा र च्यांग्रा पालन) लाई सहयोग गर्नेछन् यी व्यवसाय सञ्चालन गर्दा विश्व बैंक र नेपाल सरकारको वातावरण तथा सामाजिक सुरक्षण नीति लगायत सम्बन्धित अन्य नीति अनुसार गर्नु पर्नेछ । यस कुरा र नीतिमा तिनीहरु बारे सम्बन्धित सामाजिक कार्यकर्ताहरुले प्रकाश पार्नेछन् । पशुपालन, दुग्ध व्यवसाय र बाखा/च्यांग्रा पालन गर्दा (क) जंगल, चरन क्षेत्र (ख) मलमूत्र व्यवस्थापन (ग) मलमूत्रको गन्ध व्यवस्थापन र (घ) रोग व्याधको प्रकोप इत्यादिलाई बढी ध्यान पुऱ्याउनु पर्नेछ ।

#### क) दुग्ध व्यवसाय/गाई भैंसी पालन

दुग्ध व्यवसाय/गाई भैंसीपालनले जंगलमा नकारात्मक प्रभाव पार्दैन । तर, बढ्दो बथान र घाँस परालको बढ्दो खपतले मिथेन ग्याँस र कार्वनडाइ अक्साइड बढी निस्कन्छ । तसर्थ आयोजनाले नश्ल सुधार र भुस्साको प्रयोग, परालको सट्टा साइलेजको प्रयोगमा जोड दिनु पर्दछ । साइलेज र परालको सट्टा दाना/भुस्सा खुवाउनाले जनावरहरुको उत्पादन मात्र नबढी ग्याँस उत्पादनमा समेत कमी आउँदछ । यस्तो दाना र साइलेज खुवाएको पशुबाट उत्पन्न हुने मल बालीमा हाल्दा वातावरणमा पनि ग्याँसको प्रभाव कम हुन्छ । यी सबै उपलब्धी हासिल गर्न NLSIP ले किसानहरुलाई भुस्सा काट्ने मेशिन, साइलेज मेशिन, बेलर र ट्रेक्टर खरिदको लागि आर्थिक सहयोग गर्नेछ र घाँस छान्न, बीउ किन्न र साइलेज बनाउन प्राविधिक सेवा/सल्लाह दिन्छ । आयोजनामा प्रस्तावना पेश गर्दा एउटा वयश्क जवनावरको लागि कम्तीमा एक रोपनी वा ०.०५ हेक्टर जमिन छुट्याएको हुनु पर्दछ । यस बाहेक प्रस्तावना पेश गर्दा दुर्गन्ध व्यवस्थापन योजना (EMP) आवश्यकता अनुसार पेश गर्नु पर्नेछ । यस बाहेक आयोजनाले पहाडमा भिरालो जमिनलाई समथर बनाउने, घाँस उत्पादन गर्ने, भूक्षय रोक्ने र कार्वन घटाउने कार्यलाई प्रोत्साहन गर्नेछ । अनुदान प्रस्तावकसग प्रसस्त जमिन नभएको खण्डमा आयोजनाले जग्गा लिजमा लिन समेत सम्बन्धित पालिकासंग समन्वय गराई सहयोग पुऱ्याउने छ । त्यसैगरी पशु पालन व्यवसायको जोखिम कम गर्न आयोजनाले पशुपालन पकेट क्षेत्रहरुमा पशु बीमा सचेतनाका कार्यक्रमहरु सञ्चालन गर्नेछ ।

आयोजनाले पशुलाई सरुवा रोगबाट बचाउन खोप र औषधी उपचारमा सघाउने छ । विरामी गाईभैंसी राख्न प्रत्येक फार्ममा आइसोलेसन वक्सको व्यवस्था गर्नु पर्दछ । जसले गर्दा स्वच्छ र निरोगी जनावरहरुलाई रोग सर्न पाउँदैन । पानीमा प्रदूषण नहुने गरी मरेका जनावर गाड्न उचित ठाँउको प्रबन्ध गर्नु पर्दछ ।

#### ख) बाखापालन

बाखापालन सम्बन्धमा विशेष गरी बधुवा प्रणालीको पालनलाई प्रवर्धण गरिने छ । अनुदान माँग गर्ने प्रस्तावनामा ४ वटा बाखाको लागि १ रोपनी अर्थात ०.०५ हेक्टर जमिन हुनु पर्नेछ र ४ वटा बाखाको लागि ५ वटा डालेघाँसको रुख लगाउनु पर्ने

किटानी गरिएको हुनु पर्दछ । यस्तो जग्गा आफूसंग नभएमा सम्बन्धित पालिकासंग समन्वय गरी जग्गा भाडामा लिनु पर्दछ । यस्तो व्यवस्थाले जंगल फडानी रोक्ने र कार्वन घटाउने कार्यमा सहयोग गर्ने छ । यी सम्पूर्ण कुराहरु वातावरणीय व्यवस्थापन कार्ययोजना प्रस्तावनामा संलग्न हुनु पर्दछ ।

***ग) च्याङ्ग्रापालन***

च्याङ्ग्रापालनको लागि चरनको दिगो व्यवस्थापन कार्ययोजना स्थानीय च्यांग्रापालक कृषक र सम्बन्धित वन सरोकारवालासंग समन्वय गरेर बनाइने छ । प्राकृतिक जातका घाँसहरु लगाउन प्रेरित गरिन्छ । आयोजनाको वातावरण तथा सामाजिक विज्ञले भने अनुसारको वड्कौला र पिसावको व्यवस्थापन गरिनु पर्दछ ।

***घ) स्याउला/घाँस उत्पादन/प्रोसेसिङ्ग र बीउ उत्पादन***

वातावरणसँग मेल खाने गरी यी कार्यहरु गरिनु पर्दछ र यसले हावापानीको फेरबदललाई सकारात्मक दिशातिर लैजाने हुनु पर्दछ ।

***ङ) दूग्धजन्य पदार्थ, खसीको मासु र च्यांग्रा पश्मिना उत्पादन***

आयोजनाले दूध र मासु उत्पादन, प्रशोधन र बजारीकरणसँग सम्बन्धित उप-आयोजनाहरुलाई प्रोत्साहन दिनेछ । यी उप-आयोजनाहरुबाट निस्कने फोहर र केमिकलहरुले मानवीय स्वास्थ्य र वातावरण (माटो, पानी र हावा) मा प्रभाव पार्न सक्दछन । यसलाई जनावर, बधशाला र मासु जाँच ऐन (१९९९), वातावरण संरक्षण ऐन (१९९७) र नेपाल डेरी पोलिसी (२००७)को परिधि भित्र रहेर कार्यान्वयन गर्नु पर्दछ ।

- ***दुध प्रशोधन*** *(Milk Processing)*

दूध प्रशोधन तथा दूधजन्य पदार्थको प्रशोधनपछि आउने दूषित पदार्थ र प्रयोगशालाबाट आएका रसायन तथा फोहरको व्यवस्थापनको लागि आयोजनामा खटिएका विषयवस्तु विशेषज्ञहरुले अनुदानकर्ताहरुलाई मेशिन/औजारको डिजाइनदेखि त्यसको प्रयोगसम्मको विधि जानकारी गराउनेछन् । कामदारहरुको लागि स्वास्थ्य सम्बन्धी व्यक्तिगत सामानहरु र वातावरणीय व्यवस्थापन कार्ययोजना समेत प्रष्ट हुनु पर्दछ । आयोजनाले ठाउँ-ठाउँमा ग्रामीण डेरीहरुलाई प्रोत्साहन गरी बजारमा जाने कच्चा दूध र दूध ट्याङ्करहरुको आवत जावतलाई दुरुत्साहित गर्नेछ । सफा, शुद्ध दूध उत्पादन गरी बजारमा पुऱ्याउने कार्यका लागि तालिम इत्यादिबाट प्रोत्साहन गरिने छ । यी उत्पादनहरुलाई नेपाल सरकारको खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभागबाट गुणस्तरको लागि लाइसेन्स लिनको लागि सघाउने छ ।

- ***मासु प्रशोधन*** *(Meat processing)*

आयोजनाले मासु काट्ने स्ल्याव सुधार र वधशालाको स्थापना गर्न सहयोग गर्नेछ । मासु काट्ने स्ल्याव र वधशाला निर्माणको लागि अति आवश्यक वातावरणीय पक्ष भनेको प्रसस्त पानी, सफा जमिन, भेन्टिलेसन, खसीको विश्राम स्थल, यातायातको व्यवस्थाहरु राम्रो हुन हो । यस बाहेक भएका पशु वधस्थलहरुमा पनि ज्यादै अस्वच्छ वातावरण, जथाभावी हाड र फोहर फालिएको अवस्था र त्यसबाट निस्कने फोहरको व्यवस्था नगरेको पाइन्छ । वधशालाबाट निस्कने ठोस र तरल बस्तुहरु जथाभावी राखिएको हुन्छ । यी बस्तुहरुबाट ढल जाम भई खानेपानी समेत दूषित भएको अवस्था छ । हाड, रौं, बोसो इत्यादिलाई फालेर र जलाएर वातावरणलाई दूषित बनाएको

पाइन्छ । यी सम्पूर्ण कुराहरुको राम्रो व्यवस्थापनको लागि आयोजनाले राम्रो वातावरण तथा सामाजिक सुरक्षाको योजना बनाई सहयोग पुऱ्याउने छ ।

- ***पश्मिना प्रशोधन***

  पश्मिना उद्योगहरुले विभिन्न रङगमा उनलाई रङ्ग्याउन केमिकल प्रयोग गर्दछन् । सबै उद्योगहरुले उचित प्रशोधनको व्यवस्था नगर्दा ती रंग र केमिकलहरुले सार्वजनिक खुल्ला ठाउँ तथा ढल निकासबाट नदीनाला हुँदै खानेपानी दूषित गराउँदछन् । तसर्थ NLSIP ले अनुदानका प्रस्तावनाहरु स्वीकृत गर्दा ती उद्योगहरुको वास्तविक व्यापार योजना र वातावरण व्यवस्थापन योजना पनि हेर्नेछन ।

### *१३.१.३ पशु हाटबजार*

पशुबजारमा देखिने मुख्य समस्याहरु भनेका (क) आवत जावत गर्ने बाटोको अभाव (ख) गाडीमा चढाउने र ओराल्ने ढिस्को (Ramp) को अभाव (ग) बिजुली बत्तीको अभाव (घ) गाडी पार्किङ स्थलको अभाव (ङ) खरिदकर्ता, बिक्रीकर्ता र आगन्तुकको लागि विश्राम स्थल, खानेपानी र शौचालयको अभाव र (च) धन र व्यक्तिको असुरक्षा इत्यादि हुन् ।

यस बाहेक चौपायाहरु ढुवानीलाई अति सांघुरो ट्रकमा आवश्यकता भन्दा बढी र अमानवीय ढंगले बाधिएको अवस्थामा विना दानापानी लामो दूरीसम्म ढुवानी गराएको पाइन्छ । यसले जनावरको हक (Welfare) लाई असर पारेको छ । यस्ता कार्यहरु नेपाल उपभोक्त ऐन (१९९८), जनावर स्वास्थ्य र पशु स्वास्थ्य र पशु सेवा ऐन (१९९९) र नेपाल नागरिक हक ऐन (२०१२) विपरित छन् । तसथ NLSIP ले अनुदान प्रदान गर्दा यी माथिका कुराहरुको सम्बोधन गरी तिनीहरुको निकासको लागि उचित योजना बनाइएको प्रस्तावनालाई प्राथमिकता दिनेछ ।



### *१३.१.४ भेटेरिनरी औषधी, केमिकल र प्रयोगशालाको सञ्चालन र प्रयोग*

यस आयोजनाले बढी उत्पादन दिने नाममा आवश्यक मात्रा भन्दा बढी एन्टिबायोटिक र चिकित्सकको सिफारिस नगरेका औषधीहरु पशुहरुलाई खुवाउन दुरुत्साहित गर्ने छ । औषधी र केमिकलहरु जथाभावी फ्याँक्दा मानव स्वास्थ्य र वातावरण (माटो, पानी र हावा)मा पर्ने नकारात्मक असरहरु कम गर्न NLSIP ले भेटेरिनरी औषधी र केमिकलहरुको हिफाजत र स्वच्छ प्रयोग प्रवर्धन गर्नेछ । राम्रो प्रयोगशाला सञ्चालनको लागि NLSIP ले केमिकल र स्वास्थ्य सम्बन्धी योजना तयार पार्नेछ । यस योजनामा नियमित सरसफाई र इन्फेक्सन नहुने तरिका, प्रयोगशालाबाट निस्कने फोहर व्यवस्थापन, व्यक्तिगत सरसफाई, प्रयोगशालामा लगाइने कोटहरुको धुलाई इत्यादि पर्दछन् । यी कार्यहरुको सहयोगको लागि आयोजनाबाट खटिएका वातावरण तथा सामाजिक विज्ञहरुले सहयोग पुऱ्याउने छन् ।




## १३.२ वातावरण तथा सामाजिक व्यवस्थापन योजना

जंगलमा पशु चराउने, प्राकृतिक पानीको स्रोत नजिक कच्ची आहाल बनाउने, जथाभावी जनावरको गोबर, पिसाब गराउने, अव्यवस्थित भेन्टिलेसन, जथाभावी हाडखोर र जथाभावी मारकाट, निरोगी र बिरामी जनावरलाई संगै राख्ने, गोठ भित्र पनि खुल्ला नाली, जनावरमा जथाभावी औषधी प्रयोग, दूधमा जथाभावी मिसावट इत्यादिको कारणले वातावरण र समाजमा पशुपालन कार्यबाट नकारात्मक प्रभाव पर्दछ ।

दूधजन्य पदार्थ प्रशोधन र बिक्री गर्ने स्थलमा दूध तताउने/चिस्याउन दाउरा तथा डिजेलको प्रयोग, प्रशोधन स्थल नजिक शौचालय, खुल्ला ढल, एप्रोनको प्रयोग नभएको, PPE (ग्लोव, मास्क, पन्जा, बुट) इत्यादिको प्रयोग नभएको, फोहर र पानीको निकासको व्यवस्था नभएको, भेन्टिलेसन नभएको,

प्रशोधनशालाको भुई र भित्तामा टायल नभएको र स्तरहीन दुग्धजन्य पदार्थ बिक्रीले वातावरणीय तथा सामाजिक क्षेत्रमा नकारात्मक प्रभाव पार्दछन । यसै गरी मासु प्रशोधन र बिक्री गर्ने स्थलमा बिरामी जनावर काट्ने, मासु सफा गर्न फोहर पानीको प्रयोग गर्ने, खुइल्याउन आगो तथा डिजल प्रयोग गर्ने, मासुलाई नचिस्याउने, बासी मासु बिक्री गर्ने, रौं, हाड, सिङ, खुर इत्यादि जथाभावी फाल्ने, अव्यवस्थित फोहर पानी निकास, प्रकाश पनि कम भएको, शौचालय नजिक भएको, PPE को प्रयोग नगरिएको, बिक्री तथा वधशालामा टायलको प्रयोग नभएको कारणले समाज तथा वातावरणमा नकारात्मक प्रभाव पार्दछन् । यस्ता कार्यहरुलाई NLSIP ले निरुत्साहित गर्दछ । प्रस्तावना पेश गर्ने अर्थात अनुदानग्राहीले यी माथि उल्लेखित कुराहरुलाई निराकारण गर्ने कार्ययोजना सहित वातावरण तथा सामाजिक क्षेत्रमा असर नपर्ने गरी प्रसिताव पेश गर्नु पर्दछ ।

## १३.३ गुनासो व्यवस्थापन/सम्बोधन

आयोजना अन्तर्गत आउने उजुरी/गुनासोहरुलाई आयोजनाले तयार पारेको Grievance Redress Procedure, 2075 अनुसार व्यवस्थापन गरिने छ । यो गुनासो व्यवस्थापन असल शासन नियम २०६५ (२००९) को दफा ९ मा रहेर तयार पारिएको हो ।

- जनताको आयोजनाप्रतिको असन्तुष्टिहरुलाई सम्बोधन गरी सुशासन कायम गर्ने ।
- कार्यक्रमहरुको प्रत्येक तहको जिम्मेवारी र काम कर्तब्यमा पारदर्शिता कायम गराउने ।
- उजुरी/गुनासोको माध्यमबाट आयोजनामा कार्यरत व्यक्तिको कार्यक्षमता मजबुत गराउने ।
- आयोजना अन्तर्गतका कार्यहरुमा आउने अप्ठ्याराहरुलाई हटाई उपयुक्त वातावरण कायम गराउने ।
- गुनासाहरुको ठिक किसिमले अभिलेख राखी अनुगमन गर्ने र त्यसको मूल्याङ्कन गराई आयोजनालाई सफल पार्न सहयोग गर्ने ।

### १३.३.१ गुनासाहरुको प्रकार

- मौखिक (कार्यालयमा उपस्थित भएर) ।
- निवेदन दर्ता गराएर ।
- टेलिफोन, फ्याक्स र हटलाइनबाट ।
- इमेल, एस.एम.एस. वा सामाजिक संजालबाट ।
- हुलाक वा द्रुत सेवाबाट ।
- उजुरी पेटिकाबाट ।
- पत्रिका वा विद्युतीय माध्यमबाट ।
- सार्वजनिक सुनुवाई, सामाजिक अडिट वा अन्य भेलाबाट प्राप्त ।
- माथिल्लो निकायबाट प्राप्त हुने सुझाव वा निर्देशनबाट ।

प्रत्येक तहमा गुनासो सुन्ने अधिकारीको व्यवस्था गरिएको छ जस अनुसार कार्यान्वयन र सुनुवाई हुन्छ । उप-आयोजनामा महिला तथा उत्पिडित जनताको पहुँच, उप-आयोजनाको कारणले प्राकृतिक स्रोतहरुमा पर्ने नकारात्मक प्रभाव, तालिम र सहभागीता इत्यादिको बारेमा गुनासाहरु प्राप्त हुन सक्दछन् । यी सम्पूर्ण गुनासा व्यवस्थापनको लागि आयोजनाले PMU, DLSU र भेटेरिनरी अस्पताल र पशु सेवा केन्द्रहरुमा गरेर ३ तहमा अधिकारीहरुको व्यवस्था गरेको छ ।

माथि उल्लेख गरिएका जुनसुकै माध्यमबाट प्राप्त भए पनि ती गुनासाहरुलाई दर्ता गरिने छ र सम्बन्धित निकायबाट सम्बोधन गरिनेछ । सम्बोधन गर्न नसकिएका गुनासाहरु एक तह माथि पुऱ्याइने र सोको जानकारी सम्बन्धित उजुरीकर्तालाई दिइनेछ ।

आयोजनाले आयोजना व्यवस्थापन कार्यालय (PMU), विकेन्द्रीकृत आयोजना सहयोग इकाई (DLSU) र जिल्ला स्तरमा तहगत गुनासो व्यवस्थापन समितिहरु गठन गरिएको छः

### *१३.३.२ आयोजना व्यवस्थापन कार्यालय (PMU) तह*

संयोजक : सह-सचिव (लाइभस्टक र मत्स्य) : कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सदस्यः आयोजना निर्देशक, नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजना
सदस्यहरु : उप-सचिव (प्रशासन) : कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सदस्य : प्रतिनिधि, कृषि उद्यम केन्द्र
सदस्य : उप-सचिव, राष्ट्रिय किसान आयोग
सदस्यः उप-सचिव (कानून), कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सदस्यः उप-सचिव (योजना), कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सदस्यः दुई जना प्रतिनिधि, सम्बन्धित बैंक तथा वित्तीय संस्था
सदस्य-सचिव : आयोजनाले व्यवस्थापन कार्यालयको गुनासो सुन्ने असधकारी

### *विकेन्द्रीकृत आयोजना सहयोग इकाई* (DLSU) *तह*

संयोजक : निर्देशक, सम्बन्धित प्रादेशिक पशु सेवा निर्देशनालय
सदस्य : सेवा तथा अनुदानग्राही मध्येबाट आयोजनाले तोकेको १ जना प्रतिनिधि
सदस्य : प्रतिनिधि, खाद्य प्रविधि तथा नियन्त्रण कार्यालय
सदस्य : प्रमुख, विकेन्द्रकृत आयोजना सहयोग इकाई
सदस्य-सचिव : विकेन्द्रीकृत आयोजना सहयोग इकाई प्रमुखले तोकेको अधिकृत

### *जिल्ला तह*

संयोजक : प्रमुख, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
सदस्य : अधिकृत प्रतिनिधि, सम्बन्धित जिल्ला समन्वय समिति
सदस्यः प्रतिनिधि, जिल्ला उद्योग वाणिज्य संघ
सदस्यः जिल्ला सहकारी संघले तोकेको प्रतिनिधि
सदस्यः प्रतिनिधि, बैंक तथा वित्तिय संस्था
सदस्यः प्रतिनिधि, व्यावसायिक कृषक
सदस्य-सचिव : सम्बन्धित कार्यालयको गुनासो सुन्ने अधिकारी

- जिल्लामा रहेको गुनासो व्यवस्थापन समितिले सम्भव भएसम्म सम्बन्धित व्यक्तिको उपस्थितिमा सुनुवाई कार्यक्रम आयोजना गर्नेछ र १५ दिन भित्र उजुरी कर्तालाई लिखित रुपमा निर्णय पठाउने छ ।
- यसै गरी DLSU र PMU ले पनि आफू कहाँ प्राप्त गुनासोहरुको निर्णय निवेदन दर्ता भएको ३० दिन भित्र लिखित रुपमा उजुरीकर्तालाई पठाउनु पर्दछ ।
- जिल्ला भित्र परेको उजुरीको निर्णय उजुरीकर्तालाई मञ्जुर नभएमा DLSU मा र त्यहाको निर्णय पनि मञ्जुर नभएमा केन्द्रमा (दिइएको फर्म्याटमा) उजुर दर्ता गर्न पाउनेछन् ।
- यी सबै कार्यहरु निर्णय भएको १५ दिन भित्र सम्बन्धित गुनासो व्यवस्थापन समितिमा पुनरावलोकनको लागि दर्ता भइसक्नु पर्नेछ । NLSIP ले यी सम्पूर्ण कार्यहरुको खर्च व्यहोर्ने छ ।


# १४. आयोजनामा लैंगिक समावेशीता

## *१४.१ आयोजनामा लैंगिक समावेशीता*

नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाले लैंगिक समावेशितालाई महत्व दिएको छ। कृषि तथा पशुपालनमा महिलाको उच्च संलग्नता रहने गरेको छ। पुरुषहरु रोजगारको खोजीमा घर बाहिर जाने भएकोले यो क्षेत्र महिलाकै काँधमा भर पर्न पुगेको छ। तर पनि कृषि तथा पशुपालन र अन्य विकास आयोजनाहरुमा अक्सर महिलाको सहभागिता कम रहने गरेको पाइन्छ। त्यसैले नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाले आफ्ना गतिविधिहरुको तर्जुमा र कार्यान्वयनमा महिलाको निर्णायक क्रियाशीलता सहितको सहभागितामा जोड दिएको छ। यस लेखमा आयोजनाले लैंगिक समावेशिताका लागि लिएका नीति, लक्ष्य र तिनको कार्यन्वयनका सम्बन्धमा छलफल गरिने छ। तर, त्यसभन्दा अघि लैंगिकताका अवधारणा, सवालहरू र कार्यपद्धतीका आधारभूत विषयमा जानकारी दिने प्रयत्न गरिएको छ।

### *१४.१.१ लैंगिकता*

लैंगिकताले सांस्कृतिक मान्यतामा आधारित रहेर गरिने महिला र पुरुषको भूमिका र व्यवहारलाई बुझाउछ। यसले सामाजिक तवरमा बनेको महिला पुरुषका पक्षहरुलाई जैविकताबाट निर्धारित पक्षहरुबाट फरक देखाउन मद्धत गर्छ। लैंगिकताले महिला पुरुषबीचको सम्वन्ध, तिनीहरुको भूमिका, स्रोत साधनमा पहुँच, नियन्त्रण र श्रम विभाजन र आवश्यकता बारे कुरा गर्दछ। समाजमा वञ्चितीकरणका विविध कारणहरु विद्यमान हुन्छन। तीमध्य लैंगिक कारण प्रमुख रही आएको छ।



दिगो विकास लक्षको मूल ध्येय विकासमा "कसैलाई नछुटाउनु" हो । यसै अनुरुप लैंगिकताका कारणले कोही पछि पर्ने अवस्था नआओस् भन्ने कुनै पनि विकास कार्यक्रम र योजनाहरुको नीति हुनु आवश्यक छ । यसका लागि लैगिंक समता र लैंगिक समानताको नीति अंगिकार गरिनु आवश्यक हुन्छ ।

### १४.१.२ *लैंगिक समता*

लैंगिक समताले सबै उमेरका महिला र पुरुषलाई उनीहरुका आवश्यकता अनुसार गरिने न्यायोचित व्यवहारलाई जनाउछ । विकासको सन्दर्भमा लैंगिक समताले ऐतिहासिक र सामाजिकरुपले बेफाइदामा परेका महिलालाई क्षतिपूर्ती दिने किसिमले निर्धारित उपायहरुको आवश्यकतामा जोड दिन्छ ।

### १४.१.३ *लैंगिक समानता*

लैंगिक समानताले सबै मानव, महिला पुरुष दुबै आफ्नो व्यक्तिगत क्षमताको विकास गर्न र कुनै पूर्वनिर्धारित मान्यता, लैंगिक भूमिका र पुर्वाग्रहजन्य सीमितता वेगर इच्छाअनुसारको पेशा, व्यवसाय छनौट गर्न स्वतन्त्र हुन्छन भन्ने धारणा राख्दछ । यसले महिला र पुरूषका व्यवहार, चाहना र आवश्यकताहरु फरक हुन्छन भन्ने तथ्यलाई स्वीकार गर्छ, महत्वका साथ हेर्छ र बराबरी तवरमा व्यवहार गर्छ । यसले महिला र पुरूषका जैविक भिन्नताका कारण भौतिक क्षमताहरू फरक हुन्छन भन्ने कुरा स्वीकार गर्दछ तर, तिनका अधिकार, जिम्मेवारी र अवसरहरु महिला वा पुरुष भएकै कारणले निर्धारण गरिनु हुदैन भन्ने मान्यता राख्छ ।

### १४.१.४ *सशक्तिकरण*


महिला र परुष दुवैले आफ्नो जीवनमा स्वनियन्त्रण राख्न आफ्ना एजेण्डाहरू तय गर्ने, सिप हासिल गर्ने, आत्मविश्वास विकास गर्ने, समस्याहरु समाधान गर्ने र आत्म निर्भरताको विकास गर्ने कार्यलाई सशक्तिकरण मानिन्छ । सशक्तिकरण भएका महिलाहरु जीवनका अवसरहरुको रणनैतिक छनौट गर्न सक्षम हुन्छन जब कि यस भन्दा पहिले उनीहरुमा यो क्षमता हुन्छ भनेर स्वीकार गरिदैनथ्यो ।

### १४.१.५ *लैंगिक मूलप्रवाहीकरण*

लैंगिक मूलप्रवाहीकरण यस्तो रणनीति हो जसले पुरुष तथा महिलाका चासो र अनुभवलाई राजनितिक, आर्थिक र सामाजिक क्षेत्रका नीति र कार्यक्रमका तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्याङ्कनमा एकीकृत गर्छ । लैंगिक मूलप्रवाहीकरणमा महिला र पुरुष समान तवरमा लाभान्वित हुनेछन् र असमानताको सिर्जना वा पुनरावृत्ती हुनेछैन । लैंगिक मूलप्रवाहीकरणको आखिरी उद्देश्य लैंगिक समानता हासिल गर्नु हो ।

### १४.१.६ *लैंगिक पद्धतीहरु*

विकासको क्षेत्रमा तीन किसिमका लैंगिक पद्धतीहरु अभ्यासमा रहेका पाइन्छन जसलाई शोषणमूलक, समायोजित र रुपान्तरणकारी गरी तीन प्रकारमा वर्गीकरण गरिएको पाइन्छ । लैंगिक अन्धताले लैंगिक विभेदलाई बेवास्ता गर्छ जसको फलस्वरुप विकासको परिणाम विभेदलाई झन बढाउने शोषणमूलक प्रकारको हुन जान्छ । तलको चित्रले लैंगिकता बारेको बुझाईको अवस्थाले उत्पन्न गर्नसक्ने लैंगिक परिणामको सम्वन्ध बारे जानकारी दिएको छ ।




माथि उल्लेख गरिएका लैंगिक पद्दतिहरुसँग मेल खाने विकासका कार्यक्रमहरुका विशेषताहरु तलको तालिकामा दिइएको छ । विकास आयोजनाहरुका गतिविधिहरुले समुदायमा लैंगिक अवस्थामा कस्तो भूमिका खेलिरहेका हुन्छन भनेर विश्लेषण गर्नु नीति निर्माता लगायत आयोजानमा काम गर्ने सबैलाई आवश्यक कुरा हो ।

### लैंगिक पद्धतीहरु र तिनका विशेषताहरु

| लैंगिक शोषण हुने कार्यक्रमहरु | लैंगिक समायोजित राख्ने कार्यक्रमहरु | लैंगिक रुपन्तारणकारी कार्यक्रम |
|---|---|---|
| कार्यक्रमका उद्देश्यहरु हासिल गर्न कठोर लैंगिक नियमहरु र प्रचलित शक्ति असन्तुलनको फाइदा लिन्छ । | लैंगिक नियमहरू र असमानताको अवस्थालाई स्वीकार गर्छ र यस्ता कार्यहरुको तर्जुमा गर्ने गर्छ जस्ले वेलाबखत समायोजन गर्न र क्षतिपूर्ति गर्ने काम हुन्छ । | सक्रिय तवरमा जाँच गर्ने, प्रश्न गर्ने र कठोर लैंगिक नियमहरु र शक्ति असन्तुलनलाई बदल्ने गर्छ । |
| छोटो समयकालागि द्रूत गतिमा हुने तर दिगो नहुने सम्भावना बढी । | प्रचलित नियमहरु र असमानता बदल्ने हेतुले सक्रिय रणनीतिको अभ्यास गर्दैन । | लैंगिक भूमिकाहरु र नियमहरु बारे पुरुष र महिलाहरुबीच आलोचनात्मक चेतनाका लागि प्रोत्साहन गर्छ । |
| हानिकारक परिणामहरु देखिन सक्ने र कार्यक्रमको लक्षित उद्देश्यलाई कमजोर पार्न सक्छ । | लैंगिक सम्बन्धमा हानिकारक प्रभाव पार्ने कार्यलाई सीमित गर्न ध्यान दिने गर्छ । | समुदायमा महिला र अन्यहरु बीच स्रोतहरुको वितरण र शक्ति सम्बन्धहरुलाई चुनौती दिने र सम्बोधन गर्ने गर्छ । |

### १४.२ आयोजनाको लैंगिक उद्देश्य र नीति

शुरुमै उल्लेख गरिए जस्तो नेपाल लाइभस्टक सेक्टर इनोभेसन आयोजनाले महिला सहभागितामा जोड दिएको छ । आयोजनाले महिला सहकारी, समूह र उद्यमीहरुलाई लाभ पुऱ्याउने नीति लिएको छ । महिला मैत्री कृषि औजार तथा उपकरणहरुको प्रबर्धण गर्ने आयोजनाको कार्यक्रम छ । आयोजनाले आफ्ना गतिविधिहरुको प्रगति मापन गर्दा महिला सम्बन्धी तथ्याङ्क संकलन गरी महिलाका लागि पुगेको लाभ बारे अनुगमन गर्ने नीति लिएको छ । भूँइतहका महिलाहरुसम्म पुगी कार्य गर्न सामाजिक परिचालकहरुलाई खटाउने नीति आयोजनाले लिएको छ ।

### १४.३ आयोजनामा महिलाको ागि अवसरहरु

आयोजनाले महिलाहरुका लागि विविध अवसरहरुको सिर्जना गर्ने उद्देश्य राखेको छ । प्रविधिमा पहुँच, तालिममा सहभागिता, अनुदानमा पहुँच लगायत धेरै किसिमका गतिविधिहरुबाट महिलाहरुले आयोजनाबाट लाभ लिन सक्ने अवस्था छ ।

### १४.४ महिला सहभागिताका लागि लक्ष र कार्यान्वयन

आयोजनाले आफ्ना निश्चित गतिविधिहरुमा महिला सहभागिताका लागि लक्ष तय गरेको छ । तलको तालिकामा महिला सहभागिताका लक्षहरु प्रस्तुत गरिएको छ ।

**आयोजनाको महिला सहभागिताका लागि लक्ष**

| गतिविधि | कूल लक्ष | महिला सहभागिता (कम्तीमा) |
|---|---|---|
| प्राथमिक लाभान्वित – पशु उत्पादकहरु (व्यक्ति) | २००,००० | ९०००० (४५%) |
| साना तथा मध्यम कृषि उद्यम (संख्या) | ५०० | १६५ (३३%) |
| तालिम प्रदान गरेको दिन | ५००० | २२५० (४५%) |
| पशु बीमामा आयोजनाका लाभान्वितको हिस्सा | ६०% | ४५% |
| उत्पादकहरुको संगठनमा महिला सदस्यता | | ३३% |

### १४.५ सामाजिक परिचालकको भूमिका

समुदायस्तरमा अग्र पंक्तिमा रहेर कृषकहरुसँग काम गर्ने सामाजिक परिचालकहरुका लागि माथिका लक्षहरु हासिल गर्ने गरी काम गर्नु र गरेका कामको प्रगति यस पुस्तिकामा उल्लेख गरे बमोजिम प्रतिवेदन दिनु मुख्य जिम्मेवारी हो । सामाजिक परिचालकहरुले आयोजनाका गतिविधिहरु बारे समुदाय, स्थानीय सरकार, महिला जनप्रतिनिधि, महिला सहकारी तथा समूह र महिला उद्यमीहरुलाई नियमित जानकारी गराई सहभागिताका लागि सहजकर्ताको भूमिका खेल्नु पर्छ । सामाजिक परिचालकहरुले आयोजनाका सरोकारवालाहरुबीच लैंगिक लक्ष बारे अभिमूखीकरण गरी सोही अनुसार आयोजनाका गतिविधिहरुमा महिला सहभागिता सुनिश्चित गर्ने भूमिका खेल्नु पर्छ ।

# १५. उप-आयोजनाहरूको छनौट र पूरक अनुदान प्रवाह प्रक्रियामा भूमिका

### *१५.१ पूरक अनुदान प्रवाह व्यवस्था*

आयोजनाले उत्पादनकर्ता र खरिदकर्ताबीचको उत्पादनमूलक गठबन्धन (Productive Alliance) का माध्यमबाट तयार पारिएका उप-आयोजना प्रस्तावहरूलाई आयोजनाको निर्धारित मापदण्ड अनुसार मूल्याङ्कन गरी करिब ५०० वटा उत्कृष्ट उप-आयोजनाहरूलाई प्रतिस्पर्धाका आधारमा लगानीको ५०% वा अधिकतम रु. १ करोडसम्म पूरक अनुदान उपलब्ध गराउने छ । यसरी पूरक अनुदान प्राप्त गर्न चाहने आवेदक संस्थाहरूले उप-आयोजनाको कूल लगानीको न्यूनतम ५० प्रतिशत आफ्नै श्रोतबाट वा वित्तीय संस्थाको ऋण सहयोगबाट जुटाउनु अनिवार्य हुने छ ।

### *१५.२ अनुदान प्रस्ताव गर्न योग्य आवेदक संस्थाहरू*

आयोजनाबाट उपलब्ध गराइने उप-आयोजना सञ्चालन पूरक अनुदान सहयोगका लागि तल तालिकामा प्रस्तुत चार प्रकारका आवेदक संस्थाहरू योग्य हुनेछन्:

**अनुदान योग्य आवेदक संस्थाहरु**

| आवेदक संस्था | दर्ता भएको निकाय |
|---|---|
| कृषक समूह | साविकको जिल्ला पशु सेवा कार्यालय मार्फत गठन भई हाल क्रियाशील रहेका वा स्थानीय तहमा नियमानुसार दर्ता भएका । |
| उत्पादक सङ्घहरू | सङ्घसंस्था दर्ता ऐन अन्तर्गत जिल्ला प्रशासन कार्यालयमा वा प्रचलित कानून बमोजिम दर्ता भएका । |
| सहकारी संस्थाहरू | सहकारी ऐन २०७४ वा प्रचलित कानून बमोजिम दर्ता भएका । |
| निजी कम्पनीहरू/निजी फार्म तथा उद्यमीहरू | कम्पनी रजिस्ट्रार कार्यालय वा घरेलु तथा साना उद्योग कार्यालय वा संवन्धित स्थानीय तहमा दर्ता भएका । |

### *१५.३ आवेदक संस्थाको योग्यता*

- आवेदक संस्था दूध तथा दुग्ध पदार्थ, मासु तथा मासुजन्य पदार्थ (खसीबोकाको) र च्याङ्ग्रा/पशिमना उत्पादन तथा प्रशोधन गरी कुनै एक मूल्य शृंखलामा काम गर्ने उद्देश्यले गठन तथा दर्ता भएको हुनु पर्नेछ ।
- आवेदक संस्था दर्ता हुदाको उद्देश्यसँग सम्बन्धित मूल्य शृंखलामा मात्र उप-आयोजना अवधारणा-पत्र वा उप-आयोजना पूर्ण प्रस्ताव पेश गर्न पाइने छ ।
- प्रस्तावक संस्थाको कार्यक्षेत्र आयोजना लागू भएका २८ जिल्लामा हुनु पर्नेछ तर, खरिदकर्ता भने जुनसुकै जिल्लाको पनि हुन सक्नेछ ।
- प्रस्तावक संस्थाले हाल व्यवसाय सञ्चालन गरिरहेको भए सो व्यवसाय नाफामा सञ्चालन भइरहेको हुनुपर्ने छ ।
- आवेदक संस्थाले ऋण माँग गर्दा धितोमा राखिने सम्पत्ति वा जेथाको स्वामित्व निवेदक संस्था वा प्रस्तावक संस्थाका सदस्यहरूको स्वामित्वमा रहेको हुनु पर्नेछ वा ऋण सहयोग गर्ने बैंक वा वित्तीय संस्थाको प्रचलित मापदण्ड अनुसार स्वीकार्य हुनुपर्नेछ ।
- आवेदक कुनै पनि वित्तीय संस्था वा सरकारी निकायको कालो सूचीमा नपरेको हुनुपर्ने छ ।

- आवेदकले विगत दुई वर्ष यता कुनै पनि सरकारी निकाय वा अन्य दातृ निकायहरूले सञ्चालन गरेको कार्यक्रम/आयोजनाबाट सोही कामको लागि रू. १० लाख वा सोभन्दा बढी नगद वा प्राविधिक तथा भौतिक सहयोग अनुदान लिएको हुनु हुदैन । रू. १० लाख भन्दा कम अनुदान सहयोग प्राप्त गरेको भए सो अनुदान दुरूपयोग नभएको समेत स्व-घोषणा गर्नु पर्नेछ ।

## १५.४ अनुदान लगानी योग्य क्रियाकलापहरू

लक्षित मूल्य शृङ्खलाका निम्न बस्तु र सेवाहरूको उत्पादन तथा उत्पादकत्व बढाउने कार्यमा लगानीका लागि पेश गरिने प्रस्तावहरू अनुदान प्राप्त गर्न योग्य हुनेछन्:

### १५.४.१ उत्पादन पूर्व गरिने कियाकलापहरु

- नर्सरी, पशु आहारा उद्योग, सहकारी मार्फत उन्नत घाँसको बीउबेर्ना उत्पादन, बीउ प्रशोधन र भण्डारण आदि ।
- उत्पादनशील उन्नत पशुबस्तु उत्पादन, स्रोत केन्द्र स्थापना तथा सञ्चालन ।
- लक्षित मूल्य शृंखलाका पशुजन्य उत्पादनको उत्पादन वृद्धि तथा प्रशोधन तथा यान्त्रिकीकरण ।
- चरन विकास (बीउ खरिद, सिंचाई, मल आदि)।
- प्राविधिक क्षमता विकास ।
- च्याङ्ग्राको घुम्ती गोठ निर्माण तथा सञ्चालन ।
- दूध, मासु तथा पश्मिना प्रशोधन कारखाना तथा पशुपालन व्यवसायबाट निस्कने फोहर व्यवस्थापन आदि ।
- डिपिङ्ग ट्याङ्क निर्माण (बाखाको लागि) ।
- विज्ञ परामर्श सेवाहरू जस्तै इन्जिनीयरिङ्ग तथा मेसिनरी उपकरण जडान आदि ।

### १५.४.२ उत्पादन गर्नेक्रमका कियाकलापहरु

- नश्ल सुधार (उन्नत जातका साँढे, राँगा, बोका) ।
- गुणस्तरीय सिमेन (सेक्स्ड सिमेन पनि) र ए.आई. गर्न चाहिने उपकरणहरू ।
- घाँसको बेर्ना वा बीउको स्रोत केन्द्र स्थापना ।
- आहारा व्यवस्थापन र अभ्यास ।
- सुधारिएको गोठ, पशुले पानी खाने स्व-चालित र अर्ध स्व-चालित व्यवस्था ।
- बर्डिजो क्यास्ट्रेटर, पशु तौल गर्ने तराजु आदि ।
- सोलारबाट पानी तान्ने, तताउने र चिसो बनाउने सुबिधा ।
- पशु स्वास्थ्य किट आदि ।
- पानी बोरीङ्ग ।
- खोप, जुकाको औषधी, पशु स्वास्थ्य व्यवस्थापन ।

- असल पशुपालन अभ्यास, स्वच्छ दूध उत्पादन (दूध दुहुने मेशिन/मिल्किङ्ग पार्लर निर्माण समेत)।
- पशु स्रोत विकास (गाई/भैसी, बाखा, च्याँङ्ग्रा)।
- पशु पहिचान तथा फार्मको जैविक सुरक्षा व्यवस्था।
- फार्म मेशीनरी औजार तथा उपकरणहरू, Cow Mat, Pressure Shower आदि।

### *१५.४.३ उत्पादन पश्चातका क्रियाकलापहरु*

- सङ्कलन केन्द्र (दूध, बाखा, च्याङ्ग्रा र पश्मिना)।
- पशुजन्य उत्पादनहरूको ढुवानी (चिस्याउने सुविधा सहितको दूध तथा मासु ढुवानीका साधन आदि)।
- भण्डारण (चिस्यान समेत), कोल्ड रूम।
- मासु, दूध प्रशोधन (प्याकेजिङ्ग, ब्रान्डिङ्ग समेत)।
- दूध, मासु परीक्षण गर्ने उपकरणहरू।
- उत्पादन विविधिकरणका लागि आवश्यक मेसिनरी तथा उपकरणहरू।
- गोबर ग्याँस प्लान्ट जडान।
- पश्मिनाको धागो कात्ने मेसिन।
- गोठेमल उत्पादन तथा व्यवस्थापन।

### *१५.४.४ उप-आयोजना सञ्चालनका आधारभूत शर्तहरु*

आयोजनाको पूरक अनुदान प्रवाह र उप-आयोजना सञ्चालनका आधारभूत शर्तहरु निम्नानुसार छन:

१. आयोजनाले दूध तथा दुग्धपदार्थ, मासु तथा मासुजन्य पदार्थ र च्याँङ्ग्रा पश्मिना मूल्य शृङ्खलामा मात्र पूरक अनुदान उपलब्ध गराइनेछ।

२. पूरक अनुदानका लागि पेश भएका उप-आयोजना अवधारणा पत्र र उप-आयोजना पूर्ण प्रस्तावहरू उत्पादनमूलक गठबन्धनको आधारमा तयार पारिएको हुनु पर्नेछ।

३. प्रस्ताव गरिएको उप-आयोजना संचालन गर्नको लागि आवेदक संस्थाले उप-आयोजनाको कूल लागतको कममा पनि ३० प्रतिशत अंश नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त कुनै एक बैंक वा वित्तीय संस्थाबाट ऋण स्वीकृत गराई २० प्रतिशत अंश नगदै सम्बन्धित बैंक तथा वित्तीय संस्थामा जम्मा गरीसकेपछि मात्र बाँकी ५० प्रतिशत अंश (बढीमा रू. १ करोडसम्म) आयोजनाले पूरक अनुदानको रूपमा अनुदान भुक्तानी तालिका बमोजिम सम्बन्धित आवेदक संस्थालाई बैंक मार्फत उपलब्ध गराउने छ।

४. आवेदक संस्थाले प्रस्तावित उप-आयोजनाको आफूले ब्यहोर्नु पर्ने कूल लगानीको न्यूनतम ५०% अंश पूरै बैंकबाट ऋण लिएर वा बैंक वा वित्तीय संस्थाबाट ऋण नलिई आफ्नै श्रोतबाट समेत ब्यहोर्न सक्नेछन।

५. उप-आयोजनामा अनुदानग्राही वा उनीहरूका लाभग्राहीले ब्यहोर्ने लगानीको अंश गणना गर्ने प्रयोजनको लागि प्रयोग भइरहेका स्थानीय सामग्री वा श्रमलाई अनुदानग्राहीको योगदान गणनामा समावेश गरिने छैन ।

६. आवेदक संस्थासग एउटा ठूलो पशु वा चारवटा बाखापालनका लागि कम्तीमा पनि एक रोपनी (डेढ कट्ठा) का दरले जग्गा उपलब्ध हनुपर्ने छ तर ५० (पचास) भन्दा बढी गाई वा २०० (दुई सय) भन्दा बढी बाखा पालन गर्ने उप-आयोजनाको हकमा न्यूनतम ५० रोपनी (७५ कट्ठा) आफ्नै स्वाभित्वको वा भाडामा  लिएको जमीन भए पनि स्वीकार्य हुनेछ । जमीन भाडामा लिएको भए भाडाको अवधि कम्तीमा पनि ५ वर्षको हुनु पर्नेछ र सो जमीन भाडामा लिने दिने संझौता नोटरी पब्लिकद्वारा प्रमाणित गरिएको हुनुपर्नेछ ।

७. उप-आयोजना अवधारणा पत्रको मूल्याङ्कन, स्थलगत प्रमाणीकरण तथा उप-आयोजना पूर्ण प्रस्तावको निष्पक्ष मूल्याङ्कन पश्चात् मात्र आयोजनाबाट पूरक अनुदान प्रदान गरिने छ ।

८. आयोजनाले प्रदान गर्ने अनुदान पूरक अनुदान हुनेछ र सो अनुदान प्रतिस्पर्धाको आधारमा छनौट भएका योग्य उप-आयोजना प्रस्तावहरू संचालन गर्नका लागि मात्र प्रदान गरिने छ ।

९. आयोजनाले मूल्याङ्कनमा आधारित अनुदान भुक्तानी (Milestone Based Financing) पद्धति पालना गर्नेछ । यसको अर्थ अनुदान रकम अनुदानग्राहीसँग भएको सम्झौता अनुरूप उल्लेखित कासे ढुंगा (Milestones) र तोकिएका क्रियाकलापहरू सम्पन्न भए/नभएको स्थलगत मूल्याङ्कनपछि मात्र मूल्याङ्कन नतिजाको आधारमा बढीमा ३ किस्तामा उपलब्ध गराइने छ ।

१०. अनुदान सम्झौतामा हस्ताक्षर भएको मिति भन्दा पहिले सम्पन्न भएका कार्यहरूमा अनुदान रकम खर्च गर्न पाइने छैन ।

११. विगत दुई वर्ष भित्र समान प्रकृतिको कामको लागि रू. १० लाखभन्दा बढी रकम कुनै सरकारी निकायबाट अनुदान लिएको भए सो आवेदक संस्थालाई अनुदान उपलब्ध गराइने छैन । साथै विगतमा रु. १० लाख भन्दा कम रकम अनुदान प्राप्त गरेको भए पनि तोकिएको कार्य सम्पन्न नगरेको वा अनुदान रकम दुरूपयोग गरेको भए त्यस्ता संस्थालाई पनि अनुदान उपलब्ध गराइने छैन ।

१२. आयोजनाबाट पूरक अनुदान प्राप्त गर्ने आवेदक संस्थाले आयोजनाले तोकेको वातावरणीय र सामाजिक सुरक्षाका प्रावधानहरू पालना गर्नु पर्नेछ ।

१३. कृषक समूह, सहकारी तथा उत्पादक संस्थाले पेश गरेको प्रस्तावमा सकेसम्म ४५ प्रतिशत लाभग्राही महिला हुनु पर्नेछ ।

१४. प्रस्ताव गरिएको स्थान र मूल्य शृंखला परिवर्तन गरी उप-आयोजना सञ्चालन गर्न पाइने छैन ।

१५. उप-आयोजना प्रस्ताव उत्पादनमूलक गठबन्धनको आधारमा तयार पारिएको हुनुपर्नेछ र उक्त प्रस्तावको खरिदकर्ताले कुनै अनुदान पाउने छैन ।

१६. पूरक अनुदानको अंश उप-आयोजनाको कूल लगानीको ५०% वा बढीमा रु. १ करोड हुनेछ ।

१७. आयोजनाको पूरक अनुदान अन्तर्गतको विनियोजनलाई सम्भव भएसम्म ४०% साना र ६०% मझौला उद्यमका लागि उपलब्ध गराइनेछ ।

**लागत बाँडफाँडको उदाहरण**

| सि.नं. | आवेदक संस्थाहरूले व्यहोर्नु पर्ने न्यूनतम २०% रकम रू. | आयोजनाले प्रदान गर्ने पूरक अनुदान ५०% रू. | आवेदक संस्थाले वित्तीय संस्थाहरूबाट स्वीकृत गराउनु पर्ने न्यूनतम ऋण ३०% रकम रू. | उप-आयोजना प्रस्तावको कूल १०० % लगानी रु. |
|---|---|---|---|---|
| १ | २ लाख | ५ लाख | ३ लाख | १० लाख |
| २ | ४ लाख | १० लाख | ६ लाख | २० लाख |
| ३ | १० लाख | २५ लाख | १५ लाख | ५० लाख |
| ४ | २० लाख | ५० लाख | ३० लाख | १ करोड |

### *१५.४.५ अनुदान प्रयोजनका लागि निर्धारित उप-आयोजना संख्या*

आयोजनाबाट प्रदान गरिने पूरक अनुदानको लागि विभिन्न मूल्य शृंखला र विकेन्द्रीकृत सहयोग इकाईहरुको लागि निर्धारित उप-आयोजनाहरुको संख्या तालिका-१७ र १८ अनुसार हुनेछ ।

**मूल्य शृंखला अनुसार निर्धारित उप-आयोजना संख्या**

| सि.नं. | पशुजन्य मूल्य शृङ्खला | अनुमानित उप-आयोजना (सङ्ख्या) | जिल्ला (सङ्ख्या) |
|---|---|---|---|
| १. | दूध तथा दुग्धपदार्थ | २२५ | २६ जिल्ला |
| २. | मासु तथा मासुजन्य पदार्थ | २२५ | २६ जिल्ला |
| ३. | च्याङ्ग्रा पश्मिना | ५० | २ जिल्ला (मुस्ताङ्ग र मनाङ्ग) |
| | **कूल जम्मा** | **५००** | **२८ जिल्ला** |

एवम् प्रकार आयोजना अवधि भरमा विभिन्न विकेन्द्रीकृत आयोजना सहयोग इकाईहरु अन्तर्गत छनौट गरिने उप-आयोजनाहरूको सङ्ख्या तालिका-१६ बमोजिम हुनेछ ।

**विकेन्द्रीकृत आयोजना सहयोग इकाई अनुसार निर्धारित उप-आयोजना संख्या**

| विकेन्द्रीकृत आयोजना सहयोग ईकाई | जिल्ला सङ्ख्या | जम्मा छुट्याइएको उप-आयोजना सङ्ख्या | | | |
|---|---|---|---|---|---|
| | | दूध | बाख्रा | च्याङ्ग्रा/पश्मिना | जम्मा |
| बिराटनगर | ७ | ५८ | ५८ | - | ११६ |
| हेटौडा | ७ | ५९ | ५९ | - | ११८ |
| पोखरा | ७ | ५० | ५० | ५० | १५० |
| बुटवल | ७ | ५८ | ५८ | - | ११६ |
| जम्मा | २८ | २२५ | २२५ | ५० | ५०० |

## १५.५ अनुदान प्रवाह र उप-आयोजना सञ्चालन

आयोजनाबाट आवेदक संस्थाहरूलाई उप-आयोजना सञ्चालनको लागि प्रदान गरिने पूरक अनुदान निम्न तीन चरणको मूल्याङ्कन पश्चात प्रदान गरिने छ।

१. उप-आयोजना अवधारणा पत्र (Project Concept Note) मूल्याङ्कन।
२. स्थलगत प्रमाणीकरण (Field Verification)।
३. उप-आयोजना पूर्ण प्रस्ताव (Full Project Proposal)

### १५.५.१ उप-आयोजना अवधारणा पत्र मूल्यांकन

आयोजना व्यवस्थापन कार्यालयले सार्वजनिक सूचना मार्फत उप-आयोजना अवधारणा पत्र पेश गर्न आह्वान गरेपछि तोकिएको म्याद भित्र इच्छुक आवेदक संस्थाहरूले उप-आयोजना अवधारणा पत्र सम्वन्धित विकेन्द्रीकृत आयोजना सहयोग इकाई वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा पेश गर्नु पर्नेछ। यसरी प्राप्त उप-आयोजना अवधारणा पत्रहरु स्वीकृत विधि अनुसार विकेन्द्रीकृत आयोजना सहयोग इकाईहरुले तालिका १९ का आधार बमोजिम मूल्याङ्कन गराउनेछन र सो मूल्याङ्कनमा कम्तिमा ६०% अङ्क प्राप्त गर्ने उप-आयोजना अवधारणा पत्रहरुको स्थलगत प्रमाणीकरण गरिनेछ।

**अवधारणा पत्र मूल्याक्तनको आधार**

| सि. नं. | मापदण्ड | मूल्यांकनको आधार |
|---|---|---|
| १. | समग्र मूल्याङ्कन | क्रियाशीलता, भौतिक सुविधा, योग्य तथा तालिम प्राप्त प्राविधिकहरू |
| २. | महिला सहभागिता | अगुवाई गर्ने महिलाको सङ्ख्या, महिला सहभागिताको प्रतिशत, लाभान्वित हुने महिला सङ्ख्या |
| ३. | व्यावसायिक स्पष्टता | आयोजना विकास उद्देश्यलाई योगदान दिन सक्ने, प्राविधिक तौरतरिका, कार्यान्वयन रणनीतिहरू, कार्यान्वयनमा देखिने जोखिम र जोखिम निराकरणका लागि अपनाइने विधिहरू |
| ४. | नवीनतम प्रविधिहरूको प्रयोग | नवीनतम प्रविधिको प्रयोग, रचनात्मक शैली, असल अभ्यासहरूको प्रयोग, कार्यान्वयन गर्न सकिने प्रस्ताव |
| ५ | उत्पादनमूलक गठबन्धनको क्रियाशीलता | उत्पादनशील गठबन्धनको क्रियाशीलता, आधिकारिक सम्झौता पालनाको आधार र विगतको अनुभव |
| ६. | उप-आयोजनाको दिगोपनाका स्पस्ट आधारहरू | हासिल हुने उपलब्धि र प्रतिफललाई दिगो राख्ने क्षमता, दीर्घकालीन लक्ष्यहरूको निर्धारण, व्यावसायिक बृद्धिको प्रक्षेपण |
| ७. | लाभग्राहीको सहभागिता | प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा लाभान्वित हुने वर्ग |
| ८. | प्रस्तावित उप-आयोजना संचालनबाट प्राप्त हुने प्रतिफल | उत्पादनमा वृद्धि, बिक्रीमा बृद्धि, गुणस्तरमा वृद्धि, व्यावसायिकतामा विश्वास |
| ९. | वातावरणीय तथा सामाजिक सुरक्षा | वातावरणीय तथा सामाजिक सुरक्षा व्यवस्थापन योजना, जोखिम मूल्याङ्कन तथा निराकरणका उपायहरू |

### १५.५.२ *स्थलगत प्रमाणीकरण (Field Verification)*

आयोजनाको छनौट प्रक्रिया बमोजिम मूल्याङ्कनमा ६० प्रतिशत भन्दा बढी अंक प्राप्त गर्ने उप-आयोजना अवधारणा पत्र प्रस्ताव गर्ने आवेदक संस्थाहरूको नामावली तयार गरेर स्थलगत प्रमाणीकरण समिति मार्फत स्थलगत अनुगमन गरी प्रमाणीकरण गर्नुपर्ने व्यवस्था गरिएको छ । यस स्थलगत प्रमाणीकरणको उद्देश्य र प्रक्रियाहरूको विस्तृत विवरण निम्नानुसार छः

#### *१५.५.२.१ स्थलगत प्रमाणीकरणको उद्देश्य*

(क) उत्पादनमूलक गठवन्धनको आधारमा तयार पारिएका र प्रारम्भिक मूल्याङ्कनबाट छनौट भएका आवेदक संस्थाहरूको उप-आयोजना सञ्चालन सम्बन्धी आवश्यक ज्ञान, सीप, अनुभव तथा संस्थागत क्षमताको मूल्याङ्कन गर्ने ।

(ख) प्रस्तावित उप-आयोजना सञ्चालन गर्ने स्थान भौगोलिक तथा प्राविधिक दृष्टिकोणबाट उपयुक्त भए/नभएको हेर्ने

(ग) उप-आयोजना कार्यान्वयनबाट वातावरणमा पर्न सक्ने प्रभाव तथा अवलम्वन गर्नुपर्ने सामाजिक सुरक्षाका उपायहरू सम्वन्धमा आवेदक संस्थाको संवेदनशीलता मूल्याङ्कन गरी उपयुक्त सुझावहरू दिने ।

#### *१५.५.२.२ स्थलगत प्रमाणीकरण मूल्याक्तन आधार*

स्थलगत प्रमाणीकरण गर्दा मूल्याङ्कन समितिले तालिका-२० को आधारमा अङ्क प्रदान गर्नेछ र यसमा कूल ५० प्रतिशत भन्दा बढी अंक प्राप्त गर्ने आवेदकहरुलाई पूर्ण आयोजना प्रस्ताव पेश गर्न आमन्त्रण पत्र दिइने छ ।

**स्थलगत प्रमाणीकरण मूल्यांकनको आधार**

| क्र.स. | सूचक |
|---|---|
| १ | सम्बन्धित मूल्य श्रृङ्खलामा संस्थाको दखल/अनुभव |
| २. | संस्थाको क्रियाशीलता |
| ३ | संस्थाको वित्तीय स्थिति/हैसियत |
| ४ | संस्थामा हाल उपलव्ध भौतिक पूर्वाधार (जमीन, भवन, बाटो, बिजुली आदि) |
| ५ | सवारी साधन, ठूला मेशिन र अन्य आवश्यक उपकरणहरू |
| ६ | लाभग्राहीको सहभागिता (प्रत्यक्ष लाभान्वित वर्ग, लैगिंक स्थिति तथा संख्या) |
| ७ | उत्पादन, उत्पादकत्व तथा विक्री (लक्ष्य) |
| ८ | उत्पादनमूलक गठवन्धन (Productive Alliance) का साझेदार पात्रहरूको सकृयता (Producer-Buyer Linkage) खरिद कर्ताको खरिद क्षमता |
| ९ | पेश गरेका कागजातहरूको स्पष्टता |
| १० | आवश्यक पर्ने जग्गाको उपलब्धता (उत्पादनकर्ता भएमा १ रोपनी प्रति गाई भैंसी अथवा ४ बाखाका दरले १-५० रोपनीसम्म, प्रशोधनकर्ता भएमा नयाँ संरचना बनाउन आवश्यक पर्ने जग्गा) |

#### *१५.५.२.३ उप-आयोजना पूर्ण प्रस्ताव मूल्याक्तन*

उप-आयोजना अवधारणा पत्रको मूल्याङ्कन पश्चात योग्य पाइएका प्रस्तावकहरुलाई सम्बन्धित विकेन्द्रीकृत सहयोग इकाईबाट पूर्ण प्रस्ताव आमन्त्रण गरी जानकारी गराइने छ र सो अनुसार प्रस्तावकले आफ्नो उप-आयोजना पूर्ण प्रस्ताव तोकिएको समयावधि र शर्तहरु भित्र रही पेश गर्नुपर्नेछ ।

आवेदक संस्थाहरुबाट प्राप्त भएका उप-आयोजना पूर्ण प्रस्तावहरुको मूल्याङ्कन आयोजना व्यवस्थापन कार्यालय र विकेन्द्रीकृत आयोजना सहयोग इकाईमा गरिने छ भने आर्थिक प्रस्तावको मूल्याङ्कन आवेदकले ऋण आवेदन पेश गरेका बैंक वा वित्तीय संस्थाहरुले संस्थाको मूल्याङ्कन मापदण्ड अनुसार गर्ने छन ।

### *१५.५.३ पूर्ण प्रस्ताव मूल्यांकनका आधार*

**उप-आयोजना पूर्ण प्रस्तावको मूल्याङ्कन आधार**

| क्र.सं. | सूचक |
|---|---|
| १. | **व्यवसाय सञ्चालन क्षमता** (आवेदकले प्रदान गरेका जानकारी र पेश गरेका कागजपत्रको आधारमा आकलन गर्ने) |
| २. | **उत्पादनमूलक गठबन्धन** (गठबन्धनमा सहभागी पात्रहरुको संख्या, खरिदकर्ताको क्षमता तथा कार्यक्षेत्र आदि) |
| ३. | **व्यवसायका नवीनतम विशेषताहरु** (प्रस्तावित प्रविधिहरुको प्रयोग, विद्यमान बाधा तथा चुनौतीहरुलाई समाधान गर्ने योजना र व्यावसायिक सामाजिक उत्तरदायित्व निर्वाह गर्ने सोचका नवीनताहरु हेर्ने) |
| ४. | **उप-आयोजनाका आर्थिक, व्यवस्थापकीय तथा प्राविधिक पक्षहरु** |
| ५. | **वातावरणीय पक्ष** |
| ६. | **सामाजिक समावेशीकरण** |
| ७. | **उप-आयोजनाबाट प्रत्यक्ष र अप्रत्यक्ष लाभपाउने लाभग्राहीको संख्या** (लगानीकर्ता, व्यवस्थापक, कामदार र व्यवसायलाई सामाग्री आपूर्ति गर्ने र व्यवस्यायबाट उत्पादन खरिद गरी थप प्रशोधन गर्ने वा बिक्री वितरण गर्ने समेत) |
| ८. | **आयोजनाले प्रवर्द्धण गरेका जलवायुमैत्री प्रविधिहरुको प्रयोग** (बधुवा पशु पालन, हिउदे तथा बर्षे घास खेती, सुधारिएको गोठ, मलमूत्रको उचित व्यवस्थापन, हे साइलेजको प्रयोग, र डाले घासको संरक्षण तथा उपयोग) |
| ९. | **लागत साझेदारी** उप-आयोजनाको कूल लगानी र आवेदकको प्रस्तावित लगानीको हिस्सा |

### *१५.५.४ उप-आयोजना पूर्ण प्रस्ताव मूल्यांकन*

उप-आयोजना पूर्ण प्रस्तावको मूल्याङ्कन सो प्रस्तावमा माँग गरिएको पूरक अनुदानको रकमको आधारमा सम्बन्धित विकेन्द्रीकृत आयोजना सहयोग इकाईहरु तथा आयोजना व्यवस्थापन कार्यालयमा स्वीकृत विधि अनुसार दुई तहमा गरिने छ ।

**क. विकेन्द्रीकृत आयोजना सहयोग इकाई तह**

विकेन्द्रीकृत आयोजना सहयोग इकाईका प्रमुखको अध्यक्षतामा गठित उप-आयोजना मूल्याङ्कन समितिले रु ३५ लाख भन्दा कम अनुदान रकम माँग गरिएका उप-आयोजना पूर्ण प्रस्तावहरुको मूल्याङ्कन गर्ने तथा गराउने व्यवस्था गर्नेछ ।

**ख. आयोजना व्यवस्थापन कार्यालय तह**

अनुदान रकम रु. ३५ लाख भन्दा बढी माँग गरिएका पूर्ण आयोजना प्रस्तावहरुको मूल्याङ्कन आयोजना व्यवस्थापन कार्यालयमा गरिने छ । आयोजना व्यवस्थापन

कार्यालयको मूल्याङ्कन समितिले पूर्ण उप-आयोजना प्रस्तावहरु मूल्याङ्कन गर्ने तथा गराउने काम गर्नेछ ।

#### *१५.५.४ अनुदान रकम भुक्तानी*

आयोजनाले मूल्याङ्कनमा आधारित अनुदान भुक्तानी पद्धति पालना गर्नेछ । यसको अर्थ अनुदान रकम अनुदानग्राहीसँग भएको सम्झौता अनुरूप उल्लेखित कोसे ढुङ्गा (Milestones) र तोकिएका क्रियाकलापहरू सम्पन्न भए/नभएको स्थलगत मूल्याङ्कन पछि मूल्याङ्कन नतिजाको आधारमा मात्र बढीमा ३ किस्तामा उपलब्ध गराइने छ ।

अनुदान रकम भुक्तानीको शर्त तालिका-२१ अनुसार हुनेछ ।

**अनुदान भुक्तानी तालिका**

| चरण | लगानी प्रतिवद्धता | | कार्य प्रगति | आयोजनाबाट हुने अनुदान भुक्तानी |
|---|---|---|---|---|
| | स्वलगानी | वित्तीय संस्थाको ऋण | | |
| पहिलो कोसेढुङ्गा (माइलस्टोन) को कार्य प्रगति | ५० प्रतिशत | ५० प्रतिशत | पहिलो माइलस्टोनको कार्य पूरा | पहिलो कोशेढुङ्गा (माइलस्टोन)को कूल खर्चको ५० प्रतिशत |
| दोस्रो कोसेढुङ्गा (माइलस्टोन)को कार्य प्रगति | ५० प्रतिशत | ५० प्रतिशत | दोस्रो माइलस्टोनको कार्य पूरा | दोस्रो माइलस्टोनको कूल खर्चको ५० प्रतिशत |
| अन्तिम कार्य सम्पन्न | | | अन्तिम कार्य सम्पन्न प्रतिवेदन पेश | सम्झौता रकमको भुक्तानी गर्न बाँकी रकम |

#### *१५.५.५ सामाजिक परिचालकको भूमिका*

आयोजनामा सामाजिक परिचालकहरुले निर्वाह गर्नुपर्ने भूमिकाहरु धेरै भए पनि सम्भाग “ग” अन्तर्गतको पूरक अनुदान प्रवाहमा गर्नुपर्ने प्रमुख कामहरु निम्नानुसार छनः

##### *१५.५.५.१ पूरक अनुदान बारे सूचना प्रवाह*

आयोजनाले प्रदान गर्ने पूरक अनुदान प्रतिस्पर्धात्मक हुने भएकोले आयोजनाले सार्वजनिक सूचना प्रकाशन गरी उप-आयोजना अवधारणा पत्र र उप-आयोजना पूर्ण प्रस्ताव आह्वान गर्नेछ  यसक्रममा सही जानकारी प्रदान गरी बढी भन्दा बढी सम्भाव्य लाभग्राहीलाई पूरक अनुदान प्रक्रियामा जोड्ने काम सामाजिक परिचालकहरुको गर्नुपर्नेछ ।

*१५.५.५.२ **उप-आयोजना अवधारणा पत्र र पूर्ण प्रस्ताव तयारीमा सहयोगः*** आफूले काम गर्ने समूह तथा सहकारीलाई उप-आयोजना अवधारणा पत्र र उप-आयोजना पूर्ण प्रस्ताव तयार पार्दा चाहिने प्राविधिक जानकारीहरु प्रदान गर्ने सहयोग पनि सामाजिक परिचालकहरुले प्रदान गर्नुपर्नेछ ।

**१५.५.५.३ *स्थलगत प्रमाणीकरणमा सहयोग:*** उप-आयोजना अवधारणा पत्रहरु छनौट भएपछि स्थलगत प्रमाणीकरण गर्नेक्रममा प्रमाणीकरण टोलीलाई सहयोग गर्नु पनि सामाजिक परिचालकको एउटा मुख्य काम हुनेछ ।

**१५.५.५.४ *उप–आयोजना सञ्चालनमा सहयोग:*** आयोजनाका सामाजिक परिचालकहरु पशु सेवा प्राविधिक भएको कारण पूरक अनुदान प्राप्त उप-आयोजनाहरु कार्यान्वयनमा आफै प्राविधिक सेवा प्रदान गरेर वा लाभग्राहीलाई सेवा प्रदायकसग जोडिन सहयोग पुयाउनु पनि सामाजिक परिचालकको काम हुनेछ ।

**१५.५.५.६ *उप–आयोजना अनुगमन:*** सामाजिक परिचालकहरु सञ्चालन हुने उप-आयोजनाको प्रत्यक्ष सम्पर्कमा रहने भएकोले उनीहरुको एक प्रमुख काम ती उप-आयोजनाहरुको नियमित अनुगमन गरी आयोजनामा प्रतिवेदन प्रेषण गर्नु पनि हुनेछ ।

# १६. उत्पादनमूलक गठबन्धन

## १६.१ उत्पादनमूलक गठबन्धन

समूह, संस्था र सहकारीहरुमा संगठित भएका साना उत्पादक कृषकहरु र ती कृषकका उत्पादन खरिद गर्ने खरिदकर्ताबीच निर्धारित परिमाण र गुणस्तरको उत्पादन आपूर्ति गर्ने औपचारिक सम्झौतालाई उत्पादनमूलक गठबन्धन भनिएको छ । नेपालमा उत्पादनमूलक गठबन्धनको अवधारणा नयाँ भए पनि दक्षिण अमेरिका र अफ्रिकामा यसको सफल अभ्यास भएको पाइन्छ । यस आयोजनाले उत्पादनमूलक गठबन्धनको आधारमा तयार पारिएका दूध, खसीबोकाको मासु र पश्मिना मूल्य शृंखलाका उत्पादन र प्रशोधनका क्रियाकलापसँग सम्बन्धित करिब ५०० वटा कृषि व्यवसायलाई पूरक अनुदान र प्राविधिक सहयोग उपलब्ध गराउने लक्ष लिएको छ । यस प्रकार आयोजनाद्वारा उत्पानमूलक गठबन्धनलाई गरिने सहयोगले गर्दा लगानी, उत्पादन सामाग्री, प्राविधिक तथा व्यवसाय विस्तार सेवा र बजारीकरण सहज तथा सुदृढ हुने र आयोजनाको लगानीको प्रभावकारीता अझ बढ्ने अपेक्षा गरिएको छ । आयोजना बारे चासो राख्ने र आयोजनासँग सहकार्य गर्न इच्छुक सबैको जानकारीको लागि उत्पादनमूलक गठबन्धन सम्बन्धी यो जानकारी प्रस्तुत गरिएको छ ।

उत्पादनमूलक गठबन्धनको सफल कार्यान्वयनको कारण उप-आयोजना सञ्चालनमा:

- जोखिमको न्यूनीकरण हुने छ ।
- प्राप्त हुने नाफा बाँडिने छ ।
- पूरक अनुदान प्राप्त हुने भएकाले साझेदारीको कार्यान्वयन दिगो हुने छ ।

## १६.२ उत्पादनमूलक गठबन्धनका साझेदार पात्रहरू

- पशुजन्य पदार्थका उत्पादक र उत्पादन गर्ने संस्था वा समूहहरू ।
- पशुजन्य पदार्थका एक वा सो भन्दा बढी खरिदकर्ताहरु ।
- सरकारी निकायहरु ।
- वित्तीय संस्थाहरु ।

## १६.३ उत्पादनमूलक गठबन्धनबाट हुने लाभ

### १६.३.१ पशुजन्य पदार्थका उत्पादकलाई

- उप-आयोजना प्रस्ताव मूल्याङ्कनका आधारमा सरकारी निकायबाट पूरक अनुदान प्राप्त हुने ।
- उत्पादन वृद्धि गर्न प्राविधिक सहायता प्राप्त हुने ।
- उत्पादनको परिमाण र गुणस्तर वृद्धि गर्न सहयोग प्राप्त हुने ।
- बजारमा उत्पादनको पहुँच सुनिश्चित हुने ।
- व्यवसायीहरु उद्यमी बन्न सहयोग पुग्ने ।
- व्यवसाय सञ्चालन गर्न बैङ्कबाट ऋण प्राप्त गर्न सहयोग पुग्ने ।

### १६.३.२ पशुजन्य पदार्थका खरिदकर्तालाई

- बजारको माँग अनुसार आवश्यक परिमाणका बस्तु निर्धारित दरमा उत्पादकहरूबाट सजिलै प्राप्त हुने ।
- प्राप्त भएका पशुजन्य बस्तुहरु गुणस्तरीय हुने ।

- पशुजन्य बस्तुहरू उत्पादन हुने स्थान निश्चित हुने भएकोले ढुवानी तथा अन्य लागत कम हुने ।

### *१६.३.३ बैंक तथा वित्तीय संस्थालाई*

- लगानीको उपयुक्त वातावरण बन्ने ।
- लगानीमा जोखिम कम हुने ।
- प्राथमिकता प्राप्त पशुपालन क्षेत्रमा लगानी बढ्ने ।
- लगानी रकम समयमै असुली हुने ।
- पशुपन्छी बीमा अनिवार्य गरिएकोले लगानी सुरक्षित रहने ।

### *१६.३.४ सरकारी निकायलाई*

- पूरक अनुदानको सदुपयोग हुने ।
- उप-आयोजनाहरू दिगोरूपमा सञ्चालन हुने ।
- स्थानीय स्तरमै रोजगारीका अवसरहरू सिर्जना हुने ।

## *१६.४ गठबन्धन सम्झौताका किसिम*

- उत्पादक-उत्पादकबीच हुने परस्पर लाभ सहितको मैत्रीपूर्ण समतल सम्झौता ।
- उत्पादक र खरिदकर्ताबीच हुने परस्पर लाभ सहितको मैत्रीपूर्ण ठाडो सम्झौता ।

## *१६.५ आयोजनामा उत्पादनमूलक गठबन्धनका लक्षित मूल्य शृङ्खलाहरू*

आयोजनाले उत्पादनमूलक गठबन्धनका आधारमा तयार पारिने निम्न मूल्य शृंखलाका उप-आयोजना सञ्चालनको लागि मात्र पूरक अनुदान सहयोग प्रदान गर्ने छ ।

१६.५.१ *दूध तथा दुग्धपदार्थ मूल्य शृंखला:* उत्पादनकर्ता तथा प्रशोधनकर्ताले उत्पादक कृषकबाट दूध संकलन गरेर भण्डारण तथा प्रशोधन गरी बिक्री गर्ने उद्देश्य राखेका उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले तयार पारेका उप-आयोजनाहरु ।

१६.५.२ *खसीबोकाको मासु मूल्य शृंखला:* उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले तयार पारिएका उप-आयोजना अवधारणा पत्र तथा उप-आयोजना पूर्ण प्रस्तावहरु अनुदानका लागि योग्य हुनेछन् ।

१६.५.३ *च्याङ्ग्रा तथा पश्मिना मूल्य शृङ्खला:* उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले तयार पारिएका उप-आयोजना अवधारणा पत्र तथा उप-आयोजना पूर्ण प्रस्तावहरु अनुदानका लागि योग्य हुनेछन् ।

## *१६.६ उत्पादक र खरिदकर्ता*

### *१६.६.१ उत्पादक*

- पशुबस्तु विशेषको उत्पादन शृंखलामा संगठितरूपमा आबद्ध भएका कृषक समूह, सहकारी संस्था र उत्पादक संघहरु ।

- उत्पादित पशु, पशुजन्य उत्पादन तथा पशु उत्पादन सामाग्रीहरुको बिक्री सुनिश्चित भए प्रशोधनकर्ता समेत ।

# १७. कृषक पाठशाला सञ्चालन

## १७.१ कृषक पाठशालाको परिचय

कृषक पाठशाला कृषकहरूले शिक्षा आर्जन गर्ने थलो हो । यस थलोमा २०-२५ जना कृषकहरूले सामुहिकरूपमा खोजपूर्ण सिकाईका तरिकाहरू अपनाई, पर्यावरणीय विश्लेषणमा आधारित भई स्वस्थ तथा स्वच्छ बाली वा पशुपन्छी उत्पादनका बारेमा सिक्ने र सिकाउने कार्य गर्दछन् । यो भित्ता र छाना बिनाको पाठशाला हो । कृषक पाठशालामा कृषकको खेतबारी वा पशुपालन गर्ने थलो (गोठ वा खोर वा चरनक्षेत्र) लाई नै अध्ययन स्थलको रूपमा प्रयोग गर्ने गरिन्छ । कृषक पाठशालामा एक अथवा दुईजना सहजकर्ताले सिकाई प्रकृयाको सहजीकरण गर्दछन् । यहाँ कृषकहरूलाई बाली वा पशुपन्छी विशेषको परिवेश अवलोकन, विश्लेषण तथा समूह छलफलका आधारमा ठोस निर्णय लिएर तत्काल देखा परेका समस्याहरू समाधान गर्नसक्ने गरी दक्ष हुने वातावरण सिर्जना गरिन्छ ।

## १७.२ कृषक पाठशालाको उद्देश्य

अनुभवजन्य सिकाई (Experiential Learning) मा आधारित सहभागितात्मक अभ्यासहरूको माध्यमले सहभागीहरूको विश्लेषण र निर्णय गर्नसक्ने क्षमता अभिवृद्धि गरी उनीहरूलाई दक्ष बनाउनु कृषक पाठशालाको मुख्य उद्देश्य हो ।

कृषक पाठशालाको उद्देश्य स्वच्छ र स्वस्थ उत्पादन गर्दा आईपर्ने विभिन्न प्राकृतिक, प्राविधिक तथा व्यवस्थापकीय समस्याहरूको समाधानमा टेवा पुर्‍याउनु पनि हो ।

यसको साथै कृषक पाठशालामा कृषकहरूलाई संगठित गर्नु तथा बाली वा पशुपन्छी उत्पादन तथा त्यसको बजारीकरणसँग सम्बन्धित पक्षहरूमा दक्षता अभिवृद्धि गराउने कार्य समेत हुन्छ ।

## १७.३ कृषक पाठशालाका विशेषताहरु

### १७.३.१ खोजमा आधारित सिकाई

पाठशालामा कृषकहरूलाई कुनै पनि प्रविधिको बारेमा कहिंबाट सुनेको भरमा वा अरुले प्रयोग गरेको देखेर सिक्ने भन्दा त्यसलाई स्वयं प्रयोग गर्ने त्यसको समस्या पहिल्याउन र सोको समाधान खोजी गर्न स-साना प्रयोगात्मक अभ्यासहरू गर्न लगाइने हुँदा बढी सिक्ने अवसर मिल्छ ।

### १७.३.२. अनुभव नै सिकाईको सुरुवात

सहजकर्ताको सहयोगमा कृषकहरूले आफ्नो अनुभवहरूको विश्लेषण गरी प्राप्त सम्भाव्य नतिजा वा सुझावहरू पाठशालामा अबलम्वन गरिन्छ ।

### १७.३.३. खेतबारी वा पशुपन्छी पालन स्थल नै अध्ययन स्थल

कृषक पाठशाला आफ्नो जस्तै कुनै अर्को कृषकको खेत वा गोठ/खोर/चरनक्षेत्रमा सञ्चालन हुने हुँदा यसबाट सिकेको ज्ञान र सीपलाई कृषकहरूले सजिलैसँग ग्रहण गरी आफ्नो खेत वा गोठ/खोर/चरनक्षेत्रमा अवलम्बन गर्न सक्दछन् ।

### १७.३.४. स्थानीय अवस्था, आवश्यकता र वास्तविकतामा आधारित विषयवस्तु

कृषक पाठशालाको पाठ्यक्रम कुनै पूर्व निर्धारित वा निश्चित विषयवस्तुमा आधारित हुँदैन । कृषक पाठशालाको पाठ्यक्रम कृषकको वास्तविक तथा स्थानीय/स्थलगत आवश्यकता

अनुरूप विषय वस्तुहरू थपघट हुन्छन् । तसर्थ पशुपन्छीको वृद्धि विकास अवस्था तथा पशुपालन स्थलको अवस्थामा आधारित रहेर कृषक पाठशालाको पाठ्यक्रम तयार गरिएको हुन्छ ।

### *१७.३.५. किसानहरू नै निर्णयकर्ता हुनु*

कृषक पाठशालामा कृषकहरूले परीक्षण, अवलोकन, तथ्याङ्क सङ्कलन, विश्लेषण र प्रस्तुतिकरण गरी कुनै पनि समस्या समाधान वारे निर्णय लिने गर्दछन् । समस्याको पहिचान र सम्भावित कारणहरू पत्ता लगाई समाधानका उपायहरू पहिल्याउने तथा त्यस्ता उपायहरू आफ्नो गोठ/खोर/चरनक्षेत्रमा परीक्षण गरी प्राप्त नतिजाको विश्लेषणबाट निचोड निकाल्नेसम्मका कियाकलापहरू कृषकहरूले सामुहिक छलफलबाट गर्ने हुँदा उनीहरूको निर्णय गर्ने सीप र क्षमतामा विकास भई राम्रो निर्णयकर्ता बन्न सक्दछन् ।

### *१७.३.६. किसान दक्ष बन्ने*

सामान्यतयाः कृषक पाठशालामा सहभागी भएका कृषकहरू गोठ/खोर/चरनक्षेत्रमा विभिन्न किसिमका तुलनात्मक परीक्षण तथा स-साना सहयोगी परीक्षणहरू सञ्चालन गरेका हुन्छन् । त्यस्ता परीक्षणका विषयबस्तुहरू कृषक स्वयंले स्थान विशेषको आवश्यकतामा आधारित भएर छानेका हुन्छन् । कृषक पाठशाला सञ्चालनको क्रममा कृषकहरूले अनुसन्धान गर्दा अबलम्वन गरिने प्रक्रियाहरू अवलम्वन गर्नुका साथै नतिजाहरूको विश्लेषण समेत आफैले गर्ने गर्दछन् र छलफलबाट निस्किएका निष्कर्षहरू आफ्नो अवस्था हेरी अवलम्वन समेत गर्दछन् । यस प्रकार एक आपसमा अनुभव आदान प्रदान गर्दै विभिन्न अभ्यास, परीक्षण तथा तुलनात्मक अध्ययन सञ्चालन गर्ने क्रममा कृषकहरू स्वयं व्यवस्थापनको लागि दक्ष समेत वन्दछन् ।

## *१७.४ कृषक पाठशाला कार्यान्वयनका चरणहरू*

कृषक पाठशालामा गरिने क्रियाकलापहरूको आधारमा कृषक पाठशाला कार्यान्वयनलाई तीन चरणमा वर्गिकरण गर्न सकिन्छ :

- ***प्रथम चरण***

कृषक पाठशाला स्थापना तयारी कार्य शुरु गर्नुभन्दा पहिले पाठशाला सञ्चालन गर्न उपयुक्त हुने सम्भाव्य स्थलहरूको पहिचानका लागी **स्थलगत भ्रमण**, **आवश्यक तथ्याङ्क संकलन** र **विश्लेषणका** अतिरिक्त कार्यालयमै बसेर गरिने अन्य आवश्यक पूर्व तयारीका कार्यहरू पर्दछन ।

- ***दोश्रो चरण***

प्रथम चरणका कार्यहरुको बिश्लेषणका आधारमा प्रस्तावित स्थल कृषक पाठशाला सञ्चालन गर्न सबै दृष्टिकोणले उपयुक्त देखिएमा सहभागीहरुको छनौट, सहजकर्ताको चयन र अत्यावश्यकीय सिकाईका सामाग्रीको व्यवस्थापन गरी पाठशाला सञ्चालन सुरु गर्ने ।

- ***तेश्रो चरण***

सुरुभएको कृषक पाठशालालाई प्रभावकारीरुपमा सञ्चालन गरी सम्पन्न गर्ने । पाठशालामा भएको सिकाईका आधारमा पशुपालन पद्धतीमा आएका सकारात्मक परिवर्तनहरुलाई समुदाएका अन्य कृषकहरुलाई पनि जानकारी गराउने ।

## १७.५ कृषक पाठशाला सञ्चालनमा सामाजिक परिचालकको भूमिका

कृषक पाठशाला सन्चालनका विभिन्न चरणहरुमा सामाजिक परिचालकले निम्न अनुसारको भूमिका निर्वाह गर्नुपर्ने छ ।

| चरण | विवरण | सामाजिक परिचालकको भूमिका |
|---|---|---|
| **चरण १** | **पाठशाला स्थापना/तयारी** | • तयारी बैठकको लागि सम्बन्धित पालिका, कृषक, उद्यमी, व्यवसायीहरुको समन्वय गर्न सहजकर्तालाई सहयोग गर्ने ।<br>• तयारी बैठकहरूमा सहजकर्तालाई कार्यक्रमको उद्देश्यमा प्रष्ट पार्न सहयोग गर्ने ।<br>• तयारी बैठकहरूकाक्रममा सहभागी कृषकहरूको छनौट तथा पाठशालाको लागि परीक्षण स्थलको छनौट गर्ने सहकर्तालाई सहयोग गर्ने ।<br>• कृषक पाठशालाको विवरण संकलन एवम् रिपोटिङ ।<br>• सहजकर्ता, स्थानीय तह एवम् कृषहबीच समन्वय । |
| **चरण २** | **पाठशाला सञ्चालन** | • आधारभूत अध्ययन/परीक्षणहरू (Basic Studies/Trials) को रेकर्ड राखी रिपोर्टिङ गर्ने ।<br>• गाईभैंसी पर्यावरणीय प्रणाली विश्लेषण (Dairy Ecosystem Analysis-DESA) को रेकर्ड राखी रिपोर्टिङ गर्ने ।<br>• पाठशालाका समस्या बारे समयमा नै आयोजनालाई सुसुचित गर्ने ।<br>• नियमित सहजस्करण र रिपोर्टिङ गर्ने ।<br>• पाठशालामा संलग्न कृषक समूहसग सम्पर्कमा रही आयोजना, सहजकर्ता र कृषकहरुबीच समन्वय कायम गर्ने । |
| **चरण ३** | **सिकाई प्रसारण** | • कृषक दिवसमा आयोजनाको तर्फबाट सहभागीता जनाउने ।<br>• सहजकर्ता मार्फत अन्तिम नतिजा प्राप्त गरी रेकर्ड गरी आयोजनालाई उपलब्ध गराउने ।<br>• नियमित सहजीकरण र रिपोर्टिङ गर्ने ।<br>• कृषक पाठशाला सम्पन्न भए पश्चात त्यस क्षेत्रका कृषकहरुको पशुपालनको तरिका र व्यवहारमा आएको सकारात्मक परिवर्तन बारे जानकारी लिने । |

***नोटः*** *सामाजिक परिचालक स्वयंले कृषक पाठशाला सञ्चालन गर्ने भएमा माथी उल्लेखित कार्य बाहेक दूध, मासु अथवा पश्मिना कृषक पाठशाला म्यानुअल अनुसार गर्नुपर्नेछ ।*

# १८. अनुसूचीहरू

***अनुसूची १ : सहकारी दर्ताका लागि दरखास्तको ढाँचा***

मिति : २०७७। ..।

श्री ................................................

..........................................कार्यालय ...................

बिषय : सहकारी संस्थाको दर्ता ।

महोदय,

हामी देहायका व्यक्तिहरु देहायका कुरा खोली देहायको संस्था दर्ता गरी पाउन निवेदन गर्दछौं । उद्देश्य अनुरुप संस्थाले ततत्काल गर्ने कार्यहरुको योजना र प्रस्तावित संस्थाको विनियम दुई प्रति यसै साथ संलग्न राखी पेस गरेका छौं ।

संस्था सम्बन्धी विवरण

(क) प्रस्तावित संस्थाको नाम :

(ख) ठेगाना :

(ग) उद्देश्य :

(घ) मुख्य कार्य:

(ङ) कार्यक्षेत्र :

(च) दायित्व :

(छ) सदस्य संख्या : (१) महिला .......जना , (२) पुरुष ........जना

(ज) प्राप्त शेयर पूंजीको रकम : रु. ...............

आवेदकहरुको तर्फबाट :

नाम :

हस्ताक्षर :

पद : तदर्थ सञ्चालक समितिका अध्यक्ष

(प्रस्तावित ...................सहकारी संस्था लि.)

***अनुसूची २ : सहकारी गठनका लागि सम्भाव्यता अध्ययन प्रतिवेदनको ढाँचा***

१. परिचय

२. संस्था गठन गर्नुपर्नाको कारण

३. सदस्यताको जनसाङ्ख्यिक आधार

४. सहभागिताको औचित्य

५. व्यावसायिक सम्भाव्यता

५.१ सदस्य केन्द्रीयताका आधारमा व्यवसायिक कारोबारको अनुमान

५.२ सदस्यहरुको संरक्षण सुनिश्चित गर्ने आधारहरु

५.३ कारोबारबाट हुने बचतको प्रक्षेपण

६. पूंजीको आवश्यकता र स्रोत

६.१ आवश्यकताको अनुमान

६.२ स्रोत

६.३ पूंजी परिचालनका तर्कसम्मत आधारहरु

७. बजार विश्लेषण

७.१ नजिकको बजार

७.२ टाढाको बजार

७.३ प्रतिस्पर्धाको स्तर र प्रतिस्पर्धामा रहिरहने आधारहरु

८. कार्यक्षेत्र भित्र रहेका समान प्रकृतिका सहकारी संस्थाहरुको संख्या, सेवा र सदस्यताको प्रकाशमा प्रस्तावित संस्थाको औचित्य ।

९. पहिले स्थापना भैसकेका समान प्रकृतिका संस्थाहरुमा संलग्न हुन नसक्ने कारण ।

१०. महिला सशक्तिकरण र सामाजिक समावेशीकरणका आयामहरु ।

११. जनशक्ति व्यवस्था

१२. संस्थाको विकास र स्थायित्वका आधारहरु ।

अनुसूची ३ : सहकारी दर्ताका आवेदकहरुको विवरण फारमको ढाँचा (सहकारी नियमावली, २०७५ )
अनुसूची ४ : सहकारीको व्यावसायिक कार्ययोजनाको ढाँचा (सहकारी नियमावली, २०७५ )
अनुसूची ५ : सहकारीको शेयर वापत रकम बुझी गरि दिने भरपाईको ढाँचा (सहकारी नियमावली, २०७५ )
अनुसूची ६ : सहकारीको तदर्थ सञ्चालक समितिका सदस्यहरुको विवरण फारमको ढांचा (सहकारी नियमावली, २०७५ )
अनुसूची ७ : आवेदकहरु सहकारीको सदस्य बन्न योग्य रहेको स्वघोषणा पत्रको ढाँचा (सहकारी नियमावली, २०७५ )
अनुसूची ८ : संस्था दर्ता प्रयोजनका लागि अधिकार प्रत्यायोजन पत्रको ढाँचा (सहकारी नियमावली, २०७५ )
अनुसूची ९ : सहकारी संस्थाको विनियममा उल्लेख गर्नुपर्ने विषयहरुको सूचस (सहकारी नियमावली, २०७५ )
अनुसूची १० : पशुपालक कृषक समूहको प्रस्तावित विधानको (नमूना) (सहकारी नियमावली, २०७५ )
अनुसूची ११ : आयोजनाको प्रगतिको अनुगमनका लागि निर्धारित फारामहरु (सहकारी नियमावली, २०७५ )

## *अनुसूची ३ः पशुपालक कृषक समूहको विधानको नमूना, २०७७*

समूहको नाम :

ठेगाना :

गठन मिति :

दर्ता मिति :

# प्रस्तावना

आफ्नो गाँउ, समुदाय र पशुपालन क्षेत्रको विकासको लागि हामी समुदायका महिलाहरु/महिला तथा पुरुषहरु मिलेर ................................ समूहको स्थापना गरेका छौं । गठन पश्चात यस समूहले समुदायको दिगो विकासको लागि पशुपालनको माध्यमबाट जीविकोपार्जन  तथा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी विभिन्न क्रियाकलापहरु सञ्चालन गर्दै आएको छ । गाँउको समग्र विकासका लागि गाँउपालिका/नगरपालिको कार्यालय मातहतका कृषि, स्वास्थ्य र पशु सेवा आदि इकाईका साथै विभिन्न सरकारी एवं गैरसरकारी संघसंस्थनसँग समन्वय र सम्पर्क राख्दै मानवीय मूल्य र मान्यतालाई स्थापित गर्न र पशुपालन क्षेत्रको दिगो विकास गरी बहुसंख्यक कृषकहरुका घर परिवारको कुपोषण कम गर्ने र आयस्तर बढाई जीवनस्तर उकास्न भविष्यमा पनि क्रियाशील रहने छौं । सामूहिक काममा राजनैतिक, जातीय र धार्मिक आस्थाको आधारमा विभेद नगरी आफ्नो भविष्यको निर्माण आफै गर्ने लक्ष्य राखी यो समूहलाई यस ............................गाँउपालिका/नगरपालिको कार्यालयमामा दर्ता गरिएको छ । यसले कृषकको जीवनस्तर उकास्नुका साथै पोषणयुक्त स्वस्थ समाज निर्माण गर्न मद्दत पुग्ने विश्वास राखिएको छ ।

पशुजन्य बस्तुको उत्पादन र उत्पादकत्व बढाउन, पोषणयुक्त  बस्तुका उत्पादन गरी उपभोग गर्न, उत्पादन सामग्री लाई सुलभ बनाउन, बढी भएको उत्पादन भण्डारण तथा बिक्री वितरण गर्न र बचत संकलन तथा परिचालन गर्न नेपाल लाईभस्टक सेक्टर इनोभेसन आयोजनाबाट प्राप्त सहयोग र सहजीकरणका लागि धन्यवाद दिदै अन्य सहयोगी संस्था, निकाय र कार्यालयहरुबाट आगामी दिनमा सेवा र सहयोगको पनि अपेक्षा गर्दछौं ।

# परिच्छेद-१

**समूहको परिचय**

**क) समूहको नाम :**

**ख) ठेगाना :**

**ग) सदस्य संख्या : जम्मा .........**जना (............महिला जना .....पुरुष जना)

**घ) समूह स्थापना मिति :**

**ङ) विधानको कार्यान्वयनः** यो विधान प्रचलित नियम कानून बमोजिम ........................ गाँउपालिका/नगरपालिकाको कार्यालयमा दर्ता भएको मितिदेखि लागू हुने छ।

**च) समूहको भौगोलिक कार्यक्षेत्र :**

प्रस्तावित .......................समूहको भौगोलिक कार्यक्षेत्र निम्नानुसार रहने छ।

- प्रदेश नं : .......
- जिल्ला : .............
- गाँउपालिका/नगरपालिका : .................
- वार्ड नं : ...........
- टोल : ........

# परिच्छेद-२

**समूहको उद्देश्य**

क) समूहका सदस्यहरुलाई आधुनिक तरिकाले पशुपन्छी पालन गर्न प्रेरित गर्ने र उच्च मूल्यका बस्तुहरुको मूल्य शृंखलामा सहभागी बनाउने ।

ख) स्थानीयस्तरमा पशुपालनसँग सम्बन्धित आयआर्जन, जीविकोपार्जनका विभिन्न अवसरहरु पहिचान गरेर कार्ययोजना बनाई कार्यान्वयन गर्ने ।

ग) समूहका सदस्यहरुको जीवनस्तर सुधार गर्न विभिन्न संघसंस्थाहरुसँग समन्वय गरी स्थानीय तथा बाह्य स्रोत तथा साधनहरुको पहिचान गरी सदुपयोग गर्ने कार्यक्रमहरु सञ्चालन गर्ने ।

घ) समूहमा विद्यमान गरीबी तथा विभेदहरु घटाउन सम्बन्धित स्थानीय सरकारसँग मिली सामाजिक जागरणका कार्यक्रम तथा आयमूलक पशुपालनका कार्यक्रमहरु सञ्चालन गर्ने ।

ङ) जलवायु परिवर्तन अनुकूलन, लैङ्गिक समानता तथा सामाजिक समाबेशीकरण आदि क्षेत्रसंग सम्बन्धित क्रियाकलापहरु सञ्चालन गर्ने ।

च) नियमित बचत तथा ऋण परिचालनका माध्यमबाट समूहका सदस्यको आय आर्जनमा वृद्धि गर्ने

छ) समूहका सदस्यहरुलाई थप वित्तीय सेवाका लागि स्थानीय स्तरमा कार्यरत वित्तीय संस्थाहरुसँग परिचित गराउने ।

# परिच्छेद-३

**सदस्यता**

**क) साधारण सदश्य :** एउटै गाँउमा बसोबास गर्ने र सकभर समान आर्थिक स्थिति भएका तथा पशुपालन व्यवसाय गरिरहेका साथै समूहका क्रियाकलापमा सहभागी हुन चाहाने महिला/पुरुष समूहको साधारण सदश्य बन्न सक्नेछन । सामान्यतः एउटा समूहमा २० जना सदस्यहरु रहनेछन् तर, पशुपालक कृषकको संख्या कम भएको गाँउ वा टोलमा १५ जनासम्म र बढी भएको ठाँउमा २५ जनासम्म पनि एउटा समूहमा समावेश गर्न सकिनेछ । उच्च हिमाली जिल्ला मनाङ र मुस्ताङको हकमा भने स्थानीय परिस्थिति अनुसार समूहमा सदश्यको संख्या फरक हुनसक्ने छ । प्रत्येक समूहमा कूल सदश्य संख्याको ४५ प्रतिशत महिला सहभागिता हुनुपर्ने छ ।

**ख)** समूहका क्रियाकलापहरु लाई व्यवस्थित ढंगले सञ्चालन गर्न साधारण सदश्यहरु मध्यवाट निम्न पदाधिकारीहरुको चयन गरिने छ :

| | |
|---|---|
| १) अध्यक्ष | - १ जना |
| २) उपाध्यक्ष | - १ जना |
| ३) कोषाध्यक्ष | - १ जना |
| ४) सचिव | - १ जना |

पदाधिकारीहरु मध्य कम्तीमा २ जना महिला हुनुपर्ने छ ।

**घ) सदश्यता खारेज हुनसक्ने :**

समूहका पदाधिकारी तथा सदश्यको सदश्यता निम्न अवस्थामा खारेज हुन सक्नेछः :

१) पदाधिकारी सदस्य कुनै खवर नगरी लगातार ३ पटकसम्म समूहको बैठकमा अनुपस्थित भएमा,

२) समूहको नियम उल्लंघन गरेमा र निर्णयहरु लगातार पालना नगरेमा,

३) समूह तथा समूह सदस्यहरुको सामूहिक हीत प्रतिकूल हुने क्रियाकलापहरु गरेमा,

४) लगातार ३ पटक भन्दा बढी समूहको हितकोष निर्धारित समयमा जम्मा नगरेमा,

५) सदस्यको मृत्यु भएमा वा दिमाग खलबलिएमा वा दीर्घ रोगी भएमा,

६) समूह सदश्य बसाई सरी सो गाँउबाट अन्यत्र गएमा ।

**ङ) सदश्यता कायम रहनसक्ने अवस्था :**

परिच्छेद ३ को घ १ बमोजिम अनुपस्थित हुने सदश्यलाई निजले चाहेमा १ पटक समूहको पूर्ण बैठकमा सफाई पेश गर्ने मौका दिनुपर्ने छ । निजको सफाई चित्त बुझ्दो भएमा समूहले निर्णय गरी १ पटकका लागि सदश्यता कायम राख्न सकनेछ ।

**च) सदश्यता शुल्क र हितकोष :**

समूहको सदश्य भए वापत हरेक सदश्यले वार्षिक रु. .......... र प्रवेश शुल्क रु. ........ गरी जम्मा रु. ......... तिर्नुपर्नेछ । साथै समूहको निर्णय अनुसार मासिक रु ............ हीतकोष जम्मा गर्नु पर्ने छ ।

# परिच्छेद-४

**बैठक प्रक्रिया**

**क) समूहको नियमित बैठक** : समूहको नियमित बैठक अध्यक्षको सल्लाहमा सचिवले हरेक महिनाको..........गते दिउँसो ..... बजे ....... तोकिएको स्थानमा बोलाउने छन् । यदि तोकेको समयमा बैठक वस्न नसकेमा समूहका सदश्यहरुको आपसी छलफलबाट सहमति गरे अनुसार अर्को बैठक बस्ने समय निश्चित गरिनेछ । बैठकको अध्यक्षता अध्यक्षले गर्नेछन् । सचिवले बैठकका निर्णयहरु लेख्नेछन् र कोषाध्यक्षले हितकोषको हिसापकिताब राख्नेछन् ।

**ख) आकस्मिक बैठक** : समूहको आवश्यकता अनुसार नियमित वबठक बाहेक अन्य समयमा बोलाइएको बैठकलाई आकस्मिक बैठक भनिने छ । यस्तो बैठक समूहको अध्यक्षले वा समूहका ५० प्रतिशत भन्दा बढी सदस्यहरुले आवश्यकता महसुस गरेमा जुनसुकै समयमा पनि बस्न सक्ने छ ।

**ग) समूहको बैठकमा सहभागिता** : समूहको बैठकमा समूहका सबै सदश्यहरु सहभागी हुनेछन् । साथै आवश्यक परेमा समूह सदश्य परिवारका अन्य महिला तथा पुरुष सदस्यहरु पनि आमन्त्रितका रुपमा सहभागी हुन पाउनेछन् तर, समूहको निर्णय प्रक्रियामा भने उनीहरु सहभागी हुन पाउने छैनन् ।

**घ) गणपूरक संख्या** : बैठकमा छलफल चलाँउदा र निर्णय गर्दा कूल सदस्य संख्याको कम्तिमा पनि ७० प्रतिशत भन्दा वढी सदस्यहरु उपस्थित हुनुपर्ने छ ।

**ङ) निर्णयको पुनरावलोकन र निर्णय लेखन** : बैठकको शुरुमा सचिवले अघिल्लो वैठकका निर्णयहरु बमोजिम काम सम्पन्न भए नभएको समीक्षा गर्नेछन् । सम्पन्न नभएका कामहरु पुनः सम्पन्न गराउन जिम्मेवारी दिने व्यक्ति र समय तय गरिनेछ । त्यसपछि बैठकमा उपस्थित व्यक्तिको नाम, पद र निर्णयहरु सचिवले बैठक पुस्तिकामा लेख्नेछन् ।

**च) छलफलका विषय** : बैठकमा छलफल गर्ने विषयहरु उपस्थित सदस्यहरुसँग छलफल गरी संकलन गरिनेछ । साथै पदाधिकारीहरुले सामाजिक परिचालकसँग समेत समन्वय गरी बैठकका थप प्रस्तावहरु प्रस्तुत गर्न सक्नेछन् ।

**छ) बैठक नम्वर** : प्रत्येक वैठकको संख्या क्रम अनुसार निर्णय पुस्तिकाान वैठक नं... भनी उल्लेख गर्नुपर्ने छ ।

**ज) हितकोष परिचालन** : कोषाध्यक्षले सदश्यहरुबाट मासिकरुपमा हितकोषमा जम्मा गर्ने रकम उठाई विवरण अद्यावधिक गर्ने र सबैलाई हितकोषको विवरण जानकारी गराउने । हितकोषको रकम अध्यक्ष, सचिव र कोषाध्यक्षको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी नजिकैको पाएक पर्ने बैंक शाखामा खाता खोली जम्मा गर्ने । सदश्यहरुको तत्कालको आवश्यकता टार्न ससाना ऋणहरु यसै कोषबाट अध्यक्ष, सचिव र कोषाध्यक्षको निर्णयले उपलब्ध गराउन सक्नेछन् । यस्तो ऋणको भुक्तानी अवधि बढीमा ३ महिनासम्मका लागि र ब्याजदर समूहको बैठकले निर्णय गरे अनुसार हुनेछ । ऋणको व्याज महिना महिनामा र सांवा किस्ता किस्तामा वा एकमूष्ठ बुझाउन सक्नेछन् ।

**झ) हस्ताक्षर** : बैठकको शुरुमा सबै सदस्यहरुले उपस्थितिमा सही गर्नेछन् । छलफल र सहमतिबाट भएका निर्णयहरु सचिवले लेख्नेछन र अन्त्यमा पनि पुनः सवै सदस्यहरुले वा आधा भन्दा वढी सदस्यहरुले आ-आफ्नो सही गर्नुपर्ने छ ।

# परिच्छेद-५

**जरिवाना**

**क**) कुनै खवर नगरी वा समूहको अध्यक्षको अनुमति बिना समूहको नियमित वैठकमा उपस्थित नभएका सदश्यले समूहले गरेको निर्णय बमोजिम जरिवाना तिर्नुपर्नेछ ।

**ख**) कुनै समूह सदश्यले आफ्नो जिम्मेवारी अनुसार काम नगरेको पाइएमा समूहको बैठकले निर्णय गरे बमोजिम जरिवाना गरिनेछ ।

**ग**) तोकिएको समयमा समूहको हितकोष जम्मा नगरेमा पहिलो पटक ३० दिनसम्म म्याद दिने र सो म्याद भित्र पनि रकम जम्मा नगर्ने सदश्यलाई समूहको बैठकले निर्णय गरी दण्ड वा जरिमाना गरिनेछ

# परिच्छेद-६

**समूहका पदाधिकारीहरुको चयन, काम, कर्तब्य र अधिकार**

**क) पदाधिकारीहरुको चयन :** यस विधानको परिच्छेद ३ (ख) अनुसार समूहका सदश्यहरु मध्येबाट पदाधिकारीहरुको छनौट गरिनेछ । पदाधिकारीहरुको छनौट, समूहका सदस्यहरुले नै गर्नेछन् । पदाधिकारीहरुको छनौट प्रजातान्त्रिक विधिवाट लैंगिक तथा सामाजिक समावेशीकरणका आधारमा गरिनेछ । पदाधिकारीहरुमा अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तिमा २ पदाधिकारीहरु महिला हुनुपर्नेछ । त्यसै गरी समूहका कूल सदस्यहरुमध्य कम्तीमा पनि ४५ प्रतिशत महिला हुनु पर्नेछ । पदाधिकारीहरुको पदावधि १२ महिनाको हुनेछ । १२ महिनापछि आवश्यकता हेरी पदाधिकारीहरुको पुनः चयन गर्न सकिनेछ । तर कुनै पदाधिकारीले समूहको हित विपरित कार्य गरेमा समूहको पूर्ण बैठकबाट कूल सदस्यको ७५ प्रतिशतको बहुमतले जनुसुकै वेला पनि हटाउन सकनेछ

**ख) पदाधिकारीहरुको काम, कर्तब्य र अधिकार :**

**१) अध्यक्षको काम कर्तब्य र अधिकार**

- बैठकको आह्वान गर्ने र बैठकको अध्यक्षता गर्ने ।
- समूहको मासिक बैठक नियमितरुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउने ।
- समूहको नेतृत्व गर्ने ।
- सचिव र कोषाध्यक्षसँग संयुक्तरुपमा बैंक खाता सञ्चालन गरी समूहको हितकोष जम्मा गर्ने व्यवस्था मिलाउने ।
- सदैव आफ्नो समूहको हितमा निर्णय गर्ने र निर्णयहरु कार्यान्वयन गर्ने/गराउने ।
- समुदाय, स्थानीय निकाय तथा अन्य सरोकारवालाहरुसँग समन्वय गर्ने ।
- विभिन्न संघ-संस्थाहरुको बैठकमा समूहको प्रतिनिधित्व गर्ने र समूहको हित वकालत गर्ने ।
- समूहमा सकेसम्म विवाद आउन नदिने यदि विवादहरु आएमा कुशल निर्णय क्षमता प्रयोग गरी समूहको हितको पक्षमा र पिडितलाई न्याय हुने गरी समाधान गर्ने ।
- सवैलाई आदर सम्मान तथा समान व्यवहार गर्ने ।
- सामाजिक परिचालकसँग समन्वय गरी प्रभावकारीरुपमा समूह परिचालन गर्ने ।
- आफू उपस्थित हुन नसकने अवस्थामा उपाध्यक्षलाई आफ्नो अधिकार प्रत्यायोजन गर्ने ।

**२) उपाध्यक्ष्यको काम कर्तब्य र अधिकार**

- अध्यक्ष कुनै कारणवस कार्यक्षेत्र भन्दा बाहिर गएको अवस्थामा वा विरामी वा अन्य कारणले कार्य गर्न नसक्ने अवस्थामा अध्यक्षले गर्ने सम्पूर्ण काम गर्ने ।
- अध्यक्षलाई सघाउने र दिएको जिम्मेवारी प्रभावकारीरुपमा पूरा गर्ने ।

**३) सचिवको काम कर्तब्य र अधिकार**

- अध्यक्षसँग समन्वय गरी बैठकका प्रस्तावहरु तयार गर्ने र बैठकको आयोजना गर्ने ।
- सवै सदस्यहरुलाई बैठकमा उपस्थितिका लागि खवर गर्ने ।
- बैठकका निर्णयहरु लेख्ने र निर्णय पुस्तिका तथा अन्य अभिलेखहरु सुरक्षित राख्ने ।
- हरेक बैठकको सुरुमा विगतका निर्णयहरु कार्यान्वयन अवस्थाको समीक्षा गर्ने ।
- समूहकालागि आवश्यक सूचनाहरु संकलन गर्ने ।
- सदैव आफ्नो समूहको हितमा काम गर्ने ।
- सदस्यहरुका गुनासा तथा भनाईहरु बैठकमा पेश गर्ने ।
- विभिन्न चिठ्ठीपत्र लेख्ने र सम्वन्धित ठाँउमा पठाउने व्यवस्था गर्ने ।

- प्राप्त चिठ्ठीपत्र कागजातहरु सुरक्षित राख्ने र सम्बन्धित व्यक्तिलाई सूचना दिने ।

४) **कोषाध्यक्षको काम कर्तब्य र अधिकार**

- कोषको हर-हिसाव दुरुस्त राख्ने ।
- कोषको लगानी र असुली व्यवस्थित गर्ने ।
- मासिक बैठकको समयमा सदस्यहरुबाट हितकोषको रकम संकलन गर्ने ।
- अध्यक्ष र सचिवसंग संयुक्तरुपमा बैंक खाता सञ्चालन गर्ने ।
- सदस्यहरुको तत्कालको आवश्यकतापूर्तिका लागि हितकोषको रकमबाट ऋण माग भएको अवस्थामा अध्यक्ष तथा अन्य पदाधिकारीहरुसंग समन्वय गरी ऋण लगानी तथा असुलीको व्यवस्थापन गर्ने ।
- नगद तथा जिन्सी सामानहरुको रेकर्ड व्यवस्थित र पारदर्शी तरिकाले राख्ने र आवश्यक परेमा तुरुन्त देखाउने ।
- आर्थिक प्रतिवेदन तयार गर्ने र प्रत्यक बैठकको सुरुमा हितकोषको अद्यावधिक विवरण पस्र्तुत गर्ने ।
- आफ्नो समूहको हितमा काम गर्ने ।

५) **समूह सदस्यहरुको काम कर्तब्य र अधिकार**

- समूहको नियमित मासिक बैठकमा भाग लिने ।
- समूहको हितमा काम गर्ने ।
- समूह बैठकमा भएको निर्णयहरुको पालना गर्ने ।
- समुहमा आफ्ना कुराहरु प्रष्टसंग राख्ने ।

# परिच्छेद-७

**समूहकोष परिचालन**

समूहको कार्यलाई व्यवस्थित गर्न तथा समूह भित्र आयमूलक  कियाकलाप सञ्चालन गर्न समूहले जम्मा गरेको रकमलाई समूहकोष (हितकोष) भनिन्छ र यस्तो रकम समहका सदस्यहरुको हितमा समूहको निर्णय अनुसार परिचालन गर्न सकिने छ ।

**क)** **योगदान** : समूहको लागि आवश्यक मसलन्द तथा अन्य आयमूलक कामकालागि फिर्ता नहुने गरी उठाएको रकमलाई योगदान भनिन्छ । यसमा समूह सदस्यको प्रवेश शुल्क, सदस्यताको वार्षिक शुल्क, आयोजनाबाट सुरुमा एकपटक समूहलाई प्राप्तहुने बीउ पूंजी, आर्थिक सहयोग र अन्य संघसंस्थावाट प्राप्त हुने रकमहरु पर्दछन् ।

**ख)** **समूह हितकोष** : समूहका सदश्यहरुको जीवनस्तर सुधार गर्ने पशुपालनसंग सम्बन्धित विभिन्न क्रियाकलापहरु सञ्चालन गर्न आवश्यक पर्ने रकम जम्मा गर्न समूहका सदश्यहरुले नियमितरुपले मासिक रु..... का दरले संकलन गरेको रकमलाई समूहको हितकोष भनिन्छ । सदस्यले जम्मा गरेको रकम समूहको नियम अनुसारपछि सम्बन्धित सदस्यलाईनै फिर्ता गरिनेछ । हितकोषमा जम्मा भएको  रकम समूह सदस्यलाई ऋण लगानी गर्दा समूहको निर्णय अनुसार परिचालन गरिने छ । हितकोषको रकम लगानी गर्दा सकभर उत्पादनशील क्षेत्रलाई प्राथमिकता दिनुपर्नेछ । यसको हिसाव-किताव दुरुस्त राख्नका छुट्टै रजिष्टरको ब्यवस्था गरिने छ ।

# परिच्छेद-८

**अभिलेख राख्नु पर्ने**

समूहले  निम्न लिखित अभिलेखहरु राख्नु पर्नेछ ।

**क**) बैठकको निर्णय पुस्तिका ।

**ख**) आम्दानी खर्च विवरण पुस्तिका ।

**ग**) हितकोष र ऋण लगानी असुली विवरण पुस्तिका ।

**घ**) दर्ता चलानी पुस्तिका ।

**ङ**) फाईलिङ : समूहका विभिन्न क्रियाकलापहरु बारेको कागजातहरु खोजेको बेला तुरुन्तै पाइने गरी विषयगत फाइल खडा गरेर राख्नुपर्नेछ ।

**च**) समूहले कुनै कार्यक्रम वा परियोजना सञ्चालन गरेमा सोको समेत छुट्टै अभिलेख राख्नु पर्ने छ ।

**छ**) विविध

# परिच्छेद-९

**प्रतिवेदनः**

**क) वार्षिक कार्य योजना** : समूहले  एक वर्ष भरी गर्ने कामहरुको कार्ययोजना बनाउने छ र सोही अनुसार  योजना कार्यान्वयन गर्नेछ ।

**ख) प्रगति प्रतिवेदन** : समूहले तयार पारेको कार्ययोजना अनुसार सम्पन्न कामको प्रगति प्रतिवेदन प्रत्येक चौमासिक वा अर्ध-वार्षिकरुपमा वा सम्बन्धित गाँउपालिका/नगरपालिकाले तोके अनुसारको अवधिमा सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने छ ।

# परिच्छेद-१०

**विविध**

**क) विघटन** : समूहका शतप्रतिशत सदस्यले समूहको विघटन गर्न चाहेमा बैठक बसी निर्णय गर्न सक्नेछन् र सोको जानकारी सम्बन्धित गाँउपालिका/नगरपालिकाको कार्यालयमा दिनुपर्नेछ। समूह विघटनपछि समूहको चल-अचल सम्पत्ति सम्बन्धित गाँउपालिका/नगरपालिकाको कार्यालयमा बुझाउनु पर्ने छ।

**ख)** समूहका सदस्यहरु मध्ये ७५ प्रतिशतले आफ्नो समूह अर्को समुहसँग एकीकरण गर्ने निर्णय गरेमा समूह एकीकरण गर्न सकिनेछ।

**ग)** समूहका सदस्यहरु मध्ये ७५ प्रतिशतले यस विधानका बुँदाहरुमा समयानुकूल परिवर्तन गर्न चाहेमा बैठक बसी आवश्यक संख्या पुऱ्याई परिवर्तन गर्न सकिने छ। तर, सो निर्णयको जानकारी सम्बन्धित गाँउपालिका/नगरपालिकामा दिई गाँउपालिका/नगरपालिकाबाट अनुमोदन प्राप्त गर्नुपर्ने छ।

**घ) विनियम बनाउने** : समूहले आफ्नो आवश्यकता अनुसार कार्य सञ्चालन गर्नको लागि नियम र विनियम बनाई समूहको बैठकबाट पारित गराएर कार्यान्वयन गर्न सक्ने छ।

**ङ) सल्लाहकारको व्यवस्था** : आवश्यक ठानेमा समूहलाई आर्थिक तथा अन्य विषयमा राय सुझाव दिन समूहले एक सल्लाहकार समितिको व्यवस्था गर्न सक्नेछ।

**च) विधान विपरित नहुने** : यस विधानमा नखुलेका कुनै कुराहरु समूहको निर्णयबाट गरेको भए सो सम्बन्धमा गरिएका क्रियाकलापहरु प्रचलित विधान अनुसार भए गरेको मानिनेछ।

# अनुसूची –

**समूहका सदस्यहरुको नाम, ठेगाना र दस्तखत**

| क्रस | समूह सदस्यको नाम थर | समूह सदस्यको घर मूलीको नाम थर | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |
| १५ | | | | |
| १६ | | | | |

# अनुसूची –

**समूहको आम्दानी खर्च विवरण पुस्तीका**

| क्र.सं. | वित्तीय स्रोत | इकाई | यो महिना प्राप्त रकम, रु. | गत महिनासम्म प्राप्त रकम रु. | गत महिनासम्म खर्च/ऋण लगानी भएको रकम, रु. | हाल बैंकमा मौज्दाद रकम, रु. |
|---|---|---|---|---|---|---|
| १ | समूह प्रवेश शुल्क | रु | | | | |
| २ | सदश्यता शुल्क | रु | | | | |
| ३ | आयोजनाबाट प्राप्त बीउ पूंजी | रु | | | | |
| ४ | अन्य संघ/संस्था वा व्यक्तिबाट प्राप्त सहयोग रकम | रु | | | | |
| ५ | सदस्यबाट हरेक महिना जम्मा गरेको हितकोष रकम | रु | | | | |
| ६ | सदश्यबाट प्राप्त जरिवाना रकम | रु | | | | |
| **कूल रकम** | | रु | | | | |

# अनुसूची –

**समूह दर्ताको लागि नगर/गाँउं पालिकामा पेश गर्ने निवेदनको नमूना**

मिति :

श्रीमान अध्यक्षज्यू

................................नगर/गाँउपालिकाको कार्यालय,

................................

**विषय : समूह दर्ता गरी पाउ ।**

महोदय,

प्रस्तुत विषयमा यस जिल्लाको .........................................गाँउपालिका/नगरपालिकाको वा.नं.............को..................स्थानमा मिति .............................मा गठन भएको ....................................................................... कृषक समूहलाई त्यस कार्यालयमा दर्ता गरिदिनु हुन यस समूहको विधानका साथै तपसिलको विवरण संलग्न राखी यो निवेदन पेश गरेको व्यहोरा अनुरोध छ ।

**निवेदक**

नाम :

पद :

दस्तखत :

सम्पर्क नं. :

समूहको छाप :

**तपशील**

समूहको नाम :

जम्मा सदस्य संख्या :

- महिला : पुरुष :
- बाहुन/क्षेत्री : दलित : जनजाती : अन्य :

# १९. शन्दर्भ सामाग्री


१. सहकारी ऐन, २०७४ तथा सहकारी नियमावली, २०७५

२. कियाकलाप कार्यान्वयन मार्गदर्शन, जेठ २०७७

३. Project Implementation Manual, Nepal Livestock Sector Innovation Project (IDA Credit Number 6149-NP), March 2019

४. Project Apprisal Document, LIVESTOCK SECTOR INNOVATION PROJECT NOVEMBER 14, 2017

५. Mapping and Assessment of Producer Organizations (Farmer Groups, Cooperatives, Companies and Federation), July 2019

६. NLSIP, 2020. Sub-project Operation and Management Procedures, Nepal Livestock Sector Innovation Project, Harihar Bhavan, Lalitpur

७. IFAD (2012). Livestock thematic papers: Tools for project design.

८. ILRI (20130. Guidelines on integrating gender in livestock projects and programs.

९. World Bank (2017). NEPAL Livestock Sector Innovation Project.